सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

महिला विकास कार्यक्रम

वार्षिक प्रगति प्रतिवेदन २०७४/०७५

सुशासन ऐन, २०६४ को दफा ४१ तथा
(सूचनाको हक, २०६४ को दफा ५ को प्रयोजनको लागि)

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
महिला तथा बालबालिका विभाग
श्रीमहल, ललितपुर

सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

महिला विकास कार्यक्रम

वार्षिक प्रगति प्रतिवेदन

२०७४/७५

(लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम समेत)

सुशासन ऐन, २०६४ को दफा ४१ तथा
(सूचनाको हक, २०६४ को दफा ५ को प्रयोजनको लागि)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
महिला तथा बालबालिका विभाग
श्रीमहल, ललितपुर
२०७५

प्रकाशक
नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
महिला तथा बालबालिका विभाग
श्रीमहल, ललितपुर

तार : ९७७-०१ ५५४७०१३-१५; ०१-५५२६७७९
छवि : ९७७-०१-५५२१२१४
मञ्जूषा : departmentwc@gmail.com, dwcplanning@live.com
गृहपन्ना : www.dwc.gov.np

२०७५ (१,५००)

मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौँ । फोन नं. : ४२२५६९६

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

मन्तव्य

महिला तथा बालबालिका विभागबाट आव २०७४/०७५ मा विभाग र अन्तर्गतका जिल्लास्थित कार्यालयहरूबाट सञ्चालित कार्यक्रमहरूको समष्टिगत प्रतिवेदन तयार गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागिएकोमा खुशी लागेको छ । महिला सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणका माध्यमबाट समतामूलक सम्पन्न समुदाय निर्माणको परिकल्पना साकार पार्न महिला विकास कार्यक्रममार्फत विभाग तथा साबिक महिला तथा बालकालिका कार्यालयहरूबाट गरिएको पहल सह्राहनीय छ ।

विभागले महिला तथा बालबालिकाको क्षेत्रमा स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, यससँग सम्बन्धित नीति एवं कानुनको तर्जुमाका लागि मन्त्रालयलाई सहयोग पुऱ्याउने, महिला विकास कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्ने कार्य गर्दै आएको छ । खास गरी महिला विकास कार्यक्रमअन्तर्गत विपन्न महिलाहरूको क्षमता विकासका लागि आवश्यक सीपमूलक प्रशिक्षण, सामाजिक परिचालन र सशक्तीकरणका कार्यहरूमा विभागीय प्रयास प्रशंसनीय छ । साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हित प्रवर्धन एवं विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायका बीच सहजकर्ता, समन्वयकर्ताको भूमिका निभाउने सम्पर्क निकायको रूपमा समेत कार्य गर्दै आएका जिल्लास्तरका महिला तथा बालबालिका कार्यालयहरूको कार्य प्रगतिसमेत समेटी वार्षिक प्रगति पुस्तिका तयार गरिएको मैले पाएँ ।

सङ्घीय शासकीय संरचनामा गत आवदेखि महिला विकास कार्यक्रम बजेट समानीकरण अनुदानमार्फत स्थानीय तहमातहत सञ्चालन गर्ने व्यवस्था भएको र २०७५ श्रावणदेखि महिला तथा वालबालिका कार्यालयहरू खारेज हुनुका साथै कर्मचारीसमेत स्थानीय तहमा समायोजनको क्रममा रहेको अवस्थामा महिला विकास कार्यक्रमको विगतदेखि हालसम्मको इतिहास, कार्यक्रमका उपलब्धीहरू र सिकाइहरू समेत एकीकृत गरी राखिएको यो पुस्तक सबै जिज्ञासु पाठकहरु र खास गरी स्थानीय तहको वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन, पुनरावलोकनका क्रममा विशेष उपयोगी होला भन्ने मलाइ लाग्दछ ।

अन्तमा, पुस्तिका तयारीमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

बुद्धिबहादुर खड्का
सचिव
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
महिला तथा बालबालिका विभाग
ललितपुर, नेपाल

फोन नं. ५५४७०१५,
५५२३८२७
फ्याक्स : ५५२१२१४
E-Mail: departmentwc@gmail.com
& dwcplanning@live.com
Web site: www. dwd.gov.np
ललितपुर ।

पत्र संख्या : क.प्र. ०७५।७६
चलानी नं. :

प्रकाशकीय

संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्ष र सन् १९७६-८५ लाई अन्तराष्ट्रिय नारी दशक घोषणा तथा सन् १९७९ मा महिलाविरुद्ध हुने सबै किसिमका भेदभावविरुद्धको महासन्धिको ग्रहण गरी सबै देशहरूलाई सो को अनुमोदनका लागि आह्वान गरिएको सन्दर्भमा नेपालमा छैठौँ योजनामा प्रथम पटक विकासमा महिला सहभागितामा जोड दिइएको थियो । यसै सिलसिलामा वि. सं. २०३८ मा गरिएको नेपालमा महिलाहरूको अवस्थाको अध्ययनको निष्कर्षसमेतका आधारमा ग्रामीण विपन्न महिलाहरूलाई विकासको मूलप्रवाहमा ल्याउन वि. सं. २०३८/३९ सालदेखि महिला विकास कार्यक्रमको सुरुवात भएको थियो । ग्रामीण महिलाहरूका लागि उत्पादन कर्जा (Production credit for Rural Women) को नामबाट ५ जिल्ला (धादिङ, तनहुँ, स्याङ्जा, नवलपरासी र सुर्खेत) का ५ गाविसबाट सुरु गरिएको यो कार्यक्रम आ. व. २०७४।७५ सम्ममा राष्ट्रिय प्राथमिकताप्राप्त (P1) कार्यक्रमको रूपमा सबै जिल्लामा विस्तार भई जिल्लास्थित महिला तथा बालबालिका कायालयहरूबाट सञ्चालन गरिँदै आएको हो ।

महिला विकास कार्यक्रमको मुख्य उद्देश्य लैङ्गिक समता, प्रजनन स्वस्थता, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागितासमेत गरी पाँच वटा प्राथमिकता क्षेत्रमा लक्ष्यित विपन्न महिलाको सशक्तीकरणको न्यूनतमस्तर हाँसिल गर्ने रहेको छ, जसअनुसार सशक्तीकरण, समावेशीकरण र मूलप्रवाहीकरणतर्फ विभिन्न १७ वटा रणनीतिमार्फत महिला विकास कार्यक्रम सञ्चालन गरिँदै आएको छ । महिला विकास कार्यक्रमका मुख्य सम्भागहरूमा लक्षित समूह सहभागिता, व्यक्तित्व विकास प्रशिक्षण, साङ्गठनिक सुदृढीकरण, व्यावसायिक समूह विकास, गरिबीविरूद्ध महिला अभियान, विद्यालयविमुख किशोरीको बहुआयामिक विकास, लैङ्गिक मूलप्रवाहीकरण सेवा, बालअधिकार सम्वर्धन, लैङ्गिक हिंसा निवारणलगायतका पर्दछन् । यस कार्यक्रममा लागि UNICEF, DfID, UNFPA, JICA समेतका विकास साझेदारहरूको सहयोग रहेको छ ।

महिला विकास कार्यक्रम खासमा आफैमा सिक्दै प्रवर्धन गर्दै सिकाइलाई संस्थागतीकरण गर्दै आइएको कार्यक्रम हो । लक्षित सदस्यकै अग्रसरतामा सदस्यहरू स्वयमको व्यक्तित्व विकास, आर्थिक सशक्तीकरण सामाजिक परिवर्तनका उपलब्धिहरू महत्वपूर्ण छन्, जहाँ सदस्यहरूको प्रयासमा लैङ्गिक हिंसा निवारण, गरिबी निवारण, बालसंरक्षण, मानव बेचबिखन नियन्त्रण, प्रजनन स्वास्थ्यमा सुधार, सामाजिक कुरीतिजन्य परम्पराको अन्त्यमा उल्लेखनीय परिवर्तन भएको देखिन्छ । कार्यक्रमको उपलब्धी स्वरूप २०७४।७५ सम्ममा २०६३४७ समूह गठन, २५७८७ समिति गठन, ११८२४ लैङ्गिक हिंसा निगरानी समूह गठन र १ हजार ९ सय २४ महिला सहकारी संस्थाहरूको प्रवर्धन तथा परिचालन भएको छ जसमा ११ लाख ८९ हजार लक्षित महिलाहरूलाई समेटिएको छ भने सदस्यहरूमाझ करिब रु. ६ अरब बचत परिचालनबाट ग्रामीण ऋणग्रस्तता घटाउन मद्दत पुगेको छ । राष्ट्रिय योजना आयोगबाट गरिएको तेस्रो पक्ष मुल्याङ्कनले पनि महिला विकास कार्यक्रमको

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
महिला तथा बालबालिका विभाग
भीमसेन, पुल्चोक, ललितपुर

फोन नं. ५५४७०१५,
५५२३८२७
फ्याक्स : ५५२१२१४
E-Mail: departmentwc@gmail.com
& dwcplanning@live.com
Web site: www. dwd.gov.np
ललितपुर ।

पत्र संख्या : क.प्र. ०७५।७६
चलानी नं. :

महत्वलाई उजागर गरेको छ । नेपाल सरकारले महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका क्षेत्रमा व्यक्त गरेका अन्तराष्ट्रिय प्रतिवद्धता, विद्यमान ऐन, कानुन, कार्ययोजनाहरू र दिगो विकासका लक्ष्य हाँसिल गर्न पनि यो कार्यक्रमले योगदान पुऱ्याएको छ ।

महिला विकास कार्यक्रमका साथै महिला तथा बालबालिका कार्यालयहरूमार्फत लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, बालसंरक्षण कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण, ज्येष्ठ नागरिकहरूको परिचयपत्र वितरणलगायत विभिन्न कार्यक्रमहरूसमेत सञ्चालन गरिँदै आइएको थियो । परिवर्तित राजनैतिक व्यवस्थाअनुसार गत आवदेखि महिला विकास कार्यक्रम बजेट समानीकरण अनुदानमार्फत स्थानीय तहमातहत सञ्चालन गर्ने व्यवस्था भएको र २०७५ श्रावणदेखि महिला तथा बालबालिका कार्यालयहरू खारेज हुनुका साथै कर्मचारीसमेत स्थानीय तहमा समायोजनको क्रममा रहेको अवस्थामा महिला विकास कार्यक्रमको विगतदेखि हालसम्मको इतिहास, कार्यक्रमका उपलब्धीहरू, असल अभ्यास र सिकाइहरू समेत समेटी महिला तथा बालबालिका विभाग तथा जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरूबाट आव २०७४।७५ सम्म सञ्चालित कार्यक्रमहरूको वार्षिक प्रगति स्थितिसहित यो प्रतिवेदन प्रकाशन गरिएको छ । यस पुस्तिकाले यस कार्यक्रमका बारेमा जान्न बुझ्न चाहाने जो-कोहीलाई पनि सूचना प्रदान गर्ने, खास गरी स्थानीय तहको वार्षिक कार्यक्रम तर्जुमामा समेत यो पुस्तक उपयोगी हुने अपेक्षा गरिएको छ ।

महिला तथा बालबालिका कार्यालयहरूको समीक्षा गोष्ठीबाट प्राप्त सुझावहरू समेत अनुसूचीहरूमा राखिएका छन् । कार्यक्रम सञ्चालन गर्दाका असल अभ्यास र सिकाईहरू लक्षित महिलाको सशक्तीकरण, क्षमता विकास र मूलप्रवाहीकरणका लागि कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा प्रभावकारिता बढाउन सबै साझेदार निकायहरूलाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएकी छु ।

अन्त्यमा, समयमै प्रतिवेदन तयार पार्न खट्नु हुने विभागका निर्देशक श्री इन्दिरा ओझा, महिला विकास अधिकृत श्री पुष्पा बम, कम्प्यूटर अपरेटर श्री अणिमा तुलाधर र श्री रामकृष्ण कुँवरलगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

शान्ता भट्टराई
नि. महानिर्देशक

विषयसूचि

परिच्छेद-१

परिचय

१.१ स्वतन्त्रताको सङ्घर्ष १

१.२ संयुक्त राष्ट्रसङ्घीय समर्थन ३

१.३ अन्तर्राष्ट्रिय संविदा ८

१.४ विकासमा लैङ्गिकता १२

१.५ लैङ्गिक विश्लेषणका पक्ष १४

परिच्छेद-२

नेपालमा महिला सशक्तीकरण

२.१ ऐतिहासिक आधार-रेखा २०

२.२ नीतिगत प्रयास २१

२.३ सवैधानिक प्रावधान २५

२.४ राष्ट्रिय कार्ययोजना ३०

२.५ संस्थागत व्यवस्था ३०

२.६ परिवर्तनको प्रवृत्ति ३३

परिच्छेद-३

महिला विकास कार्यक्रम

३.१ प्रारम्भ ३५

३.२ रचनात्मक परिवर्तन ३५

३.३ हालसम्मको प्रगति ५१

परिच्छेद-४

वार्षिक कार्यक्रमको कार्यान्वयन

४.१ समष्टिगत प्रगति ५६

४.२ महिला विकास कार्यक्रम, केन्द्रस्तर ५७

४.३ महिला विकास कार्यक्रम, जिल्लास्तर ५८

४.४ सेवा केन्द्र सञ्चालन ५९

४.५ परिचय-पत्र ६०
४.६ विभिन्न ऐन तथा निर्देशिकाहरुबाट जिल्ला ... ६१
४.७ एकल महिला सुरक्षा कोष ६२
४.८ पुरस्कृत संस्था ६२

परिच्छेद-५
लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम
१. परिचय ६३
२. उद्देश्य ६३
३. औचित्य ६४
४. अपेक्षित उपलब्धि ६७
५. आयोजनाको कार्यक्षेत्र ६७
६. आयोजनाको अवधि र भुक्तानी प्रक्रिया ६८
७. आयोजना अवधिसम्मको प्रगति ६८
८. केन्द्रीय समन्वय, स्रोत सेवा तथा अनुगमन ८५
९. क्षमता अभिबृद्धि कार्यक्रम मन्त्रालयस्तर ९८
१०. आयोजनाका लागि बजेट विनियोजन तथा खर्चको विवरण ९८
११. कार्यक्रमको व्याख्यात्मक प्रगतिको विवरण... ९९
१२. लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम... १०६

परिच्छेद-६
राष्ट्रपति महिला उत्थान कार्यक्रम १०८

परिच्छेद-७
उपसंहार १२२

अनुसूचीहरू १२५

परिचय

१.१ स्वतन्त्रताको सङ्घर्ष[१]

महिला मुक्तिको गाथा अथाह छ। आधुनिक आन्दोलन नै नौ (पुस्ता) देखि जारी छ। जागरण देश वा महादेशमा सीमित छैन; संसारभरि छ।

वैचारिक आधारशिला : महिला अधिकारका लागि प्रारम्भिक अभियानको अग्रपङ्तिमा Mary Wollstonecraft थिइन्। सन् १७९२ मा A Vindication of the Rights of Woman पुस्तक लेखेर उनले लैङ्गिक समानताको आधारशिला राखिन्। व्यक्तिगत जीवनमा पनि उत्तिकै जुझारु स्वभावकी ती वेलायती महिलाले महिला र पुरुष समान जन्मेका हुन्छन् भन्ने भनाइलाई स्थापित गर्न प्रयास गरिन्। असमानता सामाजिक रचना (Social construction) हो, जुन बालिकालाई बालकसरह शिक्षा-दीक्षा प्रदान गरेर अनि महिलालाई पुरुषसरह रोजगारी दिलाएर सल्टाउन सकिन्छ भन्ने तर्क उनको थियो। महिलालाई मान्छे नगन्ने जमानामा एउटी महिलाले साहसिक बहस चलाइन्, जसका कारण महिला शसक्तिकरणको आन्दोलनमा भाग लिन जोसुकैलाई सजिलो भयो।

भावानुभूतिको घोषणापत्र : संसारमै पहिलो महिला अधिकार सभा (Women's rights convention) अमेरिकामा बस्यो। सन् १८४८ को जुलाई १९-२० मा न्युयोर्कको सेनेका फल्समा सम्पन्न सभामा ६८ जना महिलाका साथै ३२ जना पुरुषले भाग लिएका थिए। सभाले १२ वटा सङ्कल्प (Resolutions) सहित भावानुभूतिको घोषणापत्र (Declaration of Sentiments) जारी गऱ्यो। कानुनको अघिल्तिर पुरुषको बराबरी महिलालाई मताधिकार, शिक्षा र रोजगारीमा पक्षपातको अन्त्यलगायतका माग सङ्कल्पमा थिए। तत्कालीन अमेरिकी जीवनमा महिलामात्रको उपेक्षाको मर्मस्पर्शी चित्रण गरेको उक्त ऐतिहासिक दस्तावेजको मस्यौदा प्रखर अभियन्ता Elizabeth Cady Stanton ले गरेकी थिइन्।

नारीवादको प्रचार : सेनेका फल्स सभा 'अमेरिकी' थियो तर त्यसले अन्यत्र पनि महिला अधिकार प्राप्तिको आन्दोलनका लागि प्रस्ट कार्यसूची (Agenda) दियो। हुलाक, टेलिग्राफ, पानीजहाजको माध्यमबाट विचार प्रवाह र आवागमन सुगम भैरहेको थियो, जसले देश-देशान्तरका महिला अधिकारकर्मीलाई एकजुट हुन मद्दत गऱ्यो। पेरिसमा सन् १८७८ मा पहिलोपल्ट सम्पन्न अन्तर्राष्ट्रिय महिला अधिकार महासभा (International Congress on Women's Rights) विस्तारित हातेमालोकै प्रतीक थियो।

फ्रान्सेली महिला अधिकारवादी Leon Richer र Maria Deraismes को अग्रसरतामा महासभाको आयोजना गरियो, जसका लागि पेरिसमै हुन लागेको विश्व महोत्सवको मौका छोपिएको थियो। फ्रान्सको त कुरै भएन, अन्यत्र युरोप, अमेरिका अनि दक्षिण अमेरिकाका थप ११ मुलुकका महिला तथा पुरुष प्रतिनिधि गरेर २०० जनाजतिको जमघट भयो। Leon Richer पनि पुरुष नै थिए।

महिला मताधिकारलाई कार्यसूची (Agenda) मा नराख्दा विवाद पनि पऱ्यो। ऐतिहासिक, शैक्षिक, आर्थिक, नैतिक र विधायकी पक्षमा भने दुई साता लामो बैठकमा प्रसस्त छलफल/अन्तरक्रिया भयो। महिला अधिकारका मुद्दाहरूको प्रथम अन्तर्राष्ट्रियकरण महासभाबाटै भएको मान्न सकिन्छ। महासभाले अन्तर्राष्ट्रिय स्थायी समितिको घोषणासमेत गरेको थियो। फ्रान्सेली शब्द 'Fe'ministe' को अङ्ग्रेजी तद्भव 'Feminism' अठारौँ शताब्दीको मध्यतिर नारीका गुणहरू (Qualities of females) जनाउन प्रयोग हुन्थ्यो, जुन महासभापछि क्रमशः नारीवादबोधक बन्यो। अघि महिला अधिकार (Women's rights) र महिला स्वतन्त्रता (Women's emancipation) नै भनिन्थ्यो।

---

१ यो खण्ड जिज्ञासु तर बेफुर्सदिला विकासकर्मीको मोटामोटी ज्ञानका लागि टिपोट हो, जुन प्राज्ञिक अर्थमा पक्कै नपुग छ। यत्रतत्र छूट होलान्। कताकति नहोऊन् भनिएका त्रुटि पनि भेटिएलान्।

श्रमिक जागरण : महिला र पुरुषबीचको भेदभाव जताजतै थियो । आन्दोलनको आधार पनि फराकिलो बन्दै गयो । औद्योगीकरणसँगै महिलालाई पनि नोकरीको मौका मिलेको थियो । श्रमिक महिलाहरू श्रमका क्षेत्रमा विद्यमान रहेको लिङ्गभेदविरुद्ध बोल्न थाले । अमेरिकामा सन् १९०३ मा महिलाको श्रम सङ्गठन (Women's Trade Union League) खोलियो । सङ्गठनको समर्थनमा सन् १९०९ मा तयारी पोसाक उद्योगमा कार्यरत २० हजार महिलाले आम हडताल गरे । मुख्यतया आप्रवासी महिला कामदारले नेतृत्व गरेको तीन महिना लामो उक्त ऐतिहासिक घटना बीसहजारको विद्रोह (Uprising of the 20,000) भनेर पनि कहलिएको छ ।

दिवसीय लहर : खास गरी महाद्विपीय युरोपमा समाजवादी महिला महिलाकै अर्थमा राजनीतिक ढङ्गले सङ्गठित हुने कि नहुने भन्ने विवादकै बीच जर्मनीकी Clara Zetkin, रसियाकी Alexandra Kollontai जस्ता नेतृहरू अघि सरे । समाजवादी महिलाको अन्तर्राष्ट्रिय सम्मेलनको सिलसिला चल्यो, जसमध्ये पहिलो स्टुटगार्टमा सन् १९०७ मा भयो भने दोस्रो कोपेनहेगनमा सन् १९१० मा । कोपेनहेगन सम्मेलनले संसारका महिलाले अधिकार प्राप्तिका लागि सालबसाली दिवस मनाउने प्रस्ताव पनि पारित गऱ्यो । अन्तर्राष्ट्रिय नारी दिवसको प्रस्ताव अमेरिकी समाजवादी महिलाको सिको थियो, जसले सन् १९०९ को फेब्रुवरी २८ मा पहिलो राष्ट्रिय नारी दिवस मनाएका थिए ।

यो कार्यक्रम कोपेनहेगनमा आह्वान गरिएको थियो; यै दिन भनिएको थिएन । प्रतिउत्तरमा सन् १९११ मा मार्च १८ का दिन डेनमार्क, जर्मनी, अष्ट्रियालगायतका युरोपेली मुलुकमा पहिलोपल्ट अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो, जसमा १० लाख बढीको सहभागिता रहेको अनुमान छ । आन्ध्रपारि अमेरिकामा भने फेब्रुवरी महिनाको अन्तिम आइतबार नारी दिवस मनाउने परम्परा कायमै राखियो ।

रुसमा पहिलोपल्ट सन् १९१३ मा अमेरिकामा जस्तै रुसी पात्रोअनुसार फेब्रुवरी महिनाको अन्तिम आइतबार नारी दिवस मनाइएको थियो, जसको निरन्तरतामा सन् १९१७ मा भएका प्रदर्शनहरूबाटै फेब्रुवरी क्रान्ति प्रारम्भ भयो । अङ्ग्रेजी पात्रोमा उक्त दिन मार्च महिनाको ८ तारिखमा परेको थियो । अक्टुवर क्रान्तिपछि मार्च ८ लाई नारी दिवसको आधिकारिक मान्यता दिइयो, जसका लागि Alexandra Kollontai ले पनि विशेष पहल गरेकी थिइन् भनिन्छ ।

रुसमा स्थापित परम्परालाई पछ्याउँदै चीनमा सन् १९२२ देखि र अन्यत्र पनि साम्यवादी दलहरूले मार्च ८ मा नारी दिवस मनाउन थाले । कालान्तरमा सन् १९७७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले मार्च ८ लाई महिला अधिकार र विश्व शान्तिका लागि संयुक्त राष्ट्रसङ्घीय दिवसको रूपमा घोषणा गर्न सदस्य राष्ट्रहरूलाई आह्वान गऱ्यो ।

जे होस्, जागृति, एकता र दबाबसमेतका लागि नारी दिवस सहयोगी भयो । अधिकारको माग घन्की नै रह्यो; आन्दोलनको आगो दन्की नै रह्यो । खास गरी विकासशील जगत्मा आज पनि त्यत्तिकै उत्साहका साथ नारी दिवस मनाइन्छ ।

मताधिकारको प्राप्ति : अमेरिकी Susan Brownell Anthony, वेलायती Emmeline Pankhurst, फ्रान्सेली Jeanne Deroin लगायतका थुप्रै उन्नायकहरू कतिले देख्न पाए कतिले पाएनन् तर बीसौँ शताब्दीको प्रारम्भदेखि नै राजनीतिक अधिकारको मोर्चामा महत्वपूर्ण जीत हासिल भैरहेको थियो । फिनल्याण्डमा सन् १९०६ मा नै महिलालाई मताधिकार प्रदान गरिएको थियो । अमेरिकामा सन् १९२० मा मात्र सफलता मिल्यो । वेलायती महिलामध्ये ३० वर्षमाथिकाले सन् १९१८ मा र पुरुषसरह सबैले त्यसको १० वर्षपछि सन् १९२८ मा मताधिकार प्राप्त गरेका थिए । फ्रान्समा सन् १९४४ मा मात्र मताधिकारमा लैङ्गिक समानता कायम हुन सक्यो । स्वीजरल्याण्डमा पनि मतका लागि महिलाले सन् १९७१ सम्म पर्खनुपऱ्यो ।

तेस्रो तरङ्ग : महिला आन्दोलनको विकासक्रमलाई तीनवटा तरङ्ग (Waves) मा हेर्ने चलन पनि छ । पहिलो तरङ्ग वस्तुतः मताधिकारको माग र प्राप्तिबीचको सङ्घर्ष हो । अमेरिकामा भावानुभूतिको घोषणा (१८४८ ई.) र संविधानको उन्नाइसौँ संशोधन (१९२० ई.) बीचको ७२ वर्षको अनवरत यात्रा नारीवादको पहिलो तरङ्ग (First-wave feminism) थियो ।

मताधिकारको प्राप्तिपछि 'अब त समाजमा महिलाको बराबरी स्थान भयो वा हातमा मतपत्र भएकाले गराउन सकिन्छ' भन्ठानेर होला पश्चिमतिर आन्दोलन सुस्तायो । सन् १९६० सम्म पनि महिलाको सामाजिक मर्यादास्तरमा मतपत्ररूपी अस्त्रको अपेक्षित असर देखा परेन । विकासको युग प्रारम्भ भैसकेको थियो, जतातै परिवर्तन भैरहेका थिए तर आम महिलाको जीवन घरायसी दैनिकीमा हराइरहेको थियो । अमेरिकी चिन्तक Betty Friedan लाई पटक्कै चित्त बुझेको थिएन । उनले सन् १९६३ मा The Feminine Mystique लेखिन् । सबैथोक बिर्सेर श्रीमती अनि आमाको रूपमा जीवन समर्पण नगरी जे-जति गरेर हुन्छ सार्थक क्रियाकलाप खोज्न सारा महिलालाई घच्घच्याइएको उनको पुस्तकसँगै नारीवादको दोस्रो तरङ्ग (Second-wave feminism) पैदा भयो । सन् १९६० को दशकका बाँकी वर्ष, ७० र ८० का दशकभरि घरबाहिर महिलाको भूमिका बढाउने गरी समानता, समता, सकारात्मक कार्य (Affirmative actions) लगायतका मुद्दाहरू उठाइए । शिक्षामा पहुँच, प्रजनन सेवाहरूको विस्तार, समान कामका लागि समान ज्याला, घरेलु ज्यादतीको प्रतिरोध, कार्यस्थलमा लैङ्गिक संवेदनशीलताजस्ता पक्षहरूमा जोड दिइयो ।

महिला र पुरुषबीच तुलना गर्ने चलन चल्यो, जसको दुई अर्थ निस्किन्थ्यो : एक, 'महिला' समूह हो जो एकैनास हुन्छ र दुई, महिलाका आकांक्षा आम (Universal) हुन्छन् । पछिल्लो पुस्ताले भने महिलामाझ विषमता देख्यो र महिलाका लागि यो जाती त्यो नजाती भन्ने सर्वमान्यता पनि मन पारेन । भिडमा हराउन चाहेन, चिनिन खोज्यो; अर्काको पछि लाग्न चाहेन, आफ्नै सुरमा हिड्न खोज्यो । परिणाम नारीवादको वर्तमान तेस्रो तरङ्ग (Third-wave feminism) हो । थुप्रै नाममा पहिला अमेरिकी Rebecca Walker को आउँदछ, जसले २३ वर्षकी छँदा नै सन् १९९२ मा Becoming the Third Wave शीर्षकको लेखमा आफू नारीवादोप्रान्तको नारीवादी (Post-feminism feminist) नभएर तेस्रो तरङ्ग भएको जनाएकी थिइन् । त्यसो भनेर उनले नारीवाद विगतमा नहराएको बरु वर्तमानमा जीवन्त रहेको सन्देश दिन खोजेकी थिइन् । यदाकदा दोस्रो तरङ्गका नारीवादीले अमेरिकी मध्यमवर्गीय स्वेत महिलाहरूको अनुभूति नै सारा महिलाको अनुभूति भन्ठानेको भनेर आलोचना गर्ने तेस्रो तरङ्गका नारीवादीका लागि महिलामाझको वर्ण, वर्ग, संस्कृतिलगायतको विविधता त्यत्तिकै ध्यानयोग्य छ । नारीवादलाई आ-आफ्नो पहिचानअनुसार आ-आफ्नै परिप्रेक्ष्यमा परिभाषित गर्न सकिन्छ भन्ने मान्यता राखिएको छ । लैङ्गिक हिंसा विरुद्धका कार्य, प्रजनन अधिकार र वैयक्तिक स्वतन्त्रता सङ्घर्षका मुख्य मोर्चा भएका छन् । महिलालाई अमर्यादित तुल्याउने अधिका शब्दहरू नयाँ अर्थमा प्रयोग गर्ने प्रवृत्ति देखिएको छ । त्यस्तै, महिलालाई जोडदार, शक्तिशाली, स्व-नियन्त्रकको रूपमा चित्रण गर्ने चलन पनि चलाइएको छ ।

मोटामोटी नारीवादको पहिलो तरङ्ग समानता, दोस्रो तरङ्ग सार्थकता र तेस्रो तरङ्ग स्वतन्त्रताको सङ्घर्ष हो पनि भन्न सकिन्छ ।

१.२ संयुक्त राष्ट्रसङ्घीय समर्थन

समस्त महिलाको उन्नतिको अभियानलाई पछिल्ला दशकमा संयुक्त राष्ट्रसङ्घको समर्थनले अग्रगति दिलाएको छ । संयुक्त राष्ट्रसङ्घीय छत्रछायाँमा महिला अधिकारवादीको ऐतिहासिक आन्दोलनले विश्वव्यापी आधिकारिता पाएको तथा सुधारका प्रक्रियाहरूको संस्थागतीकरणसमेत भएको अनुभव हुन्छ । नवोदित मुद्दाहरू पहिल्याउन, राष्ट्रिय वचनबद्धता प्राप्त गर्न र हालसालै जारी प्रयासहरूको अनुगमनसमेत गर्न संसारको यो साझा मञ्च उपयोगी माध्यम बनेको छ । संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा १ मा घोषित उद्देश्यमा '... लिङ्गभेदविना ... सबैको मौलिक स्वतन्त्रता र मानव अधिकारप्रतिको सम्मान, प्रवर्धन एवं प्रोत्साहनका लागि अन्तर्राष्ट्रिय सहयोग हासिल गर्ने' उल्लेख छ । संयुक्त राष्ट्रसङ्घको स्थापना सन् १९४५ मा भएको थियो । लगत्तै सन् १९४६ को जुन २१ मा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्ले महिलाको मर्यादास्तर आयोग (Commission on the Status of Women) बनाएर लैङ्गिक समानता र महिला उन्नतिको कार्यारम्भ गऱ्यो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र – १९४८ : संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९४८ को डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights) जारी गऱ्यो । मानवमात्रका नैसर्गिक अधिकार र स्वतन्त्रताको उक्त ऐतिहासिक संहितामा 'सारा मान्छे स्वतन्त्र र मान अनि अधिकारमा समान

जन्मिन्छन्' भनियो । प्रत्येक व्यक्तिलाई लिङ्गलगायत कुनै किसिमले अन्यथा नगरी घोषणापत्रमा अङ्कित अधिकार र स्वतन्त्रता प्राप्तिको हक छ भन्ने पनि प्रस्ट पारियो ।

अन्तर्राष्ट्रिय नारी वर्ष – १९७५ : संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७२ मा सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष (International Women's Year) घोषणा गऱ्यो । उक्त घोषणा महिला र पुरुषबीच समानता प्रवर्धन गर्ने, विकासका सारा प्रयासमा महिलाको पूर्ण एकीकरण सुनिश्चित गर्ने र विश्व शान्तिको सुदृढीकरणमा महिलाको योगदान बढाउने आह्वान थियो । वर्षभरि जताततै अपार उत्साहका साथ खास गरी खोजीनिती र योजना तर्जुमाका काम भए । संयुक्त राष्ट्रसङ्घमा अन्तर्राष्ट्रिय नारी वर्षका लागि ऐच्छिक कोष (Voluntary Fund for the International Women's Year) समेत खडा गरियो ।

पहिलो विश्व महिला सम्मेलन – १९७५ : अन्तर्राष्ट्रिय नारी वर्षकै उपलक्ष्यमा मेक्सिको सिटीमा पहिलो विश्व महिला सम्मेलन (First World Conference on Women) भयो । संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सन् १९७५ को जुन १९ - जुलाई २ बीच सम्पन्न उक्त सम्मेलनमा १०० बढी देशहरूले भाग लिएका थिए । सम्मेलनले समानता, विकास र शान्तिका बृहत् लक्ष्य हासिल गर्न विश्व कार्ययोजना (World Plan of Action) पारित गऱ्यो ।

संयुक्त राष्ट्रसङ्घीय नारी दशक – १९७६-८५ : पहिलो विश्व महिला सम्मेलनको आग्रहमा संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७६-८५ लाई समानता, विकास र शान्तिको नारासहित संयुक्त राष्ट्रसङ्घीय नारी दशक (United Nations Decade for Women: Equality, Development and Peace) घोषणा गऱ्यो । खास गरी पहिला पाँच वर्ष (१९७६-८० ई.) मा केन्द्रित रहेर विभिन्न कार्यक्रम तय भए । अन्तर्राष्ट्रिय नारी वर्षका लागि स्थापित ऐच्छिक कोषका गतिविधि दशकभरि जारी राख्ने निधो त सन् १९७५ को अन्ततिरै गरिसकिएको थियो । तदनुसार दशकीय कार्यक्रमका लागि ऐच्छिक कोष (Voluntary Fund for the United Nations Decade for Women) को स्थापना गरियो, जुन पछि संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष (United Nations Development Fund for Women – UNIFEM) बन्यो ।[२]

दोस्रो विश्व महिला सम्मेलन–१९८० : संयुक्त राष्ट्रसङ्घको अग्रसरतामा दोस्रो विश्व महिला सम्मेलन कोपेनहेगनमा भयो । सन् १९८० को जुलाई १४ देखि ३० सम्म चलेको उक्त सम्मेलनमा १४५ राष्ट्रका प्रतिनिधिले संयुक्त राष्ट्रसङ्घीय नारी दशकको मध्यावधि समीक्षा गरे । मेक्सिको सिटीमा पहिल्याइएका समानता, विकास र शान्तिका बृहत् लक्ष्य हासिल गर्ने सिलसिलामा सम्मेलनका लागि 'रोजगारी, स्वास्थ्य र शिक्षा' उपशीर्षक छानिएको थियो । सम्मेलनले दोस्रो पंचवर्षीय (१९८१-८५ ई.) का लागि कार्यक्रम (Programme of Action) पारित गऱ्यो । सम्पत्तिमा महिलाको स्वामित्व एवं नियन्त्रणमा कार्यक्रममा जोड दिइएको थियो ।

तेस्रो विश्व महिला सम्मेलन–१९८५ : संयुक्त राष्ट्रसङ्घीय विश्व महिला सम्मेलनको क्रममा तेस्रो सम्मेलन केन्याको नैरोबीमा सन् १९८५ को जुन १५-२६ मा सम्पन्न भयो । सम्मेलनमा १४० बढी देशको सहभागिता थियो । संयुक्त राष्ट्रसङ्घीय नारी दशकको समापन गरेको उक्त सम्मेलनले सन् १९८६ उप्रान्त २००० सम्मको अवधिमा महिलाको उन्नतिका लागि अग्रदर्शी रणनीति (Forward-looking Strategies for the Advancement of Women during the Period from 1986 to the Year 2000) स्वीकृत गऱ्यो । महिलाको उन्नतिका लागि मौजुदा बाधा पन्छाउने उपायका साथै लैङ्गिक विभेदको अन्त्य र विकासका प्रक्रियामा महिलाको एकीकरण रणनीतिक प्राथमिकता थिए ।

चौथो विश्व महिला सम्मेलन–१९९५ : नैरोबीपछि बेजिङमा विश्व महिला सम्मलेन भयो, जुन संयुक्त राष्ट्रसङ्घीय लहरमा चौथो थियो । बेजिङ सम्मेलन सन् १९९५ को सेप्टेम्बर ४ देखि १५ सम्म चल्यो । सम्मेलनमा १८९ देशका

२ सन् २०१० को जुलाईमा संयुक्त राष्ट्रसङ्घ महिला : लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय (UN Women: United Nations Entity for Gender Equality and the Empowerment of Women) को स्थापना भएपछि २०११ को जनवरीदेखि संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष पनि त्यसैमा गाभिएको छ ।

प्रतिनिधिहरू जुटे । सहभागिता, सञ्चार र समसामयिकताका अर्थमा पनि बेजिङ बैठक उल्लेखनीय छ । बेजिङ कार्यमञ्च (Beijing Platform for Action) र बेजिङ घोषणापत्र (Beijing Declaration) सम्मेलनका उपज हुन् ।

महिलाहरूको सामाजिक, राजनीतिक तथा आर्थिक सशक्तीकरण गर्ने प्रयासमा बेजिङमा जारी घोषणापत्र सारा संसारको साझा मार्गदर्शन भएको छ । बेजिङ कार्यमञ्चमा संयुक्त राष्ट्रसङ्घीय महिला दशकदेखिको समानता, विकास र शान्तिको आकांक्षा प्राप्तिका लागि नौलो प्रतिज्ञा प्रतिविम्बित छ । सबै मुलुकका सरकार, महिला समूह, विकास साझेदारलगायतको बृहत् कार्यसूची (Agenda) को रूपमा रहेको बेजिङ कार्यमञ्चमा १२ वटा सरोकारका क्षेत्र पहिल्याइएका थिए । ती हुन्-

- महिला र गरिबी
- महिलाको शिक्षा-दीक्षा
- महिला र स्वास्थ्य
- महिलामाथिको हिंसा
- महिला र सशस्त्र सङ्घर्ष
- महिला र अर्थतन्त्र
- शक्ति र निर्णय कार्यमा महिला
- महिलाको उन्नतिका लागि संस्थागत संयन्त्र
- महिलाका मानवीय अधिकार
- महिला र सञ्चारका माध्यम
- महिला र वातावरण
- बालिका ।

बेजिङ जोड ५ विशेष महाधिवेशन - २००० : बेजिङ घोषणपत्रका साथै कार्यमञ्चमा निर्धारित सरोकारका क्षेत्रमा भएका प्रगति सिंहावलोकन गर्न न्युयोर्कमा सन् २००० को जुन ५-९ मा संयुक्त राष्ट्रसङ्घको तेइसौँ विशेष महाधिवेशन (Twenty-third Special Session of the United Nations General Assembly) बस्यो । बेजिङ सम्मेलनको ५ वर्षपछिको भएकाले उक्त महाधिवेशनलाई बेजिङ जोड ५ (Beijing + 5) भनेर पनि जानिन्छ, जसको शीर्षक महिला २००० : एक्काइसौँ शताब्दीका लागि लैङ्गिक समानता, विकास र शान्ति (Women 2000: gender equality, development and peace for the twenty-first century) थियो । महाधिवेशनमा १४८ सदस्य राष्ट्रका उच्चस्तरीय प्रतिनिधि मण्डलका नेताहरूले संवोधन गरेका थिए ।

बेजिङ लक्ष्यहरूको प्राप्तिप्रतिको वचनबद्धता जाहेर गर्दै महाधिवेशनले राजनीतिक घोषणापत्र (Political Declaration) र बेजिङ कार्यमञ्चको कार्यान्वयनका लागि थप कार्य एवं अग्रसरता (Further Actions and Initiatives to Implement the Beijing Platform for Action) पारित गऱ्यो । महाधिवेशनको उपलब्धि दस्तावेज (Outcome Document) पनि भनिने उल्लिखित प्रस्तावमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गर्नुपर्ने जम्माजम्मी १९९ वटा कार्यहरू समावेश थिए । उपलब्धि दस्तावेजमा-

- नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक परिप्रेक्ष्यको अवलम्बन;
- सबै क्षेत्र र तहमा लैङ्गिक मूलप्रवाहीकरणको महत्वका साथै मूलप्रवाहीकरण र महिला लक्ष्यित क्रियाकलापबीचको परिपूरकता र
- शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, महिला तथा बालबालिकामाथि हुने हिंसा, महिलामाथि गरिबीको निरन्तर एवं बढिरहेको भारलगायतका क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकतामा जोड दिइयो ।

सहस्राब्दी सभा - २०००: संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा न्युयोर्कमा सन् २००० को सेप्टेम्बर ६-८ मा सहस्राब्दी

सभा (Millennium Assembly) भयो । विश्व नेताहरूको इतिहासमै सबैभन्दा ठूलो यो जमघटमा १४७ राष्ट्राध्यक्ष र सरकार प्रमुख थिए ।

उक्त सभाले सहस्राब्दी घोषणापत्र पारित गऱ्यो । यो विश्वव्यापी विज्ञप्तिमा द्वन्द्व र शान्ति, रोग र स्वास्थ्य अनि गरिबी र समृद्धिका मुद्दाहरूको सर्भेक्षण गरिनुका साथै संसारलाई मानवीय अवस्थामा सुधारका उपायतर्फ सङ्कल्पित गरिएको छ ।

त्यसै घोषणापत्रमा समावेश भएका आठवटा लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यका रूपमा कहलाइए, जसअन्तर्गत १८ वटा तारा (Target) पर्दछन् । ढिलोमा सन् २०१५ सम्म प्राप्त गर्नुपर्ने ती लक्ष्य हुन्-

- सबैलाई गरिबी र भोक उन्मूलन
- आम प्राथमिक शिक्षा
- लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरण
- बाल-मृत्युमा कटौती
- मातृ-स्वास्थ्यमा सुधार
- एच.आई.भी./एड्स, मलेरिया र अन्य रोगको निदान
- वातावरणीय दिगोपनको सुनिश्चितता
- विकासका लागि विश्वव्यापी साझेदारी ।

सहस्राब्दी विकास लक्ष्यमध्ये तेस्रो र पाँचौ लैङ्गिकता-विशेष छन् । प्राथमिक र माध्यमिक शिक्षामा सकेसम्म २००५ सम्ममा अनि सबै तहको शिक्षामा २०१५ अगावै लैङ्गिक विभेदको अन्त्यलाई तेस्रो लक्ष्य अर्थात लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरणको सूचक मानिएको छ । त्यस्तै, पाँचौं लक्ष्य - मातृ-स्वास्थ्यमा सुधार - को सूचक सन् १९९० को मातृ-मृत्युदरमा तीन-चौथाइ कटौती हो ।

त्यसो त, विकासका लागि विश्वव्यापी साझेदारीबाहेकका बाँकी पाँचवटा सहस्राब्दी विकास लक्ष्यको प्राप्तिमा पनि लैङ्गिक समानता अपरिहार्य छ ।

बेजिङ जोड १० अधिवेशन - २००५ : बेजिङ सहमतिको १० वर्षे समीक्षा न्युयोर्कमा सन् २००५ को फेब्रुअरी २८ देखि मार्च ११ सम्म संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्अन्तर्गतको महिलाको मर्यादास्तर आयोगको ४९ औं अधिवेशनमा गरियो । आयोगको उक्त अधिवेशन नियमित थियो । विशेष अवसर परेकाले आयोगका ४५ सदस्य राष्ट्रका साथै संयुक्त राष्ट्रसङ्घका थप सदस्य राष्ट्र तथा पर्यवेक्षक प्रतिनिधि मण्डलको सहभागितामा उच्चस्तरीय पूर्ण बैठक (High-level plenary meeting) राखिएको थियो । अधिवेशनकै लागि भनेर संयुक्त राष्ट्रसङ्घीय सचिवालयले महासचिवको प्रतिवेदन तयार पारेको थियो । समीक्षाको निष्कर्षको रूपमा आयोगले जारी गरेको घोषणापत्रका बुँदा देहायबमोजिम छन् :

- चौथो विश्व महिला सम्मेलनमा ग्रहण गरिएको बेजिङ घोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेइसौं विशेष बैठकको नतिजाप्रतिको दृढता;
- लैङ्गिक समानताको अभिप्राप्तितर्फ हालसम्म भएको प्रगतिको स्वागत गरी बेजिङ घोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेइसौं विशेष बैठकको नतिजाको कार्यान्वयनमा चुनौती र बाधा विद्यमान रहेको तथ्यमा जोड दिएर पूर्ण अनि गतिमान कार्यान्वयन सुनिश्चित गर्नका लागि थप लागिपर्ने प्रतिज्ञा;
- घोषणापत्रका साथै अन्यत्र अन्तर्राष्ट्रिय स्तरमा सहमति जनाइएका विकास लक्ष्यहरूको प्राप्तिमा बेजिङ घोषणापत्र र कार्यमञ्चको पूर्ण एवं प्रभावकारी कार्यान्वयन जरुरी भएको औंल्याउँदै सहस्राब्दी घोषणापत्रको सिंहावलोकनका लागि उच्चस्तरीय पूर्ण बैठकमा लैङ्गिक परिप्रेक्ष्यको एकीकरण सुनिश्चित गर्ने आवश्यकतामा जोड;

- लैङ्गिक समानता एवं महिला सशक्तीकरणको अभिप्राप्तिमा बेजिङ घोषणापत्र र कार्यमञ्चको कार्यान्वयन अनि महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिअन्तर्गतको दायित्वको परिपूर्ति परस्पर सबलकारी भएको पहिचान र
- बेजिङ घोषणापत्र र कार्यमञ्चका साथै महासभाको तेइसौँ विशेष बैठकको नतिजाको कार्यान्वयनमा पूरै वचनबद्ध रहन एवं योगदान सघन बनाउन संयुक्त राष्ट्रसङ्घीय प्रणाली, अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठन, गैरसरकारी सङ्गठनलगायत नागरिक समाजका सबै क्षेत्र अनि सारा महिला तथा पुरुषलाई आह्वान ।

बेजिङ जोड १५ अधिवेशन - २०१० : बेजिङ शृङ्खलाको पछिल्लो सिंहावलोकन पनि न्युयोर्कमै सन् २०१० को मार्च १-१२ बीच भयो । बेजिङ जमघटयता १५ वर्ष व्यतीत भएकाले बेजिङ जोड १५ (Beijing + 15) भन्ने गरिएको उक्त सिंहावलोकन पनि बेजिङ जोड १० जस्तै संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्अन्तर्गतको महिलाको मर्यादास्तर आयोगकै ५४ औँ अधिवेशनमा गरियो ।

समय, सहभागिता र सञ्चालनका अर्थमा दुवै अधिवेशन उस्तै थिए । बैठकको ध्यान बेजिङ लक्ष्यहरूको अभिप्राप्तिमा मौजुदा बाधाहरू पन्छाउनुका साथै सहस्राब्दी विकास लक्ष्यजस्ता नयाँ चुनौतीहरू सामना गर्ने प्रयास र त्यस सिलसिलामा हासिल भएका अनुभव एवं उत्कृष्ट अभ्यासहरूमा केन्द्रित थियो । समीक्षाका निष्कर्षसहित आयोगले घोषणापत्र जारी गऱ्यो, जसका बुँदा बेजिङ जोड १० सँग मिल्दाजुल्दा थिए । आयोगको ५४ औँ अधिवेशनको मौकामा मार्च २ का दिन बेजिङ घोषणा तथा कार्यमञ्च ग्रहण गरिएको १५ औँ वर्षको उपलक्ष्यमा महासभा (General Assembly) कै बैठक पनि राखिएको थियो ।

बेजिङ जोड २० अधिवेशन - २०१५ : बेजिङ सम्मेलनको २० औँ वर्षको समीक्षा न्यूयोर्कमा सन् २०१५ को मार्च ९ देखि २० सम्म आयोजित महिलाको स्थितिसम्बन्धी आयोग (CSW) को ५९ औँ अधिवेशनमा गरियो । त्यस सम्मेलनले आगामी सन् २०३० सम्मका लागि लैङ्गिक समानता र महिला तथा बालबालिकाहरूको सशक्तीकरणको लक्ष्यलाई मूर्तरूप दिन राजनीतिक घोषणापत्र (Political Declaration) र कार्यसञ्चालन विधि (CSW Method of work) लाई प्रतिवद्धताका साथ पारित गरेको थियो ।

दिगो विकासको लक्ष्य - २०१५/२०१६ : संयुक्त राष्ट्र संघले सन् २०१५ सेप्टेम्बर २२ मा १७ वटा दिगो विकासको लक्ष्य घोषणा गरेको छ । यी लक्ष्यहरू सन् २०३० मा हासिल गर्ने लक्ष्य राखिएको छ । दिगो विकास लक्ष्यको पाँचौ लक्ष्यमा लैङ्गिक समानता प्रवर्द्धन एवं महिला र बालिका सशक्तीकरणको लक्ष्य राखिएको छ । दिगो विकास लक्ष्यका प्रमुख बुँदाहरू यस प्रकार रहेका छन् :

- सबै स्थानका सबै किसिमको गरिबीको अन्त्य गर्ने
- भोकमारीको अन्त्य गर्ने, खाद्य सुरक्षा हासिल गर्ने तथा पोषणमा सुधार ल्याउने र दिगो कृषि विकास गर्ने
- स्वस्थ्य जीवनको सुनिश्चित गर्ने र सबै उमेरका सबैलाई तन्दुरुन्त बनाउने
- समावेशी तथा समतामूलक गुणस्तरयुक्त शिक्षाको सुनिश्चित गर्ने एवं सबैमा आजीवन सिक्ने भावनाको अभिवृद्धि गर्ने
- लैङ्गिक समानता सुनिश्चित गर्दै सबै महिला तथा बालिकाको सशक्तीकरण गर्ने
- सबैका लागि खानेपानी उपलब्धता र सरसफाईको दिगो व्यवस्थापन गर्ने
- सबैका लागि धान्न सक्ने, भरपर्दो दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने
- जीवन्त समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण र उत्पानशील रोजगारी र सबैका लागि मर्यादायुक्त श्रम गर्ने अवसर हासिल गर्ने
- सुदृढ/मजबूत पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्यगिकीकरण गर्ने र नव प्रवर्धन वा अभिवृद्धि गर्ने
- देशभित्र र देशहरू बीचको असमानता घटाउने
- शहर र मानव वस्तीलाई समावेशी, सुरक्षित, सुदृढ र दिगो बनाउने

- दिगो उपभोग र उत्पादन पद्धति सुनिश्चित गर्ने
- जलवायु परिवर्तन र यसको प्रभाव विरुद्ध तत्काल कार्य गर्ने
- दिगो विकासका लागि सागर, समुद्र र सामुदायिक स्रातहरूको दिगो प्रयोग र संरक्षण गर्ने
- क्षेत्रीय परिस्थितिकीय प्रणालीको दिगो प्रयोग, पुनर्स्थापना र संरक्षण गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण नियन्त्रण गर्ने, भूक्षय नियन्त्रण गर्ने र जैविक विविधतालाई नोक्सान हुनबाट बचाउने
- दिगो विकासका लागि शान्तिपूर्ण एवं समावेशी समाजको अभिवृद्धि गर्ने, सबैका लागि न्यायमा पहुँच पुऱ्याउने र सबै तहका संस्थाहरूलाई प्रभावकारी, उत्तरदायी र समावेशी बनाउने
- कार्यान्वयनका साधनहरूलाई सुदृढ बनाउने र दिगो विकासका लागि विश्वव्यापी सहकार्यलाई प्रभावकारी बनाउने ।

१.३ अन्तर्राष्ट्रिय संविदा

लैङ्गिक न्यायको पक्षमा संयुक्त राष्ट्रसङ्घीय अग्रसरताको अर्को पाटो अन्तर्राष्ट्रिय संविदा (International contract) हो । संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि (Conventions), प्रतिज्ञापत्र (Covenants) र इच्छाधीन आलेख (Optional protocols) पारित भएका छन्, जसमा महिलाको समान अधिकारलाई स्थापित गरिएको छ । साथै महिला अधिकार, बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार विशेषका अन्तर्राष्ट्रिय महासन्धि एवं इच्छाधीन आलेखहरू पनि ग्रहण गरिएका छन् ।

महिला अधिकार विशेषको संयुक्त राष्ट्रसङ्घीय उपलब्धि 'महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' (Convention on the Elimination of All Forms of Discrimination against Women 1979 – CEDAW) हो । महिलाका लागि अधिकारको दस्तावेज (Bill of rights for women) मानिएको उक्त महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७९ को डिसेम्बर १८ मा पारित भएर सन् १९८१ को सेप्टेम्बर ३ देखि लागू भएको छ । सन् २०१५ को अप्रिल ३० सम्म महासन्धिका पक्ष राष्ट्रहरू (States parties) को सङ्ख्या १८९ पुगेको छ ।

महासन्धिले महिला र पुरुषको समानताको सिद्धान्त (Principle of the equality of men and women) अङ्गीकार गरेको छ । महासन्धिमा जम्मा ६ भाग ३० धारा छन् । महासन्धिको धारा १ मा ... 'महिलाविरुद्धको भेदभाव' भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनुपर्दछ[३] भनिएको छ ।

महासन्धिले पक्ष राष्ट्रहरूलाई जुनसुकै क्षेत्रमा महिलाप्रतिको भेदभाव दूर गर्न अनि महिलालाई पुरुषसँगै समानताका आधारमा आफ्नो मानवीय अधिकार र नैसर्गिक स्वतन्त्रताको उपयोग गर्ने प्रत्याभूति दिन उपयुक्त कदम चाल्न कर गर्दछ । पक्ष राष्ट्रहरूलाई महिला र पुरुषबीच बराबरी कायम गर्ने प्रयासलाई गति दिन तात्कालिक विशेष व्यवस्था (Temporary Special Measures) अवलम्बन गर्न छूट दिनुका साथै लिङ्गका आधारमा असल र कमसल सम्झने अथवा महिला र पुरुषको भूमिका यस्तो वा त्यस्तो हुनुपर्दछ भन्ठान्ने खालका पक्षपात र प्रचलन परिवर्तन गर्न पनि महासन्धिले निर्देशित गर्दछ ।

---

३ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सङ्गालो (काठमाडौं, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०६४), पृ. १५६ ।

महासन्धि-प्रदत्त मुख्य अधिकारहरू देहायबमोजिम छन् :

धारा ६ : वेचबिखन तथा वेश्यावृत्तिका लागि गरिने यौन शोषणविरुद्धको अधिकार

धारा ७ : सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार

धारा ८ : अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्न पाउने अधिकार

धारा ९ : राष्ट्रियतासम्बन्धी अधिकार

धारा १० : शिक्षासम्बन्धी अधिकार

धारा ११ : रोजगारीको अधिकार

धारा १२ : वैवाहिक र मातृत्वका आधारमा हुने भेदभावविरुद्धको अधिकार

धारा १३ : आर्थिक तथा पारिवारिक लाभको अधिकार

धारा १४ : ग्रामीण महिलाहरूलाई विशेष अधिकार

धारा १५ : कानुनी समानताको अधिकार

धारा १६ : विवाह र परिवारको अधिकार[४] ।

महासन्धिको कार्यान्वयनमा हासिल भएको प्रगतिमा ध्यान दिन २३ सदस्यीय विज्ञ समितिको पनि व्यवस्था गरिएको छ, जसलाई महिलाविरुद्धको भेदभाव उन्मूलन समिति (Committee on the Elimination of Discrimination against Women) भनिन्छ । पक्ष राष्ट्रहरूले पहिलोपल्ट आफ्ना हकमा लागू भएको १ वर्षभित्र र त्यसपछि कम्तीमा प्रत्येक चार वर्षमा महासन्धिको कार्यान्वयन स्थितिको प्रतिवेदन उक्त समितिमा बुझाउनुपर्दछ । प्रतिवेदनका आधारमा पक्ष राष्ट्रका प्रतिनिधि मण्डलसँग रचनात्मक संवाद गरेर समितिले सुझाउ दिने चलन छ ।

साथै महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख १९९९ (Optional Protocol to the Convention on the Elimination of All Forms of Discrimination against Women 1999) संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् १९९९ को अक्टुबर ६ मा पारित भयो, जुन सन् २००२ को डिसेम्बर २२ देखि लागू भएको छ । इच्छाधीन आलेखले महासन्धिअन्तर्गत थप दुई कार्यविधि स्थापित गरेको छ ।

पहिलो **सञ्चार कार्यविधि** हो, जसले कुनै महिला वा महिलाको समूहलाई महासन्धिमा सुनिश्चित अधिकारको उल्लङ्घन भएको छ भन्ने दावी महासन्धिअन्तर्गतको समितिसमक्ष पुनरावलोकनार्थ पेस गर्ने अनुमति दिन्छ । दोस्रो **सोधपुछ कार्यविधि** हो, जसअनुसार महासन्धिअन्तर्गतको समितिलाई पक्ष राष्ट्रबाट महासन्धिले प्रत्याभूत गरेका अधिकारको गम्भीर वा व्यवस्थित रूपमा उल्लङ्घन भएको भरपर्दो सूचनाका आधारमा सोधपुछ प्रारम्भ गर्ने अनुमति मिल्दछ ।

नेपाल मानवअधिकासम्बन्धी २३ वटा अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र एवं इच्छाधीन आलेखको पक्ष राष्ट्र भएको छ, जसमध्ये कुनै राष्ट्रसङ्घ (League of Nations) कै जमानामा सम्पन्न भएका थिए भने कुनै दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन स्तरीय पनि छन् (तालिका १) ।

---

४ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६० (काठमाडौँ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय), पृ. अन्तिम ।

तालिका १ : नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख

सि.नं.	विवरण	ग्रहण गरिएको मिति	लागू भएको मिति	नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति	कैफियत
१.	दासत्व महासन्धि १९२६	२५ सेप्टेम्बर १९२६	९ मार्च १९२७	७ जनवरी १९६३	सम्मिलन
२.	दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३	२५ सेप्टेम्बर १९२६	७ डिसेम्बर १९५३	७ जनवरी १९६३	सम्मिलन
३.	दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६	७ सेप्टेम्बर १९५६	३० अप्रिल १९५७	७ जनवरी १९६३	सम्मिलन
४.	जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८	९ डिसेम्बर १९४८	१२ जनवरी १९५१	१७ जनवरी १९६९	सम्मिलन
५.	जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९	२ डिसेम्बर १९४९	२५ जुलाई १९५१	२७ डिसेम्बर १९९५	सम्मिलन
६.	महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२	२० डिसेम्बर १९५२	७ जुलाई १९५४	२६ अप्रिल १९६६	सम्मिलन
७.	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५	२१ डिसेम्बर १९६५	४ जनवरी १९६९	३० जनवरी १९७१	सम्मिलन
८.	आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६	१६ डिसेम्बर १९६६	३ जनवरी १९७६	१४ मे १९९१	सम्मिलन
९..	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६	१६ डिसेम्बर १९६६	२३ मार्च १९७६	१४ मे १९९१	सम्मिलन
१०.	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६	१६ डिसेम्बर १९६६	२३ मार्च १९७६	१४ मे १९९१	सम्मिलन
११.	रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर र्राष्ट्रिय महासन्धि १९७३	३० नोभेम्बर १९७३	१८ जुलाई १९७६	१२ जुलाई १९७७	सम्मिलन
१२.	महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९	१८ डिसेम्बर १९७९	३ सेप्टेम्बर १९८१	२२ अप्रिल १९९१	अनुमोदन
१३.	यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४	१० डिसेम्बर १९८४	२६ जुन १९८७	१४ मे १९९१	सम्मिलन
१४.	खेलकुदमा रङ्गभेदविरुद्धको अन्तराष्ट्रिय महासन्धि १९८५	१० डिसेम्बर १९८५	३ अप्रिल १९८८	१ मार्च १९८९	अनुमोदन
१५.	मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९	१५ डिसेम्बर १९८९	११ जुलाई १९९१	९ मार्च १९९८	सम्मिलन
१६.	बालअधिकारसम्बन्धी महासन्धि १९८९	२० नोभेम्बर १९८९	२ सेप्टेम्बर १९९०	१४ सेप्टेम्बर १९९०	अनुमोदन

१७.	महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९	६ अक्टोबर १९९९	२२ डिसेम्बर २०००	१५ जुन २००७	अनुमोदन
१८.	सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००	२५ मे २०००	१२ फेब्रुअरी २००२	३१ अक्टोबर २००५	अनुमोदन
१९.	बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बालअश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००	२५ मे २०००	१८ जनवरी २००२	२० जनवरी २००६	अनुमोदन
२०.	दक्षिण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२	५ जनवरी २००२	१५ नोभेम्बर २००५	३१ अक्टोबर २००५	अनुमोदन
२१.	वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२	५ जनवरी २००२	१५ नोभेम्बर २००५	३१ अक्टोबर २००५	अनुमोदन
२२.	अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६	१३ डिसेम्बर २००६	३ मे २००८	२७ डिसेम्बर २००९	अनुमोदन
२३.	अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६	१३ डिसेम्बर २००६	३ मे २००८	२७ डिसेम्बर २००९	अनुमोदन

साथै नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न महासन्धिको पनि पक्ष राष्ट्र भएको छ (तालिका १.क) ।

तालिका १.क : नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि

सि.नं.	विवरण	नेपालले अनुमोदन गरेको मिति	कैफियत
१.	औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक विदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४)	१० डिसेम्बर १९८६	
२.	सङ्गठन गर्ने र सामूहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८)	४ अक्टोबर १९९६	
३.	समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं. १००)	६ अक्टोबर १९७६	
४.	रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११)	१९ सेप्टेम्बर १९७४	
५.	बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९)	१३ सेप्टेम्बर २००१	
६.	विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१)	१९ सेप्टेम्बर १९७४	
७.	रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८)	४ अक्टोम्बर १९९६	
८.	अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४)	२१ मार्च १९९५	
९.	बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२)	१३ सेप्टेम्बर २००१	
१०	आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९)	२४ अगष्ट २००७	

१.४ विकासमा लैङ्गिकता

नवनिर्वाचित अमेरिकी राष्ट्रपति Harry S Truman को सन् १९४९ जनवरी २० को उद्घाटन संवोधन ऐतिहासिक थियो । उक्त संवोधनको चौथो बुँदा (Point Four) मा उनले संसारका आधाभन्दा बढी मानिसहरू झन्डै दयनीय अवस्थामा बाँचिरहेको जनाए, लोकतान्त्रिक स्वच्छ व्यवहारको अवधारणाका आधारमा विकास [सहायता] कार्यक्रमको चित्रण गरे र अरू देशहरूलाई पनि त्यस उद्यमका लागि स्रोत जुटाउन आमन्त्रण गरे । उनको उक्त वक्तव्यबाटै विकासको युग (Development age) प्रारम्भ भएको मानिन्छ ।[५]

लैङ्गिक परिप्रेक्ष्य : विकासको युगको प्रारम्भतिर विकासविद्हरूले महिला र पुरुषबीचको भिन्नतालाई खासै दृष्टिगत गरेका थिएनन् । महिला र पुरुष दुवैलाई एकै समान हेर्ने गरिन्थ्यो । उनीहरूको अनुमान के थियो भने समाज जब आर्थिक वृद्धिको माध्यमबाट आधुनिकीकरणतिर अग्रसर हुन्छ तब महिला र पुरुष दुवै समान रूपमा लाभान्वित भैहाल्दछन् ।

डेनमार्ककी अर्थशास्त्री Ester Boserup को खोजीनितीमा भने त्यस खालको अनुमानअनुसारको अवस्था देखिएको थिएन । उनले सन् १९७० मा Woman's Role in Economic Development लेखिन् । विकासको क्रममा महिलाको भूमिकाका साथै महिलामा पर्ने असरको प्रथम अन्वेषणको नतिजा उक्त कितापमा निम्न तथ्य उजागर गरिएका थिए :

- कृषि तथा सामुदायिक उत्पादकत्व बढाउने कार्यमा महिलाहरूको प्रमुख योगदान रहेको भए तापनि देशका र आयोजनाका तथ्याङ्कहरूमा त्यसको उल्लेखसम्म थिएन (अर्थात् उनीहरूको योगदानको बेवास्ता गरिएको थियो) र
- आधुनिकीकरणको प्रक्रियाबाट महिलाहरू उल्टै विस्थापित भएका पनि थिए (अर्थात् उनीहरूको परम्परागत उत्पादनशील कार्य, आय र सामाजिक मर्यादामा ह्रास आएको थियो) ।

विकासका लाभ तथा लागतमा लैङ्गिक तटस्थता (Gender neutrality) को मान्यतालाई चुनौती दिएर उनले विकासको वहसमा नौलो आयाम थपिन् । साराको ध्यान महिला र विकासबीचको सम्बन्धपट्टि गयो । विकासलाई लैङ्गिक परिप्रेक्ष्यमा हेर्ने चलन चल्यो ।

रणनीतिक छनौट : विकासको प्रक्रियामा महिला र पुरुषबीचको भिन्नतालाई संवोधन गर्ने रणनीतिमा समयान्तरको फरक भेटिन्छ ।

क. कल्याणकारी सोच

महिला विकासमा सन् १९७० को दशकको खास महत्व छ तापनि यस अघिका प्रयासलाई बिर्सन मिल्दैन । सन् १९५० र ६० का दशकमा महिलाका लागि कल्याणकारी कार्यक्रमको खाँचो अनुभव गरियो । आमा, श्रीमती र बुहारीको रूपमा महिलाको भूमिकालाई विशेष महत्व दिएर महिलालाई विकासको फलको निष्क्रिय उपभोक्ता सम्झिएको भए तापनि केही न केही गरियो । कल्याणकारी सोचको त्यो समयलाई पूर्व-'विम' अवधि (Pre-WID period) पनि भनिन्छ ।

ख. विकासमा महिला

सन् १९७० को दशकमा महिलाहरूलाई आर्थिक, सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्न विकासमा महिला (Women in Development – WID) रणनीति अवलम्बन गरियो । महिलालाई विकास प्रवाहमा एकीकृत रूपमा समावेश गर्न सकिए महिलाहरू प्रतिको थिचोमिचो तथा असमानता पनि स्वत: अन्त्य हुन्छ भन्ने मान्यता उक्त रणनीतिमा अन्तर्निहित थियो । महिलाहरूलाई कसरी विकासका विभिन्न आयाममा बढीभन्दा बढी सहभागी गराउने भन्ने चिन्तन गरियो ।

विशेषत: महिलाहरूको उत्पादनशीलता बढाउन अनि उनीहरूको अवस्थामा सुधार ल्याउन आयआर्जन कार्यक्रमका

---

५ बुँदा ४ को पूर्ण पाठका लागि हेर्नुहोस्, Gilbert Rist, The History of Development: From Western Origins to Global Faith (Second Edition), English Translation Patrick Camiller (London: Zed Books, 2006, first English edition 1997), पृ.७०-७१ ।

साथै कल्याणकारी कार्यक्रमहरू (जस्तै- साक्षरता, परिवार स्वास्थ्य, घरायसी कार्यबोझ घटाउने उपायको विकास एवं प्रसार) सञ्चालन भए ।

विकासमा महिला रणनीतिको कार्यान्वयनपछि पनि महिलाहरू सोचेजस्तो लाभान्वित हुन भने सकेनन् । महिलाहरूको अवस्था (Condition) मा केही हदसम्म सुधार अवश्य भयो तर उनीहरूको अवस्थिति (Position) मा खासै अन्तर आएको अनुभव गर्न सकिएन ।

ग. विकास र महिला

महिलाहरूको अवस्थाका साथै अवस्थितिमा समेत सुधार ल्याउनका लागि विकास प्रक्रियामा उनीहरूको संलग्नता आवश्यक ठानी सन् १९८० को दशकमा महिला र विकास (Women and Development – WAD) को रणनीति लिइयो । विकास र महिला रणनीतिलाई विकासमा महिला रणनीतिको परिमार्जित रूप पनि मान्ने गरिन्छ । मोटामोटीमा महिलालाई विकासमुखी बनाउने विकासमा महिला रणनीति हो भने विकासलाई नै महिलामुखी बनाउने विकास र महिला रणनीति । अर्को शब्दमा, अघिल्लो वस्तुतः सहभागिताको आह्वान हो भने पछिल्लो साझेदारीको । त्यस्तै, अघिल्लो ' वाञ्छनीय' को अर्थमा भएदेखि पछिल्लो 'अपरिहार्य' को अर्थमा हो ।

घ. लैङ्गिकता र विकास

सन् १९९० को दशकमा महिला र विकास रणनीतिको स्थानमा लैङ्गिकता र विकास (Gender and Development – GAD) रणनीति अपनाइयो । विकास र महिला रणनीतिमा विकासको सन्दर्भमा महिलालाई लिइएको थियो भने लैङ्गिकता र विकास रणनीतिमा विकासको सन्दर्भमा महिला र पुरुषबीचको सम्बन्धलाई लिइएको छ । अर्को शब्दमा, अघिल्लोको जोड विकास प्रक्रियामा महिलाको साझेदारी कसरी प्रभावकारी हुन्छ भन्नेमा थियो भने पछिल्लोको जोड विकास प्रक्रियामा महिला र पुरुषबीचको सम्बन्धले कसरी प्रभाव पार्दछ भन्नेमा रहेको छ । लैङ्गिकता र विकासलाई विकासमा लैङ्गिक पहुँच (Gender Approach to Development) भनेर पनि जानिन्छ । यसरी समयान्तरमा मुख्य चासो 'महिला' बाट महिला र पुरुषबीचको सम्बन्धमा सरेको देखिन्छ ।

तालिका २ : विकासमा महिला र लैङ्गिक पहुँच

	विकासमा महिला **(WID)**	लैङ्गिकता र विकास **(GAD)**
प्रयास	विकास प्रक्रियामा महिला सहभागिता	महिला सशक्तीकरण
केन्द्रबिन्दु	महिला	महिला र पुरुषबीचको सामाजिक सम्बन्ध
समस्या	विकास प्रक्रियामा महिलाको किनारा	महिला र पुरुषबीचको असमान शक्ति सम्बन्ध
लक्ष्य	प्रभावकारिता, दक्षता विकास	समदर्शी विकास, समान शक्ति सम्बन्ध
रणनीति	महिलामुखी विशेष कार्यक्रम : • लघु ऋण • संस्थागत विकास • परिवार योजना, इत्यादि	लैङ्गिक चासोको मूलप्रवाहीकरण
मान्यता	विकासमा महिला सहभागिता आवश्यक छ ।	विकासका लागि महिला र पुरुषबीचको न्यायपूर्ण सम्बन्ध आवश्यक छ ।

परिवर्तित पहुँच : महिला विकासको परिवर्तित पहुँच (Approach) लाई देहायको क्रममा हेर्न सकिन्छ ।

क. कल्याण

महिलाहरूको कल्याणका लागि विभिन्न आयोजना सञ्चालन गर्नमा जोड दिनु नै कल्याणकारी पहुँच (Welfare approach) हो । महिलालाई बढी नाजुक र असुरक्षित अवस्था भएका समूहका रूपमा लिएर महिलाका समस्या समाधानका निम्ति प्रसूति गृह, साक्षरता कक्षा, घरायसी कार्यबोझ घटाउने प्रविधिको विकास एवं प्रसारजस्ता कार्यक्रमको तर्जुमा वस्तुतः कल्याणकारी मान्यताबाट प्रेरित भएको पाइन्छ ।

ख. आर्थिक आत्मनिर्भरता

आर्थिक आत्मनिर्भरता पहुँच (Economic self-reliance approach) अन्तर्गत महिलाहरूमा अर्धबेरोजगारी, परनिर्भरता तथा न्यून उत्पादन क्षमता भएको मानेर उनीहरूको उत्पादनशील क्षमता विकास र आयआर्जनका क्रियाकलापमा जोड दिइन्छ ।

ग. कार्यदक्षता

महिलाहरूको वास्तविक उत्पादनशील भूमिकाको लेखाजोखा, दक्षता विकासका साथै श्रममा रहेको लैङ्गिक भेदभाव पहिचान गरी अन्त्य गर्ने प्रयासहरूलाई कार्यदक्षता पहुँच (Efficiency approach) अन्तर्गत राखिन्छ । खास गरी सन् १९८० को दशकमा उत्पादनका साधनहरूमा महिलाहरूको हात, ऋण तथा बजार सुविधाको प्रबन्ध, महिला कृषकहरूलाई कृषि प्रसारसम्बन्धी सरसल्लाह, महिला श्रमको बढीभन्दा बढी सदुपयोग हुने किसिमका उचित प्रविधिको विकासलगायतका कार्यक्रम सञ्चालन गरिए ।

घ. समानता

अवसरमा सहभागिता, स्रोतमाथिको नियन्त्रण र निर्णय कार्यमा पुरुषसरह महिला हुनुपर्दछ भन्ने मान्यता नै समानताको पहुँच (Equality approach) हो । समानताका लागि विद्यमान असमानताको विश्लेषण गरी अन्तर्निहित मुद्दाहरूलाई सम्बोधन गर्ने खालका नीति, विधि तर्जुमा गर्नुका साथै कार्यक्रम सञ्चालन गरिएको पाइन्छ ।

ङ. सशक्तीकरण

महिलाहरू आत्मनिर्भरताबाट स्वयं सशक्त हुन्छन् भन्ने सशक्तीकरण पहुँच (Empowerment approach) को मान्यता हो । महिला सशक्तीकरणबाट महिलाहरूको प्रजनन, उत्पादनशील र सामुदायिक भूमिकाको विश्लेषण गरी व्यावहारिक आवश्यकताको परिपूर्ति एवं रणनीतिक हित भई उनीहरूको अवस्थाका साथै स्तरमा समेत सुधार आउने विश्वास गरिन्छ । महिला विकासको नवीनतम पहुँच पनि सशक्तीकरण नै हो ।

१.५ लैङ्गिक विश्लेषणका पक्ष

लैङ्गिक परिप्रेक्ष्यमा विकास, सेवा प्रवाह एवं शासकीय प्रणालीको लेखाजोखा गर्दा पारिभाषिक शब्दावलीको पनि प्रयोग भैरहेको हुन्छ ।

क. लिङ्ग र लैङ्गिकता

महिला र पुरुषबीच प्रकृतिले गरेको भेद लिङ्ग (Sex) हो भने परम्पराले गरेको भेद लैङ्गिकता (Gender) । लिङ्गलाई प्राकृतिक लिङ्ग अनि लैङ्गिकतालाई सामाजिक लिङ्ग पनि भन्ने चलन छ ।

तालिका ३ : लिङ्ग र लैङ्गिकता

लिङ्ग	लैङ्गिकता
• प्राकृतिक	• सामाजिक
• अपरिवर्तनीय	• परिवर्तनीय
• समुदायनिरपेक्ष	• समुदायसापेक्ष

ख. पहुँच र नियन्त्रण

स्रोतको सुगमता पहुँच (Access) हो भनि स्वामित्व नियन्त्रण (Control) हो । पहुँच प्राप्तिसँग सम्बन्धित हुन्छ भने नियन्त्रण परिचालनसँग । स्रोतजस्तै अवसरमा पनि पहुँच र नियन्त्रण भन्न सकिन्छ । अवसरमा सहभागिता पहुँचको पक्ष हो त उपयोग नियन्त्रणको ।

ग. लैङ्गिक भूमिका

लैङ्गिक भूमिका (Gender role) भनेको महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको भूमिका हो । यो प्रकृति-प्रदत्त होइन - बरु यस्ता कामहरू महिलाले गर्ने र यस्ता चाहिँ पुरुषले गर्ने भनी परम्पराले निर्धारण गरेको हो । उदाहरणका लागि घरायसी कामलाई लिन सकिन्छ । जैविक रूपमा घरायसी काम महिलाले नै गर्नुपर्ने होइन तर चलनचल्तिमा प्रायः महिलाले गरेका हुन्छन् ।

लैङ्गिक भूमिका खासमा बनावटी कार्यविभाजन हो, जुन भेदभावपूर्ण पनि छ । जस्तै-

- महिलाहरूले प्रजनन तथा हेरचाहसम्बन्धी, उत्पादनशील र सामुदायिक व्यवस्थापकीय गरी तीन मुख्य भूमिका खेल्दछन् भने पुरुषहरूले उत्पादनशील र सामुदायिक राजनीतिक गरी दुई मुख्य भूमिकामात्र खेल्दछन् र
- पुरुषहरूको भूमिका मूलतः प्रत्यक्ष आयआर्जन हुने, राष्ट्रिय आयमा गणना गरिने र समाजले बढी महत्व दिने खालको छ भने महिलाहरूको भूमिका प्रायः प्रत्यक्ष आयआर्जन नहुने, राष्ट्रिय आयमा गणना नगरिने र काम नदेखिने खालको छ ।

घ. लैङ्गिक आवश्यकता

महिला र पुरुषबीचको सामाजिक सम्बन्धको कारणबाट उत्पन्न महिला र पुरुषका बेग्लाबेग्लै आवश्यकतालाई लैङ्गिक आवश्यकता (Gender needs) भनिन्छ । लैङ्गिक आवश्यकताको सन्दर्भमा महिला र पुरुषबीचको सम्बन्धमा असर पार्ने निम्न पक्ष उल्लेखनीय छन् :

- महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको असमान कार्य विभाजन
- महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको स्रोत, अवसर र लाभमा असमान पहुँच तथा नियन्त्रण
- महिलाको पुरुषअधिनस्थ सामाजिक स्थान ।

लैङ्गिक आवश्यकतालाई दुई शीर्षकअन्तर्गत राख्न सकिन्छ ।

व्यावहारिक आवश्यकता

व्यावहारिक आवश्यकता (Practical needs) मा महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसार निभाउनुपर्ने बेग्लाबेग्लै भूमिकाबाट उत्पन्न भौतिक आवश्यकता पर्दछन् । यी आवश्यकताहरू वस्तुतः दैनिक जीवनगुजाराका लागि तत्कालीन समस्यासँग सम्बन्धित छन् । नगीचै धारा नहुनाले टाढा पानी लिन जानुपर्ने, धुवाँरहित चूलो नहुनाले धुवाँले भरिएको भान्छामा पकाउनुपर्ने, छिमेकमा स्वास्थ्य चौकी नहुनाले उपचार सेवाबाट वञ्चित हुनुपर्ने अथवा अन्यत्र जानुपर्ने जस्ता समस्या व्यावहारिक आवश्यकतामा पर्दछन् । यीमध्ये कतिपय पारिवारिक तथा सामुदायिक आवश्यकतामा पर्ने भए तापनि प्रायः महिलाकै आवश्यकता मानिएको पाइन्छ । जे होस्, यस खालका समस्या हल गर्नाले खास गरी महिलाको कामको बोझ कम गरी कार्यदक्षता बढाउन मद्दत पुग्दछ तर दीर्घकालीन उद्देश्य (अर्थात् महिला र पुरुषबीचको सामाजिक सम्बन्धअनुसारको असमान कार्यविभाजन तथा समाजमा महिलाहरूको पुरुषअधिनस्थ स्थानमा सुधार) प्राप्त गर्नमा खासै सहयोग पुग्दैन भन्ने मानिन्छ ।

रणनीतिक हित

रणनीतिक हित (Strategic interests) भन्नाले सामाजिक सम्बन्धअनुसार निर्धारण गरिएको महिला र पुरुषको असमान सामाजिक अवस्थिति (Position) मा सुधार ल्याउन लक्षित दीर्घकालीन उद्देश्यहरूको परिप्राप्ति बोध हुन्छ । समाजमा विद्यमान असमानता तथा महिला र पुरुषबीचको अन्यायपूर्ण सम्बन्ध एवं भूमिकामा गर्नुपर्ने परिवर्तनका आवश्यकताहरू रणनीतिक हितका कुरा हुन् । विशेषतः पुरुषको तुलनामा महिलाको स्रोत, अवसर र लाभमा नियन्त्रण नहुने मौजुदा अवस्थाका साथै समाजमा महिलाको पुरुषअधिनस्थ स्थानमा सुधार ल्याउन रणनीतिक खालका आवश्यकताहरू

उल्लेखनीय छन्, जसमा समान ज्यालादर अधिकार पनि पर्दछ । साथै परम्परागतभन्दा बेग्लै खालका कामहरूमा महिलाहरूलाई उत्प्रेरित गरी उनीहरूको सामाजिक मर्यादास्तर उठाउने प्रयासहरूलाई पनि रणनीतिक हितअन्तर्गत नै राख्न सकिन्छ ।

ङ. समानता र समता

लैङ्गिक समानता (Gender equality) र लैङ्गिक समता (Gender equity) बीचको भेद पनि उल्लेखनीय छ ।

लैङ्गिक समानता

लैङ्गिक समानता भनेको महिला र पुरुषबीच सबै प्रकारका सामाजिक भेदभावको अन्त्यको अनुपम अवस्था हो । लैङ्गिक समानताका केही मुख्य पक्ष हुन्-

- महिला र पुरुषलाई समान अवसर
- महिला र पुरुषको समान स्तर
- महिला र पुरुषलाई समान अधिकार
- महिला र पुरुषलाई समान जिम्मेवारी
- विकासको स्रोत एवं प्रतिफलमा महिला र पुरुषको समान पहुँच
- विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता
- निर्णय कार्यमा महिला र पुरुषको समान मत ।

लैङ्गिक समता

समता भनेको 'न्याय' हो । लैङ्गिक भेदभावबाट विगतमा पछाडि पारिएका महिला वर्गलाई पुरुष वर्गको हाराहारीमा ल्याउन अहिले दिइने ग्राह्यता नै समता हो । असमानहरू बीच बराबरी नै गर्दा पनि असमानता कायम रहन्छ भन्ने मान्यता समताको अवधारणामा देखिन्छ । महिलालाई प्राथमिकता, अग्राधिकार, आरक्षण समताका एक वा अर्को रूप हुन् । सकारात्मक नतीजाका लागि गरिने फरक भएकाले यस्ता व्यवस्थालाई सकारात्मक विभेद (Positive discrimination) पनि भनिन्छ । सकारात्मक कदम (Affirmative action) चलनचल्तिको अर्को शब्द हो ।

समानता र समतामा फरक गर्दा समानता गन्तव्य हो भने समता पुग्ने मार्ग पनि भन्न सकिन्छ ।

च. लैङ्गिक समानताका विभिन्न अवस्था

लैङ्गिक समानताको अवस्थालाई चार दृष्टिकोणबाट हेर्न सकिन्छ ।

- **औपचारिक समानता (Formal equality)** त्यस्तो अवस्था हो जहाँ आधिकारिक रूपमा लैङ्गिक विभेद अन्त्य भएको हुन्छ । भनाइको अर्थ, कानुनमा, नीतिमा, आधिकारिक व्यवहारमा महिला र पुरुषबीच समानता कायम हुन्छ ।
- **संरक्षणात्मक समानता (Protectionist equality)** को अवस्थामा महिलाप्रति संरक्षणभावले समानता कायम राख्ने प्रयास भैरहेको हुन्छ । संरक्षणात्मक समानता औपचारिक समानताको विशेष अवस्था हो ।
- **सुधारात्मक समानता (Corrective equality)** मौजुदा विभेदलाई सच्याएर महिला र पुरुषबीच समान सम्बन्ध स्थापनार्थ प्रयासरत अवस्था हो । सुधारात्मक समानतालाई समतामय समानता पनि भन्न सकिन्छ ।
- **सारवान समानता (Substantive equality)** को अवस्थामा सार्थक रूपमै लैङ्गिक असमानता अन्त्य भएको हुन्छ । औपचारिक समानता कहिलेकाहीँ देखावटीमात्र पनि हुन सक्तछ । संरक्षणात्मक समानताको अवस्थामा महिलाको ख्याल गरिए जस्तो प्रतीत भए तापनि महिलालाई वस्तुतः संरक्षणभागी सम्झिएको हुन्छ । सुधारात्मक समानता सङ्क्रमणीय अवस्था हुन सक्तछ । सारवान समानतामा भने महिला र पुरुष दुवैले समान रूपमा प्रतिभाको विकास एवं उपयोग गर्न सक्ने गरी यथाव्यवस्था कायम भएको हुन्छ । सुधारात्मक समानताको चरण

पारी तर लिङ्गकै कारण कुनै अर्थमा पनि महिला वा पुरुषले अघि-पछि पर्नु नपर्ने अनि अस्वाभाविक मोलाहिजाको अनुभूति पनि गर्नु नपर्ने गरी कायम भएको लैङ्गिक समानता हो - सारवान समानता ।

लैङ्गिक समानताको अवस्था प्रायः औपचारिक समानताको तहबाट संरक्षणात्मक अनि सुधारात्मक समानताका चरणहरू भएर अन्ततः सारवान समानताको तहमा पुग्दछ - यद्यपि यी चरणहरूको सीमाङ्कन र खास गरी सारवान समानताको प्राप्तिमा मतान्तर हुन सक्तछ ।

छ. पहुँच-प्रतिनिधित्व-आवाज शृङ्खला

लैङ्गिक समानता देखावटी पनि हुन सक्तछ । वास्तविक अर्थमा लैङ्गिक समानता कत्तिको छ भनी थाहा पाउन पहुँच-प्रतिनिधित्व-आवाज शृङ्खलातिर ध्यान दिनुपर्ने हुन्छ ।

- पुरुषसरह महिलाका लागि सबैथरी स्रोत एवं अवसर सुगम भएको खण्डमा **पहुँचमा समानता** (Equality in access) हुन्छ ।
- विधि बनाउने मञ्चमा महिलाको समानुपातिक उपस्थिति भएपछि **प्रतिनिधित्वमा समानता** (Equality in representation) हुन्छ । महिलाको अभिकार्य भूमिका (Agency role) लाई बढवा दिन प्रतिनिधित्वको महत्व हुन्छ ।
- समानुपातिक प्रतिनिधित्व हुँदैमा विधिको सार र प्रक्रियामा महिलाको मत प्रभावी हुन्छ नै भन्न सकिँदैन । त्यसका लागि त **आवाजमा समानता** (Equality in voice) चाहिन्छ । लैङ्गिक समानताको चुरो आवाजमा समानता हो ।

ज. महिला सशक्तीकरण

सशक्तीकरण भनेको 'परिवर्तन ल्याउने मान्छेको क्षमतामा बढवा' (… an increase in people's ability to bring about change …) हो ।[६]

संसार बदल्ने महिला अभिकार्य (Women's agency) को आर्जनलाई महिला सशक्तीकरण भन्न सकिन्छ । महिला सशक्तीकरणलाई निम्न पाँच स्तरमा हेर्ने चलन छ :

- कल्याणकारी (Welfare)
- पहुँच (Access)
- सचेतना (Conscientisation)
- सहभागिता (Participation)
- नियन्त्रण (Control)।

महिला सशक्तीकरण कल्याणकारी तहमा न्यूनतम अनि नियन्त्रण तहमा उच्चतम हुन्छ भन्ने मानिन्छ ।

झ. लैङ्गिक मूलप्रवाहीकरण

लैङ्गिक मूलप्रवाहीकरण वस्तुतः रणनीति हो । लैङ्गिक विभेदलाई सम्बोधन गर्ने गरी विकास नीति, कार्यक्रम र कार्यविधि तर्जुमा एवं कार्यान्वयन-पुनरावलोकन गर्ने प्रक्रियाको रूपमा पनि लैङ्गिक मूलप्रवाहीकरणलाई लिन सकिन्छ । लैङ्गिक मूलप्रवाहीकरण अन्तर्गत–

- विकासका मुद्दा, नीति तथा कार्यहरूमा महिलाहरूको इच्छा, अनुभव एवं दूरदर्शिताको सम्मिलन र
- महिलाहरूको व्यावहारिक आवश्यकतामा साथै रणनीतिक हितको विश्लेषण एवं सम्बोधनका पक्षहरू पर्दछन् ।

लैङ्गिक मूलप्रवाहीकरणलाई विशेष गरी क्षेत्रगत विकासमा लैङ्गिक चासो एकीकरण गर्ने प्रक्रियाको रूपमा पनि जानिन्छ । लैङ्गिक सम्बोधनात्मक शासन (Gender-responsive Governance) चलनचल्तिको अर्को शब्द हो, जुन शासकीय प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरणबाटै हासिल हुन्छ ।

---

६ Human Development Report 2010 (New York: United Nations Development Programme), पृ. ६६ ।

ञ. माप

लैङ्गिक विकास सूचकाङ्क (Gender-related Development Index – GDI) र लैङ्गिक सशक्तीकरण मापक (Gender Empowerment Measure – GEM) महिला सशक्तीकरण एवं लैङ्गिक समानताका मुख्य द्योतक हुन् । दुवै सूचकाङ्क मानव विकास सूचकाङ्क (Human Development Index – HDI) सँग मिल्दाजुल्दा छन् ।

मानव विकास सूचकाङ्क शैक्षिक उपस्थिति, आयस्तर र अपेक्षित आयुसमेतका तीनथरी सूचकको समष्टि हो ।

मानव विकासका तिनै सूचकमा रहेको लैङ्गिक असमानता छुट्टयाएर समायोजन गरेपछि लैङ्गिक विकास सूचकाङ्क निस्किन्छ । त्यसकारण लैङ्गिक विकास सूचकाङ्कलाई समायोजित मानव विकास सूचकाङ्क पनि भन्न सकिन्छ । लैङ्गिक असमानता घटेको खण्डमा मानव विकास सूचकाङ्क र लैङ्गिक विकास सूचकाङ्कका मानको अन्तर पनि घटेको हुन्छ ।

लैङ्गिक सशक्तीकरण मापक भने अलि फरक छ । यो राजनीतिक, आर्थिक तथा पेसागत क्षेत्रहरूमा पुरुषको दाँजोमा महिलाको अवस्थितिको जनाउ हो । महिलाको राजनीतिक सहभागिता एवं निर्णायक अधिकार, आर्थिक क्रियाशीलता एवं स्रोतमा नियन्त्रण अनि पेसागत क्षेत्रमा संलग्नता एवं निर्णायक तहमा पहुँचलाई झल्काउँछ - लैङ्गिक सशक्तीकरण मापकले ।

लैङ्गिक विकास सूचकाङ्क र सशक्तीकरण मापकको पहिलो विश्वव्यापी प्रयोग बेजिङ सम्मेलनको पूर्व-सन्ध्यामा जारी मानव विकास प्रतिवेदन १९९५ मा गरिएको थियो । त्यसपछि दुवै आम प्रचलनमा छन् । साथै तिनका दोष पनि देखाइने गरेको छ । खास गरी लैङ्गिक विकास सूचकाङ्कले मानव विकास सूचकाङ्कलाई समायोजन गर्ने भएकाले जम्मा र फरक प्रगति गाँसिन्छन् । भनाइको अर्थ, लैङ्गिक समता राम्रो हुँदाहुँदै पनि निरपेक्ष आय निम्न भएको मुलुकको मान कम्ती हुन्छ । त्यस्तै, लैङ्गिक सशक्तीकरण मापक शहरतिरका सम्भ्रान्त वर्गतर्फ ढल्किएको तथा विकसित जगत्लाई मिल्दो भएको भनिन्छ ।

उल्लिखित दोष हटाउने प्रयासमा हालसालै लैङ्गिक विषमता सूचकाङ्क (Gender Inequality Index – GII) को रचना गरियो, जसको पहिलो विश्वव्यापी प्रयोग सन् २०१० को मानव विकास प्रतिवेदनमा गरिएको थियो ।

लैङ्गिक विषमता सूचकाङ्कमा प्रजनन स्वास्थ्य, सशक्तीकरण र श्रम बजार गरी तीनवटा आयाम लिइएका छन्। महिलाको प्रजनन स्वास्थ्यको स्तर मातृ-मृत्यु अनुपात र किशोरी प्रजनन दरबाट हेरिन्छ। महिला सशक्तीकरणमा माध्यमिक तथा माथिल्लो तहको शैक्षिक प्राप्ति र संसदीय प्रतिनिधित्व लिइन्छ । श्रम बजारअन्तर्गत भने महिला श्रम सहभागितामात्र पर्दछ, जसमा रोजगार, बेरोजगार अनि आंशिक समय कामको खोजीमा रहेकाको पनि गन्ती गरिन्छ। यसरी तीनवटा आयाममा जम्माजम्मी पाँचवटा सूचकहरू मिलाएर लैङ्गिक विषमता सूचकाङ्क बनेको छ । त्यसो त, सूचकाङ्कमा महिलाको समय उपयोग, सम्पत्तिमा पहुँच, घरायसी हिंसाजस्ता पक्षहरू अझै परेका छैनन् । तैपनि मुख्य पक्ष समातिएका छन् । विकासको स्तरबाट स्वतन्त्र भएकाले लैङ्गिक मर्का (Gender disadvantages) घटाउन सक्दा विकासोन्मुख देशको मान पनि माथि पर्ने हुन्छ ।

लैङ्गिक विकास सूचकाङ्कका साथै लैङ्गिक सशक्तीकरण मापकमा मान ० देखि १ को बीचमा राखिन्छ, जहाँ ० तर्फ घटी र १ तर्फ बढी राम्रो जनिन्छ । लैङ्गिक विषमता सूचकाङ्कको मान पनि ० देखि १ कै बीचमा पर्दछ तर ० तर्फ बढी र १ तर्फ घटी राम्रो जनिन्छ । विकास वा सशक्तीकरणबोधक भएकाले माथिल्लो मान राम्रो अनि विषमताबोधक भएकाले तल्लो मान राम्रो मानिएको हो । त्यसो त, नापो ० देखि १ सम्म नै हुने हुँदा तीनवटै मापकमा दिइएको मानलाई १ बाट घटाएर आवश्यकताअनुसार दिशा बदल्न सकिहालिन्छ ।

ट. आवश्यकीय उपस्थिति

निर्णायक तहमा कम्तीमा ३० प्रतिशत महिलाको लक्ष्य बेजिङ कार्यमञ्चको उल्लेखनीय पक्ष हो । यो लक्ष्यमा आवश्यकीय उपस्थिति (Critical mass) को अवधारणा प्रतिविम्बित छ । अर्को शब्दमा, न्यूनतम ३० प्रतिशतको प्रतिनिधित्वमा महिलाले सहभागी हुन सुविस्ता अनुभव गर्दछन् र निर्णय प्रक्रियालाई असर पार्न थाल्न सक्तछन् भन्ने मानिएको छ ।

ठ. नारीवाद

नारीवाद (Feminism) भनेको-

- लैङ्गिक समानताप्रतिको आस्था;
- लैङ्गिक समानताको अधिवाचन र
- महिलाको अधिनस्थता अन्त्यको आन्दोलन हो ।

नारीवादलाई मान्यताजन्य दावी (Normative claims) र चित्रणजन्य दावी (Descriptive claims) का रूपमा पनि अर्थ्याउन सकिन्छ । जस्तै-

- पुरुष र महिला बराबरी अधिकार एवं मानका हकदार छन् (मान्यताजन्य) र
- हाल [... यस-यस मामिलामा यस-यस अवस्थाले गर्दा ...] पुरुषको दाँजोमा महिलालाई अधिकार एवं मानमा तलवितल भएको छ (चित्रणजन्य) ।[७]

ड. लैङ्गिक सामाजिकीकरण

नारीजनक (Feminine) गुण ग्रहण गरेर र आचरण सिकेर नै नारी (Females) महिला (Women) बन्दछन् भन्ने धारणा लैङ्गिक सामाजिकीकरण (Gender socialisation) हो । पुरुषपन (Masculinity) र नारीपन (Femininity) लालनपालन वा हुर्काउने क्रमकै फल मानिन्छन् । सामाजिक सिकाइ (Social learning) को परिपाटीले जानीनजानी लैङ्गिकृत आचरण (Gendered behaviour) कायम हुन्छ, जसले गर्दा महिला अधिनस्थ सामाजिक भूमिकामा अभ्यस्त हुन्छन् ।[८]

ढ. लैङ्गिक हिंसा

लैङ्गिक हिंसा-

- असमानताको फाइदामा हुन्छ;
- घटना निर्दोषमाथि घट्दछ र
- घटनापछिको उपचारमा पनि छिचोली नसक्नु छेकबार हुन्छ ।

त्यसैले लैङ्गिक हिंसामा अन्यायमाथिको पनि अन्याय हुन्छ ।

---

७ Stanford Encyclopedia of Philosophy (http://plato.stanford.edu) बाट साभार ।

८ विस्तृत विवेचनाका लागि हेर्नुहोस्, ऐ. ।

नेपालमा महिला सशक्तीकरण

२.१ ऐतिहासिक आधार-रेखा

अन्तर्राष्ट्रिय नारी वर्ष १९७५ र संयुक्त राष्ट्रसङ्घीय नारी दशक (१९७६-८५) को अवधिमा नेपालमा पनि महिलाको अवस्थापट्टि विशेष ध्यानाकर्षण हुने नै भयो । राष्ट्रिय विकासको प्रक्रियामा महिलाको अधिक एकीकरणलाई सहज तुल्याउने खालको योजना तर्जुमा कार्यलाई मद्दत पुऱ्याउने उद्देश्यले नेपालमा महिलाहरूको मर्यादास्तर (The Status of Women in Nepal) विषयक अनुसन्धान गरियो । त्रिभुवन विश्वविद्यालय, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (Centre for Economic Development and Administration – CEDA) बाट पुगनपुग तीन वर्षको अवधिमा सम्पन्न गरिएको उक्त बहुविधात्मक अनुसन्धानमा नौ-दशजना नेपाली र विदेशी शोधकर्ताहरू संलग्न थिए । अनुसन्धान कार्य प्राज्ञिक अभिरुचीको उपजमात्र थिएन । नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (United States Agency for International Development – USAID) बीच अनुदान सहायताको अनुसन्धान आयोजनाको रूपमा अग्रसरता लिइएको थियो ।

आयोजनाको पहिलो चरणमा माध्यमिक तथ्याङ्कमा आधारित पाँचवटा र दोस्रो चरणमा आठवटा स्थलगत ग्रामीण अध्ययनका ग्रन्थ (Monograph) प्रकाशित भए । स्थलगत अभिलेखीकरणमा हिमाल, पहाड र तराईका फरक-फरक समुदाय लिइएका थिए र महिनौँ लगाएर अवलोकन गरिएको थियो । ग्रामीण अध्ययनका आठवटै प्रतिवेदनबाट प्रकट तथ्यहरू केलाएर नीतिगत अर्थ र खास गरी महिलाको उत्पादकत्व एवं मर्यादास्तर बढाउने राष्ट्रिय कार्ययोजना तर्जुमा गर्न उपयोगी मार्गदर्शनसहितको नवौँ ग्रन्थ पनि निस्कियो । ती ग्रन्थहरू सन् १९७९ र ८१ का बीचमा क्रमशः प्रकाशित भएका थिए । पछि संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा छानिएका चारवटा भागको नेपाली अनुवाद पनि निकालिएको थियो ।

नेपाली महिलाका सम्बन्धमा त्यस्तो विस्तृत अनुसन्धान यस अघि सम्भवतः भएको थिएन । त्यस ऐतिहासिक कार्यबाट महिलाको यथास्थितिको पत्तो पाइयो, बहुआयामिक भूमिकाको प्रचार भयो र विकासकर्मीहरूका लागि आधार-रेखा (Baseline) पनि सिर्जना भयो । ऊ बेला नेपाली महिलाको विकासको स्तर कस्तो थियो त ? झट्ट भेटिएका तथ्याङ्क तालिका ४ मा दिइएका छन् ।

तालिका ४ : नेपालमा महिला विकास : छैठौँ पञ्चवर्षीय योजनाको पूर्वावस्था

सि.नं.	सूचक	उल्लिखित स्रोत	एकाइ	मान		
				पुरुष	महिला	दुवै
१	जनसाङ्ख्यिक अनुपात	राष्ट्रिय जनगणना, २०२८	प्रतिशत	५०.७	४९.३	१००
२	जन्मदाको जीवन अपेक्षा	जनसाङ्ख्यिक नमुना सर्भेक्षण, २०३३	वर्ष	४३.४	४१.१	-
३	शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म)	-ऐ-	जना	१२८.४	१३७.९	१३३.६
४	विवाहको औसत उमेर	राष्ट्रिय जनगणना, २०२८	वर्ष	२०.९	१६.८	-
५	कुल प्रजननदर	नेपाल प्रजनन सर्भेक्षण, २०३३	जन्म	६.१		
६	परिवार नियोजनका साधनको प्रयोगदर	-ऐ-	प्रतिशत	३.४		

सि.नं.	सूचक	उल्लिखित स्रोत	एकाइ	मान		
				पुरुष	महिला	दुवै
७	१० वर्ष र माथिको साक्षरता	राष्ट्रिय शिक्षा समिति, २०३४	प्रतिशत	३३.२	५.२	१९.२
८	विद्यालय भर्नामा छात्रा अनुपात	आचार्य, १९७८	प्रतिशत	-		
	• प्राथमिक स्तर			२०.०		
	• निम्नमाध्यमिक स्तर			१७.७		
	• माध्यमिक स्तर			१६.९		
	• विश्वविद्यालय स्तर			२१.०		
९	१० वर्ष र माथिको श्रम सहभागितादर	राष्ट्रिय जनगणना, २०२८	प्रतिशत	८२.९	३५.१	५९.३
१०	आर्थिक दृष्टिले सक्रिय जनसङ्ख्यामा अनुपात	-ऐ-	प्रतिशत	७०.८	२९.२	१००
११	१० वर्ष र माथिका महिला [को कार्यप्रकृति]	-ऐ-	प्रतिशत	-		
	• आर्थिक दृष्टिले सक्रिय महिला			३५.१		
	• घरधन्दा गर्ने महिला			५७.१		
१२	सरकारी सेवामा महिला	प्रशासन व्यवस्था विभाग, २०३५	प्रतिशत	२.६२		
	• राजपत्राङ्कित			३.२३		
	• राजपत्रअनङ्कित			२.३७		
	• श्रेणीविहीन			२.७६		
१३	राजनीतिक निकायमा महिला	निर्वाचन आयोग, २०३(?)	प्रतिशत	-		
	• तत्कालीन गाँउ वा नगर पञ्चायत केन्द्र			-		
	• सदस्य			९.९५		
	• सभापति			०.२३		
	• तत्कालीन जिल्ला पञ्चायत			-		
	• सदस्य			७.१३		
	• सभापति			-		
	• तत्कालीन राष्ट्रिय पञ्चायत		जना	१३२	३	१३५

स्रोत : मीना आचार्य, नेपाली महिलाहरूको साङ्ख्यिक चित्रण : एक समालोचनात्मक समीक्षा, नेपालमा महिलाहरूको मर्यादास्तर खण्ड १, भाग १, नेपाली अनुवाद पदमनाथ तिवारी (काठमाडौँ, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र, २०४०, प्रथम अङ्ग्रेजी संस्करण, १९७९) ।

२.२ नीतिगत प्रयास

'विकास कार्यमा महिला सहभागिता प्रवर्धन' गर्ने छुट्टै नीति पहिलोपल्ट छैठौँ पञ्चवर्षीय योजना (२०३७-४२) मा समावेश गरियो । जनसङ्ख्याको ४८.९ प्रतिशत महिलालाई शिक्षा र दीक्षा प्रदान गरेर राष्ट्र निर्माणमा बल पुऱ्याउनुपर्ने आवश्यकता औँल्याइयो । आर्थिक रूपमा सक्रिय महिलाको सङ्ख्या बढाउनुका साथै महिला सहभागिताका क्षेत्रसमेत यथासम्भव विस्तार गर्नुपर्नेमा जोड दिइयो । त्यसका लागि विशेषत: निम्न चारवटा नीति अवलम्बन गरिए :

- महिलालाई तालिम प्रदान गरेर कृषि विकास कार्यक्रममा सहभागी हुन सक्षम बनाउने;

- साझा संस्थामार्फत तालिम, पुँजी एवं बजार-व्यवस्थाका सुविधा उपलब्ध गराएर अर्द्धबेरोजगारीको अवस्थामा रहेका महिलालाई घरेलु तथा कुटीर उद्योगधन्दामा संलग्न हुन सक्षम बनाउने;
- परिवार नियोजनका साधनहरूको प्रयोग बढाउने कार्यमा अधिक सङ्ख्यामा महिलालाई संलग्न गराउने र
- विकास कार्यमा महिला सहभागितालाई मौजुदा कुनै कानुनले असहज बनाएको भए त्यस्तो कानुनमा वाञ्छनीय संशोधन गरेर महिलालाई अधिकाधिक भूमिका खेल्न तथा रोजगारीका फराकिला अवसर जुटाउन समर्थ तुल्याउने।[1]

सातौँ योजना (२०४२-४७) मा पनि महिलाको उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरूलाई विकास प्रक्रियामा पुरुषसरह सक्रिय रूपमा सहभागी बनाउने नीति अवलम्बन गरिएको पाइन्छ भने आठौँ योजना (२०४९-५४) मा महिलाहरूलाई विकासको मूलप्रवाहमा समाहित गर्ने र उनीहरूको सामाजिक, आर्थिक उत्थान गर्ने कार्यनीतिहरू निर्धारण गरिएको देखिन्छ।

ती योजनाहरूमा महिला वर्गको विकासका लागि विभिन्न नीति तय गरी कार्यक्रमहरूको थालनी भए तापनि महिला विकासलाई कल्याणकारी कोणबाट नै हेरियो। आठौँ योजनाको विकास नीतिमा महिला सरोकारलाई विकासको मूलप्रवाहमा समाहित गर्ने उल्लेख भएको भए तापनि त्यसरी क्षेत्रगत विकास नीतिहरू बनेनन्; महिला विकास नीति र क्षेत्रगत विकास नीति आ-आफ्नै ढङ्गले बने।

नवौँ योजना (२०५४-५९) मा लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरिएको देखिन्छ। महिला वर्गलाई विकासको मूलप्रवाहमा समाहित गराउन कल्याणकारी दृष्टिकोण नभएर समता तथा सशक्तीकरण आवश्यक भएको तथ्य नवौँ योजनामा मान्य भइसकेको पाइन्छ।

लैङ्गिक मुद्दाले दशौँ योजना (२०५९-६४) मा थप महत्व पायो। दशौँ योजनाको रणनीति गरिबी निवारण थियो भने लैङ्गिक मूलप्रवाहीकरण एवं महिला सशक्तीकरण त्यसका अभिन्न पक्ष थिए।

दोस्रो जनआन्दोलनको सफलतापछि अन्तरिम अवधिका लागि तर्जुमा गरिएको तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले राज्य संरचनामा महिलाको प्रतिनिधित्व र समस्त विकास प्रक्रियाको लैङ्गिकीकरणमा जोड दियो।

उप्रान्तको त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा पनि लैङ्गिक तथा महिला सशक्तीकरणका नीतिहरूको निरन्तरता रह्यो। योजनामा सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने र महिलाविरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने उद्देश्य लिइएका थिए।

तेह्रौँ योजना (२०७०/७१-२०७२/७३) मा महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोच राखिएको थियो।

वर्तमान चौधौँ योजना (२०७३/७४-२०७५-७६) मा लैङ्गिक समानतामार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास गर्ने सोच राखिएको छ। कार्यान्वयन प्रयोजनका लागि पनि योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिलगायतका पक्षहरू उल्लेखनीय छन्।

लक्ष्य

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने।

उद्देश्य

- सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु।
- लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु।
- राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु।

१ अङ्ग्रेजीको नेपाली अनुवादमा शब्दहरू फरक परेका हुन सक्तछन्।

रणनीति

- लैङ्गिक मूलप्रवाहीकरण गर्दै शासन प्रणालीको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।
- लैङ्गिक हिंसा, भेदभाव र बहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।
- लक्षित तथा सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तीकरण गर्ने ।
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

कार्यनीति

- महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारणलगायत आवश्यक नयाँ कानुनहरूको निर्माण, विभेदकारी कानुनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वयन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । (१)
- लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरिनेछ । (१)
- विकास कार्यक्रम/आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजनाका सबै चरणमा लैङ्गिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ । (१)
- मुलुकको प्रशासन तथा नीति निर्माण तहमा महिलाहरूको पहुँच वृद्धि गरी राज्यका सम्पूर्ण संरचनामा महिलाको प्रतिनिधित्व बढाइनेछ । (१)
- सबै निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयनलगायत प्रतिफलमा महिलाको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनेछ । (१)
- लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । (१)
- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ । (२)
- लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धानको थालनी तथा लैङ्गिक हिंसामुक्त गा.वि.स./नगर घोषणा गर्नको लागि सूचकहरूको विकास गरिनेछ । (२)
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँचयोग्य बनाइनेछ । (२)
- लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि सञ्चालनमा रहेका सुरक्षित अल्पकालीन सेवा केन्द्रहरूको विस्तार तथा स्तरोन्नति गरिनेछ । (२)
- प्रत्येक प्रदेशमा लैङ्गिक हिंसापीडितरप्रभावितहरूको लागि आवश्यक सेवासहितको दीर्घकालीन पुनर्स्थापना केन्द्रहरू स्थापना गरिनेछ । (२)
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरवी र प्रचारप्रसार गरिनेछ । (२)
- आर्थिक सामाजिक रूपले विपन्न एवम् एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ । (३)

- अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिनेछ । (३)
- महिला विकास कार्यक्रमको क्षेत्र विस्तार, प्रवर्द्धित संस्थाहरूको स्तरोन्नतिमार्फत लक्षित महिलाको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ । (३)
- वादी, कमलरी, कमैया, चेपाङ र राउटेलगायत वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)
- महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ । (३)
- महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको विकास र प्रयोगमा जोड दिइनेछ । (३)
- महिला समूह, संस्थाद्वारा उत्पादित सामग्रीहरूको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनेछ । (३)
- केन्द्रीय बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन वृद्धि गर्दै यो प्रणालीलाई स्थानीय स्तरसम्म संस्थागत गरिनेछ । (३)
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको क्षमता अभिवृद्धि र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । (३)
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । (४)
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरू समन्वयात्मक रूपमा ग्रामीण महिलाहरूसमक्ष पुऱ्याइनेछ । (४)

प्रमुख कार्यक्रमहरू

क. महिला विकास कार्यक्रम

- आर्थिक तथा सामाजिक रूपले पछाडि परेका ग्रामीण विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समुदाय तहमै सामाजिक परिचालन ।
- लक्षित समूहको सहभागिता, व्यक्तित्व विकासको लागि प्रशिक्षण र मौजुदा संस्थाको सुदृढीकरण ।
- महिला समितिअन्तर्गत व्यवसायिक समूहको विकास र गरिबी विरुद्ध महिला अभियान ।
- विद्यालयविमुख किशोरीको बहुआयामिक विकास ।
- बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय सचेतना ।
- छाउपडी प्रथा विरुद्ध सामाजिक जागरण ।
- सामुदायिक मनोसामाजिक परामर्श केन्द्र स्थापना र सञ्चालन ।
- विपद् जोखिमसम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन ।
- मूलप्रवाहीकरण तथा लैङ्गिक हिंसा विरुद्ध अभिमुखीकरण र घरेलु हिंसाबाट पीडित महिलाहरूको लागि अल्पकालीन पुनर्स्थापना केन्द्र स्थापना, हाल सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूको स्तरोन्नति, सात ओटै प्रदेशमा सुविधा सम्पन्न दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन ।
- मानव बेचबिखन नियन्त्रणको लागि गाउँस्तरीय समिति गठन, सामुदायिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

ख. लैङ्गिक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम

- ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि ।
- महिला तथा बालबालिकामाथि हुने लैङ्गिक हिंसा निवारणका लागि रोकथाम र सामुदायिक संरक्षण एवम् सम्प्रेषण सेवा ।

- महिला तथा बालबालिकाका संविधान प्रदत अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तनसम्बन्धी जानकारीमूलक कार्यक्रम ।
- बालविवाह, बेचबिखन, यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाइजो प्रथा, छाउपडी प्रथाजस्ता कुरीतिजन्य सामाजिक परम्परा विरुद्ध अभियान ।
- लैङ्गिकतामा आधारित हिंसा, बालबालिका तथा किशोरकिशोरी र महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुन सक्ने शोषणको रोकथामको लागि निगरानी समूह तथा समितिको परिचालन र क्षमता विकास ।
- लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रर्वद्धन, सूचनामूलक सन्देश प्रवाह, जिल्ला तथा सामुदायिक सेवा केन्द्र तथा आश्रय स्थल सञ्चालकहरूलाई घटना व्यवस्थापन तालिम ।

ग. मूलप्रवाहीकरण कार्यक्रम

- मन्त्रालय/निकायबाट लैङ्गिक मूलप्रवाहीकरणको विषयमा भइरहेका कार्यक्रमहरूको समन्वय, लैङ्गिक सञ्जाल समूहको बैठक तथा लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि ।
- एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र बेइजिङ प्लेटफर्म फर एक्सनसम्बन्धी कार्यक्रम ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम ।

अपेक्षित उपलब्धि

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २७ प्रतिशत पुगेको, महिला विकास कार्यक्रममार्फत समूह सदस्य सङ्ख्या १२ लाख ५० हजार पुगेको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि थप २५ ओटा पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ ।

२.३ संवैधानिक प्रावधान

संविधान सभाबाट जारी भएको नेपालको संविधान संवत् २०७२ साल असोज ३ गते देखि प्रारम्भ भएको छ । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ वटा अनुसूचीहरू रहेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ लाई प्रतिस्थापन गरी जारी गरिएको यस संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्ने मूलभूत उद्धेश्य लिएको छ ।

संविधानले लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गरी महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तिको समाज हक स्थापित गरेको छ । महिला विरुद्ध धार्मिक, सामाजिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य किसिमको हिंसा जन्य कार्य वा शोषण गर्न नहुने र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था यस संविधानले गरेको छ ।

संविधानले असहाय अवस्थामा रहेका महिलाहरूको जीविकोपार्जनको व्यवस्था सुनिश्चित गरेको, जोखिम वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनर्स्थापना, संरक्षण र सशक्तीकरण गर्ने नीति अवलम्वन गरेको छ। राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिंग वा समुदायको हुने, संघीय संसद र प्रदेश सभामा कुल सदस्यको कम्तिमा एक तिहाई महिला सदस्यको सहभागिता सुनिश्चित हुने, राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला निर्वाचित हुने र मनोनित गर्दा कम्तिमा एक जना महिला समावेश गर्नुपर्ने र प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने व्यवस्था गरी राज्यका संयन्त्रमा महिलाको सार्थक सहभागिता संविधानद्धारा सुनिश्चित गरिएको छ।

राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू महिला मात्र रहने व्यवस्था गरिएको छ। नेपाली सेनामा महिलाको समेतका प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने, नेपाली राजदूत, विशेष प्रतिनीधि, संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने व्यवस्था संविधानले गरेको छ।

संविधानको विभिन्न भाग तथा धाराहरूमा महिला सम्बन्धमा भएका व्यवस्थाहरू संक्षिप्त रूपमा तालिकामा प्रस्तुत गरिएको छ।

नेपालको संविधान २०७२ का विभिन्न भाग तथा धाराहरूमा महिला सम्बन्धमा भएका व्यवस्थाहरू

भाग	धारा	उपधारा	भएका व्यवस्था
प्रस्तावना			लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने
२ नागरिकता	१०. नागरिकताबाट वञ्चित नगरिने	१	कुनै पनि नेपाली **नागरिकलाई** नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन।
	११.नेपालको नागरिक ठहर्ने	२	कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति।
		३	यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।
		५	नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ।
		६	नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ।
		७	विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्वथायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ।
	१२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता		यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान समितको नेपालको नागकिताको प्रमाणपत्र पाउन सक्नेछ।

भाग-३ मौलिक हक र कर्तव्य	१६. सम्मानपूर्वक बाँच्न पाउने हक	(१)	**त्येक व्यक्तिलाई** सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।
	१७. स्वतन्त्रताको हक	(१)	कानुन बमोजिम बाहेक कुनै पनि **व्यक्तिलाई** वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।
	१८. समानताको हक	(१)	सबै **नागरिक** कानुनको दृष्टिमा समान हुनेछन् । **कसैलाई** पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन
		(२)	सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, **लिंग** वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
		(३)	राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति**, लिंग वा** अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका **महिला,** लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिने छ ।
		(४)	समान कामका लागि **लैंगिक आधारमा** पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।
		(५)	पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।
	२१. अपराध पीडितको हक	(१)	**अपराध पीडितलाई** आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।
		(२)	**अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना** र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।
	२८. गोपनीयताको हक		कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।
	२९. शोषण विरुद्धको हक	(१)	प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।
		(२)	धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।
		(३)	कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।
		(४)	कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।
		(५)	उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
	३३. रोजगारीको हक	(१)	प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ ।
		(२)	प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।
	३८. महिलाको हक	(१)	प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
		(२)	प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
		(३)	महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
		(४)	राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
		(५)	महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
		(६)	सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।
	४२. सामाजिक न्यायको हक	(१)	सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।
	४३. सामाजिक सुरक्षाको हक		आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

	५१. राज्यका नीतिहरू	(ञ) सामाजिक न्याय र समावेशी करण सम्बन्धी नीति :	(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, (२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्वी बनाउने, (३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने, (६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, (१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण,उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, (१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,
भाग-६ राष्ट्रपति र उपराष्ट्रपति	७०. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।		यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।
भाग-८ संघीय व्यवस्थापिका	८४. प्रतिनिधि सभाको गठन	८४.१ (ख), २ र ८	(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । (८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।
	८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि	(२)	(क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला (ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला
	९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख		प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ ।
	९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष	(२)	राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ ।
भाग-१४ प्रदेश व्यवस्थापिका	१७६. प्रदेश सभाको गठन	(६)	समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।
		(९)	प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।
	१८२. प्रदेश सभाको सभामुख र उपसभामुख	(२)	प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ ।

भाग-१७ स्थानीय कार्यपालिका	२१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था	(४)	गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् ।
	२१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था	४	नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन् ।
	२२०. जिल्ला सभा र जिल्ला समन्वय समिति	३	जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ ।
भाग-१८ स्थानीय व्यवस्थापिका	२२२. गाउँ सभाको गठन	३	गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।
	२२३. नगर सभाको गठन	३	नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।
भाग-२७ अन्य अयोगहरू	२५२. राष्ट्रिय महिला आयोग	१	नेपालमा एक **राष्ट्रिय महिला आयोग** रहनेछ । जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् ।
		६(क)	कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला,
	२५३. राष्ट्रिय महिला अयोगको काम, कर्तव्य र अधिकार	१	क) महिलाको हक हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने । ख) महिलाको हक हितसंग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने । ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासंग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, ङ) महिला अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने । च) महिला हिंसा वा समाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्धा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्धा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।
भाग - २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था	२६७ नेपाली सेना सम्बन्धी व्यवस्था	३	नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानुना बमोजिम सुनिश्चित गरिनेछ ।

भाग - २९ राजनीतिक दल सम्वन्धी व्यवस्था	२६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन	४ (ग)	दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ ।
भाग-३२ विविध	२८२. राजदूत र विशेष प्रतिनिधि	६	राष्ट्रपतिले **समावेशी सिद्धान्तको आधार**मा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।
	२८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने	१	संवैधानिक अंग र निकायका पदमा नियुक्ती गर्दा **समावेशी सिद्धान्त** बमोजिम गरिनेछ
	२८५. सरकारी सेवाको गठन	१	संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानुन बमोजिम **खुला र समानुपातिक समावेशी सिद्धान्तका** आधारमा हुनेछ ।

२.४ राष्ट्रिय कार्ययोजना

लैङ्गिक समानता प्राप्तिको अन्तर्राष्ट्रिय अभियानमा नेपालको सक्रिय सहभागिता रहँदै आएको छ । मेक्सिको सिटीदेखि बेजिङसम्म - संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सम्पन्न चारवटै विश्व महिला सम्मेलनमा नेपालको प्रतिनिधित्व थियो । उप्रान्तका समीक्षा बैठकहरूमा पनि नेपालको उपस्थिति उल्लेखनीय छ ।

महिला अधिकार स्थापित गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बनेर पनि नेपालले आफ्नो अठोट व्यक्त गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा विभिन्न रूपमा जाहेर गरिएको वचनबद्धता पूरा गर्ने सिलसिलामा राष्ट्रिय कार्ययोजना बनाएर समन्वयात्मक ढङ्गले काम गर्ने परिपाटी बसालिएको छ ।

सर्वप्रथम २०४२ सालमा तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति एक राष्ट्रिय कार्ययोजना तयार गरिएको थियो । त्यस कार्ययोजनामा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सहकारिता, वन र कानुनी क्षेत्रहरू निर्धारण गरी महिला वर्गको विकासका लागि नीतिगत उद्देश्यसहित कदमहरू तय गरिएको पाइन्छ ।

बेजिङ सम्मेलनको लगत्तैजस्तो नेपाल सरकारले लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०५४ स्वीकृत गरी लागू गरेको थियो । हाल लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयन भैरहेको छ ।

त्यस्तै, नेपाल सरकारबाट अनुमोदन भएको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, र यसकोकार्यान्वयन योजना,२०७१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९, संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना पनि लागू भै रहेकोमा समसामायिक परिमार्जन समेत भैरहेको छ ।

२.५ संस्थागत व्यवस्था

इतिहासमा प्रारम्भ हुन्छ भने पृष्ठभूमि पनि हुन्छ । महिला विकासका क्षेत्रमा भएका अधिका अग्रसरतामा महिला प्रशिक्षण केन्द्रको स्थापना उल्लेखनीय छ । महिलाहरूको सीप विकास गरेर आयआर्जन गराउने उद्देश्यले 'Ford Foundation' को सहयोगमा २०१३ साल (सन् १९५६) मा उक्त केन्द्र खोलिएको थियो । केन्द्रलाई पहिलो पञ्चवर्षीय योजना (२०१३-१८) को उपलब्धि पनि मान्न सकिन्छ । पछि पाँचौँ पञ्चवर्षीय योजना अवधि (२०३२-३७) मा चारवटा थपेर पाँचवटै विकास क्षेत्रमा एक-एकवटा पर्ने गरी केन्द्रको विस्तार गरियो ।[२]

२ हाल महिला विकास प्रशिक्षण केन्द्र भनिने उक्त केन्द्र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ जारी भएपछि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानअन्तर्गत तर छुट्टै पहिचानसहित सञ्चालित छ ।

शिक्षा तथा समाजकल्याण मन्त्रालयमा २०२९ साल (सन् १९७२) मा महिला शिक्षा परियोजना लागू भयो र सञ्चालन गर्न छुट्टै एकाइ खडा गरियो । उक्त परियोजनाले महिला साक्षरताको क्षेत्रमा योगदान गर्नुका साथै विभिन्न कारणले विद्यालय जान नपाएका बालिकाहरूका लागि व्यापक रूपमा चेलीबेटी कार्यक्रम पनि चलाएको थियो । परियोजनाअन्तर्गत २०३८ साल (१९८१ ई.) देखि सञ्चालित सेती अञ्चलमा ग्रामीण विकासका लागि शिक्षा (Education for Rural Development) को पहल पनि उल्लेखनीय छ ।[३]

अर्को वर्ष (२०३० साल तदनुसार सन् १९७३) मा तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमितिअन्तर्गत महिला सीप विकास परियोजना चलाइयो । महिलाहरूको सीप विकास गर्नुका साथै उनिहरूबाट उत्पादित हस्तकलाका सामानहरूको बजार व्यवस्था मिलाउने उद्देश्य उक्त परियोजनाको थियो । परियोजनाले नेपाली महिलाका हस्तकलाका सामान विभिन्न माध्यमबाट विदेशमा निर्यात गर्ने व्यवस्था पनि मिलाएको थियो ।[४]

गैरसरकारी स्तरमा २०३२ साल (सन् १९७५) मा अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर आमा मिलन केन्द्रको स्थापना भयो । महिलाहरूको सामाजिक जीवनस्तर उठाउन सहयोग गर्ने, ग्रामीण क्षेत्रका महिलाहरूको स्वास्थ्य स्थितिमा सुधार गर्ने, महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन रोजगारीमूलक व्यवसाय प्रवर्धन गर्ने उद्देश्य रहेको उक्त केन्द्रको कार्यक्षेत्र देशव्यापी छ । नेपालका कुनै पनि ठाउँका इच्छुक महिलाहरूले केन्द्रअन्तर्गत शाखा खोलेर स्थानीय सभामार्फत कार्यसञ्चालन गर्न सक्तछन् । पछिल्लोपल्ट केन्द्रका स्थानीय शाखाहरू ५९ वटा पुगेका तथा ती १९ जिल्लामा फैलिएका छन् ।

त्यस्तै, २०३४ साल (१९७७ ई.) मा नारी विकासका क्षेत्रमा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थामाझ समन्वय स्थापना गराउने अभिप्रायले तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत नारी सेवा समन्वय समितिको गठन गरिएको थियो ।

त्यसपछिको मुख्य कदम २०३८ साल (१९८१ ई.) मा तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखाको स्थापना थियो ।

क्रमशः अन्यत्र पनि छुट्टै साङ्गठनिक एकाइ खडा गरेर महिला विकासपट्टि ध्यान दिन थालियो । जस्तै-

- श्रम मन्त्रालयमा २०४४ साल (सन् १९८७) मा महाशाखा स्थापना
- कृषि मन्त्रालयमा २०४९ साल (सन् १९९२) मा महाशाखा स्थापना
- जल तथा शक्ति आयोगको सचिवालय, जलस्रोत मन्त्रालयमा २०५० साल (सन् १९९३) मा एकाइ स्थापना
- राष्ट्रिय योजना आयोगमा २०५० साल (सन् १९९३) मा शाखा स्थापना
- प्रधानमन्त्रीको अध्यक्षतामा २०५२ साल फागुन २३ गते राष्ट्रिय महिला तथा बाल विकास परिषद् गठन ।

विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्ने व्यवस्था पनि उल्लेखनीय छ । केन्द्रीय स्तरमा २०५९ साल (सन् २००२) देखि लैङ्गिक सम्पर्क-बिन्दुहरूको व्यवस्था गरिएको थियो । जिल्लास्तरमा २०६१ सालदेखि त्यस्तो व्यवस्था भयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग र महिला तथा बालबालिका विभाग एवं अन्तर्गतका कार्यालयहरूको सङ्गठनका साथै कार्यक्षेत्र उल्लेखनीय छन् ।

क. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

महिला, बालबालबालिका, वृद्ध र अनाथहरूको सशक्तीकरण एवं कल्याणसम्बन्धी कार्य गर्न आवश्यक राष्ट्रिय नीति,

---

३ उप्रान्त २०५० साल (१९९३ ई.) मा महिला शिक्षा परियोजना एकाइलाई शाखामा परिणत गरियो ।

४ पछि २०५२/७/२० मा विकास समिति ऐन, २०१३ बमोजिम नेपाल सरकारको सूचित आदेशबाट महिला सीप विकास समिति गठन भयो र समितिअन्तर्गत महिला सीप विकास केन्द्रको स्थापना गरियो । हालै २०६५/११/२६ मा उक्त केन्द्रसमेत विघटन भैसकेको छ ।

योजना र कार्यक्रम तयार गरी सम्बन्धित सबै निकायसँग समन्वय राखी कार्यान्वयन गराउने मुख्य कार्यजिम्मेवारीसहित तत्कालीन शिक्षा तथा समाजकल्याण मन्त्रालयमा रहेको समाजकल्याणको कार्यक्षेत्रसमेत सम्पादन गर्ने गरी वि.सं. २०५२ असोज ६ गते महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भएको हो । वि.सं. २०५७ मा बालबालिका थप भई मन्त्रालयको नाम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहेकोमा हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भएको छ ।

कार्यादेश

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यादेश निम्नानुसार रहेको छ:

- महिला, हक एवं सशक्तीकरणसम्बन्धी नीति कानुन र मापदण्ड
- महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
- ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिसम्बन्धी
- महिला सशक्तीकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान
- लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनर्स्थापनासम्बन्धी नीति, कानुन र मापदण्ड
- बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र वृद्धाश्रमसम्बन्धी नीति कानुन र मापदण्ड
- गैरसरकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, नियमन र अनुगमन
- समाजकल्याण परिषद्
- मन्त्रालयसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय र
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

मन्त्रालयअन्तर्गत निम्न निकायहरू पर्दछन् :

- महिला तथा बालबालिका विभाग (हाल जिल्लास्थित कार्यालय खारेज भएको);
- समाजकल्याण परिषद् ।
- केन्द्रिय बालकल्याण समिति र
- बालसुधार गृह : मोरङ, भक्तपुर, कास्की, पर्सा, मकवानपुर, रूपन्देही, बाँके, डोटी
- विराटनगर - मोरङ, सप्तरी - राजविराज, पर्सा - वीरगञ्ज र रूपन्देही - बुटवल गरी ४ स्थानमा ४ वटा बाल गृहहरू;
- समाजकल्याण केन्द्र (पशुपति वृद्धाश्रम);

ख. राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको गठन २०५८ साल (२००१ ई.) मा भएको हो । महिलाको हक, हितको संरक्षण र संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिला अधिकार एवं लैङ्गिक न्याय कायम गर्ने अभिप्रायले तत्कालीन प्रतिनिधि सभाबाट राष्ट्रिय महिला आयोग ऐन पारित भै २०६३ पुस ३० गतेबाट लागू भयो र उक्त ऐनअन्तर्गत नै आयोग स्थापित भयो । २०७२ साल असोज ३ गतेमा जारी नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरेको छ । विद्यमान संविधानमा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

- महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने,
- महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(२) राष्ट्रिय महिला आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(३) राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।)

ग. महिला तथा बालबालिका विभाग

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यान्वयन निकाय महिला तथा बालबालिका विभाग हो । विभागले मन्त्रालयबाट स्वीकृत मार्गदर्शनको अधीनमा रहेर जिल्लास्थित महिला तथा बालबालिका कार्यालयमार्फत महिला विकास कार्यक्रम तथा अन्य कार्यहरू सञ्चालन गर्दै आएको थियो । नयाँ संवैधानिक व्यवस्था अनसार संघ, प्रदेश र स्थानीय गरी तीन सरकार बनी सकेपछि कतिपय जिल्ला स्थिति कार्यालयहरूबाट भएका कामहरू स्थानीयतहको कार्यक्षेत्रमा परेका छन् । साविक महिला तथा बालबालिका कार्यालयबाट भएका कामहरू पनि स्थानीयतहको कार्यक्षेत्रमा परेकाले २०७५ श्रावण देखि कार्यालयहरू खारेज भई कर्मचारीहरू स्थानीयततहमा समायोजन गरिएको छ । विभागका साथै मातहतका कार्यालयहरूको साङ्गठनिक विकासक्रम, कार्यक्षेत्र एवं थप कार्यादेशका सम्बन्धमा परिच्छेद ३ मा चर्चा गरिनेछ ।

२.६ परिवर्तको प्रवृत्ति

छैठौँ पञ्चवर्षीय योजना (२०३७-४२) पछिका योजनाहरूमा समावेश गरिएका महिला विकास, महिला सशक्तीकरण वा लैङ्गिक मूलप्रवाहीकरणका नीतिहरूलाई त्यसैको निरन्तरता मान्न सकिन्छ । यता जे-जति काम भए नीति कार्यान्वयनकै क्रममा भए भन्न सकिन्छ । त्यतिका प्रयासको परिणाम के निस्कियो त ?

माथि तालिका ४ मा राखिएका सूचक सन् १९७९ (तदनुसार २०३६ साल) तिरको अवस्थाजनक थिए । पुगनपुग ३९ वर्षको अन्तरालमा नेपाली महिलाको अवस्था र अवस्थिति फेरिएको छ । त्यस बेला महिलाको औसत आयु पुरुषकोभन्दा २.३ वर्ष कम्ती ४१.१ वर्ष थियो भने हाल ७१.८% रहेको छ । हाल जन्मने बालिकाले बालकलेभन्दा बढी वर्ष बाँच्ने आशा गर्न सक्तछिन् ।

कुल प्रजननदर ६.१ बाट २.५ मा झर्नु त्यत्तिकै उल्लेखनीय छ । प्राथमिक शिक्षामा लैङ्गिक समदर (Gender parity) हासिल हुनु अर्को सफलता हो । विद्यालय शिक्षाका माथिल्ला तहमा पनि छात्रा अनुपात समानताको नगीच पुगेको छ । जहाँ बराबरी भैसकेको छैन त्यहाँ दूरी घट्ने क्रममा छ । साक्षरताकै कुरो गर्ने हो भने ! ऊ बेला ५.२ प्रतिशत महिलामात्र साक्षर थिए र साक्षरतामा लैङ्गिक अन्तर २८ प्रतिशत बिन्दु थियो । हाल महिला साक्षरता दर ६९ प्रतिशत पुगेको छ ।

प्रजनन स्वास्थ्यका साथै शैक्षिक उपस्थितिमा भएको प्रगतिले गर्दा महिलाको श्रम सहभागितादर ५४ प्रतिशत पुगेको को छ । लैङ्गिक असमानता सुचक ०.४८९ महिलाको मानव विकास सुचक ०.५२१ राजनीतिमा सहभागिता स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश तहमा ३४ प्रतिशत, संघीय संसदमा ३३.५३ प्रतिशत -प्रतिनिधिसभामा ३२.७ प्रतिशत, राष्ट्रिउसभामा ३७ प्रतिशत) पुगेको छ । पारिभाषिक अन्तरसमेतले गर्दा तालिकाका तथ्याङ्क सोझै तुलनायोग्य नहोलान् । तैपनि घरधन्दामा अल्झिएका महिलाको अनुपात ५७.१ बाट ७.६ मा ओर्लिएको गणनामा सशक्तीकरणको झल्को पक्कै मिल्दछ ।

सँगसँगै छोराको चाहना कायमै रहनु, महिलापट्टि विवाहको मध्यवर्ती उमेर १७.५ वर्षभन्दा माथि लग्न नसकिनु अहिले पनि लैङ्गिक हिंसा २६ प्रतिशत बालविवाह २९ प्रतिशत रहनु र पछिल्लो अवधिमा शिशु-मृत्युदर अपेक्षाकृत घटाउन नसकिनु चिन्ताजनक छन् । नेपालको लैङ्गिक विषमता सूचकाङ्क ले धेरै काम गर्न बाँकी नै छ भन्ने जनाउँदछ । महिलामाथि भैरहेका हिंसा र दुर्व्यवहारका घटना चिन्ताको अर्को स्रोत हो ।

स्रोत- चौधौं योजना (आ.व २०७३।७४-२०७५।७६) आधार पत्र

महिला विकास कार्यक्रम

३.१ प्रारम्भ

३.१.१ सङ्गठन

अनभिज्ञ ग्रामीण महिला र विकासका आम अवसरको वारिपारिमा साँघुसरह महिला विकास कार्यक्रमको कल्पना गरिएको हो । तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत २०३८ सालमा महिला विकास शाखाको स्थापना अनुपम सन्दर्भमा भएको थियो । संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष अनि १९७६-८५ लाई संयुक्त राष्ट्रसङ्घीय नारी दशकका रूपमा मनाउन आह्वान गरेपछि देशभित्र र बाहिर पनि विकासमा महिला सहभागिताको लहर आइरहेको थियो । छिट्टै नेपालमा महिलाको मर्यादास्तर अध्ययन भयो । सँगसँगै छैठौँ पञ्चवर्षीय योजना (२०३७-४२) मा 'विकास कार्यमा महिला सहभागिता प्रवर्धन' गर्ने नीतिगत अग्रसरता थियो ।

महिला विकास शाखा खडा गर्दा देहायका उद्देश्य राखिएका थिए :

क. सबै मन्त्रालय तथा निकायसँग संवाद गरी तिनका कार्यक्रममा महिलाहरूका आवश्यकतालाई सम्बोधन गराउन प्रोत्साहन दिने;
ख. ग्रामीण महिलाहरूको सर्वाङ्गीण विकासका लागि प्रभावकारी नीति तथा कार्यक्रम तर्जुमा गर्ने;
ग. महिला विकास शाखाका आयोजनाहरूको हकमा सुपरिवेक्षकको भूमिका निभाउने;
घ. ग्रामीण महिलाहरूका तालिम आवश्यकताको पहिचान गरी महिला प्रशिक्षण केन्द्र, [तत्कालीन] पञ्चायत विकास प्रशिक्षण केन्द्र र अन्य निकायमार्फत उपयुक्त तालिम दिलाउने व्यवस्था गर्ने;
ङ. चालु आयोजनाहरूका लागि मूल्याङ्कनका मापदण्ड निर्धारण गर्ने र
च. विभिन्न सरकारी तथा गैरसरकारी सङ्गठनबाट महिला विकासका लागि सञ्चालित कार्यक्रमहरूको जानकारी राख्ने ।[१]

उल्लिखित उद्देश्यहरूको परिप्राप्तिका लागि देहायका नीतिहरू निर्धारण गरिएका थिए :

क. मन्त्रालयद्वारा सञ्चालित ग्रामीण विकास आयोजना तथा अन्य क्रियाकलापमा ग्रामीण महिलाका आवश्यकता एवं हित सम्बोधन गर्दै उनीहरूलाई विकास प्रक्रियाका सारा क्षेत्रमा एकीकृत गराउने;
ख. माथि (क) मा उल्लिखित नीतिअनुसार ग्रामीण महिलाहरूका लागि समग्र कार्यक्रमको योजना एवं तर्जुमा गर्ने तथा सुहाउँदा आयोजनाको रचना गर्ने;
ग. चालु आयोजनाहरूको कार्यान्वयनको सुपरिवेक्षण गर्ने;
घ. त्यस्ता आयोजनाहरूको मूल्याङ्कनमा सहभागी हुने;
ङ. महिला विकास शाखा तथा अन्य निकायका अल्पकालीन एवं दीर्घकालीन तालिममार्फत ग्रामीण विकासका विभिन्न क्रियाकलापमा ग्रामीण महिलाहरूलाई दीक्षित गर्ने र
च. महिला विकासमा संलग्न अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्बन्ध कायम गर्ने ।[२]

महिला विकास शाखाको स्थापना पहिलो संस्थागत व्यवस्था अवश्य थिएन । तैपनि स्थानीय स्तरको विकासका समस्त

---

१ Glimpses of Women Development Programme (ललितपुर, महिला विकास शाखा, २०४२), पृ. २ । अङ्ग्रेजीको नेपाली अनुवादमा शब्दहरू फरक परेका हुन सक्तछन् ।

२ ऐ. ।

गतिविधि निर्देशित गर्ने मन्त्रालयमा खडा भएको, ग्रामीण महिलाहरूको सर्वाङ्गीण विकासतर्फ विशेष ध्यान दिएको र एकलौटी रूपमा नभए सम्बन्धित सबै निकायहरूसँग सम्पर्क स्थापित गरेर महिला विकासका कार्यहरूमा अग्रता लिने दृष्टिकोण राखेको हुनाले उक्त शाखाको रणनीतिक महत्व थियो ।

३.१.२ कार्यक्रम

महिला विकास शाखा जम्मा ८ जना कर्मचारीसहित खडा गरिएको थियो । उद्देश्य फराकिलो भए तापनि लक्षित समूह र नीतिगत मार्गदर्शन प्रस्ट थिए । ग्रामीण महिलालाई विकासका प्रक्रियामा एकीकृत गर्न कार्यक्रम एवं सुहाउँदा आयोजना तयार पार्ने काममा शाखा जुटिहाल्यो । आधा दर्जन बढी दातृ-संस्थाका साथै त्यत्तिकै सङ्ख्यामा स्वदेशी बैङ्क तथा विकास निकायहरूसँगको अनवरत सम्पर्क, सहकार्यका ढाँचाहरूको खोजी, हस्तक्षेपको रूपाङ्कन, प्रस्तावहरूको विकास, जनशक्ति योजना – पूर्व-तयारीको भ्याइनभ्याइ अनुमान गर्न सकिन्छ । शाखा स्थापना भएपछि जति छिटो आयोजनाहरू कार्यान्वयन भए त्यसले पनि कर्मचारीको आन्तरिक अभिप्रेरणा, अथक परिश्रम अनि चुनौती सामना गर्ने जुझारु स्वभावको पुष्टि गर्दछ, जुन अद्यापि साङ्गठनिक संस्कृतिमा झल्किरहन्छ ।

महिला विकास शाखाले सञ्चालन गर्ने कार्यक्रम महिला विकास नै हुन्थ्यो । कार्यक्रमको मर्म पेवा बढाउने थियो । त्यसैले पेवा बढाउने शब्दसँगै महिलाले थैलीमा पैसा राख्दै गरेको चित्र अङ्कित प्रतीकचिन्ह बनाइयो ।

नियमित स्रोतको पुगनपुग हेरेर वैदेशिक सहायता परिचालन गर्न सकिने भएसम्म गर्ने दृष्टिकोण लिइएको पनि होला । जे होस्, महिला विकास कार्यक्रम वस्तुतः वैदेशिक सहायताप्राप्त आयोजनाहरूको सङ्गालोको रूपमा लागू भयो, जसमा आव २०३९।४० देखिको ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम (Production Credit for Rural Women - PCRW) मुख्य थियो ।

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम महिला विकास शाखाबाट सञ्चालन गरिएको पहिलो आयोजना भने थिएन । पहिलो आयोजना त ग्रामीण महिलाको अर्थोपार्जन तथा श्रम बचाउने साधनका लागि प्रशिक्षक प्रशिक्षण (Train the Trainers for Income Generating Activities and Labour Saving Devices for Rural Women) थियो ।[३] आव २०३९।४० देखि नै कार्यान्वयन गरिएको उक्त आयोजनाका लागि संयुक्त राष्ट्रसङ्घीय महिला दशकका लागि ऐच्छिक कोष (Voluntary Fund for United Nations Decade for Women) को सहायता एशिया र प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (Economic and Social Commission for Asia and the Pacific - ESCAP) मार्फत मिलेको थियो । आयोजनाअन्तर्गत बाँके, ललितपुर र सिन्धुली गरी तीन जिल्लामा चारथरीका आयमूलक क्रियाकलाप पहिल्याएर जम्मा १४० जना महिलालाई प्रशिक्षण दिइएको थियो ।

तिनताकाका अन्य आयोजनामा नेपालका ग्रामीण क्षेत्रमा महिला परिवर्तन अभिकर्तामार्फत महिला घरमूलीका लागि स्वरोजगारी (Self-employment for Female-headed Households through Female Change Agents - SEFHH) पर्दछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labour Office - ILO) को सहयोगप्राप्त उक्त आयोजना आव २०४२।४३ देखि काभ्रेपलाञ्चोक जिल्लाका दुई गाविसबाट थाली ११ गाविसमा विस्तार गरिएको थियो ।[४]

त्यस्तै, खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organisation - FAO) को सहयोगमा उपयुक्त प्रविधिसम्बन्धी अध्ययन कार्यहरू सम्पन्न भएका थिए भने झापामा जुट आयोजना चलाइएको थियो । अन्य निकायका तर्फबाट पनि सानातिना आयोजनाका लागि सहयोग मिलिरहेको थियो ।

३.१.३ उत्पादन ऋण व्यवस्था अग्रसरता

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था (Production Credit for Rural Women – PCRW) कार्यक्रम आव २०३९/४० देखि लागू भएको हो । पछिसम्म महिला विकास कार्यक्रमको पर्यायवाची बनेको यो कार्यक्रममा विभिन्न

३ ऐ., पृ. ७ ।

४ Women Development Section Bulletin (पूर्णाङ्क २, अङ्क १, २०४६ साउन-कात्तिक) ।

विकास साझेदारहरूको संलग्नता थियो । प्रारम्भमा मुख्य सहयोग संयुक्त राष्ट्रसङ्घीय बालकोषमार्फत नेदरल्याण्ड सरकारको तर्फबाट मिलेको थियो ।[५] महिला विकास अधिकृतहरूको समकक्षीका रूपमा विदेशी स्वयंसेवीहरू पनि परिचालन गरिएका थिए ।[६]

पहिलो वर्ष ५ जिल्ला (धादिङ, तनहुँ, नवलपरासी, स्याङ्जा र सुर्खेत) मा कार्यक्रम चलाइयो । संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा ती ५ जिल्लादेखि क्रमशः ३८ जिल्लासम्म कार्यक्रम पुग्यो । सन् १९९६ सम्म कार्यक्रमका लागि कोषको सहयोग निरन्तर रह्यो ।

कार्यक्रममा दातृ-स्रोत खास गरी सञ्चालन प्रक्रियाहरू स्थापित गर्नमा उपयोग भएको थियो । मूल राशी - ऋण - त राष्ट्रिय बैङ्कहरूबाटै जुटाउने व्यवस्था गरिएको थियो । नेपाल राष्ट्र बैङ्कबाट २०३१ सालमा वाणिज्य बैङ्कहरूलाई लगानीको निश्चित अंश प्राथमिकता क्षेत्रमा पर्नुपर्ने निर्देशन भएको थियो ।[७] पछि २०३८ सालमा पर्याप्त धितो नभएका व्यक्तिलाई सामूहिक जमानीमा पनि लगानी गर्न सकिने व्यवस्था भयो ।[८] नेपाल राष्ट्र बैङ्कको संयोजनमा नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क महिला समूहहरूलाई ऋण लगानी गर्न तत्पर भए । उप्रान्त सहभागी बैङ्क (Participating banks) मा कृषि विकास बैङ्क पनि थपियो ।

'ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम' को नाम नै पनि ध्यानयोग्य छ । एक त 'व्यवस्था' शब्दले कार्यक्रमले ऋण दिने नभएर ऋण प्राप्त गर्ने प्रक्रियामा सहजीकरण गर्ने जनाउँदछ । अर्थात् वाणिज्य बैङ्क ऋण लगानीकर्ता र विपन्न महिला ऋण उपभोक्ता थिए भने कार्यक्रमका तर्फबाट दुवै पक्षको हितमा सघाउन खोजिएको थियो ।

दोस्रो, 'कार्यक्रम' भनिएको थियो; आयोजना भनिएको थिएन । अर्थात् कार्यक्रम खासमा आयोजना नभएर अग्रसरता (Initiative) थियो, जुन उत्तरोत्तर रहन सक्तथ्यो ।

नीति-प्रदत्त अवसरको उपयोग आफैमा सिर्जनात्मक थियो भने वाणिज्य बैङ्कहरूको संलग्नता त्यत्तिकै सराहनीय । त्यस्तै सम्बन्धन अन्य सेवा-प्रदायकहरूसँग पनि राख्ने गरी कार्यक्रमको रचना गरिएको थियो ।

कार्यक्रमका उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएका थिए :

- महिलाहरूलाई बजार अर्थतन्त्रमा गाँसेर ग्रामीण परिवारको आम्दानी बढाउने;
- ग्रामीण क्षेत्रका महिला ग्राहकहरूको सेवा गर्ने क्षमता बढाउन वाणिज्य बैङ्कहरूसँग सहकार्य गरेर कृषि, कुटीर उद्योग तथा सेवामा साना महिला उद्यमहरूको विकासलाई बढवा दिने;
- आफ्ना प्राथमिकता र सिकाइ व्यक्त गरेर सरकारी संयन्त्रलाई आफ्ना लागि उपयोगी बनाउन सक्ने गरी ग्रामीण महिलाहरूका स्वावलम्बी समूह खडा गर्नुका साथै त्यस्ता समूहलाई महिला तथा बालबालिकाका लागि लाभदायी विभिन्न सेवाहरू प्रारम्भ गर्ने प्रवेश-बिन्दुको रूपमा उपयोग गर्ने;
- आयमूलक आयोजनाहरूका लागि महिला समूहमा ऋण, तालिम र उत्पादन प्रविधि जुटाउन महिला विकास

---

५ Achievements : Inception – July 1988 (काठमाडौँ, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय, महिला विकास शाखा), पृ. १९ ।

६ त्यस्ता स्वयंसेवीहरू नेदरल्याण्ड विकास सङ्गठन (SNV) का साथै अमेरिकी 'Peace Corps', बेलायती 'Voluntary Service Overseas' र जर्मनीको 'Volunteer Service' का तर्फबाट उपलब्ध भएका थिए । नेदरल्याण्ड विकास सङ्गठनका स्वयंसेवीहरूलाई विकास सहकर्मी (Development Associates) भनिन्थ्यो । ती सबै दुई वर्षसम्म समुदायमै काम गर्ने गरी खटिएका हुन्थ्ये ।

७ Introduction of Credit Component in Production Credit for Rural Women (Women Development Division Bulletin, पूर्णाङ्क ३, अङ्क १, २०४७ साउन-कात्तिक), पृ. २ ।

८ ऐ. ।

शाखाका केन्द्र, जिल्ला र गाँउस्तरका कर्मचारीलाई सहजकर्ताको रूपमा उपयोग गरी प्रवाह प्रणाली विकास गर्ने र

- पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको नवस्थापित महिला विकास शाखाको निम्नानुसार क्षमता विकास गर्ने :
  - महिलाहरूका लागि प्रभावकारी आयमूलक आयोजनाहरूको रचना एवं कार्यान्वयन गर्न र
  - ग्रामीण महिला तथा तिनका परिवारका अभिव्यक्त आवश्यकता पूरा गर्ने गरी खानेपानी, अनौपचारिक शिक्षा, स्वास्थ्यजस्ता सामुदायिक विकासका आयोजनाहरूको योजना तथा कार्यान्वयनमा अरू सरकारी निकायहरूसँग सहभागी हुन ।[९]

पछि संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (United States Agency for International Development – USAID), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development – IFAD) र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (United Nations Population Fund – UNFPA) पनि कार्यक्रममा संलग्न भए ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोग राप्ती एकीकृत ग्रामीण विकास आयोजनाअन्तर्गतका ५ जिल्लामा सीमित थियो । आव २०४०/४१ मा दाङबाट सुरू गरेर २०४२/४३ सम्ममा पाँचवटै जिल्ला लिइएका थिए । नियोगले सन् १९९५ सम्म कार्यक्रमलाई सहयोग गरेको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय कृषि विकास कोषको संलग्नता आव २०४४/४५ देखि भयो । प्रारम्भमा ६ जिल्ला लिइएका थिए । क्रमशः आव २०४९/५० सम्मका कोषको सहयोगमा १५ जिल्लामा कार्यक्रम फैलियो । कोषको सहयोगका दुई पक्ष – ऋण र सामुदायिक विकास – थिए । दुवै पक्ष एकीकृत गरेर १५ जिल्लामा कार्यक्रम चलेको थियो । ऋणमात्र भने थप ४० जिल्लामा पनि उपलब्ध थियो । सन् १९९७ को डिसेम्बरसम्म कोषको सहयोग जारी रह्यो ।

त्यस्तै, आव २०४५/४६ देखि संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले पनि कार्यक्रमको ढाँचाअन्तर्गत जनसङ्ख्या शिक्षा तथा प्रजनन स्वास्थ्यतर्फ सहयोग गर्न थाल्यो ।

राष्ट्रिय बैङ्कहरूको स्रोतको उपयोग, बहुसाझेदारको सहयोग र कतिपय संलग्न साझेदारको मिल्दोजुल्दो सहयोगको निरन्तरताका कारण कार्यक्रमको क्षेत्र र सम्पन्नताका बारेमा द्विविधा पनि छ । यदाकदा महिला विकास कार्यक्रम भन्नु नै उत्पादन ऋण कार्यक्रम हो भन्ने बुझाइ छ, जुन प्रस्टता होइन । जे होस्, संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगमा विस्तारित ३८ जिल्ला, अमेरिकी विकास नियोगको सहयोगप्राप्त ५ जिल्ला र अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋणका साथै सामुदायिक विकासतर्फ सहयोग मिलेका १५ जिल्ला गरी जम्मा ५८ जिल्लामा उत्पादन ऋण कार्यक्रम लागू भएको थियो भन्न सकिन्छ ।

त्यस्तै, अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण सहायता (Loan: 208-NE) सकिएको समय सन् १९९७ डिसेम्बरलाई नै उत्पादन ऋण कार्यक्रम सम्पन्न भएको समय मान्न सकिन्छ । संयुक्त राष्ट्रसङ्घीय बालकोषको तर्फबाट सन् १९९७ जनवरीदेखि नै २००१ सम्ममा लागि (उत्पादन ऋण कार्यक्रम नभनी) महिला तथा परिवार केन्द्रित कार्यक्रमअन्तर्गत महिला सशक्तीकरण आयोजनाका लागि सहयोग प्राप्त हुने भएको थियो ।[१०] संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको सहयोग सामाजिक परिचालनमै नभएर त्यसमा एकीकृत थियो ।

यसरी २०३९ सालको प्रारम्भदेखि २०५४ सालको मध्यसम्म पुगनपुग १५ वर्ष उत्पादन ऋण कार्यक्रम चल्यो ।

---

९ Production Credit for Rural Women: An Impact Evaluation Study (काठमाडौँ, महिला तथा विकास केन्द्र र संयुक्त राष्ट्रसङ्घीय बालकोष, १९८९), पृ. २३-२४ ।

१० हेर्नुहोस्, Women Development Programme: Annual Progress Report 2000/01 -ललितपुर, महिला विकास विभाग), पृ. १३-१६) ।

३.२ रचनात्मक परिवर्तन

३.२.१ सङ्गठन

मन्त्रालयस्थित शाखाबाट सोझै समुदायमा कार्यक्रम सञ्चालन गर्ने कुरै आएन । जहाँ-जहाँ कार्यक्रम लागू भयो तहाँ-तहाँ शाखा खोलेर कार्यान्वयन व्यवस्था मिलाइयो । स्थानीय स्तरका शाखाहरू जिल्ला सदरमुकाममा नभएर कार्यक्रमस्थलमै खोलिन्थ्ये । महिला विकास अधिकृतलगायत सबैजना गाउँमै बसेर कार्यक्रम चलाइन्थ्यो । पहिले लिइएको कार्यक्षेत्रमा दुई वर्ष काम गरेपछि अन्यत्र पनि कार्यक्रम विस्तार गर्ने अनि मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ताहरूलाई तहीँ राखेर जताततै सुपरिवेक्षण गर्न सक्ने गरी महिला विकास अधिकृत सदरमुकाममा सर्ने योजना थियो ।[११] विभिन्न कारणले व्यवहारमा भने प्राय: पछिसम्म शाखाहरू गाउँमै रहे ।

जे होस्, कार्यक्रमलाई पच्छ्याउँदै शाखाहरू खडा हुँदै गए र आ.व.२०५७/५८ सम्ममा ७५ वटै जिल्लामा पुगे (तालिका ६) ।

यता केन्द्रमा २०४७ साल (१९९० ई.) मा महिला विकास शाखाको स्तरोन्नति गरी महाशाखा बनाइयो भने २०५६ सालमा उक्त महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत राखियो । नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट मिति २०५७/३/२६ देखि महिला विकास महाशाखा महिला विकास विभागमा र २०६७/६/१२ मा महिला तथा बालबालिका विभाग अनि मिति २०६०/१२/२६ को निर्णयबाट जिल्लास्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०६७/६/१२ मा महिला तथा बालबालिका कार्यालयमा परिणत गरियो । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई मिति २०७४।१२। हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा परिणत गरियो ।

कार्यक्षेत्र

विभागको स्थापना हुँदा विभागलाई प्रदान गरिएको कार्यक्षेत्र निम्नानुसार छ :

- महिला विकाससम्बन्धी स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने;
- महिला विकाससम्बन्धी नीति एवं कानुनको तर्जुमाका लागि मन्त्रालयलाई सहयोग पुऱ्याउने;
- महिला विकाससम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने;
- महिलाहरूका लागि आवश्यक सीपमूलक तालिम एवं प्रशिक्षण सञ्चालन गर्ने;
- महिला सशक्तीकरणसम्बन्धी कार्यहरू गर्ने;
- चेलीबटी बेचविखन नियन्त्रण, देह व्यापार, घरेलु हिंसा एवं महिलाविरुद्ध हुने अपराध नियन्त्रणसम्बन्धी कार्य गर्ने;
- महिलासम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनसम्बन्धी कार्य गर्ने र
- महिला विकाससम्बन्धी सूचना सङ्कलन एवं प्रकाशन गर्ने ।

थप जिम्मेवारी

विकेन्द्रित विकास प्रक्रियाअनुरूप स्थानीयस्तरको योजना तर्जुमा एवं कार्यान्वयन, पुनरावलोकनका सबै चरणमा लैङ्गिक समता अभिवृद्धि तथा बालअधिकारको मूलप्रवाहीकरणका सिलसिलामा आवश्यक समन्वयका साथै सहजकार्यका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६० साल साउन ५ गतेको निर्णयबाट जिल्लास्थित महिला तथा बालबालिका कार्यालयलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्कसूत्र, सहजकर्ताको भूमिका निभाउने सम्पर्क निकाय (Focal Agency) तोकिएको छ । महिला तथा बालबालिका कार्यालयलाई प्राप्त यो कार्यजिम्मेवारी (Mandate) का सन्दर्भमा विभाग एवं अन्तर्गतका कार्यालयहरूको भूमिका मुख्यतया दुई प्रकारको भएको छ :

- कार्यक्रम कार्यान्वयनकर्ता
- समन्वयकर्ता, सम्पर्कसूत्र र सहजकर्ताको कार्य गर्ने सम्पर्क निकाय ।

---

११ हेर्नुहोस्, पाद टिप्पणी २१ मा उल्लिखित प्रकाशन, पृ. ३३ ।

राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा (National Disaster Response Framework – NDRF), २०७० बमोजिम ठूला विपत्तिमा तुरून्त गरिने प्रतिकार्यका लागि नेपाल सरकारका सबै निकायहरू, अन्तराष्ट्रिय मानवीय सहायता समूह तथा यस क्षेत्रमा कार्यरत सबै सङ्घ, संस्थाहरूको भूमिकालाई निर्दिष्ट गर्न केन्द्र तथा जिल्लास्तरमा विषयअनुसार विभिन्न ११ वटा क्षेत्रहरू निर्धारण गरी जिम्मेवारीसमेत तोकिएको छ । विषयगत क्षेत्रको नेतृत्वदायी निकायको रूपमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, आयोग, विभाग र सहनेतृत्वदायी निकायको रूपमा संयुक्त राष्ट्रसङ्घीय सङ्गठन रहेका छन् । विषय क्षेत्रहरूमा स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्थास्थ्य प्रवर्धन, आपत्कालीन आवास, खाद्य सुरक्षा, बन्दोबस्ती, शिविर समन्वय तथा व्यवस्थापन, शिक्षा, संरक्षण, आपत्कालीन दुरसञ्चार, पोषण र शीघ्र पुनर्लाभ सञ्जाल पर्दछन् । संरक्षण विषयगत क्षेत्रको नेतृत्वदायी निकायमा राष्ट्रिय मानव अधिकार आयोग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र सहनेतृत्वदायी निकायमा शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (UNHCR), संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF) र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) रहेका छन् । जिल्लास्तरमा संरक्षण विषयगत क्षेत्रको संयोजन महिला तथा बालबालिका कार्यालये गर्ने व्यवस्था छ । संरक्षण विषयगत क्षेत्रतर्फ विपत्पश्चात् खासगरी देहायका कार्यहरूमा समन्वय गर्ने गरी तोकिएको छ :

क. प्रभावित स्थानमा, शिविर सञ्चालन भएका स्थानमा, राहत सामग्री वितरण हुँदा र खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने;

ख. बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने र

ग. परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने, परिवार गुमाएका वा एक्ला बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने ।

परिवर्तिक राजनैतिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तीन तहका सरकार बनेको छ । जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरू खारेज भई यी कार्यालयबाट भएका काम र कर्मचारी स्थानीयतहमा समायोजन भई रहेको छ ।

३.२.२ कार्यक्रम

विकासमा महिलाको सोचबाट विकासमा लैङ्गिक पहुँचको सोचसम्म आइपुग्दा महिला विकास कार्यक्रमको स्वरूपमा पनि निकै अन्तर आएको छ । यता खास गरी लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणका आयाम थपिएका छन् भने अर्थोपार्जनका क्रियाकलाप आयआर्जनको परिप्रेक्ष्यबाट व्यवसायीकरणको परिप्रेक्ष्यमा सञ्चालित छन् । त्यस्तै, लक्षित समूहको परिभाषा, सशक्तीकरणको न्यूनतम स्तर, सञ्चालक विचार (Governing Ideas) लगायतमा पनि समयसापेक्ष परिवर्तन गरिएको छ ।

३.२.२.१ लक्षित समूह

परिभाषा

ग्रामीण क्षेत्रका २० वर्षमाथिका विपन्न महिलामा महिला विकास कार्यक्रम लक्षित छ ।

'विपन्न महिला' भन्नाले तल उल्लिखित कुनै एक वा दुवै अर्थमा वञ्चित महिला सम्झनुपर्दछ :

- कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म उत्तीर्ण गर्न नसकेका शैक्षिक रूपमा वञ्चित र
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रूपमा वञ्चित ।

आकार

राष्ट्रिय जनगणना, २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा महिला विकास कार्यक्रमको लक्षित समूहको सङ्ख्या पुगनपुग ५१ लाख ९६ हजार देखिएको छ ।

३.२.२.२ आयाम र प्राथमिकता

लक्षित महिलाको न्यूनतम सशक्तीकरणको स्तर हासिल गर्ने गरी महिला विकास कार्यक्रममा तीनवटा आयाम र पाँचवटा प्राथमिकता छन् ।



३.२.२.३ सशक्तीकरणको न्यूनतम स्तर

लक्षित महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा न्यूनतम स्तर देहायबमोजिम निर्धारण गरिएको छ :

- **लैङ्गिक समता** : छेकबारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको सम्बोधन, पारिवारिक एवं सामुदायिक सकारात्मक कार्य (Affirmative Actions);
- **प्रजनन स्वस्थता** : प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता;
- **जीवनोपयोगी शिक्षा** : आफूलाई व्यक्त गर्ने, अर्काका कुराको परख गर्ने, निर्णय लिने आत्मविश्वास;
- **पुगीसरी सम्पन्नता** : वर्षैभरि खान पुग्ने आयस्रोत, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत र
- **संस्थागत सहभागिता** : बाहिरी सञ्चार, विस्तारित साथ, आवश्यकताअनुसार नेतृत्व वा अनुयायित्व (Followership) वहन गर्ने सक्रियतासहित सामुदायिक सङ्गठनको सदस्यता ।

३.२.२.४ सञ्चालक विचार (Governing ideas)

महिला विकास कार्यक्रम देहायका विचारबाट सञ्चालित हुन्छ :

परिकल्पना (Vision)

समतामय सम्पन्न समुदाय

ध्येय (Mission)

सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ

मूल्य (Values)

- स्वावलम्बन
- एकता

- सहभागिता
- समता
- इमान
- स्थानीयता
- छर्लङ्गता
- भूलसहनशीलता ।

३.२.२.५ रणनीति

क. मूलप्रवाहीकरण

- **फराकिलो कार्यसञ्जाल** : लैङ्गिक समानता एवं बालअधिकारको सुनिश्चितताका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्रका सबै सरोकारवालामाझ सञ्जाल बनाएर सहकार्य गरिनेछ ।
- **स्थानीय निकायको नेतृत्व** : समन्वय समितिको अध्यक्षतालगायत लैङ्गिक तथा बालअधिकारको विकेन्द्रित मूलप्रवाहीकरणका समस्त प्रक्रियामा स्थानीय निर्वाचित निकायकै नेतृत्व रहने गरी सहजीकरण गरिनेछ ।
- **सञ्जाल सदस्यको स्वामित्व** : लैङ्गिक तथा बालअधिकारका मुद्दाहरूलाई पहिल्याउने एवं सम्बोधन गर्ने सिलसिलामा सहभागितात्मक लेखाजोखा विधि अवलम्बन गर्नुका साथै अग्रसरताको स्वामित्व सम्बन्धित सञ्जाल सदस्यमै रहने गरी साझेदारी गरिनेछ ।
- **क्षेत्रगत प्रभावको प्रक्षेपण** : क्षेत्रगत उद्देश्यको परिप्राप्तिमा लैङ्गिक मूलप्रवाहीकरणको प्रभाव प्रक्षेपण हुने गरी अधिवाचन गरिनेछ ।
- **कार्यक्षेत्रको सीमाङ्कन** : सञ्जाल सदस्यको कार्यक्षेत्रमा प्रवेश नगरी मूलप्रवाहीकरणमा समन्वय गरिनेछ तथा बालअधिकारको क्षेत्रमा केन्द्रीय वा जिल्ला बालकल्याण समितिबाट सम्पादन हुने कार्यहरूका हकमा दोहोरो नपर्ने गरी सहयोगी भूमिका निभाइनेछ ।

ख. सशक्तीकरण

- **महिलामात्रको समूहीकरण** : विपन्न महिलालाई मौजुदा लैङ्गिक छेकबार पन्छाउन, सशक्तीकरणको प्रक्रियामा सरीक हुन र पछिसम्म आफ्ना हितका पक्षमा स्व-विवेकमा निर्णय गरी सिक्दै जान सुविस्ता होस् भनी महिलामात्रको समूह बनाइनेछ ।
- **सहकारी माध्यमको अवलम्बन** : स्वावलम्बन र पारस्परिकताको भावनाले समूह सदस्यको उत्तरोत्तर उन्नतिका लागि सर्वमान्य सहकारी सिद्धान्तअनुसार संस्थागतीकरण गरिनेछ, जसअन्तर्गत छिमेकका समूहलाई क्रमशः वडा अनि गाविसस्तरमा सङ्घीकरण गरेर वडास्तरमा सम्पूर्ण समूह सदस्यको नियमित बैठक बस्ने गरी सहभागिताको मञ्च बनाइनेछ ।
- **पुरुषजनको सहभागिता** : सल्लाहकार समितिमा प्राथमिकता दिनुका साथै लैङ्गिक प्रशिक्षणलगायतका विभिन्न क्रियाकलापमा समूह सदस्य परिवारका पुरुष सहकर्मी एवं समुदायका अरू पुरुष शुभचिन्तकहरूको सहभागिता सुनिश्चित गरिनेछ ।
- **लक्षित महिलाको अग्रसरता** : सशक्तीकरणको प्रयोजनार्थ लक्षित महिलालाई नै कार्यकर्ताको हैसियतमा अघि सार्नुका साथै आवश्यकतामा आधारित छनौटलाई प्रभावित नपार्ने गरी सहायता प्रदान गरिनेछ ।
- **स्वतन्त्र स्रोतको परिचालन** : विपन्न महिलाको सिर्जनशीलता प्रोत्साहित गरिराख्न स्वतन्त्र स्रोत खोजिनेछ, जसअनुसार ऋण, बचत वा वित्तीय दबाब बढी भएका अन्य स्रोतभन्दा अंशधन (Share capital), बीउपुँजी वा वित्तीय दबाब घटी भएका अन्य स्रोतलाई प्राथमिकता दिइनेछ ।

- **विद्यालयविमुख किशोरीको सम्मिलन** : जोखिममा रहेका विद्यालयविमुख किशोरीलाई भावी समूह सदस्यको रूपमा हेरी महिला समूहसँग गाँसेर किशोरी वृत्त बनाइनेछ ।
- **विपन्नतामै व्यावसायिक समूह** : स्वरोजगारीलाई विपन्नताको निकाश मानी विपन्न महिलामा केन्द्रित भएर व्यावसायिक समूह विकास गरिनेछ ।
- **सामुदायिक सम्बन्धन विस्तार** : प्राकृतिक स्रोतको जगेर्ना, ऐतिहासिक सम्पदाको संरक्षण, साना पूर्वाधार सिर्जनाजस्ता रचनात्मक अग्रसरता लिनुका साथै सामुदायिक स्रोतको उपयोग, लैङ्गिक मुद्दामा बहस, सार्वजनिक लेखापरीक्षणलगायतका गतिविधिबाट महिला सशक्तीकरणमा सामुदायिक अंशियारी बढाइनेछ ।
- **समायोजित सामाजिक परिचालन** : निर्धारित सूचकाङ्कका आधारमा लक्षित समूहको संस्थागत विकासको स्तरअनुसार सामाजिक परिचालनमा संलग्नता समायोजन गरिनेछ ।

ग. समावेशीकरण

- **पहुँचमा प्राथमिकता** : आर्थिकका साथै सामाजिक पक्षलाई हेरी लक्षित महिलाको विपन्नताको तहअनुसार प्रदत्त सेवा, टेवामा प्राथमिकताको क्रम कायम गरिनेछ ।
- **समूहीकरणमा अभिन्नता** : एकल, अपाङ्गता भएका, दलित समुदायका महिलालगायत वञ्चितीकरणमा परेका महिलाको छुट्टै समूहीकरण नगरेर मूलधारमै सम्मिलित गरी सामाजिक पुँजी बढाइनेछ ।
- **पोकाबन्दीमा पृथक्ता** : सामाजिक परिचालनको नियमित प्रक्रियामा पहुँच स्थापना गर्न नसकिरहेका खास अवस्थाका बहुविपन्न महिलाका लागि सशर्त नगद हस्तान्तरण (Conditional Cash Transfer) को मान्यतामा सम्बोधक क्रियाकलापहरू छुट्टै पोकाबन्दी गरिनेछन् ।

३.२.२.६ कार्यान्वयन

महिला विकास कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मार्गदर्शनमा महिला तथा बालबालिका विभाग र अन्तर्गतका जिल्लास्थित कार्यालयमार्फत कार्यान्वयन गरिन्छ । स्थानीयस्तरमा महिला तथा बालबालिका कार्यालयको भूमिका देहायबमोजिम हुन्छ :

- लक्षित विपन्न महिलाको सशक्तीकरणका लागि समुदाय तहमै प्रत्यक्ष सामाजिक परिचालन;
- विकेन्द्रित विकास प्रक्रियामा लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरणमा सहजीकरण र
- बालबालिकाका साथै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं गैरसरकारी सङ्गठनका लागि सम्पर्क सेवा ।

कार्यक्रमअन्तर्गत समुदाय तहका विभिन्न क्रियाकलाप सञ्चालन गर्दा यथाशक्य प्रवर्द्धित महिला संस्थाकै माध्यम अपनाइनेछ ।

जिल्ला तहमा महिला तथा बालबालिका सेवा केन्द्रको सञ्चालनजस्ता क्रियाकलापमा विशेषीकृत सामाजिक संस्थाहरूसँग साझेदारी गरिनेछ ।

३.२.२.७ मूल्याङ्कन

महिला विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन ५-५ वर्षको अन्तरालमा खास गरी समूह सदस्यको न्यूनतम सशक्तीकरणको स्तर हासिल भयो, भएन भन्ने आधारमा गरिनेछ । प्रतिफल तहमा लक्षित महिलाको साङ्गठनिक विकास, गतिशीलता र उपादेयता सालबसाली हेरिनेछन् । प्रतिफल मूल्याङ्कनको प्रयोजनार्थ साङ्गठनिक मानचित्रका साथै अभिकार्य एवं अभिप्राप्ति सूचकाङ्क उपयोग गरिनेछन् ।

क. साङ्गठनिक मानचित्र

प्रत्येक गाविसमा लैङ्गिक समताको ध्वजावाहक महिला संस्था हुनेछ, जुन-

- सदस्यको अर्थोपार्जनमा सहयोगी;
- व्यावसायिक मानकहरूको प्रवर्तक;
- स्वावलम्बनको पर्यायवाची;
- सामाजिक परिवर्तनको शक्ति;
- महिला सुरक्षाको पहरेदार;
- सहकारी सिद्धान्तको परिपालक र
- सहभागिताको सुगम मञ्च हुनेछ ।

ख. अभिकार्य सूचकाङ्क

समूह सदस्यको व्यक्तिगत, सामूहिक वा संस्थागत अभिकार्य दुई पूरा वर्षको समय सन्दर्भमा देहायबमोजिम हेरिनेछ :

सूचक	परिभाषा	मान				
१. सक्रियता	नभनिएको कार्य सम्पादन	१ (अज्ञात)	२ (केही न केही)	३ (केही)	४ (अलिक)	५ (प्रसस्त)
२. सरोकार	अनिर्धारित बैठकमा उपस्थिति	१ (अज्ञात)	२ (आक्कलझुक्कल)	३ (आधासरो)	४ (प्रायः)	५ (जहिलेसुकै)
३. सम्पर्क	नसोधिएको विषयमा सोधीखोजी	१ (अज्ञात)	२ (आक्कलझुक्कल)	३ (बेला-बखत)	४ (प्रायः)	५ (नियमित)
४. सिको	अर्काको अनुकरण	१ (अज्ञात)	२ (केही न केही)	३ (केही)	४ (अलिक)	५ (प्रसस्त)
५. सिक्लाइ	आफ्नो प्रयोग	१ (अज्ञात)	२ (केही न केही)	३ (केही)	४ (अलिक)	५ (प्रसस्त)
सूचकाङ्क	१ देखि ५ सम्मको जोड	५-२५ अंक				

श्रेणीकरण

- ☐ ५-११ = उपचारार्थी
- ☐ १२-१८ = सहभागी
- ☐ १९-२५ = अभिकर्ता

अभिकार्य सङ्कार = १५

ग. अभिप्राप्ति सूचकाङ्क

लक्षित महिलाको न्यूनतम सशक्तीकरणको स्तर प्राप्तिमा सामाजिक परिचालनको प्रभावकारिता प्रवर्धित संस्थाको रेखाङ्कनमा देहायबमोजिम निर्धारण गरिनेछ :

सूचक	सूत्र	मान
१. सञ्चिति	प्रतिसदस्य नियमित बचत रु. (जम्मा रु. / सदस्य सङ्ख्या) / रु. १५,७३० वा प्रतिसदस्य नियमित बचतमा जुन बढी हुन्छ सो × १००	०–१००%
२. स्वामित्व	सदस्यको पुँजी रु. (शेयरपुँजी रु.+ जगेडा कोष रु. + घाटापूर्ति कोष रु.) / जम्मा स्रोत रु. (सदस्यको पुँजी रु. + सदस्यको बचत रु. + अन्यत्रको ऋण रु.) × १००	०–१००%

सूचक	सूत्र	मान
३. सदस्यतर्फी नगदप्रवाह	पछिल्लो वर्षमा संस्थाबाट सदस्यतर्फ गएको नगद रु. / पछिल्लो वर्षको जम्मा नगद प्रवाह (संस्थाबाट सदस्यतर्फ गएको +सदस्यबाट संस्थातर्फ आएको) रु. × १००	०–१००%
४. स्रोत परिचालन	भाखा ननाघेको ऋण रु. / जम्मा लगानीमा रहेको ऋण रु. × १००	०–१००%
५. सामेली	सदस्य सङ्ख्या / कार्यक्षेत्रका २० वर्षमाथिका जम्मा महिला सङ्ख्या - प्रवेशिका परीक्षा उत्तीर्ण महिला सङ्ख्या × १००	०–१००%
६. नवपुस्ताको सम्मिलन	३४ वर्ष ७ महिनामुनिका सदस्य / जम्मा सदस्य ×१००	०–१००%
७. सहभागिता	समितिको पछिल्लो बैठकमा उपस्थित सदस्य / तत्कालीन जम्मा समूह सदस्य × १००	०–१००%
सूचकाङ्क	(१ देखि ७ सम्मको जोड) / ७	०–१००%

श्रेणीकरण

- ☐ ३० भन्दा तल = सङ्कटापन्न
- ☐ ३०-४४ = साधारण
- ☐ ४५-५९ = उत्तम
- ☐ ६०-७४ = अत्यूत्तम
- ☐ ७५ देखि माथि = असाधारण

अभिप्राप्ति सङ्कार = ६०

३.२.२.८ महिला विकास कार्यक्रम कार्यान्वयन विधि

महिला विकास कार्यक्रम लक्षित महिलालाई राहत वितरण गर्न वा फगत कल्याणकारी कार्य गर्ने हेतुको होइन । यो त सदस्यहरुलाई अग्रसर हुने मौका दिने कार्यक्रम हो । हरेक सदस्यलाई आफ्नो र आफूजस्ता अरुको जीवनमा परिवर्तनका लागि आफै सोच्न, सिक्न र अघि सर्न घच्घच्याउने कार्यक्रम हो । कार्यक्रमको सफलता पनि सदस्यहरुको सक्रियता र अग्रसरतामा नै भर पर्दछ । सदस्यको सक्रियताविना वा सदस्यलाई उछिनेर कार्यक्रमका सहजकर्ता अगाडी जाँदैनन् ।

महिला विकासमा के गरिन्छ ? जे गरिन्छ त्यसको क्रम कस्तो हुन्छ ? अनि जस्तो क्रम हुन्छ क्रमशः कसरी हुन्छ ? उत्तरमा नयाँ कार्यक्षेत्रको उदाहरण लिएर भन्न सकिन्छ । एकैपल्ट पालिका वडाका सबै बस्ती ढाक्ने गरी महिला विकासका सबैथरी क्रियाकलाप लग्नु न व्यवहारतः सजिलो छ, न त दिगोपनाका लागि उपयुक्त नै । त्यसर्थ पहिलो वर्ष एउटा बस्तीबाट कार्यक्रम शुरु गरिन्छ । यसका लागि पालिकाको बैठकबाट निर्णय भएको कार्यक्षेत्रमा वडास्तरीय परामर्श बैठक राखि विपन्नताको अवस्था बढी भएको बस्तीमा कार्यक्रम केन्द्रीत गरिन्छ । छनौट भएको वडाका विपन्न बस्तीका दिदी-बहिनीहरुलाई सर्वप्रथम ४ देखि ७ जना सम्मको समूहमा सङ्गठित गरी यस्ता कम्तीमा ६ वटा समूह भएपछि गाउँस्तरीय समिति गठन गरिन्छ ।

समिति गठनका साथ साथै समूहमा आवद्ध सबै सदस्यहरुका लागि कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । समूहको छुट्टै र गाउँ समितिका सबै सदस्यको छुट्टै महिनामा कम्तीमा एक-एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने परिपाटि बसालिन्छ । सबै सदस्यहरुलाई आफ्नो क्षमता अनुसार मासिक रुपमा नियमित बचत गर्ने, सो बचतको परिचालन गर्ने कार्य पनि साथसाथै भैरहेको हुन्छ । यस बीचमा सहजकर्ताबाट पटक-पटक साथ सम्पर्क गरी सदस्यहरुलाई बैठक सञ्चालन र बचत परिचालन लगायतका क्रियाकलाप के कसरी गर्ने भन्ने बारेमा सहजीकरण गरिन्छ ।

दोस्रो वर्ष पहिलो बस्तीको समितिको समेत सहयोग लिई दोस्रो बस्तीमा कार्यक्रम विस्तार गरिन्छ । पूर्ववत् समूह गठन, समिति गठन, समूह सदस्यको अनुशिक्षण, समूह, समितिको मासिक बैठक सञ्चालन, बचत परिचालन, साथ सम्पर्क र समूह कार्यमा सहजीकरण गरिन्छ । पहिलो वर्षको बस्तीको गाउँ समितिमा समूह गतिशीलताअनुसार बीउपुँजी परिचालन, महिला-पुरुष समविकास तालिम, आधारभूत तालिम, साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने गरिएकोछ ।

तेस्रो वर्ष तेस्रो बस्तीमा कार्यक्षेत्र विस्तार गर्नु पर्दछ, जस अनुसार नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप गर्ने, दोस्रो वर्षको बस्तीमा दोस्रो वर्षका क्रियाकलाप गर्ने र साथै पहिलो वर्षको बस्तीसँगसँगै दोस्रो वर्षको अनि नयाँ बस्तीसमेत सगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप (जस्तै– नेतृत्व तथा संस्थागत विकास तालिम, प्रजनन स्वास्थ्य सचेतना तालिम, रेखाङ्कन अभ्यास) सञ्चालन गर्न सकिन्छ । त्यसैगरी कुनै एक गाउँ समितिमा व्यावसायिक समूह विकासका क्रियाकलाप लैजानुका साथै साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा निरन्तर जारी राख्नु पर्दछ ।

चौथो वर्ष थप नयाँ बस्ती विस्तार सँगै अग्रणी बस्तीहरुसमेतको सहयोगमा कम्तीमा पाँचवटा बस्तीमा कार्यक्षेत्र विस्तार भई सदस्यहरुको सक्रियतामा संस्था गठनको पहल हुन सक्छ । समूह विकासको क्रम हेरी चौथो वर्ष वा सो भन्दा पछि कम्तीमा पाँचवटा बस्तीमा कार्यक्रम फैलिएपछि पालिकाको वडाभरि कार्यक्षेत्र राखेर संस्था गठन गर्न सकिन्छ । यस चरणमा वडास्तरमा महिला संस्था गठन, अंशधन (Share Capital) परिचालन र महिला संस्थाको रणनीति-पत्र तर्जुमा गरेर रणनीतिक प्राथमिकताका क्रियाकलाप सञ्चालन गरिनेछन् । नियमित साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा जारी रहन्छ । त्यसपछि बाँकी बस्ती ढाक्ने लक्ष्य यथासमय संस्थाबाटै पूरा हुनेछ ।

यसरी कम्तीमा पनि चारवर्षको निरन्तर प्रयास विना हतारमा संस्था गठन गर्नु ठीक हुँदैन किनभने तीव्र गतिकोभन्दा स्वाभाविक गतिको सामाजिक परिचालन नै प्रभावकारी देखिएको छ । एक त, द्रुत्तर समूहीकरणले निष्क्रिय सदस्य बढाउँछ । कारण 'छुटिहालिन्छ कि' भनेर सदस्य बन्ने अनि तत्कालै फाइदा नमिल्दा व्यर्थ मान्ने आम प्रवृत्ति देखिएको छ । दोस्रो, महिला विकासमा लक्षित समूहको सक्रियताले लैङ्गिक छेकबार छिचोल्नुपर्ने हुन्छ । पारिवारिक होस् वा सामाजिक, बन्धन हत्तपत्त फुक्दैन । त्यस्तै, सङ्गठन विकास आवश्यकीय रूपमा समय-खर्चिलो हुन्छ । किनभने त्यसका लागि नेतृत्वसँगै अनुयायित्व (Followership) को विकास हुनुपर्दछ र एक दौरानको कार्यगत सिकाइ (Action Learning) पनि चाहिन्छ ।

जे होस्, एकातर्फ व्यावहारिक कठिनाइ र अर्कातर्फ साङ्गठनिक आवश्यकताको विचार गर्दा नयाँ वडाको कार्यक्षेत्रमा सामाजिक परिचालन चार वर्षजतिको अवधिमा सम्पन्न गर्ने लक्ष्य मुनासिब देखिन्छ । त्यस बीच बस्ती विस्तार र क्रियाकलापको क्रमलाई विभिन्न चरणमा लिन सकिन्छ । एउटा पालिका वडामा कार्यक्रम शुरु तथा विस्तारको प्रसारयोजनालाई निम्न तालिकाबाट पनि प्रष्ट पार्न सकिन्छ ।

स्थानीय तहको पालिका वडाअन्तर्गत प्रसार योजना

वर्ष	बस्ती विस्तार	क्रियाकलाप श्रृङ्खला
पहिलो	१	• वडास्तरीय परामर्श बैठक • समूह गठन • समिति गठन • समूह सदस्यको अनुशिक्षण • समूह, समितिको मासिक बैठक सञ्चालन • बचत परिचालन • साथ सम्पर्क र समूह कार्यमा सहजीकरण

दोस्रो	१+१	● नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप ● पहिलो वर्षको वस्तीमा समूह गतिशीलताअनुसार : – बीउपुँजी परिचालन – महिला-पुरुष सशक्तीकरण सहकार्य तालिम – आधारभूत तालिम ● साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन
तेस्रो	१+१+ समूह गतिशीलताअनुसार ०/१/२	● नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप ● दोस्रो वर्षको बस्तीमा सँगसँगै दोस्रो वर्षको अनि नयाँ बस्ती समेत सगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप – नेतृत्व तथा संस्थागत विकास तालिम – प्रजनन स्वास्थ्य सचेतना तालिम – रेखाङ्कन अभ्यास ● कुनै एक बस्तीमा व्यावसायिक समूह विकास ● साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा
चौथो वा त्यसपछि	१+१+०/१/२ + समूह गतिशीलता अनुसार ०/१/२ ≥ ५	● पालिकाको वडास्तरमा महिला संस्था गठन ● अंशधन (Share Capital) परिचालन ● महिला संस्थाको रणनीति-पत्र तर्जुमा ● रणनीतिक प्राथमिकताका क्रियाकलाप ● साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा

कार्यक्रमको सोच

शुरुमा समूहमा आवद्ध दिदी बहिनीहरुका लागि भोलिको सोच के हो ? समूह बनाएर, बचत गरेर, बैठक बसेर के गर्न खोजिएको हो त ? प्रश्न उठ्नु स्वभाविक छ । एउटा बस्तीबाट शुरु गरिएको कार्यक्रम अन्तर्गत कार्यालयको सहजीकरण र निरन्तर प्रयासबाट लक्षित महिलालाई गोलबन्द गर्दै पालिकाको वडास्तरमा सहकारी संस्थाको रुपमा दर्ता गरिन्छ । संस्था दर्ता गर्नु मात्र उपति भने होइन । यस्तो संस्था सदस्यको जीवनमा सार्थक परिवर्तन ल्याउन सक्षम पनि हुनु पर्दछ । त्यसैले आजका दिनमा सदस्यहरुले गरेको प्रयासबाट भोलिका दिनमा पालिकाको प्रत्येक वडामा लैङ्गिक समताको ध्वजावाहक महिला संस्था निर्माण हुने विश्वास गरिएकोछ, जुन सातवटा विशेषतायुक्त हुनुपर्दछ ।

- **सदस्यको अर्थोपार्जनमा सहयोगी** : विपन्नताको अवस्थाबाट पार लगाउने गरी प्रत्येक विपन्न सदस्यको अर्थोपार्जनमा संस्थाले सहयोग पुऱ्याएको हुनेछ । सदस्यहरुका लागि संभाव्य व्यवसाय पहिल्याई प्रत्येकलाई कुनै न कुनै व्यवसाय गर्न समूहबाटै प्रेरित गरिएको हुनेछ । कोही विपन्न भएर बस्नु पर्ने छैन । कसैका छोरा छोरी भोकै हुने छैनन् । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु प्राप्तिका लागि कसैको मुख ताक्नु पर्ने छैन ।
- **व्यावसायिक मानकहरूको प्रवर्तक** : सदस्यहरुका उत्पादनको व्यवसायीकरणका लागि गुणस्तर कायम गर्नु अपरिहार्य हुन्छ । त्यसैले इमान्दारी, नैतिकता, भाखा जस्ता व्यावसायिक मानकहरुको जगेर्नामा सबैको विश्वास हुनु पर्दछ । कसैले छलकपट वा मिसावट गरेमा व्यवसाय चौपट हुने हुँदा सामाजिक जाँच तथा नियन्त्रणको परिपाटी संस्थाले बसाल्नु पर्दछ । बजारको नियम अनुसार पनि मान्छे होइन माल नै बोल्नु पर्दछ अर्थात् गुणस्तरीय सामान मात्र हातहातै बिक्री हुन्छ । त्यसैले सामूहिक प्रयासमा टिकेको व्यवसायमा कुनै एकले गरेको छलीले सबैलाई असर गर्न सक्ने कुराको रखवारी संस्थाले गर्नु पर्दछ ।
- **स्वावलम्बनको पर्यायवाची** : प्रत्येक सदस्यलाई स्वाबलम्बी बनाउन संस्था आफ्नै खुट्टामा उभिएको हुनुपर्दछ ।

अर्काका स्रोतमा टिकेको नभई सदस्यको स्रोतमा संस्था टिक्नु पर्दछ । किनभने संस्था भन्नु नै सदस्य हो । अर्काको स्रोतमा टिकेको संस्थालाई व्यवस्थापकीय स्वन्तन्त्रता नहुनुका साथ साथै वित्तीय दवाव पनि पर्दछ । सदस्यहरुको प्राथमिकता क्षेत्रमा काम गर्ने स्वतन्त्रता नहुने र अर्काले स्रोत जुनसुकै बेला फिर्तामाग्न सक्ने हुनाले संस्था जहिले सुकै जोखिममा रहेको हुन्छ । त्यसैले सहकारिताको मर्म अनुसार सकभर सदस्यको स्रोत सिर्जनामा जोड दिने र बाह्य स्रोत लिनुपर्दा निशर्त स्रोतहरुको परिचालनमा ध्यान पुऱ्याउनु पर्दछ ।

- **सामाजिक परिवर्तनको शक्ति** : लैङ्गिक विभेदको अन्त्य, समाजमा व्याप्त कुरितिहरु (जस्तै– दाइजो, बोक्सी, छाउपडी, जातीय विभेद, बालविवाह, बहुविवाह, अनमेल विवाह) का विरुद्ध समुदाय नै एकजुट हुनु पर्दछ । त्यसैले लैङ्गिक समानता ल्याउन, समावेशीकरणको भावना बढाउन, कुरीतिजन्य परम्पराको अन्त्यका लागि संस्था लागिपरेको हुनेछ ।
- **महिला सुरक्षाको पहरेदार** : छिमेकी हस्तक्षेपका माध्यमबाट महिला माथि हुने सबै प्रकारका हिंसाबाट सुरक्षाको रखवारी महिला संस्थाले गर्नु पर्दछ । कार्यक्षेत्रमा घरेलु हिंसाको निवारण, मानवबेचविखनको अन्त्य र प्रभावितका लागि सहयोग जुटाउने कार्यमा संस्थाले नेतृत्वदायी भूमिका खेलेको हुनेछ ।
- **सहकारी सिद्धान्तको परिपालक** : संस्थाले सहकारिताका सातै सिद्धान्तको पालना गरेको हुनेछ । विपन्नतम सदस्यको भूमिका बढाउन प्राथमिकता दिनेछ र छद्मवेशी लक्षणबाट मुक्तिमा जोड दिएको हुनेछ ।
- **सहभागिताको सुगम मञ्च** : महिला समितिको पूर्ण बैठक नै सहभागिताको सुगम मञ्च हो । त्यसैले समूह समितिको व्यवस्था, सबै समूह सदस्यलाई समितिको बैठकमा बोलाउने चलन र नेतृत्व मात्र नभई अनुयायित्व विकासमा समेत संस्थाले जोड दिएको हुनेछ ।

यसरी हरेक पालिका वडामा गठन हुने महिला संस्था उल्लिखित सातै सूचकमा अब्बल हुन सकेमा महिला विकास कार्यक्रमले परिकल्पना गरेजस्तो समतामय सम्पन्न समुदाय क्रमशः बन्दछ भन्ने अनुभवबाटै देखिएको छ ।

महिला विकास कार्यक्रम वस्तुतः लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन हो । कार्यक्रममा प्रत्येक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ । विपन्न महिलालाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । कार्यक्रमअन्तर्गत प्रवर्धित छिमेकी समूह सामाजिक पुँजीको सिर्जनामा, बस्तीका महिला एकाइ सहभागिताका मञ्चको रूपमा र पालिकाका वडामा रहेका संस्था सामाजिक परिवर्तनको शक्तिका रूपमा अत्यन्त प्रभावकारी देखिएका छन् । समूह गठन र परिचालन सामूहिक गतिशीलतालाई बढवा दिन समूह सदस्यहरूको व्यक्तित्व विकास गर्ने गरी अनुशिक्षणका साथै समविकास, आधारभूत, नेतृत्व तथा संस्थागत विकास तालिम लगायतका प्रशिक्षण दिने गरिएको छ ।

विपन्न महिलालाई तत्काल आर्थिक सुरक्षाको प्रत्याभूति दिन र अन्ततः जेथा जोड्न सघाउन कार्यक्रमको अभिन्न भागको रूपमा समूह बचत परिचालनलाई लिइएको छ । अनुशिक्षण प्रत्येक समूह सदस्यलाई अनिवार्यजस्तै छ भने थप प्रशिक्षण आवश्यकता र नयाँ ज्ञानको बाँडीचुँडी हुन्छ भन्ने अनुमानमा आधारित छन् । बचत गर्ने बानीसँगै प्रायः जागृत हुने आर्थिक आत्मनिर्भरता र व्यावसायिकताको भावनालाई कार्यक्रमअन्तर्गत प्रोत्साहन दिने गरिएको छ । खास गरी विपन्नतम सदस्यहरूमा केन्द्रित भएर उनीहरूले नै पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यावसायिकता प्रशिक्षण, बजार सम्बन्धन र न्यूनतम स्तरमा व्यवसाय प्रारम्भ गर्न अनुदान सहित कृषि तथा गैरकृषि क्षेत्रमा व्यावसायिक समूह विकासतर्फका क्रियाकलाप सञ्चालन गरिन्छ ।

महिला विकास कार्यक्रमको उद्देश्य अनुरुप विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तिकरणको न्यूनतमस्तर हासिल गर्नका लागि तपसिल अनुसारका सम्भाग र अन्तर्गतका विभिन्न क्रियाकलाप सञ्चालन गरिँदै आएको छ :-

• लक्षित समूह सहभागिता र व्यक्तित्व विकास प्रशिक्षण

लक्षित महिलाहरुको समूह गठन, समिति तथा निगरानी समूह गठन र नियमित बैठक सञ्चालन, बचत परिचालन, समूह सदस्यको अनुशिक्षण, आधारभूत, प्रजनन स्वास्थ्य तालिम, नेतृत्व तथा संस्थागत विकास तालिम आदि ।

• संस्थागत विकास

सस्था गठन र दर्ता, अवस्था विश्लेषण, रणनीतिपत्र तर्जुमा, रेखांकन भ्रमण, बीउपुंजी परिचालन, महिला संस्थामाझ चौमासिक अन्तरक्रिया, समीक्षा, सिकाइ, भवन निर्माण र रणनीतिक प्राथमिकताका क्रियाकलाप ।

• व्यवसायिक समूह विकास

व्यवसाय छनौट, सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च, अध्ययन डेरा, बहुउपयोगी अनुदान, बजार सम्बन्धन एवं मूल्य सिक्री विकासका क्रियाकलाप ।

• विद्यालय विमुख किशोरीको बहुआयामिक विकास

किशोरीजागरण समूह गठन, लक्षित किशोरीलाई जीवनोपयोगी तालिम, किशोरी सूचना तथा परामर्श केन्द्र, महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, व्यावसायिक किशोरी समूह विकास, किशोरीलाई सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च अनुदान, स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, अन्तरसमूह रेखाङ्कन भ्रमण, किशोरी समूहका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया ।

• लैङ्गिक हिंसा निवारण तथा सामाजिक व्यवहार परिवर्तन

घरेलु हिंसाबाट प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रयसहित सेवा केन्द्र सञ्चालन, (जिल्ला सेवा केन्द्र/सामुदायिक सेवा केन्द्र) लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम, छाउपडी प्रथाविरुद्ध सामाजिक जागरण, अभिभावक, शिक्षक/शिक्षिकाहरू तथा सामुदायिक अगुवाहरूका लागि लैङ्गिक संवेदनशील तालिम, मुक्त कमलरीको सशक्तीकरण, बादी समुदायका महिलाका लागि घर विकास योजनाको अनुशरण

• सामाजिक सुरक्षा

दोभाषेको व्यवस्थाका लागि राष्ट्रिय बहिरा सङ्घअन्तर्गतका जिल्लास्तरका संस्थालाई अनुदान, अपाङ्ग परिचय पत्र वितरण ।

• मानव बेचबिखन नियन्त्रण

गाउँ समितिको बैठक, मानव बेचबिखन अन्त्यका लागि सामुदायिक परामर्श कार्यशाला तथा कार्ययोजना तर्जुमा, सामुदायिक कार्ययोजनाअनुसारका क्रियाकलाप सञ्चालन, सुरक्षाकर्मी र सार्वजनिक सवारी चालक तथा परिचालकहरूसँगको सहकार्य प्रवर्द्धन कार्यशाला, डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमन, सन्देशमूलक सामग्री प्रकाशन, जिल्ला पुनर्स्थापना कोषमा अनुदान, जिल्ला समितिको बैठक, पुनर्स्थापना गृहहरूको निरीक्षण ।

• बाल अधिकारको प्रवर्धन

जिल्ला तथा गाविसस्तरीय बालसञ्जाल गठन, गाउँ बालसंरक्षण तथा संवर्द्धन समिति गठन, बालसञ्जाल र गाउँ बालसंरक्षण तथा संवर्द्धन समितिका सदस्यहरूको अनुशिक्षण, जिल्ला बाल भेला, विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापन, बालगृहहरूको संयुक्त निरीक्षण, बालविवाहविरुद्धको अभियान, बालअधिकारसम्बन्धी जनचेतनामूलक सन्देश पाटी निर्माण, बालमैत्री गाविस घोषणा, विपन्न शिशु पोषण सहयोग, बालगृह सञ्चालकमाझ चौमासिक अन्तरक्रिया ।

• लैङ्गिक मूलप्रवाहिकरण

क्षेत्रगत कार्यक्रमको सहभागितात्मक लैङ्गिक लेखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा, वडास्तरीय लेखाजोखा, पालिकास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, लैङ्गिक सरोकारका विषयगत अध्ययन, पालिका लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशन, जनप्रतिनिधि, कर्मचारी तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, सञ्जाल सदस्यमाझ अन्तरक्रिया, मूलप्रवाहीकरण समन्वय समितिको बैठक, लैङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक, लैङ्गिक सम्पर्क-विन्दु तथा सूचीकृत गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, संयुक्त स्थलगत अवलोकन, राजनीतिक दललगायतका सरोकारवालाको सहभागितामा समीक्षा बैठक ।

• सूचना, शिक्षा र सञ्चार

महिला संस्थाको तुलनात्मक विवरणिका, वार्षिक प्रगति प्रतिवेदन, वृत्तचित्र निर्माण, जनचेतनामूलक सन्देश प्रवाह, परिचय पन्ना (Brochure)/चित्र सन्देश (Poster)/चिरकटा (Sticker) प्रकाशन, दिवसीय कार्यक्रम, कार्यक्रमको सार्वजनिक परीक्षण ।

• आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन

मनोसामाजिक विमर्श केन्द्र स्थापना, लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन, महिला संस्था, समिति, समूहहरूको पुनर्जागरण, सामाजिक परिचालिका, महिला संस्थाका पदाधिकारी र व्यवस्थापकहरूलाई अनुशिक्षण, निगरानी समूह, समितिका सदस्यहरुलाई आपत्कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक ।

• सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा

महिला संस्थामा रेखदेख केन्द्र स्थापना र सेवा सञ्चालन, बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय उद्बोधन ।

• अनुगमन तथा मुल्याङ्कन

कार्यक्रमको अनुगमनका लागि प्रतिवेदनको पुनरावलोकन, कार्यक्रमको समीक्षा, स्थलगत अवलोकन, आमसञ्चारका माध्यममा प्रसारित समाचारको सर्वेक्षण र सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियाहरुको लेखाजोखा जस्ता अप्रत्यक्ष उपायहरु पनि अबलम्वन गरिन्छ। अनुगमनको मूलविधि भने स्थलगत अवलोकन नै रहेकोले विभागबाट तयार अनुगमन निर्दशनको आधारमा जिल्लामा वार्षिक कार्यक्रमको कार्यान्वयन, लक्षित महिलाको गतिशिलता, व्यवसायिक समूहको विकासक्रम, सामुदायिक संरक्षण प्रणाली, प्रशिक्षण क्रियाकलापको उपयोगिता, बालअधिकारको प्रचलन, सम्पर्क निकाय सेवा निष्कृय समूहको पुनराम्भ, साथ सम्पर्कको नियमितता, वित्तिय अनुशासनको पालना, सामाजिक परिचालनको अभिलेखिकरण, कर्मचारीमा आपसी भावना साथै जिल्लाको अग्रता वा समस्या आदिका विषयमा कार्यालयका कर्मचारी सँग नै बसी छलफल गर्ने, अभिलेख हेर्ने, स्थलगत अवलोकन तथा कार्यालयबाट संस्था, समिति र संस्थाबाट समिति, समूह सदस्यले गरेका कार्यको स्थलगत अनुगमन गर्ने परिपाटी रहेको थियो । यसका साथै सालबसाली रुपमा अभिप्राप्ती र अभिकार्य सूचकाङ्कको आधारमा कार्यालयबाट संस्थाहरुको र संस्थाले आफै आफ्नो पनि मूल्याङ्कन गर्ने परिपाटी समेत बसालिएको थियो ।

साविकमा सञ्चालित महिला विकास कार्यक्रम अन्तर्गतका उल्लिखित कार्यकलापहरू हाल स्थानीय तहमा समायोजन भएको हुँदा अब उप्रान्त स्थानीय तहबाट अझ बढी सघनताका साथ सञ्चालन हुने अपेक्षा गरिएको छ । महिलाहरुको सामाजिक रुपान्तरण र आर्थिक समुन्नतिका लागि केही न्यून कार्यक्रम शसर्त अनुदानमा परेका छन् । ससर्त अनुदानमा नपरेका महिला विकास कार्यक्रमका यावत् सम्भावना हासिल गर्ने गरी सम्पूर्णतामा कार्यक्रम र अन्तर्गतका सम्भाग एवं कार्यकलाप कार्यान्वयन गर्न स्थानीय तहको नेतृत्व, पहल र उल्लेखनीय स्रोत विनियोजनसमेत अति वाञ्छनीय छ । यस प्रतिवेदन महिला तथा बालबालिका विभाग अन्तर्गत महिला तथा बालबालिका कार्यालयबाट सम्पन्न गरिएका कार्यक्रमहरुको हालसम्मका उपलव्धीहरुलाई समेटने प्रयास गरिएको छ । स्थानीयतहबाट सञ्चालित कार्यक्रमहरुको केन्द्रमा प्रतिवेदन लिने प्रणाली स्पष्ट नभइ सकिएकोले यस प्रतिवेदनमा समेटन सकिएको छैन ।

३.३ हालसम्मको प्रगति

३.३.१ फैलावट

त्यसो त, महिला तथा बालबालिका विभागअन्तर्गत सञ्चालित जुनसुकै कार्यक्रम महिला विकास कार्यक्रम हो र महिला विकास कार्यक्रमअन्तर्गत नै पर्दछ । सुरू-सुरूमा महिला विकास कार्यक्रम आयोजनाहरूको सङ्गालोजस्तै थियो । खास गरी सन् १९९७ को डिसेम्बरमा ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम सम्पन्न भएपछि महिला विकास कार्यक्रमको मूलधार प्रकट भयो । महिला सशक्तीकरणका विभिन्न पक्षमा आयोजना थपिने र सम्पन्न हुने सिलसिला त अद्यापि छँदैछ । जे होस्, आव २०३९।४० मा पाँच जिल्लाबाट थालिएको कार्यक्रम क्रमशः २०५७/५८ सम्म ७५ वटै जिल्लामा पुगेको छ (तालिका ६) ।

तालिका ५ : महिला विकास कार्यक्रमको विस्तार

आ. व.	जिल्लाको सङ्ख्या	जिल्लाको नाम
२०३९/४०	५	धादिङ, तनहुँ, स्याङ्जा, नवलपरासी र सुर्खेत
२०४०/४१	७	झापा, इलाम, उदयपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, पाल्पा र दाङ
२०४१/४२	१३	मोरङ, दोलखा, मकवानपुर, गोरखा, लमजुङ, मुस्ताङ, म्यार्दी, रूपन्देही, कपिलवस्तु, सल्यान, प्युठान, डोटी र कैलाली
२०४२/४३	७	सर्लाही, बारा, काठमाडौँ, सुनसरी, रुकुम, रोल्पा र कञ्चनपुर
२०४३/४४	१	दैलेख
२०४४/४५	९	ताप्लेजुङ, पाँचथर, रामेछाप, सिन्धुली, महोत्तरी, जुम्ला, बाजुरा, अछाम र डडेल्धुरा
२०४५/४६	७	पर्सा, रौतहट, गुल्मी, अर्घाखाँची, बझाङ, बैतडी र दार्चुला
२०४९/५०	१५	सिराहा, सप्तरी, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, धनुषा, चितवन, ललितपुर, कास्की, बाँके र बर्दिया
२०५२/५३	३	भक्तपुर, पर्वत र बाग्लुङ
२०५७/५८	८	नुवाकोट, रसुवा, मनाङ, जाजरकोट, डोल्पा, हुम्ला, मुगु र कालिकोट
जम्मा	७५	

आ.व. २०५६।५७ देखि महिला विकास कार्यक्रमको देशव्यापी विस्तार प्रयासमा महिला जागृति तथा आयआर्जन कार्यक्रम लागू भयो । महिला जागृति तथा आयआर्जन कार्यक्रम अभियानसरि धेरै गाविसमा लागू भएको र कार्यान्वयन विधि (Modality) का केही पक्षमा साविकको कार्यक्रमभन्दा अलि फरक भएकाले उक्त कार्यक्रमलाई अलग्गै पनि चिन्न थालियो । भनाइको अर्थ, साविकको कार्यक्रमलाई महिला विकास कार्यक्रम र नयाँ कार्यक्रमलाई महिला जागृति तथा आयआर्जन कार्यक्रम भनी छुट्टयाउने चलन चल्यो ।

महिला जागृति तथा आयआर्जन कार्यक्रम देशका ७५ जिल्लाका ९०५ गाविससम्म पुग्यो । कार्यक्रम लागू गर्दा ५ वर्षभित्र ३,९१५ गाविस नै समेट्ने उच्च आकांक्षा राखिएको भए तापनि स्रोतको विनियोजन गर्दा सोअनुरूप हुन नसकेका कारण दोस्रो वर्षदेखि कार्यक्रम विस्तार भएन ।

महिला विकास कार्यक्रम र महिला जागृति तथा आयआर्जन कार्यक्रम दुवैका उद्देश्य विपन्न महिलाहरूको आर्थिक, सामाजिक विकास गर्नु नै भएको र अन्तर्गतका क्रियाकलाप पनि एकै प्रकृतिका भएका हुनाले ती दुवै कार्यक्रमलाई एकीकृत गर्ने निर्णय भएअनुरूप आ.व. २०६२/०६३ देखि महिला विकास कार्यक्रम नै एकीकृत कार्यक्रमको रूपमा सञ्चालित छ ।

आ.व. २०७४/७५ सम्म ७७ वटै जिल्लामा ४५९ गाँउपालिका तथा २९३ महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिकामा महिला विकास कार्यक्रम सञ्चालनमा रहेको छ । महिला विकास कार्यक्रमको क्षेत्र विस्तारको जिल्लागत विवरण **अनुसूची १** मा दिइएको छ ।

३.३.२ लक्षित समूह सहभागिता

आ.व. २०७४/७५ सम्ममा महिला विकास कार्यक्रमबाट २,०६,३४७ समूह बनाइएका छन्, जसमा ११,८९,०१५ जना महिला सम्मिलित छन् । समूहमा आबद्ध कुल सदस्यमध्ये १४.६९ प्रतिशत दलित, ३५.३० प्रतिशत जनजाति र ५०.०१ प्रतिशत अन्य समुदायका पर्दछन् ।

टोल-टोलमा समूह, वडा-वडामा समिति र गाउँ-गाउँमा संस्था गठन गरी सङ्घीकरणको जगलाई आर्थिक, सामाजिक रूपले बलियो बनाउने अभियानअनुरूप २,०६,३४७ समूहबाटै २५,७८७ समिति र २,०८५ संस्थाहरू गठन भएका छन् । सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएका महिला विकास कार्यक्रमबाट प्रवर्धित संस्थाको सङ्ख्या १,९२४ पुगिसकेको छ भने थप १६१ संस्था दर्ताको क्रममा रहेका छन् । कार्यक्रममा गोलबन्द लक्षित समूहलाई कानुनी हैसियतसमेत दिलाई दिगो पार्न र आर्थिक क्रियाकलाप सञ्चालन गर्न सक्ने तुल्याउन सहकारी संस्थाको रूपमा दर्ता हुन प्रोत्साहन दिइएको छ ।

महिला विकास समूह, समिति, संस्थाले आयआर्जन, बचत सङ्कलन र परिचालन तथा सामुदायिक विकासका कार्यमा भूमिका लिएका छन् । कार्यक्रमको अभाव वा अन्य विभिन्न कारणले निष्क्रिय रहेका समूहलाई सहजकर्ताको साथ, सम्पर्क बढाएर निष्क्रिय समूहलाई पुनः क्रियाशील तुल्याउने प्रयास भएको छ ।

समूह सङ्ख्याको अनुपातमा समिति सङ्ख्या न्यून छ, यसो हुनुमा संस्था दर्ता भैसकेपछि समितिको भूमिकालाई कतिपय स्थानमा गौण देख्नु पनि हो । विगत को तुलनामा समितिको महत्वलाई आत्मसात् गर्दै गठनको क्रम बढेको छ । हालसम्म २५,७८७ वटा समितिहरू गठन भएका छन् । संस्था दर्ता भैसकेपछि समूहको बचतलाई संस्थामा एकीकरण गरी आर्थिक, सामाजिक क्रियाकलापमा समितिलाई समूह र संस्थाबीच सेतुको भूमिकामा प्रतिस्थापित गर्न सदस्य समुदायलाई अभिप्रेरित गरिएको छ । महिला विकासका समूह सङ्ख्या, समूहमा जुटेका सदस्य सङ्ख्या, निगरानी समूह, समिति र संस्थाको जिल्लागत विवरण **अनुसूची** २ मा दिइएको छ ।

३.३.३ बचत परिचालन

विपन्न महिलालाई स्थानीय साहुकारको चक्रवृत्ति व्याजको मारबाट पार पाउन, गर्जो टार्न र सानातिना उद्यम, व्यवसाय चलाउन सक्ने बनाउनका लागि पेवा बढाउने कार्यक्रमको रूपमा सुरूको अवस्थादेखि नै समूह बचत परिचालन कार्य जारी छ । कार्यक्रमको थालनीका समयमा बैङ्कको कर्जा प्राप्ति तथा नियमित कर्जा असूलीमा निश्चितताका लागि पनि बचतको व्यवस्था गरिएको थियो । नियमित बचत गर्ने बानीको विकास भएपछि बैङ्कको मात्र भर नपरी आफ्नै बचतबाट दैनिक व्यवहार चलाउन र ग्रामीण व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजीको माग पूरा गर्न सकिएको छ ।

नियमित बचतकै परिणामस्वरूप महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित समूह, समिति र संस्था तहमा समेत जम्मा रु. ५ अर्ब ९४ करोड ३६ लाख बचत सङ्कलित छ । सङ्कलित बचतमध्ये रु. १३ करोड ७५ लाख समूहमा, रु. ७० करोड २९ लाख समितिमा र रु. ५ अर्ब १० करोड ३१ लाख संस्थाको तहमा रहेको छ । संस्था गठन नभएसम्म समूह, समितिमा बचत जम्मा गरे तापनि संस्था गठन र दर्तापश्चात् संस्थामा बचत एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । अनुपातका अर्थमा समूहमा २.३१ प्रतिशत, समितिमा ११.८३ प्रतिशत र संस्थामा एकीकरण भैसकेको बचत ८५.८६ प्रतिशत हुन्छ ।

बचत सङ्कलन एउटा पाटो हो भने त्यसको उच्चतम परिचालन अर्को । कुल बचतमध्ये रु. ५ अर्ब ५८ करोड २५ लाख लगानीमा परिचालन भैरहेको पाइएको छ जसबाट सदस्यहरूले विभिन्न व्यवसाय क्रियाकलापहरू सञ्चालन गरेका र सोबाट ग्रामीण ऋण ग्रस्तता घटाउन समेत सहयोग पुगेको छ । समूह, समिति र संस्थामा सङ्कलित बचत र लगानीमा रहेको बचतको जिल्लागत विवरण **अनुसूची ३** दिइएको छ ।

३.३.४ चालुकोष परिचालन

बैङ्क वा अन्य संस्थागत स्रोतबाट पूरा नहुने समूह सदस्यका तात्कालिक सामाजिक एवं खायन (Consumption) ऋण आवश्यकता पूरा गर्न चालुकोष (Revolving Funds) को विचार गरिएको हो ।[१२] यता महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित समूहहरूको वित्तको वैकल्पिक स्रोतको रूपमा चालुकोषलाई लिइएको छ । चालुकोषलाई महिला समिति, संस्था

१२ Women Development Programme: Progress Report Fiscal Year 1995/96 (ललितपुर, स्थानीय विकास मन्त्रालय, महिला विकास महाशाखा), पृ. २३ ।

अन्तर्गत परिचालित बचत सुरक्षित गर्ने वित्तीय साधनको रूपमा पनि हेर्न सकिन्छ ।

नेपाल सरकारका साथै विभिन्न दातृ-स्रोतबाट प्राप्त रकम कोषमा जम्मा गरिन्छ । नेपाल सरकारबाट स्वीकृत चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका, २०६० अनुसार प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय अनि केन्द्रमा विभागबाट कोषको सञ्चालन व्यवस्था मिलाइन्छ भने लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिन्छ ।

कोषबाट महिला तथा बालबालिका कार्यालयले जिल्लाभित्रका महिला समिति, संस्थालाई प्राथमिकताका आधारमा बीउपुँजी प्रदान गर्दछ । बीउपुँजीको व्याज २ प्रतिशत छ र ३ वर्षपछि सो फिर्ता गर्नुपर्ने प्रावधान छ । महिला समिति, संस्थाको कार्य हेरेर अरू २ वर्ष म्याद थप गर्न पनि सकिन्छ । महिला समिति, संस्थाले बीउपुँजीबाट आफ्ना सदस्यहरूलाई ऋण प्रदान गर्दछन् ।

आ.व. २०४४/४५ देखि नै १० जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूमा परीक्षणको रूपमा चालुकोषको व्यवस्था गरिएको हो । आ.व. २०४८/४९ मा कोषका लागि संयुक्त राष्ट्रसङ्घीय बालकोषले एकैपल्ट २३ जिल्लामा ५० हजारका दरले रकम उपलब्ध गराएको थियो । कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को तर्फबाट आ.व. २०५१/५२ मा गोरखा र आ.व. २०५२/५३ मा म्याग्दीका लागि रु. १०-१० हजार अनि आ.व. २०५३/५४ मा १८ जिल्लामा २० देखि ५० हजारसम्म दिइएको र क्रमशः ५२ जिल्लामा कोषको व्यवस्था गरिएको देखिन्छ । त्यस्तै, जर्मन प्राविधिक सहायता नियोग (GTZ) ले गोरखा र धादिङ दुई जिल्लामा चालुकोष स्थापनाका लागि रु. ९५ हजार सहयोग गरेको थियो । आ.व. २०५५/५६ मा संयुक्त राष्ट्र सङ्घीय बालकोषले तनहुँ र नवलपरासीका लागि रु. १६ लाख चालुकोषमा थपेको थियो ।

चालुकोषबाट प्राप्त बीउपुँजी विनियोजनको अधिकार (Power to appropriate resources) महिला समिति, संस्थालाई नै भएको तथा त्यस्तो बीउपुँजीले विभिन्न अर्थमा टेवा पुऱ्याएकोले जिल्लाहरूबाट चालुकोष थप गर्ने माग भएको सन्दर्भमा नेपाल सरकारबाट स्रोतको उपलब्धताको आधारमा विभिन्न समयमा रकम विनियोजन हुँदै आएको छ ।

आ.व. २०५७/५८ मा २५ जिल्लाका लागि रु. ४६ लाख ३३ हजार, आ.व. २०५८/५९ मा ७५ जिल्लाका लागि रु. १२ लाख ३६ हजार र आ.व. २०६०/६१ मा ७५ जिल्लाका लागि रु. १९ लाख २० हजार चालुकोषमा थपियो । पछि आ.व. २०६१/६२ मा ४६ जिल्लाका लागि रु. ६४ लाख ४४ हजार, आ.व. २०६२/६३ मा २१ जिल्लाका लागि रु. २१ लाख (DACAW कार्यक्रम अन्तर्गत), आ.व. २०६३/६४ मा १५ जिल्लाका लागि रु. ६० लाख, आ.व. २०६४/६५ मा ४८ जिल्लाका लागि रु. ४८ लाख र आ.व. २०६५/६६ मा २० जिल्लाका लागि रु. २२ लाख ५० हजार चालुकोषतर्फ विनियोजन भयो । त्यस्तै, चालुकोषमा आ.व. २०६६/६७ मा ७४ जिल्लाका लागि रु. ३० लाख, आ.व. २०६७/६८ मा २१ जिल्लाका लागि रु. १२ लाख ४० हजार, आ.व. २०६८/६९ मा २० जिल्लाका लागि रु. २१ लाख, आ.व. २०६९/७० मा १६ जिल्लाका लागि रु. ५ लाख, आ.व. २०७०/७१ मा ३४ जिल्लाका लागि रु. ३४ लाख र आ.व. २०७१/७२ मा २७ जिल्लाका लागि रु. ५१ लाख ९० हजार, आ.व. २०७२/७३ मा ७ जिल्लामा रु. ९ लाख ५० हजार, आ.व. २०७३/७४ मा ३२ लाख तथा आव २०७४/७५ मा ९ जिल्लामा ८ लाख ५० हजार चालुकोष बीउँपूजी रकम उपलब्ध गराइएको थियो ।

हाल (२०७५ आषाढ मसान्तसम्म) चालुकोषको साँवा रु. १३ करोड ३८ लाख ९७ हजार छ भने व्याज रु. २ करोड १९ लाख ५ हजार गरी जम्मा रु. १५ करोड ५८ लाख २ हजार मा ८ करोड १ लाख ५३ हजार परिचालनमा रहेको छ भने ६ करोड ७७ लाख ८१ हजार बैङ्क खातामा रहेको (हालको परिवर्तित सन्दर्भमा लगानी तथा पुनः लगानी नभएकोले बैङ्क खातामा बढी रकम रहेको) र बाँकी विविध अवस्थामा रहेको छ । चालुकोषको जिल्लागत विवरण **अनुसूची ४** मा हेर्न सकिन्छ ।

३.३.५ प्रगति

महिला विकास कार्यक्रमको थालनीदेखि हालसम्म उपलब्ध तथ्याङ्कको आधारमा विभिन्न पक्षमा हासिल गर्न सकिएको प्रगति तालिका ६ मा दिइएको छ ।

तालिका ६ : महिला विकास कार्यक्रमको समष्टिगत प्रगति (आ.व. २०३५।४० देखि २०७३/७४ सम्म)

क्र.स.	क्रियाकलापको नाम	एकाइ	जम्मा	कैफियत
फैलावट				
१.	कार्यक्रम सञ्चालित जिल्ला	सङ्ख्या	७७	
२.	कार्यक्रम सञ्चालित गाउँपालिका	सङ्ख्या	४५९	१ गापा बाँकी
३.	कार्यक्रम सञ्चालित महा/उप/ नगरपालिका	सङ्ख्या	२९३	
संस्थागत विकास				
५.	गठन भएका महिला समूह	सङ्ख्या	२०६३४७	
६. ६.१ ६.२ ६.३	समूहमा सम्मिलित महिला दलित जनजाति अन्य	जना जना जना जना	११८९०१५ १७४६०५ ४१९७३९ ५९४६७१	 १४.६९ प्रतिशत ३५.३० प्रतिशत ५०.०१ प्रतिशत
७.	गठन भएका महिला समिति	सङ्ख्या	२५७८७	
८.	दर्ता भएका महिला संस्था	सङ्ख्या	१९२४	
९.	तदर्थ महिला संस्था	सङ्ख्या	१६१	
स्रोत परिचालन				
१०.	महिलाहरूको सामूहिक बचत	रु.	५,९४,३६,७९,०५५	
१०.१ १०.२ १०.३	समूह समिति संस्था		१३,७५,९६,१६३ ७०,२९,६५,१८० ५,१०,३१,१७,७१२	
११.	जम्मा लगानीमा रहेको	रु.	५,५८,२५,९५,४३२	
१२. १२.१ १२.२	चालुकोष मूलधन व्याज	रु. रु. रु.	१५,५८,०२,५४१ १३,३८,९७,४३८ २,१९,०५,१०३	
प्रशिक्षण				
१३.	समूह सदस्यको अनुशिक्षण	जना	४,५८,६१६	
१४.	लैङ्गिक चेतना जागरण तालिम	जना	९६,६४९	
१५.	आधारभूत तालिम	जना	१,८६,००५	
१६.	नेतृत्व तथा संस्थागत विकास तालिम	जना	४६,१०४	
१७.	प्रजनन स्वास्थ्य सचेतना तालिम	जना	१,२२,९३८	
१८.	व्यवसायमूलक सीप विकास तालिम	जना	१,८०,६८८	
१९.	कानुनी चेतना जागरण तालिम	जना	१९,४३४	
२०.	सामाजिक समावेशीकरण तालिम	जना	३,३७३	
२१.	सासू-बुहारी अन्तरक्रिया	जना	२३,३५९	

क्र.स.	क्रियाकलापको नाम	एकाइ	जम्मा	कैफियत
२२.	बालविकास चेतना जागरण तालिम	जना	५,५८७	
२३.	अध्ययन, अवलोकन तथा रेखाङ्कन भ्रमण	जना	२०,९७८	
२४.	सामुदायिक संरक्षण प्रणाली	जना	१६,३६२	
२५.	किशोरा विकास तालिम	जना	२७,०११	
२६.	लेखापालन तालिम	जना	६,१७०	
२७.	कर्मचारीहरूलाई लैङ्गिक योजना तथा परीक्षण तालिम	जना	१,११३	
अन्य				
२८.	उत्कृष्ट महिला संस्था पुरस्कार	सङ्ख्या	७०	
२९.	महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा	सङ्ख्या	१,१२५	
३०.	वडा समितिअन्तर्गत निगरानी समूह गठन र परिचालन	वडा	११,८२४	
३१.	मनोसामाजिक विमर्श केन्द्र	वटा	३६	
३२.	अल्पकालिकन आश्रय सहितको सेवाकेन्द्र	वटा	३६	१७ नियमित तर्फ, १९ रा.म.उ.तर्फ

वार्षिक कार्यक्रमको कार्यान्वयन

४.१ समष्टिगत प्रगति

आ.व. २०७४/७५ मा विभाग र अन्तर्गतका कार्यालयहरूबाट बजेट शीर्षक नं. ३४०१०१३ र ३४०१०१४ को महिला विकास कार्यक्रम, केन्द्रस्तर र ३४०८०२३ र ३४०८०२४ को महिला विकास कार्यक्रम, जिल्लास्तर सञ्चालित थिए। वैदेशिक सहयोगका आयोजनामा बजेट शीर्षक नं. ३४०११२३ को लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम, केन्द्र तथा जिल्लास्तर तथा आव २०७३/७४ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रम समेत गरी राष्ट्रिय प्राथमिकताप्राप्त (P1) चारवटा आयोजना कार्यान्वयन भएका थिए

आ.व. २०७४/७५ मा महिला विकास कार्यक्रम (केन्द्र र जिल्लास्तर) बाट हासिल भएका उपलब्धि निम्नानुसार रहेको छ।

कार्यक्रमको नामः महिला विकास कार्यक्रम (केन्द्रस्तर)

बजेट उपशिर्षक नं.: ३४०१०१३ र ३४०१०१४

- ☐ वार्षिक भौतिक प्रगति : ६३.३४%
- ☐ वार्षिक वित्तिय प्रगति : ४३.९३%

कार्यक्रमको नामः महिला विकास कार्यक्रम (जिल्लास्तर)

बजेट उपशिर्षक नं.: ३४०८०२३ र ३४०८०२४

- ☐ वार्षिक भौतिक प्रगति : ६०.९८%
- ☐ वर्षिक वित्तिय प्रगति : ४८.०५%

कार्यक्रमको नामः लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम

बजेट उपशिर्षक नं.: ३४०११२३ र ३४०११२४

- ☐ वार्षिक भौतिक प्रगति : ३६.४३%
- ☐ वर्षिक वित्तिय प्रगति : २७.९९%

कार्यक्रमको नामः राष्ट्रपति महिला उत्थान कार्यक्रम

बजेट उपशिर्षक नं.: ३४०११३

- ☐ वार्षिक भौतिक प्रगति : ८४.४३%
- ☐ वर्षिक वित्तिय प्रगति : ७२.९७%



४.२ महिला विकास कार्यक्रम, केन्द्रस्तर

महिला विकास कार्यक्रम (केन्द्रस्तर) मा जम्मा ३७ वटा क्रियाकलापमध्ये पुँजीगत खर्चका ४ वटा र चालु खर्चका ३३ वटा थिए ।

पुँजीगत खर्चतर्फ सम्भाग छुट्टयाइएको थिएन भने चालु खर्चतर्फका क्रियाकलाप ४सम्भागमा राखिएका थिए :

- सामाजिक सुरक्षा
- जनशक्ति विकास
- अनुगमन, अभिलेखीकरण तथा संस्थागत सुदृढीकरण
- महिला सशक्तिकरण
- मानव बेचबिखन नियन्त्रण
- बालअधिकारको प्रवर्धन

पुँजीगत खर्चमा विभागको सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा फिक्चर्स र कर्मचारी तथा सेवाग्राहीसँग आउने शिशुका लागि शिशुस्याहार कक्षका लागि जम्मा १ करोड १५ लाख ६५ हजार को व्यवस्था भएको थियो । चालु खर्चमा **सामाजिक सुरक्षा**अर्न्तगत सार्ववनिक भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउने सन्दर्भमा राष्ट्रिय/क्षेत्रीयस्तरका संघ/संस्थासँग अन्तरक्रिया, अनुदानप्राप्त संस्थाहरूबीचको प्रदेशहरूमा अन्तरक्रिया, सामाजिक सुरक्षा अनुदान निर्देशिका बमोजिम छनौट समितिको बैठक, ज्येष्ठ नागरिकहरूका लागि सञ्चालित दिवा सेवा केन्द्रहरूमा आयमूलक कार्य सञ्चालन सम्बन्धि अध्ययन, ज्येष्ठ नागरिकका लागि भएका सुविधा एवं कानुनका विषयमा सरोकारवालासंग अन्तरक्रिया सञ्चालन गरियो ।

जनशक्ति विकासअन्तर्गत नयां कर्मचारीहरूको अनुशिक्षण ५ समूह, ग्रामीण व्यवसाय प्रवर्धनकर्ता प्रशिक्षण ३ समूह, केन्द्रस्तरका कार्यालयको लैङ्गिक बजेट परिक्षण ५ वटा तथा नेतृत्व तथा संस्थागत विकास प्रशिक्षण ५ समूहमा सम्पन्न गरियो ।

अनुगमन, अभिलेखीकरण तथा संस्थागत सुदृढीकरणअन्तर्गत संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक, केन्द्रस्तर, वार्षिक समीक्षा, योजना तर्जुमा गोष्ठी र बेरुजु फछ्यौट सम्बन्धी गोष्ठी, अन्तरजाल पहुंच तथा आन्तरिक संचार प्रणालीको सुदृढिकरण, अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा महिला विकास कार्यक्रमद्वारा प्रवर्धित उत्तम महिला संस्था पुरस्कार, महिला विकास कार्यक्रमद्वारा प्रवर्धित संस्थाहरूको तुलनात्मक विवरणिका संकलन तथा प्रकाशन, ७५ जिल्लाका विभिन्न विवरणहरू सङ्कलन, तयारी र प्रविष्टि, महिला विकास कार्यक्रम मार्गदर्शन तयारी र प्रकाशन, महिला विकास कार्यक्रममा आवद्ध सदस्यहरूको विवरण तथ्याङ्क सङ्कलन, अनुशिक्षण, दिवसीय कार्यक्रम, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र छपाई र वितरण, नयाँ लक्षित वर्गमा कार्यक्रम संचालनको लागि महिला विकास कार्यक्रमद्वारा प्रवर्धित सहकारी संस्थाहरूको परिचालन नमूनाको रूपमा ५ जिल्ला, तथा कार्यक्रमको सघन अनुगमन १५ जिल्ला समावेश थिए ।

महिला सशक्तिकरणअन्तर्गत कर्मचारीहरूको लागि लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वस्थ्य सम्बन्धि तालिम, विभाग/प्रमुख मविअ/मविअ लगायतका कर्मचारीहरूका लागि तनाव व्यवस्थापन तथा सकारात्मक सोच सम्बन्धि तालिम तथा किशोरी कार्यक्रमको अनुगमन सम्पन्न गरिएको थियो ।

मानव बेचविखन नियन्त्रणअर्न्तगत केन्द्रिस्तरमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरू बिच अन्तरक्रिया, मानव बेचविखन तथा ओसारपुार नियन्णका क्षेत्रमा जिल्ला पुनर्रस्थापना केन्द्र संचालन गर्ने संस्थाका कर्मचारी एवंम कार्यालयका कर्मचारीहरूको कार्यशाला सम्पन्न गरिएको थियो ।

बाल अधिकारको प्रवर्धनअन्तर्गत तालिम सामाग्री परिमार्जन, उत्पादन, प्रशारण, केन्द्रियस्तरमा बालबालिका क्षेत्रमा कार्य गर्ने सरकारी ततथा गैरसरकारी संस्थाहरू बिच अन्तरक्रिया, जिल्लास्थित कार्यालयका

कर्मचारीहरूलाई बालअधिकार, बालसंरक्षण र बालगृह मापदण्ड र अनुगमन सम्बन्धि तालिम सञ्चालन गरियो ।

महिला विकास कार्यक्रम (केन्द्रस्तर) को भौतिक प्रगति प्रतिशत ६३.३४ पुग्यो भने वित्तीय प्रगति प्रतिशत ४३.९३ भयो । क्रियाकलापगत विवरण अनुसूची ५.क मा दिइएको छ ।

४.३ महिला विकास कार्यक्रम, जिल्लास्तर

(अ) पुँजीगत खर्चअन्तर्गत

क. कार्यालय भवन निर्माण १९ जिल्ला मा गर्ने गरी कार्यक्रम राखिएको थियो । तालिका ७ मा कार्यालय भवन निर्माणको अद्यावधिक अवस्था दिइएको छ ।

तालिका ७ : महिला तथा बालबालिका कार्यालय भवन निर्माण

सि.नं.	तर्फ	आव २०७४/७५ (असार मसान्तसम्म) को अवस्था			
		निर्माण सम्पन्न	निर्माणाधीन	जम्मा	कैफियत
१.	आफ्नै विनियोजन	२५ जिल्ला : इलाम, डोटी, कालिकोट, पर्वत, कास्की, धादिङ, सिन्धुपाल्चोक, उदयपुर, बाँके, सुर्खेत, बाग्लुङ, संखुवासभा, मोरङ, मकवानपुर, ताप्लेजुङ, जुम्ला, ओखलढुङ्गा, दोलखा, म्याग्दी, रुकुम, प्यूठान, रूपन्देही, पाल्पा, कपिलवस्तु र नवलपरासी	६ जिल्ला : , तनहुँ, रसुवा, चितवन, गुल्मी, बर्दिया, धनकुटा	३१ जिल्ला	
२.	शान्ति तथा पुनः निर्माण मन्त्रालय	४ जिल्ला : अर्घाखाँची, अछाम, खोटाङ र सोलुखुम्बु	-	४ जिल्ला	
३.	महाकाली एकीकृत ग्रामीण विकास परियोजना	१ जिल्ला : बैतडी	-	१ जिल्ला	
४.	जिल्ला बालकल्याण समिति	१ जिल्ला : गोरखा	-	१ जिल्ला	भवन तथा शहरी विकास कार्यालयको तर्फबाट एक कोठा थप भएको ।
जम्मा		३१ जिल्ला	६ जिल्ला	३७ जिल्ला	

कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्त भएका जिल्लाहरू : लमजुङ, झापा, दैलेख

ख. कार्यालय उपकरण

४५ जिल्लामा **मेसिनरी औजार** का लागि रु. ४७ लाख ७८ हजार र ४२ जिल्लामा फर्निचर तथा फिक्चर्सका लागि बजेट रु. ८० लाख ४८ हजार, २० जिल्लामा सवारी साधन खरिदका लागि रु. ४५ लाख २० हजार को कार्यक्रम कार्य सम्पन्न भएको छ ।

(आ) चालुखर्च शिर्षकका सम्भाग अन्तर्गत

लक्ष्यित समुह सहभागिताअन्तर्गत ४२३० समूह र ६६१ समिति (निगरानी समुह समेत) गठन र परिचालन ।

महिला समितिअन्तर्गत व्यावसायिक समूह विकाससम्भागअन्तर्गत ५ पटक व्यापार मेला सम्पन्न गरियो ।

'गरिबीविरुद्ध महिला' अभियानअन्तर्गत घरधुरीको समूहीकरणमा ३८४ समूह गठन वा पुनर्गठन, ६३ समिति गठन वा पुनर्गठन, १८५ पटक सहजीकरण, सम्बन्धन एवं अभिलेखीकरण गरिएको ।

विद्यालयविमुख किशोरीको बहुआयामिक विकासअन्तर्गत ५७ किशोरी सूचना तथा परामर्श केन्द्र, ५४ संस्थालाई महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, ४ पटक महिनावारी सरसफाई सम्बन्धी सचेतना कार्यक्रम विद्यालयस्तर १ दिने, ३१ पटक किशोरी जागरण समूह र वृत्त गठन गरियो ।

मुक्त कमलरी सशक्तीकरणअन्तर्गत महिला संस्थाअन्तर्गत ६ वटा मुक्त कमलरी समूह गठन, ३ पटक सहजीकरण, सम्बन्धन एवं अनुगमन गरियो ।

मुलप्रवाहीकरण सर्म्पक निकाय सेवाअन्तर्गत क्षेत्रगत कार्यालयको सहभागितात्मक लैङ्गिक लेखाजोखा र संयुक्त कार्ययोजना तर्जुमाअन्तर्गत ४ पटकगाविसस्तरीय लेखाजोखा, १ दिने, ४ पटक जिल्लास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, २ दिने, ६ पटक जिल्लास्तरी लैङ्गिक विश्लेषण, १ पटक जिल्ला लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशन, १६० पटक मूलप्रवाहीकरण समन्वय समितिको बैठक, ३० पटक लैङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक, १८ पटक विषयगत कार्यालयका तर्फबाट, २१ पटक मूलप्रवाहीकरण समन्वय समितिका तर्फबाट संयुक्त स्थलगत अवलोकन, १६ पटक राजनीतिक दललगायतका सरोकारवालको सहभागितामा समीक्षा बैठक सम्पन्न गरियो ।

सामाजिक परिचालनअर्न्तगत ५२७ जनालाई सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता, ५९७ पटक परिचालिका भ्रमण तथा बैठक खर्च, ६०२४ पटक कार्यक्षेत्रका प्रत्येक वडामा चौमासिक साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन, सहजीकरण एवं स्रोत सेवा (प्रतिगाविस रु.६,०००/विकास लागत २-२.५ जिल्ला रु. ९,०००/विकास लागत ३ जिल्ला रु. १२,०००)

बालअधिकारको सम्बर्द्धनअन्तर्गत ७० पटक संरक्षणका सवाल तथा विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापन तथा घटना व्यवस्थापन, ७७ पटक बालगृहहरूको संयुक्त निरीक्षण, ३५ पटक बालसंरक्षणसंग सम्बन्धित तथ्याङ्क संकलन तथा सेवाको श्रोत नक्साङ्कन, ३२१ पटक बालसंरक्षणका सम्बन्धमा विद्यालय अभियान कार्यक्रम, गाँउस्तरीय (लैङ्गिक हिंसा/बालविवाह विरुद्ध, जिल्लाको मुद्दा अनुसार)

छाउपडी प्रथाविरुद्द सामाजिक जागरणअन्तर्गत ३७ पटक छाउपडी प्रथाविरुद्ध अन्तरपुस्ता अन्तरक्रिय कार्यक्रम, १ दिने, गाउँस्तर, ५ परिवारलाई छाउपडी प्रथाविरुद्ध सामाजिक जागरण ल्याउने परिवारलाई सम्मान (महिला दिवसको अवसरमा)

आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालनअन्गर्तत १३४ पटक संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक ११९ पटक सम्पन्न गरियो ।

सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा अन्तर्गत ४ पटक अभिभावक सम्मान भेला सञ्चालन गरियो ।

मानव बेचबिखन नियन्त्रणअन्तर्गत १२ मानव वेचविखन विरुद्धको गाँउ समिती गठन, ४०७ पटक गाउँ समितिको बैठक सञ्चालन, १७ पटक डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमन (काठमाडौँ, ललितपुर, भक्तपुर, पर्सा, मोरङ, कास्की, बाँके, चितवन र रूपन्देही), ४७ पटक मानव वेचविखन विरुद्धकाम गर्ने सस्था र कार्यलय वीच अर्न्तक्रिया, ४३ पटक जिल्ला पुनर्स्थापना कोषमा अनुदान, १३७ जिल्ला समितिको बैठक, ५ पटक पुनर्स्थापना गृहहरूको निरीक्षण

यसरी महिला विकास कार्यक्रम (जिल्लास्तर) तर्फ आ.व. २०७४/७५ मा ६०.९८ प्रतिशत भारित प्रगति र ४८.०५ प्रतिशत वित्तीय प्रगति हासिल हुन सकेको छ । जिल्लागत प्रगति विवरण अनुसूची ५.ख मा समावेश गरिएको छ ।

४.४ सेवा केन्द्र सञ्चालन

सामाजिक परिचालनबाट महिलाउपर हुने घरेलु हिंसा रोकतोक गर्न सकिन्छ भन्ने अब साबित भैसकेको छ । पारिवारिक परिवेशभित्र छिप्ने गरेका घटना उजागर गर्न अनि प्रभावितलाई विधिवत न्याय दिलाउन छिमेकी सक्रियता प्रभावकारी

देखिएको छ । छिमेकी सहयोगका फाइदा उल्लेखनीय छन् । छिमेक छेउमै हुन्छ, जत्तिखेर पऱ्यो त्यत्तिखेरै जुटिहाल्दछ । छिमेकी चासो स्वाभाविक हुन्छ; त्यसलाई 'हस्तक्षेप' भन्न मिल्दैन । समाज नै सचेत भएपछि सहनशीलतामुनि पनि अन्यायले बास पाउँदैन । प्रभावितले उजुरी गरून् वा नगरून् - वल्लो-पल्लो घरमा थाहा पाइहालिन्छ । छिमेकीको त 'डर' नै पनि निवारक हुन्छ । छिमेकीले 'हस्तक्षेप' गरेपछि घटनाको पुनरावृत्ति भएको हत्तपत्त भेटिएको छैन । आफन्त र छिमेकीमा त्यही अन्तर छ । आफन्तको लाख प्रयत्न व्यर्थ होला तर समाजले भनेपछि सुधिन कर लाग्दछ ।

वास्तवमा सुखशान्तिको पर्यायवाची घरभित्रै अनगिन्ती महिलाले प्रताडित हुनु परिरहेको विडम्बनाको अन्त्य व्यापक सामाजिक अभियानबाटै सम्भव हुन्छ । सामुदायिक प्रयास र सक्रियताबाटै घरेलु हिंसाबाट प्रभावित महिलाहरूको संरक्षणतर्फ ध्यान दिएर आ.व. २०६६/०६७ देखि १५ जिल्लामा र २०७०।०७१ मा थप २ जिल्लामा गरी जम्मा १७ जिल्ला सेवा केन्द्र र सामुदायिक सेवा केन्द्र सञ्चालनमा रहेका छन् । महिला संस्थाहरूको समन्वयमा प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालन गरिएको छ । सेवा केन्द्रको अगुवाइमा प्रभावित महिलाहरूका लागि औषधोपचार, मनोसामाजिक विमर्श, कानुनी परामर्श, सीप विकासलगायतका पक्षमा आवश्यक सेवा तथा सुविधा प्रदान गर्दै आइएको छ ।

पाँचथर, सोलुखुम्बु, सुनसरी, सप्तरी, सर्लाही, काभ्रेपलाञ्चोक, मकवानपुर, नवलपरासी, तनहुँ, बाग्लुङ, दाङ, बर्दिया, डोटी, जुम्ला, कञ्चनपुर, रौतहट र प्युठान जिल्लाहरूमा केन्द्र सञ्चालनमा रहेकोमा यस आव २०७४/७५ देखि यो कार्यक्रम बजेट वित्तिय समानिकरणअन्तर्गत स्थानीय तहमा अनुदानमा गई सञ्चालन गरिएको छ ।

स्थानीय तह अनुसारको विवरण **अनुसूची ८** मा राखिएको छ ।

४.५ परिचय-पत्र

४.५.१. अपाङ्गता

अपाङ्गता भएका व्यक्तिहरूको हितको संरक्षण र संवर्द्धन गर्न, तिनका स्वास्थ्य, शिक्षा, रोजगारी, तालिम, पुर्नस्थापना तथा अवसरमा समानीकरण गराउँदै विकास प्रक्रियामा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएका सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउन अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ५ अनुसार अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्र वितरणको कार्य गरिँदै आइएको हो । आ.व. २०५६/०५७ देखि सहायक प्रमुख जिल्ला अधिकारीलाई समाजकल्याण अधिकारी तोकी परिचय-पत्र उपलब्ध गराउँदै आइएकोमा २०६३ सालदेखि महिला विकास अधिकृतलाई समाजकल्याण अधिकृतको जिम्मेवारी दिई ७५ वटै महिला तथा बालबालिका कार्यालयमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्ग परिचय-पत्र उपलब्ध गराउने कार्य गरिएको छ ।

नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) मा प्रकाशित अपाङ्गताको परिभाषा र वर्गीकरण- अनुसार नै अपाङ्गता परिचय-पत्र वितरण गरिन्छ । नेपाल सरकारले अपाङ्गता परिचय-पत्र वितरणको कार्यलाई प्रभावकारी बनाउन अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्र वितरण निर्देशिका, २०६५ बनाएको छ । निर्देशिकाअनुसार अपाङ्गताको मात्राको आधारमा चारथरी परिचय-पत्र जारी गरिन्छ । पूर्ण अशक्तलाई (क वर्ग - रातो रङ), अति अशक्तलाई (ख वर्ग - निलो रङ), मध्यमलाई (ग वर्ग - पहेँलो रङ) र सामान्यलाई (घ वर्ग - सेतो रङ) को अपाङ्गता परिचय-पत्र दिइन्छ । साविक महिला तथा बालबालिका कार्यालयबाट २०७५ असार मसान्तसम्म वितरित परिचय-पत्रको अवस्था निम्नानुसार रहेको छ :

क वर्ग		ख वर्ग		ग वर्ग		घ वर्ग		कुल जम्मा
महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	
१६९५१	२४०७१	३४३६५	४७८२७	३१०९३	४५४९२	२०५७७	३०९६०	२५१३३६

अपाङ्गता परिचय-पत्र वितरणको जिल्लागत विवरण अनुसूची ६ मा समावेश गरिएको छ ।

हाल अपाङ्गता अधिकार ऐन २०७४ अनुसार अपाङ्गता परिचय-पत्र वितरण कार्य स्थानीय तहबाटै हुने व्यवस्था गरिएको छ ।

४.६ विभिन्न ऐन तथा निर्देशिकाहरूबाट जिल्लामा स्थापना भएका निश्चित प्रयोजनका कोषहरूको विवरण

(लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन नियन्त्रण कोष, एकल महिला सुरक्षा कोष, आपत्कालीन बाल उद्धारकोष, ...) निश्चित प्रयोजनका लागि जिल्लामा स्थापना भएका विभिन्न कोषहरूको जिल्लागत विवरण अनुसूचि ७ मा समोवेश गरिएको छ । हाल कार्यालय खारेज भई सकेको सन्दर्भमा निर्देशिकाहरू परिमार्जनको क्रममा रहेको छन् ।

४.६.१ लैङ्गिक हिंसा निवारण कोष

लिङ्गको आधारमा गरिने हिंसा भनेको मानव अधिकारको हनन हो । आजभन्दा ७० वर्षअघि नै विश्वका सबै राष्ट्रहरूले स्वीकार गरिसकेको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सबै व्यक्तिहरूलाई स्वतन्त्र एवम् समान रूपले बाँच्ने अधिकार प्रदान गरेको छ । महिला तथा किशोरीहरू भने डर, त्रास, हिंसा तथा विभेदपूर्ण स्थितिमा अझैसम्म पनि बाँच्न बाध्य छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सबैका लागि समानताको अधिकार सुनिश्चित गरेको थियो भने महिला तथा बालबालिकाहरूका लागि सामाजिक न्यायको प्रत्याभूति दिने परिकल्पना गर्नुका साथै उनीहरूको हक, हितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गरेको छ । महिलाविरुद्ध हुने शारीरिक, मानसिक वा अन्य प्रकारका हिंसाहरूको अन्त्य गर्ने प्रतिबद्धता जनाउँदै महिलाको प्रजनन अधिकारलाई मौलिक अधिकारका रूपमा स्वीकार गरिएको छ । संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि कानुनले यौनजन्य हिंसालाई दण्डनीय अपराध मानी अपराधीलाई कसुरको मात्राअनुसार विभिन्न प्रकारको सजायको व्यवस्थासमेत गरेको थियो । त्रिवर्षीय अन्तरिम योजना (२०६४-०६७) मा पनि महिलाविरुद्धको हिंसा अन्त्य गर्ने सन्दर्भमा :

नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०६६ भाद्र २६ गतेको निर्णयानुसार सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको वर्षको रूपमा मनाउने घोषणा गरेको थियो । नेपाल सरकारबाट लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना (सन् २०१०) स्वीकृत भई रणनीतिक कार्यक्षेत्र पहिचान गरिएको छ। कार्ययोजनाको दीर्घकालीन लक्ष्य महिला, पुरुष, बालिका एवम् बालकले आफ्नो सम्भावना पूर्ण रूपमा उपयोग गर्न सक्ने एवम् सम्मानित जीवन जिउने लैङ्गिक हिंसामुक्त नेपाल रहेको थियो । यो कार्ययोजनाका सिकाइहरूलाई समेट समेटी लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रि रणनीति तथा कार्ययोजना २०६९-२०७४ कार्यान्वयनमा ल्याएको छ । सो कार्ययोजना परिमार्जन गर्ने कार्य भै रहेको छ ।

४.६.२ कोष परिचालन

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ बनाएको छ । लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई तत्काल राहत पुऱ्याउने उद्देश्यले कोषको सञ्चालन तथा व्यवस्थापनका लागि केन्द्रीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवको संयोजकत्वमा कोष सञ्चालक समितिको व्यवस्था गरिएको छ भने जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा राहत समिति रहन्छ । आर्थिक वर्ष २०६८/०६९ देखि नेपाल सरकारले ७५ वटै जिल्लामा लैङ्गिक हिंसा निवारणका लागि कोषमा रकम विनियोजन गर्दै आएको छ ।

हिंसामा परेहका महिलाहरूका लागि राहत, उद्धार र पुनर्स्थापनामा कोषबाट आवश्यक सहयोग उपलब्ध गराइदै आएकोमा पछिल्ला वर्षहरूमा अदालतको आदेश बमोजिम तोकिएको अवस्थामा हिंसा पिडित महिलाहरूलाई क्षतिपूर्ति समेत उपलब्ध गराइदै आएको थियो । जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरू खारेज भएपश्चात हाल कोष परिचालन व्यवस्था स्थगित भएको छ । कोषमा हाल बाँकी रहको विवरण अनुसूची ७ मा दिइएको छ ।

४.७ एकल महिला सुरक्षा कोष

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले "एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०" जारी गरेको छ । यस बमोजिम एकल महिला भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला, आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोषको स्थापना गरिएको छ ।

जसको उपयोग एकल महिलालाई शिक्षा र सीपमूलक तालिम प्रदान गर्न, स्वरोजगार कार्यक्रम सञ्चालन गर्न, औषधि उपचार, उद्धार, राहत र पुनर्स्थापना, कानूनी सहायता प्रदान गर्न, एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न, एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र एकल महिलाको हक, हित संरक्षण र सम्वर्द्धनको लागि समितिले तोके बमोजिम अन्य काम गर्न गराउनको लागि उपयोग गरिन्छ । हाल एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड २०७१ स्वीकृत गरी कोषबाट सेवा प्रवाह गरिएको थियो ।

४.८ पुरस्कृत संस्था

महिला विकास कार्यक्रमद्वारा प्रवर्धित संस्थाहरूमा प्रतिस्पर्धात्मक भावना जागृत गराई मानचित्र बमोजिमको संस्था तयार गर्न उत्तम महिला संस्था पुरस्कारको व्यवस्था गरिएको छ । प्रत्येक वर्ष अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा प्रदान गरिने यो पुरस्कार महिला विकास कार्यक्रमद्वारा प्रवर्धित संस्थाहरूमा प्रतिस्पर्धात्मक भावना जागृत गराइ मानचित्र बमोजिको संस्था तयार गर्न उत्तम महिला संस्था पुरस्कारको व्यवस्था गरिएको छ । प्रत्येक वर्ष अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा प्रदान गरिने यो पुरस्कारबाट हालसम्म विभिन्न जिल्लाका ७० वटा संस्थाहरू पुरस्कृत भएका छन् । विवरण अनुसूचि -१२ मा रहेका छ ।

आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार १०८ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा पुरस्कृत संस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	प्रदेश नं.	संस्थाको नाम	संस्थाको ठेगाना
१	१	श्री तमोर महिला कृषि सहकारी संस्था लि.,	फुङलिङ न.पा.४, ताप्लेजुङ्ग
२	२	श्री कृपा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.,	लक्ष्मीनियाँ गा.पा, धनुषा
३	३	श्री मुस्कान महिला विकास बचत तथा ऋण सहकारी संस्था लि.,	खैरहनी न.पा. १२, कुमरोज, चितवन
४	४	श्री मादीगंगा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.,	व्यास न.पा, दमौली, तनहुँ
५	५	श्री पञ्च नगर महिला कृषि सहकारी संस्था लि.	बर्दघाट न.पा. ९ भूताहा, नवलपरासी
६	६	श्री प्रगतिशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.	विरेन्द्रनगर न.पा. ११, सुर्खेत
७	७	श्री कृष्ण एकता महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	कृष्णनगर न.पा. ५, कञ्चनपुर

लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम

१. परिचय

मिति २०६९।४।१२ मा संयुक्त राष्ट्रसङ्घीय बालकोष र संयुक्त अधिराज्य सरकारको अर्न्तराष्ट्रिय विकास विभाग (Department for International Development - DFID) को सहयोगमा सञ्चालित महिला 'Para-legal' समिति कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकीकृत गर्ने गरी त्रिपक्षीय सहमतिमा संयुक्त पारगमन योजना (Transition Plan) तर्जुमा गरिएको थियो । पारगमन योजनालाई सरल र सुबोध्य रूपमा कार्यान्वयनमा ल्याउन मिति २०६९।५।६ मा महिला 'Para-legal' समिति कार्यक्रमको पारगमन योजना कार्यान्वयन मार्गदर्शन स्वीकृत भएको थियो । पारगमन योजना कार्यान्वयनको पहलको क्रममा प्राप्त सकारात्मक अनुभवको जगमा नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त अधिराज्य सरकारको अन्तर्राष्ट्रिय विकास विभागबीच मिति २०७१।९।२२ (तदनुसार सन् २०१५ जनवरी ६) मा सम्झौता भएको सुरक्षा र न्यायको सुदृढीकरणका लागि एकीकृत विकास कार्यक्रम (Integrated Programme for Strengthening Security and Justice — IP-SSJ) को अभिन्न भागको रूपमा एकीकृत विकासको नयाँ चरण आव २०७१।७२ देखि प्रारम्भ गरिएको थियो ।

आयोजना कार्यान्वयनका निकायहरूमा गृह मन्त्रालयअन्तर्गत नेपाल प्रहरीका महिला तथा बालबालिका सेवा केन्द्रहरू र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत महिला तथा बालबालिका विभाग एवं महिला तथा बालबालिका कार्यालयहरू छन् । बालसंरक्षणमा सुधारलगायत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गतका कार्यहरूलाई संयुक्त राष्ट्रसङ्घीय बालकोषको प्राविधिक सहयोग आयोजनामा उपलब्ध छ । साथै केही गैरसरकारी संस्थाहरू र आयोजनाको अनुगमन, मूल्याङ्कन तथा सिकाइका लागि छुट्टै तटस्थ संस्थाको संलग्नता रहने व्यवस्थासमेत सम्झौता-पत्रमा उल्लेख गरिएको छ । सो अनुसार विभिन्न निकायहरू कार्यक्रम कार्यान्वयनमा संलग्न छन् ।

आयोजनाका विभिन्न सम्भागमध्ये लैङ्गिक हिंसा रोकथाम (GBV Prevention) सम्भाग महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत पर्दछ । यस सम्भागमा विनियोजन हुने ५५ लाख स्टर्लिङ्ग पाउण्ड (झन्डै ८० करोड रूपियाँ) मध्येबाट लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था आव २०७१।७२ देखि प्रारम्भ भएको थियो । आयोजना अवधिमा उल्लिखित दातृ-निकायहरूकै सहयोगमा साबिकमा सञ्चालित महिला 'Para-legal' समिति कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकीकृत गर्ने संयुक्त पारगमन योजना र सो को कार्यान्वयन मार्गदर्शनअनुसारका बाँकी कार्यसमेत सम्पन्न गर्ने क्रममा साबिकको महिला अर्धकानुनी 'Para-legal' समिति कार्यक्रमलाई लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रमको नामबाट महिला विकास कार्यक्रममा एकाकार गरेर हासिल भएका उपलब्धिहरूको संवर्धन गर्दै बढी प्रभावकारी, व्यापक एवम् टिकाउ रूपमा समुदाय तहदेखि नै लैङ्गिक हिंसा निवारणको अभियान चलाइएको छ ।

२. उद्देश्य

एकीकृत आयोजनाको समग्र उद्देश्य नेपालमा कानुनको शासन सुधार गर्ने रहेको छ । लैङ्गिक हिंसा निवारणतर्फ आयोजनाको मुख्य उद्देश्य ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्ने तथा लैङ्गिक हिंसाबाट प्रभावितहरूका लागि न्यायमा पहुँच दिलाउने हो । आयोजना अवधिभरिमा खास गरी निम्न चारवटा पक्षमा प्रगति हासिल गर्ने उद्देश्य लिइएको छ :

क. महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका वर्तमान कानुनी व्यवस्थाबारेको जानकारी अभिवृद्धि गर्ने;

ख. लैङ्गिक हिंसाको रोकथामका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गतका निकायहरूको क्षमता विकास गर्ने;

ग. महिला र बालबालिकामाथि हुने हिंसा निवारणका लागि रोकथाम र सम्प्रेषण सेवा प्रभावकारी बनाउने र

घ. समुदायमा लैङ्गिक समता र अहिंसात्मक व्यवहार प्रवर्धनका लागि पुरूष, महिला, बालबालिका र समुदायका नेतृत्व वर्गको सक्रिय सहभागितालाई बढवा दिने ।

३. औचित्य

नेपाली समाजमा लैङ्गिक हिंसा जटिल समस्याको रूपमा व्याप्त छ । शिक्षाको अभाव, चेतनाको कमी, पितृसत्तात्मक सोच आदिजस्ता कारणले बालविवाह, बहुविवाह, अनमेल विवाह, बोक्सीको आरोप, दाइजो प्रथा, बादी, झुमा देउकी, छाउपडीजस्ता अनगिन्ती नजाती कुरीति र अन्धविश्वास समाजमा विद्यमान छन्, जसले महिला र बालबालिका माथि हुने हिंसालाई बढावा दिएका छन् । घर भित्रै महिला माथि दुर्वचन, अवहेलना, कुटपिट, बलात्कारजस्ता घटना हुने गरेका तथ्यले समाजमा विद्यमान अवस्था भयावह रहेको देखिन्छ ।

सन् २०१३ मा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषलगायतको सहयोगमा वातावरणीय स्वास्थ्य तथा जनसङ्ख्या गतिविधि अनुसन्धान केन्द्र (Centre for Research on Environment Health and Population Activities - CREHPA) ले गरेको अध्ययन प्रतिवेदनअनुसार हिंसाका प्रमुख कारणहरूमा महिलाको परनिर्भरता, छोरा र छोरीबीचको विभेद, पुरुषशासित पारिवारिक संरचना, परम्परागत कुरीतिहरू, गरिबी (आर्थिक असुरक्षा तथा बेरोजगारी), अन्धविश्वास र सचेतनाको अभाव पर्दछन् । घटनाको दोहोरो पीडा महिलालाई नै हुने भएकाले महिलाहरू सकेसम्म आफ्नो पीडा बाहिर देखाउन चाहँदैनन् र आफूमाथि भएको पीडाबाट मुक्तिका लागि प्रयास कहाँ, के, कसरी गर्ने ? भन्ने जानकारीको अभावमा पनि हिंसा सहेर बस्न बाध्य छन् भन्ने खुलासा पनि उक्त प्रतिवेदनले गरेको थियो ।

सुरक्षा र न्यायको सुदृढीकरणका लागि एकीकृत विकास कार्यक्रम (Integrated Programme for Strengthening Security and Justice - IP-SSJ) का आयोजनाको शुरू वर्ष सन् २०१५/२०१६ मा अनुगमन मूल्याङ्कन सम्भागको कार्य जिम्मेवारी पाएको Pilladium संस्थाबाट आधाररेखा सर्वेक्षण समेत गरिएको थियो । सो सर्वेक्षणको उद्देश्य आयोजना लागू हुनु पूर्वको लैङ्गिक हिंसाको अवस्था र परियोजनाको Theory of Change बारे जानकारी लिनु रहेको थियो । सर्वेक्षण सप्तरी, कपिलवस्तु, गोरखा र अछाम ४ जिल्लाका २ वटा गाविस (लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम) लागू भएका र २ वटा गाविस सो कार्यक्रम लागू नभएका गरी जम्मा ४/४ का दरले १६ गाविसबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । गाविस तहको प्रतिनिधित्व हुने गरी कूल ३२३९ जनासँग अन्तरवार्ता लिई अध्ययन गरिएको थियो । सो आधार रेखा सर्भेक्षणले पनि निम्न निष्कर्ष निकालेको छ ।

(क) सर्वेक्षणमा सहभागी महिला उत्तरदाताहरूमध्ये आफूलाई गरिब तथा/वा सीमान्तीकृत समुदायका सम्झिने महिलाहरूले बढी हिंसाको अनुभव गरेको, पहाडी भन्दा तराई दलित महिलाले अझ बढी लैङ्गिक हिंसा तथा अपराधको अनुभव गरेको पाइयो ।

(ख) लैङ्गिक हिंसालाई धेरैजसोका लागि सामान्य र नीजि मामिला भएको पाइयो । हिंसाको विरूद्धमा बाहिरी हस्तक्षेपलाई समुदायले नै विरोध गर्ने गरेको पाइयो । यस्तो प्रवृत्ति तराई दलितमा झन बढी देखियो ।

(ग) लैङ्गिक हिंसा अपराध हो भन्ने कुरा धेरैलाई थाहा भएपनि झण्डै आधा जति उतरदाताहरूले मात्र परिवारका सदस्यबाट हिंसा भएमा प्रहरीको सहयोग लिने कुरा स्वीकार गरे ।

(घ) महिलाहरूले सामाजिक कारण (परिवारको विरोध) ले प्रहरीमा उजुरी नगरेको, पुरूषहरूले भने प्रहरी प्रभावकारी नभएकोले मद्दत नलिएको भन्ने पाइयो ।

(ङ) अध्ययनका सहभागीहरूको विचारमा, अपराध भएको खण्डमा त्यसको प्रकृति हेरी प्रहरीलाई बोलाउनु पर्दछ, आफ्नो मान्छे वा चिनेको प्रहरी भएमा मात्र प्रहरीको सहयोग मिल्छ भन्ने धारणा बढी रहेको पाइयो ।

श्रोत : Baseline Report Monitoring, Evaluation and Learning Component *DFID Integrated Programme for Strengthening Security and Justice* Revised June 2016







लैंगिक हिंसाको सामजिक स्वीकृति

लैंगिक हिंसा सामान्य कुरा भएको छ



"श्रीमान तथा श्रीमती एकै घरमा बस्छन् र एक अर्काको सीमामा परिरहने हुन्छ, त्यसैले यस्तो हुन्छ"

"उनी धेरै पिउछिन् अनि रक्सि महँगो छ, कुटाई त खानेमैहाल्यो नी"

- ८८% उत्तरदातालाई लैंगिक हिंसा गर्नु नेपालको कानून विपरित हो भन्ने थाहा भएपनि महिला विरुद्धको हिंसाप्रति धेरै सहनशीलता रहेको छ, विशेसगरी सर्वेक्षण गरीएको सप्तरी जिल्लामा

लैंगिक हिंसा सम्बन्धि सामजिक मान्यताहरु

लैंगिक हिंसा अपराध हो भन्ने थाहा भएपनि सेवाप्रदायककोमा लिएर जानुलाई खासै महत्व दिईन्न



शारीरिक दुर्व्यवहार 'सामान्य' हो र 'प्रहरी उल्झिनु पर्ने त्येस्तो केहि' हैन

"महिलाहरु केहि गर्न सक्दैनन्, पुरुषको विरुद्ध गएमा श्रीमानले छोड्लान् भनेर उनीहरु डराउँछन्"

"मैले छिमेकीहरुसंग मद्दत मागे तर उनीहरु मद्दत दिएर बाझिसको किनकि मेरी सासु बदल्नु भएन; म प्रहरीको मा कहिल्यै गएकी हैन"

प्रहरी सेवा प्रयोगप्रति समुदायको तत्परता

आधाररेखा सर्वेक्षणका निष्कर्षहरू



"मानिसहरु यस्ता विषयहरु प्रहरीकोमा लग्दैनन्"

"मैले छिमेकीहरुसंग मद्दत मागे तर उनीहरु मद्दत दिएर बाझिसको किनकि मेरी सासु बदल्नु भएन; म प्रहरीको मा कहिल्यै गएकी हैन"

- यो प्रवृति दुवै महिला वा पुरुषमा उस्तै छ, पुरुषको दाँजोमा महिलाहरुमा केहि ५% कम छ
- घरेलु हिंसा धेरै कम मात्रामा प्रहरीमा उजुरी गरिन्छ भन्ने तथ्यले देखाउंछ

जे होस्, उल्लेखित अध्ययनहरूबाट पनि लैङ्गिक विभेदको अन्त्य नभई त्यसैका कारण हुने हिंसाको अन्त्य हुँदैन। लैङ्गिक विभेदको अन्त्यका लागि महिला सशक्तीकरण अनिवार्य छ। लैङ्गिक हिंसाको अवस्थामा महिला सशक्तीकरण सुगम हुँदैन । लैङ्गिक हिंसाको अन्त्यका लागि फेरि महिला सशक्तीकरण नै चाहिन्छ । त्यसकारण महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका प्रयास सँगसँगै हुनुपर्दछ भन्ने कार्यक्रमको सिकाइ रहेको छ । लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रममा दुवै थरी प्रयासलाई एकाकार गर्ने व्यवस्था मिलाइएको छ ।

४. अपेक्षित उपलब्धि

आयोजनाको कार्यान्वयनपछि देहायका उपलब्धि हासिल हुने गरी कार्यक्रम संरचना विकास गरिएको छ :

- ग्रामीण विपन्न महिलाको आर्थिक-सामाजिक सशक्तीकरणका साथै लैङ्गिक विभेदका घटनामा कमी भएको हुने;
- महिलाविरूद्धका सबैथरी हिंसा, शोषण तथा विभेद र बहिष्करणको रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणाली सहज र सबैका लागि पहुँचयोग्य हुने;
- लैङ्गिक हिंसाका मुद्दालाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्य निरूत्साहित हुने;
- कार्यक्रम लागू भएका गाविसका सबै वडामा लैङ्गिक हिंसा निगरानी समूहहरू गठन गरी लैङ्गिक हिंसाका घटनाबाट प्रभावितहरूले सेवा प्राप्त गरेका हुने र
- समूह सदस्यको सालाखाला बचत दुई महिनाको न्यूनतम पारिवारिक खर्च धान्न सक्ने स्तर (रू. १५७३०)[1] मा पुगेको हुने ।

५. आयोजनाको कार्यक्षेत्र

न्यूनतम क्रियाकलापका अर्थमा आयोजनाको कार्यक्षेत्र ७५ जिल्ला नै रहेको छ। सघन अभियान आव २०७१।७२ मा २ ९ जिल्लामा केन्द्रित गरिएको थियो । विस्तृत विवरण तालिका १ मा दिइएको छ ।

तालिका १ : आयोजनाको फैलावट

विकास क्षेत्र	सघन क्रियाकलाप	न्यूनतम क्रियाकलाप	जम्मा
पूर्वाञ्चल	५ जिल्ला : झापा, मोरङ, सुनसरी, सप्तरी र सिरहा	११ जिल्ला : ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, संखुवासभा, धनकुटा, उदयपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु	१६ जिल्ला
मध्यमाञ्चल	१३ जिल्ला : धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर, काभ्रे, धादिङ, नुवाकोट, रसुवा र सिन्धुपाल्चोक	६ जिल्ला: दोलखा, रामेछाप, सिन्धुली, काठमाण्डौं, ललितपुर र भक्तपुर	१९ जिल्ला
पश्चिमाञ्चल	६ जिल्ला : नवलपरासी, रूपन्देही, कपिलवस्तु, कास्की, तनहुँ र गोरखा	१० जिल्ला: लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ, स्याङ्जा, पाल्पा, गुल्मी, र अर्घाखाँची	१६ जिल्ला
मध्यपश्चिमाञ्चल	४ जिल्ला : दाङ,बाँके, बर्दिया र हुम्ला	११ जिल्ला: सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रूकुम, रोल्पा, प्युठान, जुम्ला, मुगु, डोल्पा र कालिकोट	१५ जिल्ला
सुदुरपश्चिमाञ्चल	७ जिल्ला : डोटी, अछाम, बाजुरा, बझाङ, डडेल्धुरा कैलाली र कन्चनपुर	२ जिल्ला : बैतडी र दार्चुला	९ जिल्ला
जम्मा	३५ जिल्ला	४० जिल्ला	७५ जिल्ला

१ आव २०६०।६१ को स्थीर मूल्यमा ।

६. आयोजनाको अवधि र भुक्तानी प्रक्रिया

आयोजनाको अवधि सन् २०१४/१५ देखि सन् २०१८ डिसेम्बरसम्म ४ वर्ष रहेको छ । लैङ्गिक हिंसा निवारण सम्भागतर्फ प्राप्त सम्पूर्ण रकम नेपाल सरकारको रातो किताबमा उल्लेख हुने तथा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत खर्चका मानक अनुसार नै खर्च गर्ने तथा दातृ निकायबाट प्राप्त हुने रकमको भुक्तानी प्रक्रिया सोधभर्ना प्रणालीबाट हुने व्यवस्था रहेको छ ।

७. आयोजना अवधिसम्मको प्रगति

महिला सशक्तीकरणका लागि महिला विकास कार्यक्रमको कार्यक्रम कार्यान्वयन विधि सहभागितामूलक छ । समुदाय तहदेखि गठन हुने महिला समूह, समिति र सस्थाको सङ्गठित प्रयासबाट विभेद र अन्यायको प्रतिकारका लागि सामाजिक शक्ति सिर्जना हुन्छ । समूह, समितिको छिमेकी हस्तक्षेप हिंसा निवारणको अस्त्र नै भएको छ । प्रभावितका लागि सेवा, सुविधाको बन्दोबस्तलगायतका काममा पनि महिला स्वयम्को सक्रियता प्रभावकारी रहन्छ । समुदायतहदेखि नै लैङ्गिक हिंसा निवारणको एकीकृत प्रयास गर्न महिला विकास कार्यक्रमबाट प्रवर्धित संस्थाहरूको संयोजनमा समुदायमा आधारित संरक्षण प्रणाली विकास गर्ने सोच कार्यक्रमको रहेकोले सोही अनुसार आयोजनाका समग्र क्रियाकलाप केन्द्रित गर्ने प्रयास गरिँदै आएको छ । महिला विकास कार्यक्रमको विधिविधा, रणनीति र पारगमन योजना कार्यान्वयन मार्गदर्शनको परिधिभित्र रही आव २०७३।७४ का लागि तोकिएका क्रियाकलापहरू कार्यान्वयन गरिएको थियो ।

पारगमन योजना कार्यान्वयन मार्गदर्शनअनुसार लक्षित गाविसको प्रत्येक वडामा लैङ्गिक हिंसा **निगरानी समूह** गठन गरिएको चरणलाई एकीकरण र महिला संस्थाका नियमित गतिविधिअन्तर्गत नै लैङ्गिक हिंसाका मुद्दाहरूको सम्बोधन गर्ने परिपाटी बसेको, समुदाय तहदेखि जिल्ला तहसम्म सम्प्रेषणको प्रणाली कायम भएको र लैङ्गिक समताको ध्वजावाहकको रूपमा महिला संस्थाले नेतृत्वदायी भूमिका खेलेको अवस्थालाई संस्थागतीकरण भएको अवस्था मानिएकोले विगतमा झै गत आवको कार्यक्रममा पनि यही प्रक्रियालाई अवलम्बन गर्न मद्दत पुग्ने गरी विभिन्न क्रियाकलापहरू रचना गरिएका थिए ।

साबिक महिला 'Para-legal' समिति कार्यक्रम लागू भएका साबिकका १०२६ गाविस नै एकीकरणको प्राथमिकतामा राखिएको थियो । यसका साथै आवश्यकतामा आधारित क्रियाकलाप निर्धारण गर्न महिला विकास कार्यक्रम कार्यान्वयनको तह अनुसार साबिक गाविसहरूलाई ४ तहमा वर्गीकरण गरी एकीकरणका क्रियाकलापहरूको लक्ष्य निर्धारण गरिएको थियो । गत आवमा महिला विकास कार्यक्रमको शुरूवात सबै गाविसमा भै सकेकोले तह शून्य गाविस (महिला विकास कार्यक्रमको सुरूवात नै नभएको) नभएकोले लक्ष्य राखिएको थिएन । एकीकरणको लक्ष्य तह एक गाविस (नयाँ-नयाँ कार्यक्षेत्र विस्तार भएको तर महिला संस्था दर्ता भैनसकेको) ८२, तह दुई गाविस (कार्यक्षेत्र विस्तार भएर महिला संस्थासमेत दर्ता भैसकेको तर वडास्तरमा **समिति**को व्यवस्था नगरिएको वा गरिए तापनि **समिति**अन्तर्गतका सबैजना समूह सदस्य जुटेर मासिक बैठक बस्ने परम्परा कायम नगरिएको) १०४ र तह तीन गाविस (कार्यक्षेत्र विस्तार, महिला संस्था दर्ता एवम् वडास्तरमा महिला **समिति**हरूको नियमित पूर्ण बैठक बस्ने अनुपम परम्परा भएको) ४२ गरी ३५ जिल्लाका जम्मा २२८ वटा गाविसमा एकीकरणका सघन क्रियाकलापहरू केन्द्रित गरिएका थिए । यसका साथै अन्य ४० जिल्लामा साबिकको एकीकरणका प्रयासको निरन्तरताका साथै महिला सस्था निगरानी समूहका सदस्यहरूका लागि समुदायमा आधारित संरक्षण प्रणाली तालिम, लैङ्गिक सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारण जिल्ला समन्वय समितिको बैठक सञ्चालनलगायतका केही क्रियाकलाप सञ्चालन गरिएका थिए ।

हालसम्म भएको एकीकरणको जम्मा गाविसगत प्रगति विवरण तालिका २ मा दिइएको छ ।

तालिका २ : साबिक पारालिगल समिति कार्यक्रमको एकीकरण प्रगति

सि. नं	जिल्लाको नाम	साविक पारालिगल संख्या (२०६८/६९)	२०७४ असारमसान्त सम्म			कैफियत
			एकीकरण भएका पारालिगल संख्या	एकीकरण हुन बांकी पारालिगल संख्या	हालसम्म एकीकरण भएको संख्या (पारालिगल तथा मविका समेत)	
१	ताप्लेजुङ	६	३	३	३	
२	पाँचथर	४१	१७	२४	१७	
३	इलाम	६	६	०	६	
४	झापा	६	५	१	१३	१ नपामा पारालिगल एकीकरण बाँकी
५	संखुवासभा	६	२	४	२	
६	तेह्रथुम	६	१	५	१	
७	भोजपुर	६	२	४	२	
८	धनकुटा	६	३	३	३	
९	सुनसरी	३८	१५	२३	२१	
१०	मोरङ	१०	१०	०	१८	
११	सोलुखुम्बु	६	३	३	३	
१२	खोटाङ	६	२	४	२	
१३	उदयपुर	४५	९	३६	९	
१४	ओखलढुङ्गा	६	३	३	३	
१५	सप्तरी	४०	९	३१	१६	
१६	सिराहा	१०	७	३	१४	
१७	धनुषा	१६	१६	०	२३	
१८	महोत्तरी	१२	१२	०	१९	
१९	सर्लाही	६	६	०	१५	
२०	सिन्धुली	६	६	०	६	
२१	रामेछाप	६	१	५	१	
२२	दोलखा	६	२	४	२	
२३	सिन्धुपाल्चोक	८	६	२	१२	
२४	रसुवा	०	०	०	३	
२५	धादिङ	०	०	०	६	
२६	नुवाकोट	०	०	०	६	
२७	काठमाडौँ	०	०	०	०	
२८	ललितपुर	०	०	०	०	
२९	भक्तपुर	०	०	०	०	
३०	मकवानपुर	०	०	०	७	
३१	गुल्मी	०	०	०	०	
३२	गोरखा	०	०	०	७	
३३	मनाङ	०	०	०	०	
३४	लमजुङ	०	०	०	०	
३५	अर्घाखाँची	०	०	०	०	

३६	पर्वत	०	०	०	०	
३७	बाग्लुङ	०	०	०	०	
३८	म्याग्दी	०	०	०	०	
३९	मुस्ताङ	०	०	०	०	
४०	काभ्रेपलाञ्चोक	४४	२५	१९	३१	
४१	रौतहट	१२	७	५	१४	
४२	बारा	१४	१४	०	२२	
४३	पर्सा	४७	१७	३०	२४	
४४	चितवन	३८	३०	८	३८	
४५	नवलपरासी	३९	२८	११	३७	
४६	रूपन्देही	७	७	०	१५	
४७	कपिलवस्तु	५२	२१	३१	२८	
४८	पाल्पा	६	४	२	४	
४९	स्याङ्जा	१२	६	६	६	
५०	तनहुँ	२५	१६	९	२१	
५१	कास्की	३२	२५	७	३०	
५२	मुगु	१८	३	१५	३	
५३	डोल्पा	१९	३	१६	३	
५४	हुम्ला	२६	९	१७	१२	
५५	जुम्ला	१५	३	१२	३	
५६	कालिकोट	२०	२	१८	२	
५७	रूकुम	२५	६	१९	६	
५८	रोल्पा	६	३	३	३	
५९	प्युठान	६	६	०	६	
६०	दाङ	४३	२६	१७	३३	
६१	सल्यान	६	३	३	३	
६२	बाँके	१६	१६	०	२२	
६३	बर्दिया	६	६	०	१३	
६४	सुर्खेत	८	८	०	८	
६५	जाजरकोट	२०	३	१७	३	
६६	दैलेख	६	३	३	३	
६७	कैलाली	१०	१०	०	१८	
६८	डोटी	१५	१०	५	१६	
६९	अछाम	३९	११	२८	१८	
७०	बाजुरा	२२	१२	१०	१७	
७१	बझाङ	२०	१०	१०	१६	
७२	दार्चुला	८	६	२	६	
७३	बैतडी	१२	६	६	६	
७४	डडेल्धुरा	२०	२०	०	२३	
७५	कञ्चनपुर	८	८	०	१४	
	सबै जिल्ला	१०२६	५३९	४८७	७६७	

कार्यक्रम स्वीकृति तथा अख्तियारी समयमै पठाइएको भएतापनि यस आयोजनाबाट आव २०७३/०७४ का लागि स्वीकृत कार्यक्रम स्थानीय निर्वाचनका कारण केही जिल्लामा समयमा सम्पन्न गर्न सकिएन । यद्यपि धेरै महत्वपूर्ण

उपलब्धी हाँसिल भएका छन् । कार्यक्रमको भौतिक प्रगति **९०.६०** र वित्तीय प्रगति ८६.०४ प्रतिशत रहेको थियो ।

आव २०७४/७५ आयोजनाको अन्तिम वर्ष का लागि केन्द्र र जिल्लास्तरमा गरी २६ करोड बराबर कार्यक्रम बजेट तय भई विभिन्न क्रियाकलाप सहितको वार्षिक कार्ययोजना तयार भइसकेको अवस्थामा संघीय शासन प्रणाली लागू भयो । तदनुसार महिला तथा बालबालिका कार्यालयबाट गरिने सम्पूर्ण कार्यक्रम स्थानीय तह मातहत सञ्चालन गर्नुपर्ने व्यवस्था भई बजेट समानीकरण अनुदान दिइएको र कर्मचारीहरूलाई पनि स्थानीइ तह मातहत नै खटाइएकोले यस कार्यक्रमका लागि छुट्याइएको बजेट के कुन प्रक्रियाबाट कार्यान्वयन गर्ने द्विविधा उत्पन्न भई जिल्लास्तरमा हुने कुनै पनि कार्यक्रम सम्पन्न गर्न सकिएन । यस आयोजनाबाट विगत तीन आवहरूमा सम्पन्न क्रियाकलापगत प्रगति, उपलब्धी र महत्वका बारेमा तल व्याख्या गरिएको छ ।

लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाको एकीकृत विकास कार्यक्रम

सि.नं.	क्रियाकलाप	एकाई	आव ०७१/७२	आव ०७२/७३	आव ०७३/७४	आव ०७४/७५	आव ०७५/७६	जम्मा
	आपत्कालीन संरक्षण सेवामा महिला निगरानी समूह, समिति, संस्थाहरूको परिचालन							
१	संरक्षण विषयगत क्षेत्रका इच्छुक निकायसँगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र स्थापना (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान)	संस्था		८	निरन्तर			८
२	लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसार पसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान)	संस्था		१४	१६			३०
३	प्रभावित किशोरीहरूको जागरणका लागि जीवनोपयोगी सीप तालिम, गाउँस्तर, १० दिने	जना		११४०	४५०			१५९०
४	किशोरी सूचना तथा परामर्श केन्द्रको स्थापना	संस्था		३६	१५			५१
५	निगरानी समूह, समितिका सदस्यहरूलाई आपत्कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, गाउँस्तर, ३ दिने	जना		८७०	४८०			१३५०
६	संरक्षण विषयगत क्षेत्रको बैठक	पटक			४०			४०
	महिला संस्थाहरूको साङ्गठनिक सुदृढीकरण							०
७	समूह गठन र परिचालन	समूह	३९२०	४४२०	४५६६			१२९०६
८	समिति गठन र परिचालन	समिति	५६२	८२८	१११८			२५०८
९	निगरानी समूह गठन र नियमित सेवा	समूह	१०२५	८२८	११२१			२९७४
१०	समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर	जना	१११६६	१७९९०	२५८६८			५५०२४
	महिला संस्थाको रणनीतिक अभिमुखीकरण							०

११	सशक्तिकरण सहकार्य तालिम, ३ दिने गाँउस्तर	जना	३३९०					३३९०
१२	अन्तर पुस्ता सरोकार विश्लेषण कार्यशाला, ३ दिने गाँउस्तर	जना	१४१०					१४१०
१३	महिला समितिका कार्यकारी सदस्य तथा निगरानी समूह सदस्यलाई आधारभूत तालिम, ७ दिने, जिल्लास्तर	जना	१५३०	३३८५	४१९७			९११२
१४	महिला संस्थाका सञ्चालक समितिका पदाधिकारी, व्यवस्थापन कर्मचारी र समितिका अध्यक्ष एवं सदस्य-सचिवलाई नेतृत्व तथा संस्थागत विकास तालिम, ५ दिने, जिल्लास्तर	जना	९३०	२९९५	४५९०			८५१५
१५	महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर	संस्था /पटक	५७	८५	११५			२५७
१६	लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्धनका लागि सशक्तीकरण सहकार्य तालिम, ३ दिने, गाउँस्तर	जना		३९००	४२३०			८१३०
१७	महिला संस्थाका सुभेच्छुक तथा सहयोगी निकायहरू बीच महिला संस्थाको समग्र प्रगति स्थितिबारे गाविसस्तरीय अन्तरक्रिया १ दिने (महिला संस्थालाई कार्यक्रम अनुदान)	संस्था	५३	८०	२९३			४२६
१८	लैङ्गिक हिंसा निवारणका लागि अन्तरपुस्ता अन्तरक्रिया ३ दिने गाँउस्तर	जना			४३५०			४३५०
	सामुदायिक संरक्षण एवं सम्प्रेषण (Referral) सेवा							०
२०	महिला संस्था, समितिका अध्यक्ष, व्यवस्थापन कर्मचारी तथा निगरानी समूहका संयोजक/सदस्यलाई महिला तथा बालबालिकाका संविधान-प्रदत्त अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तनसम्बन्धी जानकारी सहित समुदायमा आधारित संरक्षण प्रणाली र अनुमगन फारम क-घ सम्बन्धी तालिम, ७ दिने, जिल्लास्तर	जना	६४१४	७१३२	१०५००			२४०४६
२१	महिला संस्था/समितिमार्फत प्रभावितहरूलाई सहायता (कार्य सञ्चालन अनुदान)	संस्था/ समिति	६१	१२८	२५५			४४४
२२	गाविसस्तरीय सरोकारवाला बिच अन्तरक्रिया	पटक	८					८

२३	महिला संस्था/समिति मार्फत महिला तथा बालबालिकामाथि हुने हिंसा विरुद्धको अभियान सञ्चालन (बालबिवाह, बेचविखन, यौनजन्य दुर्व्यवहार, श्रमशोषण, दाइजोप्रथा, छाउपडीप्रथा, इत्यादि जस्ता जुनसुकै कुरीतिजन्य सामाजिक परम्पराहरू) गाविसस्तर	संस्था/ समिति	२११	३९७	१७२			७८०
२४	महिला तथा बालबालिकामाथि हुने हिंसा विरुद्धको अभियान सञ्चालन (बालबिवाह, बेचविखन, यौनजन्य दुर्व्यवहार, श्रमशोषण, दाइजोप्रथा, छाउपडीप्रथा, इतयादि जस्ता जुनसुकै कुरीतिजन्य सामाजिक परम्पराहरू), जिल्लास्तर	पटक	५९		६९			१२८
२५	सकटासन्न अवस्थाका महिला तथा बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाउने गैर सरकारी सेवा प्रदायक सस्थालाई तत्काल संरक्षण सेवा प्रवाह गर्न कार्यक्रम अनुदान (धनकुटा, सिरहा, धनुषा, दैलेख, बझाङ, डडेल्धुरा)	जना			२९६			२९६
२६	बालविवाह विरुद्धको अभियान महिला संस्था समितिलाई कार्यक्रम अनुदान सञ्चालन गाँउस्तर	संस्था/ समिति			८७			८७
२७	प्रहरी चौकीका प्रमुखहरूलाई लैङ्गिक हिंसाविरुद्ध अभिमुखीकरण २ दिने जिल्लास्तर	पटक			३३			३३
	सामाजिक परिचालन, सहजीकरण र अभिलेखीकरण							०
२८	कर्मचारी तथा सामाजिक परिचालिकाका लागि अनुगमन प्रणालीसम्बन्धी अनुशिक्षण (फाराम क-घ), २ दिने, जिल्लास्तर	पटक	६०	७२	७३			२०५
२९	महिला संस्था/समिति, लैङ्गिक हिंसा निगरानी समूह, सरकारी तथा गैरसरकारी साझेदार निकायहरूबीच लैङ्गिक हिंसा अवस्था विश्लेषण तथा कार्यक्रमको वार्षिक समीक्षा गोष्ठी, १ दिने, जिल्लास्तर	पटक	२२	२९	६६			११७
३०	लैङ्गिक हिंसा सम्बन्धी जिल्लास्तरीय तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन	पटक	१९	३०	३०			७९
३१	लैङ्गिक हिंसा निवारण जिल्ला संयोजन समितिको बैठक	पटक	१७६	२०५	२०८			५८९
३२	निगरानी किताप तथा मास्केबारी फाराम छपाइ	पटक	४१	५७	६९			१६७

३३	प्रत्येक वडामा द्वैमासिक साथ, सम्पर्क, समूह विस्तार, समूह कार्यमा संयोजन, सहजीकरण एवं स्रोत सेवा (प्रतिगाविस रु. २४ हजार/ विला २-२.५ जिल्ला रु. ३० हजार/ विला ३ जिल्ला रु. ३९ हजार)	पटक	२५१४	२९२२	३३८४			८८२०
३४	लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान सञ्चालन	पटक		६५	७३			१३८
३५	जिल्लास्थित नागरिक समाज/सञ्चार क्षेत्रसंग समन्वयमा लैङ्गिक हिंसासम्बन्धी प्रचार प्रसार तथा अभियान	पटक			७३			७३
३६	जिल्ला सेवा केन्द्र र सामुदायिक सेवा केन्द्रको अर्धवार्षिक समीक्षा एक दिने जिल्लास्तर	पटक			३२			३२
३७	जिल्ला सेवा केन्द्र र सामुदायिक सेवा केन्द्रको कार्यक्रमको समीक्षा ३ दिने	पटक				१		१
३८	महिला तथा बालबालिकाका संविधान-प्रदत्त अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तनसम्बन्धी अधिकारका पक्षहरूमा जनचेतनामूलक प्रचार- प्रसार अभियान	पटक			७०			७०
३९	लैङ्गिक हिंसा निवारण, मानव बेचबिखन नियन्त्रणका लागि महिला संस्था, समिति र निगरानी समूहको अगुवाईमा सामुदायिक कार्यशाला तथा कार्ययोजना तयारी २ दिने गाउस्तर	पटक			८०			८०
	केन्द्रीय समन्वय, स्रोत सेवा तथा अनुगमन							०
४०	**क्षमता अभिवृद्धि कार्यक्रम, विभागस्तर**							०
४१	नेतृत्व तथा संस्थागत विकास प्रशिक्षण/पुनर्ताजगी प्रशिक्षण, ९ दिने	पटक/ समूह	२	२	२	२	२	१०
४२	लैङ्गिक मूलप्रवाहीकरण तालिम, केन्द्रस्तर, ७ दिने	पटक		१	१			२
४३	संस्थागत विकास निर्देशिका/महिला विकास कार्यक्रमको विधिविधा बारे स्थानिय तहका लागि विशेषत तयार पारेको श्रोत पुस्तक छपाइ	पटक			१	१	१	३
४४	लैङ्गिक हिंसा निवारणसम्बन्धी सूचनामुलक सन्देश प्रवाह	पटक			१			१
४५	व्यवस्थापन सूचना प्रणालीको ढाँचा थप परिमार्जन	पटक		१				१
४६	कार्यक्रमको सघन अनुगमन भ्रमण	जिल्ला	३	९	७	३	७	२९

४७	१७ जिल्लामा सञ्चालित अल्पकालीन आश्रयस्थलका कर्मचारीका लागि घटना व्यवस्थापन तालिम तथा पुनर्ताजगी तालिम, ३ दिने	जना		३२	३२			६४
४८	युनिसेफको प्राविधिक सहयोगमा बालअधिकार, बालसंरक्षण र घटना व्यवस्थापन सम्बन्धी प्रशिक्षण, ५ दिने (सहभागीहरूको आतेजाते खर्च भुक्तानी)	समूह			१			१
४९	सेवा केन्द्रहरूको सुदृढीकरणका लागि कार्ययोजना विकास	पटक		१	१			२
५०	युनिसेफको प्राविधिक सहयोगमा क्षमता विकास आवश्यकता अध्ययन प्रतिवेदनको आधारमा प्रशासनिक सीप विकास तालिम ५ दिने, (सहभागी हरूको आतेजाते खर्च भुक्तानी)	पटक			३	२		५
५१	युनिसेफको प्राविधिक सहयोगमा क्षमता विकास आवश्यकता अध्ययन प्रतिवेदनको आधारमा लैङ्गिक हिंसा निवारण तथा प्रतिकार्य सीप विकास तालिम ५ दिने, (सहभागीहरूको आतेजाते खर्च भुक्तानी)	पटक			३			३
५२	युनिसेफको प्राविधिक सहयोगमा जिल्लाका कर्मचारीलाई लैङ्गिक हिंसा निवारणको अनुगमन (फारम क-घ) र सफ्टवेयर सम्बन्धी पुनर्ताजगी तालिम, ३ दिने, (सहभागीहरूको आतेजाते खर्च भुक्तानी)	पटक			३			३
५३	युनिसेफको प्राविधिक सहयोगमा जिल्लाका लेखा कर्मचारीहरूलाई वित्तीय व्यवस्थापन सम्बन्धी तालिम २ दिने, (सहभागीहरूको आतेजाते खर्च भुक्तानी)/लेखापरिक्षण गोष्ठी	पटक			१	१		२
५४	वित्तीय व्यवस्थापन सम्बन्धी अनुगमन भ्रमण	पटक			१०			१०
५५	लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता सम्बन्धी केन्द्रीयस्तरमा अन्तरक्रिया	पटक			१			१
५६	युनिसेफको प्राविधिक सहयोगमा सघन अभियान सञ्चालन हुने ३५ जिल्लाका प्रमुखहरूका लागि परियोजना कार्यान्वयन सम्बन्धी कार्यशाला २ दिने (सहभागीहरूको आतेजाते खर्च भुक्तानी)	पटक						०
५७	IPSSJ का सरोकारवालासंग अन्तरक्रिया	पटक			१			१
५८	कार्यक्रमको वार्षिक प्रतिवेदन तयारी र प्रकाशन	पटक			१	१		२
५९	विभागका कर्मचारीहरूको क्षमता विकास तालिम (आवश्यकता अनुसार)	पटक			१	१		२

६०	सामुदायिक सेवा केन्द्र सञ्चालन गर्ने संस्थाका पदाधिकारीका लागि घटना व्यवस्थापन तथा अभिलेखीकरण तालिम, ५ दिने	पटक			३	२		५
६१	वार्षिक कार्यक्रम संकलन, तयारी र प्रविष्टी	पटक			१			१
६२	वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी (विभागको नियमित कार्यक्रममा २ दिन थप, ७५ जिल्ला)	पटक			२			२
६३	अन्तर मन्त्रालय विभाग स्तरीय बैठक १ दिने	पटक			२			२
६४	अपाङ्गता भएका महिलाप्रति हुने हिंसा न्यूनीकरणमा महिला विकास कार्यक्रमको प्रभावकारित विषयक कार्यशाला, २ दिने	पटक			१	१		२
६५	ज्येष्ठ नागरिकहरूको सम्मानपूर्वक जीवनयापनका लागि सरोकारवाला निकायहरूबीच समन्वयात्मक अन्तरक्रिया, १ दिने	पटक			१			१
६७	लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागिता प्रवर्द्धन गर्न महिला पुरुष सहकार्य तालिम पुस्तिका तयारी	पटक					१	१
६८	स्थानीय तहमा पुरुष सहभागिता रणनीति प्रचारप्रसार तथा पुरुष सहभागिता वृत्तचित्र प्रदर्शन	पटक					८	८
६९	लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रमको हालसम्मको उपलब्धि तथा सिकाईहरूको विश्लेषण सहित वार्षिक प्रतिवेदन तयारी, छपाई तथा वितरण	पटक					१	१
७०	विद्यालय विमुख किशोरीको बहुआयामिक विकास सम्बन्धी श्रोत सामाग्री तयारी	पटक					१	१
७१	विद्यालय विमुख किशोरीको बहुआयामिक विकास सम्बन्धी श्रोत सामाग्री छपाई र वितरण	पटक					१	१
७२	प्रदेश तथा स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारीहरूका लागि महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण र बालसंरक्षण सम्बन्धी क्षमता विकास प्रशिक्षक प्रशिक्षण तालिम	पटक					२	२
७३	स्थानीय तहमा महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा निवारणका लागि महिला विकास कार्यक्रम सञ्चालन सम्बन्धी लगायतका अन्य नमूना मार्गदर्शन तयारी, छपाई तथा वितरण	पटक					१	१

	क्षमता अभिवृद्धि कार्यक्रम, मन्त्रालयस्तर							
७४	परियोजना कार्यान्वयनसम्बन्धी मन्त्रालय, विभाग र कार्यालयका कर्मचारीहरूको क्षमता विकास	पटक			१			१
७५	कानूनी प्रावधान, अदालतका फैसला, उजागृत मुद्दाहरू (Emerging Issues) को बारेमा सरकारी निकायका पदाधिकारीहरूलाई अभिमुखीकरण, केन्द्रस्तर	पटक			१			१
७६	कार्यक्रमको अनुगमन, मूल्याङ्कन र सिकाइ	पटक			२			२
७७	लैङ्गिक सम्पर्क विन्दुहरूमाझ कार्यशाला, २ दिने	पटक				१		१
७८	निर्देशन समितिको बैठक	पटक		१	१			२

७.१ आपत्कालीन संरक्षण सेवामा महिला निगरानी समूह, समिति, संस्थाहरूको परिचालन

वर्ष २०७२ बैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनबाट देशका विभिन्न भागमा ठूलो धनजनको क्षति भएको त्यसमध्ये १४ जिल्लामा अझ बढी मानवीय र भौतिक क्षति भएको थियो । प्रतिकार्यको अभियानमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूका साथै जनस्तरको पनि व्यापक सहभागितामा मानवीय सहायताका कार्यहरू सञ्चालन गरिएका थिए । प्रकोपको प्रतिकार्यमा केन्द्र देखि समुदायतहसम्मका सरोकारवाला निकायहरू आ-आफ्नो तर्फबाट उपलब्ध स्रोत साधनको समन्वयात्मक पहलमा जुटेका थिए ।

महिला विकास कार्यक्रमबाट प्रवर्द्धित समूहहरू पनि आफ्नो विचल्लीको अवस्थामा पनि यथाशक्ति उठेर छिमेकीको खोजी, उद्दार र राहतमा जुटेका थिए । बाँके, रूपन्देही, कपिलवस्तुजस्ता कम प्रभावित जिल्लाका महिला समूहहरूले राहत जम्मा पारेर धादिङ, मकवानपुर, सिन्धुपाल्चोकलगायतका बढी प्रभावित जिल्लास्थित महिलासमूहहरूसम्म पुगी राहत वितरण गर्ने र भरोसा दिने पहल गरेका थिए ।

विपत्को असर तुलनात्मक रूपमा महिला, बालबालिका तथा असक्तहरूमा बढी पर्नु स्वाभाविक थियो । प्रकोपबाट शीघ्रातिशीघ्र पुनर्लाभ प्राप्त गर्न साथी सँगाती सहयोग, छिन्नभिन्नप्रायः महिला समूह, समिति, संस्थाको पुनर्जागरण र नवनिर्माणका क्रममा पनि प्राथमिक सरोकारवाला प्रभावित महिलाकै रचनात्मक भूमिकालाई बढावा दिनु वाञ्छनीय देखिएकाले आपत्कालीन संरक्षण सेवामा महिला निगरानी समूह, समिति, संस्थाहरूको परिचालन गर्ने गरी देहायका क्रियाकलाप सञ्चालन गरिएका थिए ।

७.१.१ संरक्षण विषयगत क्षेत्रका इच्छुक निकायसँगको सहकार्यमा मनोसामाजिक विमर्श केन्द्र स्थापना

भुइँचालोमा आफन्त गुमाएर, चोटपटक लागेर, खतरामा परेर, बारम्बारको प्रकम्पदेखि तर्सिएर वा त्यस्तै कुनै अवस्था भएर असमान्य मनोदशा भएका थुप्रै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायतलाई मनोविमर्शको सहायता आवश्यक परेको देखियो । विपत्तिका शारीरिक पीडा देखिन्छन् र उपचार हुँदा समयक्रममा ठीक पनि भैहाल्दछन् । मानसिक पीडा झट्ट हेर्दा कसैले देख्दैन । कतिलाई त आफूलाई के भैरहको छ भन्ने पनि थाहा नै हुँदैन । त्यस्तै दुःख बिर्साउने चौतारी मनोसामाजिक विमर्श केन्द्र हुन सक्तछन् ।

महिला विकास कार्यक्रमबाट प्रवर्धित महिला संस्थासँग मनोसामाजिक विमर्शको विशेषज्ञता नभए पनि आम रूपमा सदस्य तथा समुदायका प्रभावितजनको आवश्यकता हेरी प्राथमिक सेवा प्रवाह बिन्दुको रूपमा कार्य गर्ने अवस्थिति रहेको साथै स्थानीय तहमा मनोविमर्श सहायता चाहिने प्रभावितको पहिचान गर्न, उनीहरूलाई मनोविमर्शकसम्म ल्याइपुऱ्याउन र अनुशरण (Follow-up) समेत सुनिश्चित गर्न सकिने देखिएकोले महिला संस्था अन्तर्गत मनोविमर्श केन्द्र स्थापना गरिएको थियो जसमा मनोविमर्श सेवा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरि जुटाइएको

थियो । आव २०७२/०७३ मा ८ वटा स्थानमा मनोसामाजिक विमर्श केन्द्र स्थापना गरिएको थियो । यस्ता सामुदायिक मनोविमर्श केन्द्र प्रभावितका दुःख बिसाउने चौतारी बनेका छन् । नियमित कार्यक्रमतर्फ समेत गरी जम्मा ३६ स्थानमा स्थापना गरिएको मनोविमर्श केन्द्र सम्बन्धी स्थानीय तहगत विवरण अनुसूची ९ मा दिइएको छ । मनोविमर्श केन्द्रमा रहने मनोविमर्शकर्ताहरूको स्थायी व्यवस्थापनका लागि महिला संस्थाअन्तर्गतका सदस्यहरूमध्येबाट हरेक संस्थाका १/१ जनालाई युएनएफपीएको सहयोगको ६ महिनाको मनोविमर्शकर्ता प्रशिक्षण प्रदान गरिएको थियो । यसरी स्थापना भएका मनोविमर्श केन्द्रबाट जिल्लाका जुनसुकै ठाँउबाट आएका र महिला विकास कार्यक्रमका सदस्य नभएका व्यक्तिहरूलाई पनि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइँदै आएको छ ।

७.१.२ लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन

आपत्कालमा जति समस्या हुन्छ त्यति नै असुरक्षा पनि हुन्छ । खास गरी महिला र किशोरी यौनजन्य आक्रमणको जोखिममा हुन्छन् । सुरक्षा सेवा राहतमा जुटेका वेला अपराधकर्मीहरूले मौका छोप्न खोज्दछन् । संरक्षणको बहानामा बालबालिका ओसारपसारको डर त्यत्तिकै हुन्छ । भूकम्प पश्चात बालबालिका ओसार पसार तथा मानव बेचबिखन तथा ओसारपसारका घटना बढ्नुले पनि यसको पुष्टि मिल्दछ । समुदायबाटै पहल नभएसम्म समस्याको समाधान निस्किँदैन । घटना घटिसकेपछिको उपचार कठिन जटिल र महङ्गो समेत हुन्छ ।

सुलभ राहत, सुरक्षा गस्ती, संरक्षण कार्यको नियमन केही प्रतिकारात्मक उपाय हुन् जुन प्रकोप पश्चात अपनाइएका थिए । सँगसँगै व्यापक रूपमा सामाजिक जागरण पनि आवश्यक देखियो ।

महिला विकास कार्यक्रमबाट प्रवर्द्धित प्रत्येक संस्था महिला तथा बालबालिको सुरक्षाको पहरेदार हुनुपर्दछ भन्ने मानिएको छ । लैङ्गिक भेदभावमा भैरहने शोषणको विरोध र रोकथामका काम समूह, समितिहरूले गर्न सक्तछन् र गरिरहेका पनि छन् । महिला संस्थाअन्तर्गत सयौँको सङ्ख्यामा रहेका सदस्यहरू सबैजना वडास्तरमा जम्मा भएर महिनैपिच्छे बैठक बस्ने र वडा सभाबाट ४, ६ वा ८ जनाको समूह बनाएर महिला तथा बालबालिकामाथि हुने हिंसा निगरानी गर्ने परिपाटीसमेत बसालिएको छ । विशेष परिस्थितिमा ती निगरानी समूह, समितिहरूले छिमेकमा विशेषतः जोखिममा रहेका वर्ग पहिल्याउने; पहिल्याइएका वर्गमाझ सचेतना अभियान चलाउने; शङ्कास्पद गतिविधि नियालेर त्यसप्रति सबैलाई सतर्क गराउने; अनधिकृत कार्यहरू हुन लागेकोमा सम्बन्धित निकायलाई सूचना दिएर रोकतोकको व्यवस्था मिलाउने; समूह सदस्यहरू सबैजना मिलेर जुनसुकै ज्यादतीको तत्काल प्रतिकारमा उत्रने; सुरक्षा निकायको सहयोगमा प्रभावितको संरक्षण एवं दोषीलाई कानुनी कार्यवाहीको दायरामा ल्याउन पहल लिने र नेपाल सरकारका संरक्षण सेवाहरूको विस्तारमा स्थानीय स्तरमा सहजीकरण गर्ने प्रभावकारी भूमिका खेलिरहेका छन् । महिला निगरानी समूह, समितिको सक्रियताबाटै संस्थाका मनोसामाजिक विमर्श केन्द्र, किशोरीको जीवनोपयोगी सीप विकासजस्ता संरक्षण गतिविधिहरू पनि प्रभावकारी रहे । विभिन्न ३० स्थानमा सो कार्य सम्पन्न गरिएको थियो । विपत्को जोखिममा आफैँ वा आफ्नो परिवारै परेको भएता पनि निगरानी समूहका सदस्यहरूले लैङ्गिक हिंसा निवारण, बाल संरक्षण, मानव बेचविखन नियन्त्रण खासगरी किशोरीहरूलाई बेचबिखन हुनबाट जोगाउन महत्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

७.१.३ प्रभावित किशोरीहरूको जागरणका लागि जीवनोपयोगी सीप तालिम, गाउँस्तर, १० दिने

खास गरी किशोरीहरू यौनजन्य दुर्व्यवहार, ओसारपसार र बेचबिखनसमेतका जोखिममा हुन्छन् । विपत्तिपछिको सङ्क्रमणकालीन चरणमा त्यस्तो जोखिम झन् बढ्ता हुने नै भयो । झट्ट जोसुकैलाई विश्वास गर्ने निर्दोष स्वभावले गर्दा किशोरीहरू दुष्टहरूको प्रपञ्चमा पर्न सक्तछन् । कतिपय आफन्त नै पनि पराई बन्दछन् । शरणको मरण गर्नेहरू अर्काथरी हुन्छन् ।

जे होस्, पारिवारिक सुरक्षाको पर्खाल चर्किए भत्किएका वेला किशोरीहरूको रेखदेखको जिम्मा स्वतः समुदायमा – त्यसमा पनि महिला समूहहरूमा – सर्दछ ।

सार्वजनिक र निजात्मक दुवैथरी उद्‌बोधनबाट नै किशोरीहरूलाई खतरामुक्त गर्न सकिने हुन्छ । जीवनोपयोगी सीपहरू वैयक्तिक सतर्कतामा सहयोगी बन्दछन् । तनाव, त्रास, अनिश्चितता आत्मबल कायम राख्न पनि जीवनोपयोगी सीप काम लाग्दछन् । किशोरावस्थामा छिटो-छिटो हुने स्वाभाविक शारीरिक, मानसिक परिवर्तनको व्यवस्थापन गर्न सघाउन र खासगरी भूकम्पका कारण सिर्जित परिस्थितिमा बालिका तथा किशोरीहरूलाई सम्भावित जोखिमबाट जोगाउन जीवनोपयोगी सीप समूहमा प्रदान गरिको हुनाले सीपप्राप्त प्रशिक्षार्थीहरूमा आपसी सुरक्षाभावसमेत पैदा हुने गरेकोछ ।

महिला संस्थाको आफ्नो कार्यक्षेत्रको गाविस वा नगरपालिकाको वडामा जोखिममा रहेका किशोरीहरूलाई ३० जनाको समूहमा लक्षित गरेर १० दिन अवधिको जीवनोपयोगी सीप तालिम प्रदान गरिएको थियो । भूकम्प प्रभावित जिल्ला तथा अन्य १५९० जना किशोरीलाई यस्तो प्रशिक्षण प्रदान गरिएको छ । विभिन्न निकायका जीवनोपयोगी सीपका स्रोत व्यक्तिहरूबाट प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । साथै तालिमप्राप्त किशोरीहरूको जागरण समूह बनाएर निगरानी समूह, समितिसँग सम्बन्धन राखी वरपरका तमाम किशोरीमाझ सचेतना अभियान चलाएर संरक्षण सरोकारका क्षेत्रमा सक्रिय रहने व्यवस्था मिलाइएको थियो । प्रशिक्षण तथा जागरण समूहका गतिविधिबाट तालिम प्राप्त किशोरीहरूको व्यक्तिगत जीवनका साथै अन्य किशोरी तथा महिलाहरूको सुरक्षा र संरक्षणका क्षेत्रमा समुदायमा सकारात्मक परिवर्तन आएको छ ।

७.१.४ किशोरी सूचना तथा परामर्श केन्द्रको स्थापना

महिला संस्थाहरूसँग साबिकमा खास गरी विद्यालयविमुख किशोरीहरूलाई लक्षित गरेर सूचना तथा परामर्श केन्द्र खडा गर्दाको अनुभव छ । प्रभावित क्षेत्रमा साबिकमा स्थापित केन्द्रमध्ये कुनै चलिरहेका त कुनै क्षतिग्रस्त भएका थिए । जताततै सूचना, परामर्श र जागरण गतिविधिहरू चाहिएको आपत्‌कालीन अवस्थामा भएभरिका केन्द्रहरू सञ्चालनमा ल्याउन आवश्यक देखिएकोले प्रभावित क्षेत्रका जम्मा ५१ संस्थाअन्तर्गत केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ ।

किशोरी सूचना तथा परामर्श केन्द्रलाई जीवनोपयोगी सीप तालिमकै प्रकममा हेरिएकोछ । प्रभावित किशोरीहरूले केन्द्रबाट सूचना, परामर्श प्राप्त गर्न सक्तछन् । जीवनोपयोगी सीप तालिमप्राप्त किशोरीसँग सँगाती सिकाइ (Peer learning) को थलो पनि केन्द्र बन्ने हुन्छ । विद्यालयहरू बन्द रहुन्जेल र खुलेपछि पनि अस्थायी बासस्थानमा साँगुरो भई जोसुकै बाहिरफेरो निस्किराख्ने हुँदा किशोरीहरूको भेटघाट केन्द्रमा भैरहन्छ । जसले गर्दा किशोरीहरूले आवश्यक जीवनोपयोगी सीप हाँसिल गर्नुका साथै जोखिमबाट आफूलाई बचाउने, एक अर्कालाई सहयोग गर्ने तथा विभिन्न सामाजिक जागरणका अभियान चलाउन सफल भएको पाइएको छ ।

७.१.५ निगरानी समूह, समितिका सदस्यहरूलाई आपत्‌कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, गाउँस्तर, ३ दिने

भूकम्पमा जीवन गुमे, भौतिक संरचना भत्किए तर सामुदायिक सङ्गठनहरू भतामुङ्ग भएनन्– बरू झन सुदृढ भए । महिला विकास कार्यक्रमबाट प्रवर्धित समूह, समिति, निगरानी समूहहरू पनि आपत्‌कालीन संरक्षण कार्यमा जुटे र जुटिरहेका छन् । त्यस क्रममा सुत्केरी, गर्भवती, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको विशेष हेरचाहका साथै बालबालिका, किशोरी महिलाको अनधिकृत स्थानान्तरण, ओसार पसार, बेचबिखनको रोकतोकमा सघाउ पुगेको छ । सँगसँगै प्रवर्धित समूहहरूको पुनर्जागरण एवं समूह सदस्यहरूको सशक्तीकरण पनि भै रहेको छ ।

सामुहिक उत्थानशीलतामा निगरानी समूह, समितिको भूमिकालाई अझ प्रभावकारी बनाउन कार्यउपयोगी आपत्‌कालीन संरक्षण सेवा अन्तर्गतका क्रियाकलाप के कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धि महिला समूह समिति संस्था निगरानी समूहका सदस्यहरूलाई आवश्यक जानकारी दिलाउन कार्यगत प्रशिक्षण प्रदान गरिएको थियो । १३५० जनालाई यो प्रशिक्षण प्रदान गरिएको थियो । छोटो अवधिको प्रशिक्षण भए पनि विपत्‌पछि आइपर्ने समस्या र जोखिमबाट बच्न बचाउन अपनाउनु पर्ने उपायका बारेमा महिला समूह सदस्यहरूको ज्ञान अभिवृद्धि हुनाका साथै व्यवहारमा समेत अवलम्बन गर्न मद्दत पुगेको थियो ।

७.१.६ संरक्षण विषयगत क्षेत्रको बैठक सञ्चालन

राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा (National Disaster Response Framework – NDRF), २०७० बमोजिम ठूला विपत्तिमा तुरून्त गरिने प्रतिकार्यका लागि नेपाल सरकारका सबै निकायहरू, अन्तराष्ट्रिय मानवीय सहायता समूह तथा यस क्षेत्रमा कार्यरत सबै सङ्घ, संस्थाहरूको भूमिकालाई निर्दिष्ट गर्न केन्द्र तथा जिल्लास्तरमा विषयअनुसार विभिन्न ११ वटा क्षेत्रहरू निर्धारण गरी जिम्मेवारीसमेत तोकिएको छ । विषयगत क्षेत्रको नेतृत्वदायी निकायको रूपमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, आयोग, विभाग र सहनेतृत्वदायी निकायको रूपमा संयुक्त राष्ट्रसङ्घीय सङ्गठन रहेका छन् । विषय क्षेत्रहरूमा स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्थास्थ्य प्रवर्धन, आपत्कालीन आवास, खाद्य सुरक्षा, बन्दोबस्ती, शिविर समन्वय तथा व्यवस्थापन, शिक्षा, संरक्षण, आपत्कालीन दुरसञ्चार, पोषण र शीघ्र पुनर्लाभ सञ्जाल पर्दछन् । संरक्षण विषयगत क्षेत्रको नेतृत्वदायी निकायमा राष्ट्रिय मानव अधिकार आयोग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र सहनेतृत्वदायी निकायमा शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (UNHCR), संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF) र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) रहेका छन् । जिल्लास्तरमा संरक्षण विषयगत क्षेत्रको संयोजन महिला तथा बालबालिका कार्यालये गर्ने व्यवस्था छ । संरक्षण विषयगत क्षेत्रतर्फ विपत्पश्चात् खासगरी देहायका कार्यहरूमा समन्वय गर्ने गरी तोकिएको छ :

क. प्रभावित स्थानमा, शिविर सञ्चालन भएका स्थानमा, राहत सामग्री वितरण हुँदा र खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने;

ख. बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने र

ग. परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने, परिवार गुमाएका वा एक्ला बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने ।

कार्यढाँचामा जिल्लास्थित महिला तथा बालबालिका कार्यालयलाई प्रभावित खास गरी सङ्कटासन्न समूहका लागि स्वच्छ, सुरक्षित वातावरणको प्रत्याभुति दिनुका साथै लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने गरी तोकिएको छ ।

प्रकोप पश्चातको आपत्कालीन स्थितिमा उल्लेखित जिम्मेवारी पूरा गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूमा पर्याप्त बजेट तथा कार्यक्रम नरहेको र कतिपय क्रियाकलापहरू समन्वयात्मक ढंगले सम्पादन गर्नु पर्ने आवश्यकता रहेकोले संरक्षण विषयगत क्षेत्रका सम्बद्ध सम्पूर्ण निकायहरूसँग समन्वय गरी कार्य गर्न अत्यन्त जरूरी देखियो ।

जिल्लास्तरमा राष्ट्रिय विपद् प्रतिकार्यढाँचाले दिएको जिम्मेवारीको सम्बन्धमा ७५ जिल्लालाई जानकारी गराउने साथै संरक्षण विषयगत क्षेत्रका सदस्यहरूसँगको समन्वयमा विपदमा संरक्षणका विषयहरूलाई सम्बोधन गर्न तथा एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्ने उद्देश्यले नियमित महिला विकास कार्यक्रमतर्फ वर्षमा ३ पटक संरक्षण विषयगत क्षेत्रको बैठक कार्यक्रम राखिएको थियो । यसका साथै युनिसेफको सहयोगमा भूकम्प प्रभावित १४ जिल्लामा ४० पटक बैठक सम्पन्न भएको छ । सो बैठकबाट महिला तथा बालबालिका कार्यालयको संयोजकत्वमा यस क्षेत्रमा कार्यरत सदस्यहरूको सहयोगमा संरक्षण सम्बन्धी आपत्कालीन योजना, श्रोत नक्शाङ्कनजस्ता पूर्व तयारीका कार्य भएको थियो । यस आयोजनाबाट शुरू गरिएको बैठक सञ्चालन प्रक्रिया महिला बालबालिका कार्यालयको नियमित कार्यक्रममा नै निरन्तरता भएको छ जुन यस आयोजनाको महत्वपूर्ण उपलव्धी पनि हो ।

७.२ महिला संस्थाहरूको साङ्गठनिक सुदृढीकरण

७.२.१ समूह गठन र बचत परिचालन

महिला विकास कार्यक्रममा लक्षित महिलाको सशक्तिकरणको प्रकृया समूहबाट प्रारम्भ हुन्छ । सशक्तीकरणमा आर्थिक तथा सामाजिक पक्ष दुबै महत्वपूर्ण हुन्छ । समूहमा आवद्ध भएपछि सदस्यहरूको साथ खोज्ने आवश्यकता

(Associational needs) पूरा हुने सामाजिक पुँजीको बढोत्तरी हुने, लैङ्गिक छेकबारमा निकास मिल्ने भएकोले कतिपय निराशामा बाँची रहेका दिदी बहिनीका लागि समूह फाइदाजनक तथा हानी निवारक बन्न पुग्दछ। घर भित्रको दैनिकीमा रूमल्लिइ रहेकी महिला समूहमा बसेपछि घर बाहिरको परिप्रेक्ष्यमा साक्षात्कार हुने, आफ्ना समस्या भन्ने, अरूका समस्या सुन्ने बुझ्ने र सहयोग गर्नसमेत तत्पर हुने भएकोले महिला विकास कार्यक्रममा समूह गठनलाई महिला सशक्तीकरणको पहिलो पाइला पनि मानिएको छ । आफ्नो परिप्रेक्ष्यबाट मात्र नहेरी अरूको परिप्रेक्ष्यलाई बुझ्नु र सहयोग गर्नु सशक्तीकरणको परिचायक पनि हो ।

महिला विकास कार्यक्रम कार्यान्वयनको तहअनुसार जम्मा १२९०६ समूह गठन गरी बचत परिचालनको काम पनि सुरू गरिएको छ। जसबाट ग्रामिण क्षेत्रका विपन्न महिलाहरूका लागि समूह साथीको वृत्त बनेका छन् जहाँ सदस्यहरू आफूमाथि घटेका सबै घटनाको साथीहरूसँग खुलेर कुरा गर्न सक्छन् । साथै सदस्यहरूमा सामाजिक पूजीको वढोत्तरी भई हामी पनि केही गर्न सक्छौ भन्ने सामूहिक गतिशिलताको भावना विकास भएको छ । कार्यक्रमको सफलताको आधारशिलाको काम पनि समूहले गरेको देखिन्छ । समूहमा आवद्धता पश्चात महिलाहरू व्यक्तिगत र पारिवारिक घेराबाट बाहिर निस्कीइ सामुदायिक वातावरणमा प्रवेश गर्दछन् । लक्षित महिलाहरूमा समूह गठनबाट सामाजिक भूमिका बढोत्तरी भई 'म', 'मेरो' बाट 'हामी' 'हाम्रो' भन्ने भावना विकास हुनाका साथै अभिकार्य बढवाले आफ्नो निरश दैनिकी बदल्नसमेत मद्दत पुगेको देखिन्छ ।

७.२.२ समिति गठन र परिचालन

महिला संस्थामा साङ्गठनिक गतिशीलता पैदा गर्नका लागि सबै समितिहरूको सक्रियता आवश्यक हुन्छ। महिला संस्थाको गाउँस्तरमा गठन हुने समिति सक्रिय हुँदा संस्थाको क्रियाकलापको केन्द्र समिति बन्दछ। हरेक महिना कम्तीमा १ पटक बस्ने समितिको बैठक समूह सदस्यको लागि सहभागिताको सुगम मञ्चको रूपमा रहेको हुन्छ । समितिको बैठकमा भाग लिन पाँउदा सदस्यहरूको व्यक्तित्व विकासको परिप्रेक्ष्यमा विद्यालय, परख मझेरी, प्रक्षेपण कक्ष, पहरागण, नेतृत्व अभ्यासको थलो साबित हुन्छ भने साङ्गठनिक गतिशिलताको परिप्रेक्ष्यमा कार्यशाला, दृष्टिकोण, प्रतिस्पर्धात्मक एकाइ, गुणमण्डल तथा नेतृत्व विकासको साधकका साथै अनुयायित्व विकास शिविर बन्दै साङ्गठनिक गतिशिलता कायम गर्न मद्दत पुगी रहेको हुन्छ। यसरी हेर्दा समिति गठन र समितिको पूर्ण बैठक सञ्चालन प्रत्येक सदस्यको सशक्तीकरणको साधक बन्दछ । नेतृत्व र अनुयायित्व विकासका साथसाथै वास्तविक सहकारिताको अभ्यासका लागि पनि समिति महत्वपूर्ण साबित भैरहेको छ ।

यस आयोजनाबाट जम्मा २५०८ समिति गठन गरी पूर्ण बैठक बस्ने परम्परा बसालिएको छ। वडास्तरमा महिलाहरूले सामुदायिक विकासममा नेतृत्वदायी भूमिका निवार्ह गर्दै महिलामाथि हुने हिंसाको न्यूनिकरणका लागि खवरदारी गरिरहेका छन् । साथसाथै आर्थिक उपार्जनका लागि आयआर्जनका क्रियाकलाप गरी हरेक समस्या समाधान गर्ने लक्ष्यलाई सार्थक बनाउने काममा समितिको भूमिका प्रभावकारी देखिएको छ ।

७.२.३ लैङ्गिक हिंसा निगरानी समूह गठन र नियमित सेवा

एकीकरणको मुख्य सिद्धान्तअनुसार महिला संस्था र अन्तर्गतका वडास्तरका समितिहरूको सक्रियतामा लैङ्गिक हिंसाविरूद्ध सामाजिक जागरण ल्याउनुका साथै घटनाको रोकथाम, पहिचान एवम् प्रभावितको तत्काल संरक्षण, औषधोपचार, न्यायमा पहुँचलगायतका सिलसिलामा छिमेकी सहयोग जुटाउने तथा न्याय प्राप्तिका क्रममा जिल्लास्तरसम्म साथ, सहयोग दिलाउने व्यवस्था सुनिश्चित गर्न यो क्रियाकलापबाट महिला विकास समिति अन्तर्गत निगरानी समू बनाई जिम्मेवारी दिइएको छ। समितिको मासिक पूर्ण बैठकबाट भौगोलिक क्षेत्र तथा जनसङ्ख्यासमेतका आधारमा चार, छ वा आठजनासम्म सदस्य रहेको लैङ्गिक हिंसा **निगरानी समूह** गठन गरी कार्यजिम्मेवारी तोक्ने व्यवस्था मिलाइएको छ।

निगरानी समूह गठन यस आयोजनाको नवप्रवर्तन पनि हो । यसको अनुसरण नियमित महिला विकास कार्यक्रममा व्यापक रूपमा भएको छ । साविकका महिला समितिहरू र नयाँ गठन गरिएका नियमित

कार्यक्रमतर्फमा समिति अन्तर्गत गरी ११८२४ निगरानी समूह गठन भएका छन् । सदस्य संस्था हेर्ने हो भने सो को हिसाबले ६ ले गुणन गर्दा पनि लगभग ७१ हजार निगरानी समूह सदस्यहरू परिचालित भएको देखिन्छ ।

निगरानी समूह गठन गरेर मात्र हुँदैन । लैङ्गिक हिंसा निवारणका महत्वपूर्ण क्रियाकलापको उठान समितिअन्तर्गत हुनु उपयुक्त भएकोले निगरानी समूहकोतर्फबाट समितिको मासिक पूर्ण बैठकमा महिला तथा बालबालिकामाथि हुने हिंसाको विषय उठाउने, सबैजनाको चासो बढाउने र कार्यक्षेत्रगत सर्तमा भनिएका अन्य कार्यहरूको प्रगति प्रस्तुतीकरण, छलफल गर्ने परिपाटी बसालिएको छ । हिंसाका घटनाको रोकथाम, पहिचान एवम् प्रभावितको तत्काल संरक्षण, औषधोपचार र न्यायमा पहुँचलगायतका आवश्यक व्यवस्था मिलाउन महिला संस्थाको अगुवाइमा निगरानी समूहका साथै वडास्तरीय समिति, समूह र समूहका प्रत्येक सदस्य एकजुट हुने गरेका छन् । निगरानी समूहको सक्रियताले गर्दा समूह, समिति र संस्थाको समन्वयमा विभिन्न सामाजिक जागरणका अभियानहरू चलाइएको छ । भूकम्प तथा बाढी पहिरो जस्ता विपत्ति पश्चातको प्रतिकार्यमा समेत निगरानी समूहहरूको सक्रियता प्रभावकारी रहेको माथि पनि उल्लेख गरि सकिएको छ ।

७.२.४ समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर

समूह गठन पश्चात सबै सदस्यहरूलाई महिला विकास कार्यक्रमलगायत सदस्यहरूलाई उपयोगी न्यूनतम आधारभूत विषयहरूमा जानकारी गराउन आवश्यक हुन्छ । विना कुनै जानकारी सशक्तीकरणको प्रक्रियामा अगाडी बढ्न सक्ने कुरा पनि भएन । लैङ्गिक विभेद, महिला हिंसा, महिला सशक्तीकरणलगायतका विषयमा न्यूनतम जानकारी सबैमा दिलाउन समूह सदस्य सबैका लागि पुग्ने अनुमान गरी जम्मा ५५०२४ जना सदस्यहरूको अनुशिक्षणमा सहभागिता रहेको थियो । अनुशिक्षणबाट विपन्न महिलाहरूमा आफू र आफूजस्ता अरूको जीवनमा परिवर्तनका लागि अग्रसर हुने अभिकार्य भूमिका बढवाका लागि मद्दत मिलेको छ । कार्यालयबाट समुदायस्तरमा नै गइ अनुशिक्षण प्रदान गरिने हुँदा जिल्लास्तरमा आउन नसक्ने सदस्यहरूले पनि महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण र सामाजिक परिवर्तनका विषयमा न्यूनतम जानकारी प्राप्त गर्ने अवसरको रूपमा पनि यो क्रियाकलाप असाध्य महत्वपूर्ण रहेको छ ।

७.३ रणनीतिक पुनः अभिमुखीकरण

७.३.१.महिला समितिका कार्यकारी सदस्य तथा निगरानी समूह सदस्यलाई आधारभूत तालिम, ७ दिने, जिल्लास्तर

एकीकरणको प्रक्रियामा सहभागी हुने नयाँ समूह सदस्यका लागि यो तालिम राखिएको हो । यस तालिममा महिला विकास कार्यक्रमको विस्तृत परिचय, नेपाली महिलाको अवस्था र स्थिति विश्लेषण एवं सशक्तीकरणका उपाय, बचत परिचालन, नेतृत्व विकास, सञ्चार सीप, लैङ्गिक हिंसा, महिलाको प्रजनन स्वास्थ्य, लैङ्गिक शब्दावली तथा भूमिका परिवर्तन, ग्रामीण व्यवसायको परिचय, व्यवसायमा महिलाको सहभागिता, समूह/समिति/संस्थाको सङ्गीकरण प्रक्रिया, घरेलु हिंसा कारण र निवारण, चेलीवेटी बेचबिखन अपराध नियन्त्रण, बाल अधिकारको संरक्षण आदि जस्ता कुरामा प्रस्तुती तथा छलफल गराइन्छ । जसबाट महिलाहरूमा ज्ञान सीप धारणामा परिवर्तन आई आफू अग्रसर हुने र अन्य साथीहरूलाई पनि सहयोग गर्ने भावना विकास भइ सहभागी समूह सदस्यको अभिकार्य (Agency) भूमिकामा बढवा मिलेको छ । हालसम्म ९११८ महिलाहरू यो प्रशिक्षण सञ्चालनबाट लाभान्वित भएको छ । यस प्रशिक्षणका सहभागीको माथि उल्लिखित महत्वपूर्ण विषयहरूमा जीवनमा आवश्यक पर्ने आधारभूत ज्ञान हाँसिल गरी सकारात्मक परिवर्तनका लागि अग्रसर हुन मद्दत पुगेको छ ।

७.३.२ महिला संस्थाका सञ्चालक समितिका पदाधिकारी, व्यवस्थापन कर्मचारी र समितिका अध्यक्ष एवं सदस्य-सचिवलाई नेतृत्व तथा संस्थागत विकास तालिम, ५ दिने, जिल्लास्तर

समुदायमा आइपर्ने विभिन्न थरिका काम जुन सबै महत्वपूर्ण लाग्दछन् –मा संस्था अलमलिइरहेको हुन्छ । साधारण उपलब्धीमा पनि समय र स्रोत साधन बढी खर्च गरि रहनु भन्दा रणनीतिक सोचका साथ अगाडि बढ्नु उपयुक्त हुन्छ ।

वास्तविक सहकारिताको विकासका लागि महिला संस्थाको नेतृत्व तहको रणनीतिक पुनःअभिमुखीकरणको सिलसिलामा यो तालिम राखिएको हो । हालसम्म ८५१५ जना यो प्रशिक्षणबाट लाभान्वित भएको छ । यो तालिमको माध्यमवाट संस्थाका सञ्चालक समितिका पदाधिकारी, व्यवस्थापन कर्मचारी र समितिका अध्यक्ष्य एवं सदस्य-सचिवसमेतमा वास्तविक सहकारिताको ज्ञान, नेतृत्वको जिम्मेवारी, आवश्यकीय सञ्चार सीप, असल नेतृत्वमा हुनुपर्ने गुण, नेतृत्व तथा अनुयायित्व विकासमा ध्यान दिनुपर्ने पक्षहरू आदिमा क्षमता बढेको छ । साथसाथै रणनीतिक हिसाबले संस्थालाई अगाडि बढाउन संस्थाको समस्या विश्लेषण, अवाकस विश्लेषण साङ्गठनिक मानचित्र, अभिकार्य र अभिप्राप्तीको मापन गरी वास्तविक अवस्था पहिल्याउने र भावी रणनितिक योजनाको माध्यमवाट विचौलीया परिपाटीको अन्त्य गरी सक्षम, स्वावलम्वी संस्थावाट महिला दिदी वहिनी हरूको जीवनस्तरमा सुधार ल्याउने कार्यतर्फ संस्थाका नेतृत्ववर्गलाई अग्रसर गराउन यो प्रशिक्षण ज्यादै उपयोगी देखिएको छ । महिला संस्थालाई लैङ्गिक समताको ध्वजावहाकको रूपमा अगाडि बढाउदै सामाजिक परिवर्तनको शक्ति र महिला तथा बालबालिकाको सुरक्षाको पहरेदारको रूपमा दृढ सङ्गल्पित भइ अग्रसर हुन नेतृत्व वर्गलाई घच्घच्याउने यो प्रशिक्षण सामाजिक परिवर्तन र महिला सुरक्षा अभिबृद्धिको सञ्जाल स्थापना गर्न समेत महत्वपूण रहेको पाइएको छ ।

७.३.३ महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर

महिला संस्था कार्यक्रमका करले मात्र नभई सदस्यको अभिकार्य केन्द्र बन्नु पर्दछ त्यसका लागि भावना अनुसारका योजना र गन्तव्य अनुसारका गतिविधि पहिल्याउन साधारण काममा मात्र अलमल नगरी संस्थाले रणनीतिक सोच पहिल्याउनु पर्दछ । संस्थाले अबाकस विश्लेषण, समस्या वृक्ष विश्लेषण गरी साङ्गठनिक मानचित्रमा वर्तमान अवस्था आङ्कलन गरी अभिप्राप्ति सूचकाङ्कमा मान बृद्धि हुने गरी सदस्यको प्राथमिकताका कार्यक्रममा ध्यान दिने परिपाटि मिलाउन रणनीतिपत्र तर्जुमा गराइएको हो । यो कार्यशालाको माध्यमबाट संस्थाका नेतृत्व तहका पदाधिकारीको चिन्तनशिलता बढ्नुका साथै संस्थाको रणनीतिक प्राथमिकता निर्धारण गर्न पनि मद्दत पुगेको छ । २५७ वटा महिला संस्थाको रणनीति-पत्र तर्जुमा कार्यक्रम सम्पन्न भएको छ । रणनीतिपत्र तर्जुमा पछि संस्थालाई वर्तमान र भावी सदस्यहरूको लागि उपयुक्त व्यावसायिक विकास रणनीति, साङ्गठनिक विकास रणनीति र साझेदारी विकास रणनीति तय गरी उपयुक्त गन्तव्य पहिल्याउँदै अगाडी बढ्न मद्दत मिलेको छ ।

७.३.४. लैङ्गिक हिंसा निवारणमा पुरुषसहभागिता प्रवर्धनका लागि शसक्तीकरण सहकार्य तालिम ३ दिने गाँउस्तर

महिला सशक्तीकरणका लागि पुरूषहरूको सहयोग अनिवार्य छ । पुरूषजनको सहयोगविना महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारण सुगम हुँदैन । त्यसैले पुरुषसहभागिता प्रवर्धन महिला विकास कार्यक्रमको रणनीति पनि रहेको छ । समुदायमा महिला, पुरुषदुवैको सहभागितामा अन्तरक्रिया गरी महिला सशक्तीकरणमा पुरूषको समर्थन प्राप्त गर्ने प्रयास हो सशक्तीकरण सहकार्य तालिम । सोहीअनुसार यो तालिममा लैङ्गिक हिंसा अत्यधिक भएका परिवारका पुरुष र महिला सदस्यहरूलाईसँगै राखि दुवैको कामको विभाजन, लिङ्ग निर्धारण, लैङ्गिक हिंसाको परिभाषा र यसबाट पर्ने असरलगायत विषयहरूमा अन्तरक्रियात्मक सत्रहरू सञ्चालन गरिएका थिए । जम्मा ८१३० जनाको सहभागिता रहेको थियो ।

अनुशिक्षणमा बसेर लैङ्गिक समानताका मुद्दा जानिसकेका महिलाको सामाजिक बहसमा सहभागिता बढाउँदै महिलाको परिप्रेक्ष्य अब अझै फराकिलो बनाउन यस तालिमबाट मद्दत पुगेको छ । तालिममा सहभागी भएका पुरूषहरूको व्यवहारमा सकारात्मक परिवर्तन आई हिंसा कम हुने तथा घरायसी कार्यमा भूमिका परिवर्तन हुनाका साथै महिलाहरूको सामाजिक मर्यादास्तरमा बढोत्तरी हुने गरेको छ। तालिममा भाग लिएपछि महिला पुरूषबीचका एक अर्काका समस्यावारे थाहा पाउने, पुरूषहरूले घरायसी काममा महिलालाई सहयोग गर्ने प्रतिवद्धता जनाउने, समाजमा महिलाका कारणले छोरा नजन्मिएको भ्रमप्रति स्पष्ट भई छोरा जन्माउने क्रोमोजोम पुरूषमा मात्र हुनेमा स्पष्ट भइ 'छोरा नभएर दोस्रो विवाह गर्नु वेकार रहेछ' भनी थाहा पाउने गरेका छन् । वास्तवमा महिलाहरूको घरायसी जायदात र सम्पत्तिमा पहुँच बढेको र नियन्त्रणमा अझै पनि शुन्य कै स्थितिमा रहेकोमा पुरूषहरू सचेत भई दुवै जनाले एक अर्काको काममा

सहयोग गरेमा काम हलुङ्गो दाम गरूङ्गो हुन्छ भन्ने महसुस गर्ने गरेको पाइएको छ । फलस्वरूप महिलाहरूको घरायसी कामको मूल्याङ्कनमा सहयोग गर्ने प्रतिवद्धता जनाउदै व्यवहारमा पनि लागू गर्ने गरेको देखिएको छ ।

७.३.५ महिला संस्थाका सुभेच्छुक तथा सहयोगी निकायहरू बीच महिला संस्थाको समग्र प्रगति स्थितिबारे गाविसस्तरीय अन्तरक्रिया १ दिने (महिला संस्थालाई कार्यक्रम अनुदान)

लैङ्गिक समताको ध्वजावाहक महिला संस्थाले समुदायमा गरेका गतिविधिहरूको प्रक्षेपणका लागि यो अन्तरक्रिया ४२६ संस्थामा सम्पन्न गरिएको छ । समुदायका शुभेच्छुक र सहयोगी निकायका प्रतिनिधिहरूलाई डाकिएको सभामा प्रारम्भमा संस्थाको हालसम्मको प्रगति र भावी कार्यदिशासहितको प्रस्तुतीकरण गरी सहभागीहरूको जिज्ञासा, प्रतिक्रिया, टीका-टिप्पणीका आधारमा अन्तरक्रिया गरिएको थियो । जसवाट संस्थाको हालसम्मको प्रगतिको बारेमा समुदायमा जानकारी हुनाका साथै संस्थालाई विभिन्न निकायवाट के कस्तो सहयोग गर्नेसंस्थाको भावी कार्यदिशा कस्तो राख्दा संस्थालाई अगाडि वढाई महिला शसक्तिकरणमा जोड दिन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । यस्तो अन्तरक्रियाबाट संस्थाले आफ्नो सम्पूर्ण गतिविधि प्रक्षेपण गर्ने मौका प्राप्त हुनाका साथै गाविस नपाका साथै अन्य सहयोगी निकायहरूबाट विभिन्न सहयोग प्राप्त गर्नको लागि प्रतिवद्धता पाएको थियो । खासगरी लैङ्गिक हिंसा निवारणका क्षेत्रमा आवश्यक सहयोग प्राप्त भइ संस्थाको भूमिका बढोत्तरी भएको पाइएको छ ।

७.३.६ लैङ्गिक हिंसा निवारणका लागि अन्तरपुस्ता अन्तरक्रिया ३ दिने गाउँस्तर

सुरक्षित मातृत्वमा सासूको भूमिका महत्वपूर्ण छ । बुहारीले छिट्टै गर्भ धारण गर्नुपर्ने, छोरै पाउनुपर्ने, अस्पताल जानु नपर्ने भन्ने खालका धारणामा परिवर्तनका अतिरिक्त पौष्टिक खानेकुरा, कार्यबोझ, आरामलगायतका पक्षमा पनि सासूको सकारात्मक विचार वाञ्छनीय छ ।

त्यस्तै महिनावारी रोकिने अवस्थामा उच्च रक्तचाप, अत्यधिक तनावजस्ता सासूको प्रजजन स्वास्थ्य समस्याप्रति बुहारीको संवेदनशीलता पनि अपेक्षित छ । पुस्तान्तरणको फरक सोच र अनुभवको प्रकाशमा खुल्ला तर्क-वितर्क गरी समझदारीमा पुग्ने प्रयास गर्न यो अन्तरक्रिया राखिएको हो । यो अन्तरक्रिया महिला संस्थाका सदस्य मध्येबाट १५ जना र तिनै सदस्यका सासू वा बुहारी १५ जना गरी एक समूहमा ३० जनालाई सहभागी गराउने गरिएको छ जसमा सदस्य र निजको सासू वा बुहारी एकाघरका हुनुपर्ने, सासू-बुहारी दुवै संस्थाका सदस्य भएकै हुनु नपर्ने र संभव भएसम्म विभिन्न जाति, सम्प्रदाय र भेगको प्रतिनिधित्व हुनुपर्ने विधि स्थापित गरिएको छ । ४३५० जना सहभागी भएको । यो अन्तरक्रिया पश्चात् सासू-बुहारीबीच एकअर्काका समस्यावारे थाहा पाई एक अर्काप्रतिको हेराइमा संवेदनशीलता बढी सासूलाई बुहारीप्रति र बुहारीलाई सासुप्रतिको माया मोह बढेको, सासूले बुहारीलाई र बुहारीले सासूलाई गर्ने व्यवहारमा परिवर्तत भएको पाइएको छ । साथै गर्भावस्थालगायत प्रजनन स्वास्थ्यसमस्याका बारेमा सासूहरूबाट नकारात्मक प्रयोगलाई त्याग्ने प्रतिवद्धता जनाउदै व्यवहारमा लागू गर्ने गरेको देखिएको छ । बुहारीहरूले पनि सासुहरू विरामी हुदाँ, कामकाज गर्न नसक्दा कोठामा जाने, सगै बस्ने, आमा भनी संबोधन गर्ने, जस्ता कुरामा प्रतिवद्धता जनाउदै व्यवहारमा पनि लागू गर्ने गरेका छन् । सासुहरूले बुहारीहरूलाई छोरीको जस्तो व्यवहार गर्ने, महिनावारी हुँदा पोषिलो खानेकुरा दिने खानेकुरामा भेदभाव नगर्ने, आज धेरै काम गरेकी छौं थाकेकी होउली भनी सहानुभूति दिने जस्ता कुराहरू व्यवहारमा लागू गर्ने गरेका छन् । फलस्वरूप एक महिलाले अर्को महिला प्रति गर्ने वेवास्ता र शोषण अन्त्य गर्दै सुमधुर पारिवारिक वातावरण निर्माण गर्न मद्दत पुगेको छ ।

७.४.सामुदायिक संरक्षण एवं सम्प्रेषण सेवा

७.४.१ महिला संस्था, समितिका अध्यक्ष, व्यवस्थापन कर्मचारी तथा निगरानी समूहका संयोजकलाई समुदायमा आधारित संरक्षण प्रणाली र अनुमगन सम्बन्धी तालिम, ७ दिने, जिल्लास्तर

महिला संस्थाको अगुवाइ, निगरानी समूह, समितिहरूको सक्रियता र जिल्ला तहसम्मका सेवा-प्रदायकहरूसँगको सञ्जालीकरणमा समुदायमा महिला तथा बालबालिकाको संरक्षणका साथै संरक्षण सेवाहरू सुलभ हुनु नै समुदायमा

आधारित संरक्षण प्रणाली हो र संरक्षण प्रणालीलाई सुदृढ तुल्याउने अभिप्रायले यो तालिम राखिएको हो । निगरानी समूहका सदस्यहरू तथा महिला संस्थाका नेतृत्व तहका पदाधिकारीका लागि लैङ्गिक हिंसा निवारण, मानव बेचबिखन नियन्त्रण, महिला अधिकार, बालअधिकार र संरक्षण, विषयमा विद्यमान कानुनी व्यवस्थाको जानकारीका साथै हिंसा निवारणमा समूह सदस्यहरूले खेल्नुपर्ने भूमिका लगायतका विषयमा तालिम प्रदान गरिएको थियो । २४०४६ जना सदस्यले यो तालिम प्राप्त गरेका छन् । यो तालिमबाट लैङ्गिक हिंसा निवारणका घटनाको पहिचान, रोकथामका साथै पीडितहरूको न्यायमा पहुँच स्थापनामा ठूलो मद्दत पुगेको छ ।

७.४.२.महिला संस्था/समितिमार्फत प्रभावितहरूलाई सहायता (कार्य सञ्चालन अनुदान)

घरेलु हिंसाबाट प्रभावित घरबाट निकालिएका जसको आफ्नो केही छैन, दुःख पर्दा हेर्ने आफ्ना कोही छैनन भने तत्कालै गाँस, बास र कपासको समस्या आइहाल्दछ । हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरूको उद्धार, पुनःस्थापना तथा न्यायमा पहुँचका लागि महिला संस्थाबाट आवश्यक सहयोग पुगोस् भनि तत्काल राहतको व्यवस्था मिलाउन प्रति संस्था रू. १० हजार दरले छुट्टयाइएको थियो । ४४४ संस्थालाई प्रभावित सहायता कोष कार्यक्रम अनुदानको रूपमा प्रदान गरिएको थियो । संस्था/समितिले यसबाट प्रभावितहरूका लागि आवश्यक सेवा संयोजन गर्ने व्यवस्था मिलाउनुका साथै महिला माथि हुने हिंसाका घटनाको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाई महिला सशक्तीकरणमा जोड दिदै आएका छन् । कतिपय संस्थाले यसरी स्थापित कोषमा आफ्नो प्रयासबाट रकम थप गरी हिंसा पीडित तथा प्रभावितहरूका लागि निरन्तर सेवा प्रवाहको व्यवस्था पनि मिलाएका छन् ।

७.५ सामाजिक परिचालन, सहजीकरण र अभिलेखीकरण

७.५.१ महिला तथा बालबालिकामाथि हुने हिंसा विरूद्धको अभियान सञ्चालन (बालबिवाह, बेचविखन, यौनजन्य दुर्व्यवहार, श्रमशोषण, दाइजोप्रथा, छाउपडीप्रथा, इत्यादि) गाविसस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान)

हिंसा सर्वत्र बर्जित छ । महिला संस्थाले नेतृत्व लिई आफ्नो समुदायमा खासगरी महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्यको विषय जोडदार रूपमा उठाई शून्य सहनशीलता कायम गर्न सम्पूर्ण समुदायलाई झकझक्याउने कार्यका लागि राखिएको यो क्रियाकलाप गाविसस्तरमा संस्थामार्फत अभियानको रूपमा सञ्चालन गरियो । त्यसैगरी जिल्लास्तरमा पनि यस्तो अभियान १२८ पटक सञ्चालन गरिएको थियो । यस्ता अभियानका माध्यमबाट प्रशस्त गतिविधि भएपछि छिट्टै महिला तथा बालबालिका विरूद्ध हुने हिंसा शून्यसहनशील समुदाय घोषणा समेत गर्न सकिने देखिएको छ ।

७.५.२ कर्मचारी तथा सामाजिक परिचालिकाका लागि अनुगमन प्रणालीसम्बन्धी अनुशिक्षण (फाराम क-घ), २ दिने, जिल्लास्तर

महिला समिति र निगरानी समूहले गरेका कार्यहरूको प्रगति प्रतिवेदन प्रणाली स्थापना गर्न अत्यन्त आवश्यक छ । लैङ्गिक हिंसा निगरानी किताप तथा संस्था, समितिले गरेका कामहरूको विवरण क देखि घ सम्मका फाराममा भरी जिल्लास्तरमा सङ्कलन तथा एकीकृत गरेर केन्द्रीयस्तरमा प्रतिवेदन प्रकाशित गर्नुपर्ने र त्यसका लागि कर्मचारी, सामाजिक परिचालिकालाई दक्ष तुल्याउन २०५ पटक अनुशिक्षण सम्पन्न गरियो । प्रशिक्षण पश्चात लैङ्गिक हिंसा निवारणका क्षेत्रमा भएका कार्यहरूको तथ्याङ्क प्राप्त गर्न सहज भएको छ ।

७.५.३ महिला संस्था/समिति, लैङ्गिक हिंसा निगरानी समूह, सरकारी तथा गैरसरकारी साझेदार निकायहरूबीच कार्यक्रमको वार्षिक समीक्षा गोष्ठी, १ दिने, जिल्लास्तर

समुदाय तहदेखि जिल्ला तहसम्म वर्षभरि गरेका विभिन्न कार्यहरूको समिक्षा ११७ पटक सम्पन्न भएको थियो । महिला संस्था/समिति, लैङ्गिक हिंसा निगरानी समूह, सरकारी तथा गैरसरकारी साझेदार निकायहरू सबै सरोकारवाला को समुचित प्रतिनिधित्व हुने गरी के-कति प्रगति हासिल हुन सक्यो र के कस्ता सिकाइहरू रहे भन्ने विषयमा अन्तरक्रियात्मक समीक्षा गोष्ठीको आयोजना गरिएको हो । त्यस अवसरमा स्थानीय राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरूका साथै सञ्चारकर्मीहरूलाई पनि आमन्त्रण गरी कार्यक्रमको बारेमा जानकारी गराइएको थियो ।

७.५.४ तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन

सघन अभियान लागू भएको ३५ जिल्लामा महिला समूह, समिति, संस्थाले गरेका कार्यहरूका साथै जिल्लामा लैङ्गिक हिंसा निवारणका क्षेत्रमा हासिल भएका उपलब्धि तथा सिकाइको अवस्था झल्कने तथ्याङ्क, विवरण, प्रगति एकीकृत गरी प्रतिवेदन तयार गर्न यो क्रियाकलाप राखिएकोमा जम्मा ३० जिल्लामा ७९ पटक यो कार्य सम्पन्न भएको छ । जिल्लामा तयार गरिएको प्रतिवेदन विभागमा समेत प्राप्त भएको छ ।

७.५.५ लैङ्गिक हिंसा निवारण जिल्ला संयोजन समितिको बैठक

नेपाल सरकारले सन् २०१० लाई लैङ्गिक हिंसा विरूद्धको वर्ष घोषणा गरी विभिन्न कार्यक्रमसहितको कार्ययोजना कार्यान्वयनमा ल्याएको थियो, जसबाट लैङ्गिक हिंसाविरूद्धको अभियानलाई अग्रगति मिल्यो । थप प्रयासहरूलाई कायमै राख्न नेपाल सरकारबाट २०६९।४।१४ मा लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९–२०७४ स्वीकृत भएको छ । कार्ययोजनाअनुसार जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण जिल्ला संयोजन समितिको व्यवस्था छ । सो समितिलाई देहायबमोजिम जिम्मेवारी तोकिएको छ:

लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धमा जिल्लामा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग र सहजीकरण, कार्यान्वयनको स्थिति अनुगमन, समन्वय, सहकार्य र सहयोग गर्ने ।

- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धमा जिल्लास्तरमा देखिएका समस्याहरू निराकरण गर्ने र
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी रणनीति तथा कार्ययोजनाको स्थानीयस्तरमा कार्यान्वयनको सुनिश्चितता गर्ने र सोको कार्यान्वयन स्थितिको बारेमा नियमित रूपमा प्रतिवेदन गर्ने ।

उल्लिखित जिम्मेवारी कार्यान्वयनका सिलशिलामा समितिको बैठक सञ्चालन गर्नका लागि प्रति जिल्ला रू १५०००। बजेट छुट्याइएको थियो । ५८९ पटक बैठक सञ्चालन भयो । समितिको बैठकबाट लैङ्गिक हिंसा निवारण राहतकोषको रकम परिचालनको साथै जिल्लामा हुने हिंसाका घटनाहरूमा तत्काल सम्बोधनका लागि निर्देशन, समन्वयलगायत लैङ्गिक हिंसा निवारण सम्बन्धी नीतिगत निर्णयहरू हुने गरेको छ ।

७.५.६ निगरानी किताप तथा मास्केबारी फाराम छपाइ

पारगमन योजना कार्यान्वयन मार्गदर्शनमा तोकिएको ढाँचामा निगरानी किताप र मासिक प्रगति विवरण छपाइका लागि प्रति**निगरानी समूह** रू. १ हजारका दरले बजेट विनियोजन गरिएको थियो । जिल्लाभित्र **निगरानी समूह** गठन भएका सबै वडा समितिमा यस्तो किताप उपलब्ध गराई विवरण राख्ने तथा मासिक प्रगति पठाउने व्यवस्था मिलाउनको लागि जिल्लामा १६७ पटक कार्य सम्पन्न भयो । यसबाट निगरानी समूहहरूले गरेका कार्यहरूको अभिलेखीकरण गर्न मद्दत पुगेको छ ।

लैङ्गिक हिंसा निगरानीका क्षेत्रमा भएका कार्यत्रको सूचना तथा तथ्याङ्क सम्बन्धि विवरण (GBV IMS Software) युनिसेफबाट तयार पारी सबै जिल्लाबाट तथ्याङ्क एकीकृत गर्ने कार्य पनि गरिएको थियो ।

७.५.७ प्रत्येक वडामा द्वैमासिक साथ सम्पर्क, समूह विस्तार, समूह कार्यमा संयोजन, सहजीकरण एवं स्रोत सेवा

समिति तथा निगरानी समूहले गरेका कार्यहरूको कम्तीमा दुई महिनामा एकपल्ट साथ सम्पर्क भ्रमण कार्यक्रमा ८८२० पटक सम्पन्न भएको थियो । महिला विकासमा अनुगमन शब्दको सट्टा साथ सम्पर्क भ्रमण भन्ने गरिएको छ । यस कार्यको प्रयोजन भनेको समुदायले गरेका कामको प्रत्यक्ष्य अवलोकन गर्ने, राम्रो भएकोमा प्रशंसा, गलत भएकोमा सुधारका लागि सुझाव दिने वा लिने कार्य नै हो । कार्यालयको साथ सम्पर्क भ्रमणले समुदायको हौसला बृद्धि भएको छ । यसबाट लक्षित समूह सदस्यहरूले गरेका कार्यहरूको नजीकबाट अवलोकनका साथै साङ्गठनिक गतिशीलता पैदा गर्न मद्दत पुगेको छ । साथ सम्पर्क भ्रमणबाट नै समस्याको सही पहिचान भई सहि कार्ययोजना तर्जुमा गर्नसमेत सहयोग पुगेको छ ।

७.५.८ लैङ्गिक हिंसाविरूद्ध १६ दिने अभियान सञ्चालन

लैङ्गिक पक्षपातकै कारण महिलाप्रति शारीरिक, मानसिक एवं यौनजन्य हिंसात्मक व्यवहारहरू भै रहेका छन् । महिला तथा बालिकामाथि हुने सबै किसिमका हिंसा, दुर्व्यवहार र शोषणको अन्त्य गर्न व्यापक सामाजिक जागरण आवश्यक छ । सन् १९९१ मा क्यानडाका केही पुरूषहरूबाट महिला र बालिकाउपर हुने हिंसाको जिम्मेवार हामी पुरुषनै हौं र हामीले नै जघन्य अपराध न्यूनीकरणमा सहभागी हुनुपर्दछ भन्ने सकारात्मक सन्देश दिने उद्देश्यका साथ सेतो रिवन अभियान सुरू गरिएको थियो । (१) महिला तथा बालिका विरूद्ध कहिल्यै हिंसा नगर्ने (२) महिला तथा बालिकाविरूद्धका हिंसाको कहिल्यै उपेक्षा नगर्ने र (३) महिला तथा बालिकाविरूद्धका हिंसामा कहिल्यै चुप लागेर नबस्ने सेतो रिबन अभियानका सन्देश अनुसरण गरेर नेपालमा पनि हरेक वर्ष नोभेम्बर २५ बाट डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरूद्धको अभियान सञ्चालन गरिँदै आएको छ । यस अभियानलाई सबै जिल्लामा व्यापक तुल्याउन यो क्रियाकलाप राखिएको हो । सबै जिल्लामा प्रत्येक वर्ष यो कार्यक्रम सम्पन्न भएको छ । जिल्लामा कार्यरत अन्य निकायहरूसँग समेत समन्वय गरी महिला तथा बालबालिका हुने जुनसुकै किसिमको हिंसाजन्य कार्यप्रति शुन्य सहनशीलता कायम गर्न सबैलाई सङ्कल्पित गर्ने गरी जिल्ला तथा समुदायतहसम्म पनि यो क्रियाकलाप सञ्चालन भएको थियो । सेतो रिबन अभियान महिला हिंसाको अन्त्यमा पुरुषसंलग्नताको प्रतीकको रूपमा पनि रहेको पाइन्छ ।

७.५.९ संकटासन्न अवस्थाका महिला तथा बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाउने गैर सरकारी सेवा प्रदायक संस्थालाई तत्काल संरक्षण सेवा प्रवाह गर्न कार्यक्रम अनुदान (धनकुटा, सिरहा, धनुषा, दैलेख, बझाङ, डडेल्धुरा) : गैरसरकारी संस्थाको सहयोगमा प्रभावितलाई सहयोग पुऱ्याउने उद्देश्यले ६ जिल्लामा शुरू गरिएको यो क्रियाकलाप सञ्चालन मार्गदर्शन स्वीकृतिमा ढिलाइका कारण ३ जिल्लामा मात्र सेवा सञ्चालन प्रारम्भ भएको छ । यसरी सेवा सञ्चालन गर्ने जिल्लाहरू धनकुटा, धनुषा र दैलेख रहेका छन् । मार्ग दर्शन स्वीकृतिमा ढिलाइका कारण २०७४ आषाढमा शुरू गरिएको यस अनुदान कार्यक्रमबाट धनुषा जिल्लामा ३० जना, धनकुटा जिल्लामा ३४ जना र दैलेख जिल्लामा २९६ जना प्रभावित व्यक्तिले सहयोग पाएका थिए । यो क्रियाकलापको निरन्तरताको लागि सम्बन्धित जिल्लाबाट अनुरोध भै आएको छ ।

७.५.१० बालविवाह विरूद्धको अभियान सञ्चालन महिला संस्था समितिलाई कार्यक्रम अनुदान

महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला संस्थाको अगुवाइमा यो कार्यक्रम सञ्चालन गर्न ८७ संस्थाले अनुदान प्राप्त गरी समुदायमा रहेका सरोकारवाला व्यक्ति महिला समूह समितिका सदस्यहरू, किशोर किशोरीहरू, बालबालिकाहरूको उपस्थितिमा कार्यक्रम सञ्चालन गरी बाल विवाह विरूद्ध सचेतना अभियान सञ्चालन गरिएको थियो । यो कार्यक्रम पश्चात केही जिल्लाहरूमा बालविवाहका घटना रोक्न सफल भएको पाइएको छ ।

७.५.११ प्रहरी चौकीका प्रमुखहरूलाई लैङ्गिक हिंसाविरूद्ध अभिमुखीकरण

सुरक्षा र न्यायको सबलीकरण कार्यक्रमको सघन अभियान सञ्चालन भएका ३५ जिल्लामा कार्यक्रम राखिएकोमा ३३ जिल्लामा सम्पन्न गरिएको छ । जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयका प्रमुख, महिला तथा बालकालिका सेवा केन्द्रका प्रमुखहरू सहभागी भएको यस अभिमुखीकरणमा लैङ्गिक हिंसाका कारण, असर, परिणाम, लैङ्गिक हिंसा निवारणका कानुनी व्यवस्था, बाल विवाह, मानव बेचविखन लगायतका विषयहरूका साथै महिला विकास कार्यक्रम अन्तर्गत प्रवर्धित महिला संस्था निगरानी समूहको हिंसाको रोकथाम तथा समुदायमा आधारित संरक्षण प्रणालीमा स्थापनामा खेल्ने भूमिकाका बारेमा २ दिने प्रशिक्षण सञ्चालन गरिएको थियो । यस अभिमुखीकरण कार्यक्रमबाट प्रहरी चौकी प्रमुखहरूमा लैङ्गिक हिंसा र बाल संरक्षणका मुद्दाहरूको बारेमा जानकारी, सम्वेदनशीला अभिबृद्धि हुनाका साथै प्रहरी समुदायसँगको अन्तर सम्बन्ध नजिक भई हिंसा सहने उजुरी नगर्ने प्रवृत्ति अन्त्य हुने प्रहरी कार्यालयहरूबाट

संवेदनशील लैङ्गिक मैत्री वातावरणमा सेवा प्रवाह भई हिंसा निवारणमा सहयोग पुग्ने र हिंसा प्रति संवेदनशील भई पीडितलाई गरिने व्यवहारमा परिवर्तन थियो ।

७.५.१२ जिल्लास्थित नागरिक समाज/सञ्चार क्षेत्रसँगको समन्वयमा लैङ्गिक हिंसासम्बन्धी प्रचार प्रसार अभियान

यो क्रियाकलाप ७३ जिल्लामा सम्पन्न भएको छ । जिल्लामा रहेका विभिन्न सामाजिक संघ संस्था नागरिक समाज र सञ्चार क्षेत्रलाई समेत सहभागी गराई विभिन्न दिवसीय कार्यक्रमका अवसरमा समस्यामा छलफल, अन्तरक्रिया, प्रस्तुतीकरणका साथै रेडियो तथा टेलिभिजनबाट समेत हिंसा निवारणका विषयमा प्रचार प्रसार गरिएको थियो । लैङ्गिक हिंसा विरूद्धको अभियानमा सरोकारवालाहरू एकजुट भई अग्रसर हुन यस कार्यक्रमले मद्दत पुऱ्याएको जानकारी जिल्लाबाट प्राप्त भएको छ ।

७.५.१३ जिल्ला सेवाकेन्द्र तथा सामुदायिक सेवा केन्द्रको अर्धवार्षिक समीक्षा/कार्यक्रमको समीक्षा

जिल्ला तथा सामुदायिक सेवा केन्द्र सञ्चालित १७ जिल्लामा ३४ पटक समीक्षा गर्ने लक्ष्य राखिएकोमा १६ जिल्लामा ३२ पटक सम्पन्न भएको थियो । यो समीक्षाबाट जिल्ला सेवा केन्द्र र सामुदायिक सेवा केन्द्रबाट प्रदान गरिने सेवा प्रभावकारी बनाउन मद्दत पुग्नुका साथै घटना व्यवस्थापन र पुनस्थापनामा दुई थरि केन्द्रहरूबीच समन्वय स्थापना गर्न अझ मद्दत पुगेको छ । केन्द्रमा १ पटक जिल्ला सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्रको समीक्षा गरीएको थियो ।

७.५.१४ महिला तथा बालबालिका प्रदत्त अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तनसम्बन्धि अधिकारका प्रक्षमा प्रचार प्रसार अभियान

यो कार्यक्रम ७० जिल्लामा सम्पन्न भएको छ । यसबाट नेपालको संविधान २०७२ मा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धी हकको बारेमा तथा केही नेपाल ऐन संशोधनबाट महिला हक अधिकार सम्बन्धमा भएका नयाँ व्यवस्थाका बारेमा समुदायमा जानकारी गराउन विभिन्न प्रचार प्रसारका कार्यहरू सम्पन्न गरिएका थिए । विभिन्न दिवसीय कार्यक्रममा छलफल, अन्तरक्रिया, प्रस्तुतीकरणका साथै रेडियो तथा टेलिभिजनबाट समेत हिंसा निवारणका विषयमा प्रचार प्रसार गरिएको थियो । समुदायको तल्लोतहसम्म लैङ्गिक हिंसा विरूद्धको जानकारी पुऱ्याउन यस कार्यक्रमले मद्दत पुऱ्याएको जानकारी जिल्लाबाट प्राप्त भएको छ ।

७.५.१५ लैङ्गिक हिंसा निवारण, मानव बेचविखन नियन्त्रणका लागि महिला संस्था, समिति र निगरानी समूहको अगुवाईमा सामुदायिक कार्यशाला तथा कार्ययोजना तयारी

महिला विकास कार्यक्रमबाट प्रवर्धित सक्रिय संस्थाहरूको अगुवाइमा कार्ययोजना तयार गर्न प्रेरणा दिने उद्देश्यले जम्मा ८५ संस्थाबाट यस्तो कार्यक्रम गर्ने लक्ष्य लिइएकोमा ८० संस्थाले यो कार्य सम्पन्न गर्न सफल भएका छन । यो अभ्यासबाट समुदायमा हुन सक्ने लैङ्गिक हिंसा तथा मानव बेचबिखन विरूद्ध जागरूकता बढाइ घटनाको रोकथाम गर्न, यस्ता घटना हुनै नदिने वातावरण सिर्जना गर्न र घटना भइ हालेको खण्डमा पीडकलाई कारवाही तथा पीडितको संरक्षण र सुरक्षा गर्ने व्यवस्था मिलाउन समुदायका सबै अगुवाहरूको जागरूकता, ऐक्यवद्धता र प्रतिवद्धता कायम गर्न मद्दत पुगेको छ ।

७.५.१६ १६ दिने अभियान सञ्चालन

यस वर्ष यो अभियानलाई देशव्यापी बनाउन सफल भइएको छ । मन्त्रीपरिषद्को मिति २०७५।८।१३ को निर्णयानुसार सबै स्थानीय तहले लैङ्गिक हिंसा विरुद्धको यो अभियानका सन्दर्भमा नोभेम्बर २५ लाई हिंसा विरुद्धको विशेष दिवसको रूपमा मनाउने निर्णय गरेको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा ७ वटै प्रदेशमा प्रदेशस्तरीय २ दिने गोष्ठी पनि सम्पन्न गरिएको छ । यस गोष्ठीमा सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रदेश सभाका सांसद, मन्त्री, मुख्य मन्त्रीहरू समेत र केन्द्रबाठ सभासदहरूको समेत सहभागिता रहेको थियो । सात प्रदेशमा करिब ३००० जना पदाधिकारी सहभागी यस गोष्ठीमा महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण सम्बन्धी कार्यपत्र प्रस्तुतिकरणका साथै स्थानीय लैङ्गिक मुद्दाको पहिचान गरी स्थानीय तहले सञ्चालन गर्नुपर्ने

कार्यक्रमको कार्ययोजना तयारी र हिंसा निवारणका लागि बलियो संयन्त्र निर्माण गर्ने सम्बन्धमा सबैको सुझावसमेत प्राप्त गर्ने गरी समूह कार्य र प्रस्तुतीकरण समेत गरिएको थियो ।

८. केन्द्रीय समन्वय, स्रोत सेवा तथा अनुगमन

यस कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न संस्थागत क्षमता बढाउने उद्देश्यले महिला तथा बालबालिका विभाग तथा कार्यालयका कर्मचारीहरूका लागि विभिन्न प्रशिक्षण तथा अनुगमन सम्बन्धि क्रियाकलाप सञ्चालन गरिएका थिए । विभागबाट सञ्चालित क्षमता अभिबृद्धि कार्यक्रम निम्नानुसार रहेका थिए । यी क्रियाकलापहरूबाट समग्र रूपमा लैङ्गिक हिंसा निवारणका प्रयासलाई एकीकृत रूपमा महिला विकास कार्यक्रममा संस्थागत गर्न ठूलो मद्दत पुगेको देखिएको छ ।

८.१.१ नेतृत्व तथा संस्थागत विकास पुनर्ताजगी प्रशिक्षण, ५ दिने

महिला विकास कार्यक्रममा लैङ्गिक विभेदको अन्त्य र महिला सशक्तीकरणका लागि महिलाहरूको साङ्गठनिक विकासमा जोड दिइदै आएको छ। कार्यक्रम लागू भएको कार्यक्षेत्रका लक्षित महिला हरूलाई वस्तीस्तरमा ४ देखि ७ जना सम्मको समूह गठन, ६ वटा भन्दा बढी समूह समावेश गरी गाउँस्तरीय समिति गठन, हरेक समिति अन्तर्गत जनसंख्या तथा भौगोलिक अवस्थाका आधारमा ४, ६ वा ८ जनासम्मको निगरानी समूह गठन, ५ वटा वा सो भन्दा बढी समिति भए पछि साबिकको गाविस, हालको गाउँ वा नगरपालिकाको वडास्तरमा महिला संस्था गठन गर्ने प्रचलन रहिआएको छ। यस्तो संस्था सहकारी ऐन तथा नियमावली अनुसार प्रवर्धन र परिचालन हुन्छ ।

महिला विकास कार्यक्रममा महिलाहरूको वैयक्तिक तथा साङ्गठनिक विकासका क्रममा समूहलाई साथीको वृत्त, समितिलाई सहभागिताको सुगम मञ्च र संस्थालाई कार्यकारिणी सदनको रूपमा हेरिएको छ । समूहमा बसेपछि सदस्यहरूको मानिसको साथ खोज्ने आवश्यकताको परिपूर्ति, सामाजिक पुँजीको बढोत्तरी, लैङ्गिक छेकवारको निकास, साङ्गठनिक विकासको एकाइ र कार्यक्रममा पहुँच स्थापनाका लागिसमेत सदस्यहरूलाई सशक्त बनाउन मद्दत पुऱ्याइ रहेको हुन्छ। त्यसै गरी समूहका सबै सदस्यहरू सम्मिलित भइ न्यूनतम मासिक रूपमा बैठक बसी सदस्य समुदायका सरोकारका विषयमा छलफल, सम्मति र निर्णय प्रक्रियामा लैजाने प्रचलन भएकाले हरेका सदस्यका लागि सहभागिताको सुगम मञ्चको रूपमा रहेको हुन्छ जसले सदस्यहरूको वैयक्तिक कार्यशीलतातर्फ विद्यालय, परख मझेरी, प्रक्षेपण कक्ष, नेतृत्व अभ्यासको थलो र पहरा दलको रूपमा रहेको हुन्छ भने साङ्गठनिक गतिशिलतातर्फ संस्थाका सम्पूर्ण गतिविधि सञ्चालनको पूर्व तयारी कार्यशाला, दृष्टिकोण बन्ने थलो, प्रतिस्पर्धात्मक एकाइ, गुण मण्डल (Quality Circle) तथा अनुयायित्व विकासको शिविर बनी संस्थालाई हरबखत गतिशिल बनाउन मद्दत पुऱ्याइ रहेको हुन्छ। समितिको भूमिका खासगरी व्यक्तित्व विकासका काम, व्यावसायिक विकासका काम र विभेदप्रतिपक्षीय कामका लागि ज्यादै महत्वपूर्ण छ। औपचारिक सङ्गठनको रूपमा दर्ता भइ परिचालन हुने संस्थाले साङ्गठनिक क्षेत्र, व्यावसायिक क्षेत्र तथा सशक्तीकरको क्षेत्रमा भूमिका निर्वाह गर्छ जहाँ संस्थालाई व्यापक, गम्भीर र दीर्घकालिन असर पर्ने निर्णयहरू साधारण सदस्यहरू उपस्थित सदस्यहरूले लिने भएकोले संस्थालाई समूह, समितिसँग छुट्याउनु पर्दा कार्यकारिणी सदन (House of executives) भन्ने गरिएको छ । महिला विकास कार्यक्रममा आवद्ध सारा सदस्यहरूको सशक्तीकरण गर्दै समुदाय परिवर्तनका लागि अग्रगामी भूमिका खेल्ने संस्थाहरू निर्माण गर्न महिला संस्थाको साङ्गठनिक मानचित्र र अभिप्राप्ति सूचकाङ्क विकास गरिएको छ ।[२]

कार्यक्रमबाट प्रवर्धित महिला संस्थाहरूको साङ्गठनिक सुदृढीकरणका लागि आवश्यक न्यूनतम ज्ञान सबै कर्मचारीहरू तथा सामाजिक परिचालिकाहरूमा समेत आवश्यक भएकोले नेतृत्व तथा संस्थागत विकास प्रशिक्षणको ९ दिने तालिम मोड्युल विकास गरिएको छ । यो प्रशिक्षण महिला विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन विधिविधाको मेरूदण्डको रूपमा रहेको छ । १० वटा समूह (३५० जना) ले तालिम प्राप्त गरेका छन् । यस प्रशिक्षणमा सहकारिता,

२ महिला, तथा बालबालिका विभागबाट प्रकाशित महिला विकासका विधिविधा (स्थानीय तहका लागि विशेषतः तयार पारिएको स्रोत) पुस्तकबाट यस सम्बन्धि विस्तृत जानकारी लिन सकिनेछ ।

सङ्गठन, मापन, विश्लेषण, रणनीति, सहजीकरण र प्रवर्धन गरी ७ वटा मोड्युलमा जम्मा २७ सत्र सञ्चालन गरिएका थिए । सहकारिताको अर्थ तथा मर्म, सहकारि सिद्धान्त, समूह, समिति संस्थाको साङ्गठनिक विकास, अभिकार्य सूचकाङ्क गणना, अभिप्राप्ति सूचकाङ्क गणना, समस्या विश्लेषण, अवाकस विश्लेषण, महिला विकास कार्यक्रमको मुल्याङ्कनका तह, साङ्गठनिक सुस्ति र गतिशिलता प्रवर्धनका उपाय, कार्यविभाजनमा सहजीकरण, बैठकमा सहजीकरण, नेतृत्व अनुयायित्व विकास, स्रोत परिचालन योजना, बचत के किन कसरी ? सञ्चालक विचार रणनीति, रणनीतिपत्र तर्जुमा, सहजकर्ताको भूमिका, संस्थागत विकासका बाह्रखरी, साथ सम्पर्क भ्रमणलगायतका विषयमा प्रवचनमा मात्र सीमित नभइ हरेक सत्रमा अभ्यासमूलक विधिबाट प्रशिक्षण गराइएकोले सहभागीको सिकाइकोस्तर उपलब्धीपूर्ण रहेको थियो । सहभागीहरूको सिकाइ उपलब्धी मापनका लागि ३० वटा पूर्वोत्तर प्रश्नावली तयार गरी प्रशिक्षण पूर्व र उत्तरार्धमा सहभागीहरूको परीक्षा पनि लिइएको थियो । यस प्रशिक्षणबाट कर्मचारीहरूको सहजीकरण क्षमता अभिबृद्धि हुनाको साथै महिलाहरूको समग्र विकासका लागि नेतृत्व तथा संस्थागत विकासमा सहजकर्ताहरूले खेल्नु पर्ने समग्र भूमिकाका बारेमा सबैलाई प्रस्ट भएको प्रतिक्रिया सहभागीहरूबाट प्राप्त भएको थियो ।

८.१.२ लैङ्गिक मूलप्रवाहीकरण तालिम, केन्द्रस्तर, ७ दिने

केन्द्रस्तरमा विभागको आयोजनामा लैङ्गिक मूलप्रवाहीकरण तालिम,७ दिने कार्यक्रम २ समूहमा (६० जना) तालिममा भौगोलिक रूपबाट सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लाका प्रमुख महिला विकास अधिकृत र महिला विकास अधिकृत सहभागी थिए । कार्यक्रमको पहिलो दिन तालिम कार्यक्रमलाई औपचारिकता प्रदान गर्न छोटो उद्घाटन समारोहमार्फत तालिम कार्यक्रमको सुरूवात् गरिएको थियो । उद्घाटन कार्यक्रमपछि लैङ्गिक मूलप्रवाहीकरणको अवधारणा, लैङ्गिक मूलप्रवाहीकरण : Regional perspective, लैङ्गिक संवेदनशील योजना, परिचय, आवश्यकता र तर्जुमा पद्धति, नेपालमा लैङ्गिक बजेटसम्बन्धी नीतिगत व्यवस्था कार्यान्वयन र प्रभाव विश्लेषण, विद्यमान योजना प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण, दीगो विकास लक्ष्य (SDG) र मुलप्रवाहीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण : आवश्यकता र उपायहरू, लैगिक तथा सामाजिक वञ्चितीकरणका कारण र असरहरू लगायतका विभिन्न विषयहरूमा ७ दिनसम्म विभिन्न विषय विज्ञहरूबाट प्रस्तुति तथा छलफल भएको थियो ।

तालिमको अन्त्यमा प्रशिक्षार्थीहरूबाट समग्र तालिम कार्यक्रमको बारेमा सुझाव तथा प्रतिक्रिया सङ्कलन गर्दा तालिमको विषयवस्तु महिला विकास कार्यक्रमसँग सान्दर्भिक भएको, समूह कार्यले सहभागीको सक्रियता बढाएको, तालिमको व्यवस्थापन राम्रो भएको तथा प्रशिक्षकहरूको सहजीकरण पनि निकै राम्रो भएको प्रतिक्रिया प्राप्त भएको थियो । यसका साथै समूहकार्य बढी गराउनुपर्ने, स्रोत व्यक्तिहरूबीच विषयवस्तुको प्रस्तुतिकरण सम्बन्धी एक आपसमा Linkage कायम गरिनुपर्ने जस्ता सुधार गर्नुपर्ने विषयहरूमा समेत सुझाव प्राप्त भएका थिए ।

८.१.३ संस्थागत विकास निर्देशिका/विधिविधा तयारी र छपाई

महिला विकास कार्यक्रमको मेरूदण्ड भनेको कार्यक्रमबाट प्रवर्धित महिलाहरूको संस्थागत विकास नै हो । समुदायस्तरमा ४ देखि ७ जनासम्मको समूह बनाउने, कम्तीमा ६ समूह जोडेर महिला समिति बनाउने र कम्तीमा ५ वटा समिति बनेपछि हरेक गाविसस्तरमा महिला संस्था दर्ता गर्ने प्रचलन रहिआएको थियो । महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण, महिलाहरूको व्यक्तित्व विकास, सामाजिक परिवर्तन र आर्थिक सशक्तीकरणका एकीकृत प्रयासका लागि सदस्यहरूको समूहीकरण, नेतृत्व तथा संस्थागत विकास प्रक्रियाको छुट्टै विधिविधा यस कार्यक्रमबाट स्थापित भएको छ । साबिक गाविसहरू स्थानीय तहमा परिणत भै नयाँ राजनैतिक विभाजन भै सकेको र साविकको महिला विकास कार्यक्रम वर्तमान सन्दर्भमा स्थानीय तह अन्तर्गतको जिम्मेवारीमा परेको हुँदा कार्यक्रमका सिकाइहरूलाई संगाल्दै स्थानीय तहले प्रयोग गर्न मिल्ने गरी महिला विकास कार्यक्रमको सिकाइ, विधि र प्रक्रिया बारेको पुस्तक तयार गरी प्रकाशन गर्न आवश्यक देखिएकोले **महिला विकासका विधिविधा** नामक पुस्तक तयार गरि ३ पटक प्रकाशन तथा पुनः प्रकाशन गरिएको छ । यस पुस्तिकाले समाजको समग्र आर्थिक तथा सामाजिक विकासका लागि महिला सशक्तीकरणमा जोड दिँदै सहकारिका विधि र प्रक्रियाबाट समाजको आर्थिक विकास, सामाजिक रूपान्तरण, सामुदायिक विकास,

समुदायमा आधारित संरक्षण प्रणाली स्थापना, लैङ्गिक मूलप्रवाहीकरणसमेत गरी लैङ्गिक समानतामय सम्मुन्नत समुदाय निर्माण गर्ने उपायको झल्को दिन स्थानीय तहका पदाधिकारीहरू तथा यस क्षेत्रमा काम गर्न इच्छुक सबैलाई मद्दत गर्ने अपेक्षा गरिएको छ ।

८.१.४ लैङ्गिक हिंसा निवारण सम्बन्धी सुचनामूलक सन्देश प्रवाह

समाजमा व्याप्त लैङ्गिक हिंसा निवारणमा योगदान पुऱ्याउन परामर्श दाताको सहयोगमा एक सूचना मूलक टेलि सन्देश तयार गरिएको थियो । यस टेलि सन्देशमा समाजमा हिंसाको अवस्था, समुदायमा सदस्यहरूको हिंसा निवारणमा रहेको भूमिका तथा महिला समूह संस्था र निगरानी समूहहरूले हिंसा निवारणका लागि गर्ने गरेका पहलहरूसमेत प्रतिविम्बित गरी टेलि सन्देश तयार गरी राष्ट्रिय सञ्चार माध्यम नेपाल टेलिभिजनबाट प्रसारण समेत गरिएको थियो । यस्ता सन्देश प्रसारण गर्दा समाजमा विद्यमान समस्या र समाधानका लागि चाल्नु पर्ने कदम तथा भैरहेका पहलहरूका बारेमा जनचेतना अभिबृद्धि हुने देखिएको छ ।

८.१.५ कार्यक्रमको सघन अनुगमन भ्रमण

जिल्लामा सञ्चालित क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाबारे केन्द्रबाट जानकारी हासिल गर्ने र समस्या समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले २९ जिल्लामा अनुगमन गरिएको छ । विभागबाट लागू गरिएको अनुगमन निदर्शनले तोकेका महत्वपूर्ण १० वटा विषय केन्द्रीत स्थलगत अवलोकन, कार्यालयका कर्मचारीसँगको छलफल, स्थलगत तथ्य भिडानीको निष्कर्ष सहित कार्यालयमा प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सो मा कार्यालयको प्रतिवद्धता प्राप्त हुनुका साथै आगामी दिनमा केन्द्रबाट हुनुपर्ने पहल बारेमा पृष्ठ पोषण प्राप्त हुनु अनुगमनको मुख्य उपलब्धीको रूपमा रहेको थियो ।

८.१.६ घरेलु हिंसाबाट पीडितहरूको तत्काल संरक्षणका लागि १७ जिल्लामा सञ्चालित अल्पकालीन आश्रयस्थलका कर्मचारीका लागि घटना व्यवस्थापन पुनताजगी तालिम, ३ दिने

महिला विकास कार्यक्रमबाट प्रवर्धित महिला संस्थाको सहकार्यमा १७ जिल्लामा घरेलुहिंसाबाट प्रभावित महिलाका लागि अल्पकालीन आश्रय सहितको जिल्ला सेवाकेन्द्र सञ्चालनमा रहेको छ । केन्द्रमा काम गर्ने कर्मचारीहरूको क्षमता विकासका लागि जम्मा २ समूहमा सम्पन्न यस तालिममा १७ जिल्लाका ६४ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । यस तालिमबाट केन्द्र सञ्चालन गर्ने कर्मचारीहरूले सेवा केन्द्रबाट प्रदान गरिने सेवाको न्यूनतम मापदण्ड, प्रभावितको संरक्षण र घटना व्यवस्थापनमा अपनाउनु पर्ने कार्यप्रक्रियाका बारेमा प्राप्त जानकारी कार्यरूपमा उतार्दा के कस्ता समस्या आए भन्ने बारेमा यस पुनताजगी तालिममा छलफल गरिएको थियो । यसका साथै यस तालिममा सम सामयिक परिवर्तित कानुन तथा ऐन नियमाका बारेमा समेत थप जानकारी प्राप्त गरेका थिए, जुन उनीहरूको दैनन्दनीय कार्यसम्पादनमा अत्यन्त उपयोगी रहको सहभागीहरूले जनाएका थिए ।

८.१.७. युनिसेफको प्राविधिक सहयोगमा बालअधिकार, बालसंरक्षण र घटना व्यवस्थापन सम्बन्धी प्रशिक्षण, ५ दिने

महिला तथा बालबालिका कार्यालयमा बाल संरक्षण अधिकृत, बालसंरक्षण निरीक्षक तथा बालबालिका शाखामा कार्यरत कर्ममारीहरूको बालअधिकार सम्बन्धी न्यूनतम ज्ञान अभिबृद्धि गर्न युनिसेफको प्राविधिक सहयोगमा मिति ०७३।११।१७ गते देखि ०७३।११।२१ सम्म गरिएको थियो । कार्यक्रमका प्रमुख प्रशिक्षक बाल अधिकार विशेषज्ञ श्री चन्द्रिका खतिवडा रहनु भएको थियो । यो प्रशिक्षण बालअधिकार, बालसंरक्षणका सवाल सहि तरिकाले घटना व्यवस्थापन, बाल संरक्षण, समुदायमा बालबालिका सम्वन्धि घटेका घटनाहरूको कसरी पहिचान र व्यवस्थापन गर्ने, अनाथ बालबालिकाहरूलाई उपयुक्त व्यवस्थापन कसरी गर्ने सो बारे सहभागीहरूलाई जानकारी गराउने उद्देश्य रहेको थियो । घटना प्रबन्ध प्रकृयाका सामान्य चरणहरूको बारेमा पहिचान तथा परिवारको लेखाजोखा, बालबालिका तथा परिवारको लेखाजोखा, स्याहार योजना, स्याहार योजनाको कार्यान्वयन,स्याहार योजनाको फलोअप तथा समिक्षा, घटना समापन आदिको विषयमा यो प्रशिक्षण सञ्चालन गरिएको थियो । अधिकांश सत्र बाह्य विशेषज्ञबाट सहजीकरण गरिएको यो प्रशिक्षण बालबालिकाको विषय हेर्ने कर्मचारीका लागि बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधान, बालअधिकारका क्षेत्र, समस्या

तथा मुद्दाहरूलगायत विषयवस्तुको छलफलबाट बालबालिकाका क्षेत्रमा आफ्नो तथा कार्यालयको भूमिकाका बारेमा जानकारी प्राप्त गर्न महत्वपूर्ण साबित भएको छ ।

८.१.८. युनिसेफको प्राविधिक सहयोगमा क्षमता विकास आवश्यकता अध्ययन प्रतिवेदनको आधारमाप्रशासनिक सीप विकास तालिम, ५ दिने

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूको कार्य जिम्मेवारी बढ्दै गएको सो अनुसार कार्यालय तथा कर्मचारीको क्षमता विकास नहुँदा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता नआइरहेको महसुस गरि डीएफआइडीको आर्थिक तथा युनिसेफको प्राविधिक सहयोगमा मन्त्रालय र अन्तर्गतका निकायहरूको खासगरी लैङ्गिक हिंसा निवारण र बालसंरक्षणका क्षेत्रमा के कस्तो क्षमता विकास आवश्यक छ भन्ने कुराको अध्ययन गर्न त्रिपक्षीय सहमतिमा FDM (Foundation of Development Management) नामक संस्था छनौट भई सात वटा प्रदेशका ७ जिल्लामा समेत स्थलगत अध्ययन गरी प्रतिवेदन समेत तयार गरेको थियो । सोही अध्ययनको सुझावका आधारमा प्रशासनिक सीपमा देखिएको क्षमता अभावलाई पहिल्याउने र सो परिपूर्ति गर्न नमूनाको रूपमा ३ वटा तालिमसमेत सोही संस्थाको संयोजनमा सञ्चालन गर्नुपर्ने थियो । जसअनुसार क्षमता विकास आवश्यकता अध्ययन प्रतिवेदनको आधारमा प्रशासनिक सीप विकासतर्फ खासगरी योजना तर्जुमा, बजेट विनियोजन अनुगमन मूल्याङ्कन र प्रतिवेदनको क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता देखिएकोले सो अनुसार प्रशासनिक सीप विकास परिक्षण तालिम ३ पटक आयोजना गरिएको थियो ।

यो तालिमको उद्देश्य अध्ययनको सुझावका आधारमा प्रशासनीक सीपतर्फ खासगरी लैङ्गिक हिंसा निवारण र बालसंरक्षणलगायतका लागि गरिने योजना तर्जुमा, बजेट तर्जुमा, अनुगमन मूल्याङ्कन र प्रतिवेदन सम्बन्धि कार्यहरू गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभागका कर्मचारी तथा महिला तथा बालबालिका कार्यालयहरूका कार्यालय प्रमुख तथा सहायक कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने तथा महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरूको प्रशासनिक सीप क्षमता विकास गर्न आगामी आवश्यक पर्ने विशेषीकृत प्रशिक्षणहरू र अन्य गर्नु पर्ने कार्यहरूबारे सुझाव लिने गरी क्षमता विकास अध्ययनको आधारमा सम्बन्धित विषय विज्ञबाट योजना तर्जुमा, बजेट तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रणाली गरी प्रशिक्षणको तयार गरिएका ४ वटा मोड्युल को Piloting को रूपमा तालिम संचालन गरी पृष्ठपोषणसमेत लिइएको थियो । दिइएका सुझावहरूसमेत समावेश गरी परिस्कृत मोड्युलहरू तयार गरी अन्तिम प्रतिवेदन प्राप्त भई सकेको छ ।

८.१.९. युनिसेफको प्राविधिक सहयोगमा क्षमता विकास आबश्यकता अध्ययन प्रतिवेदनको आधारमा लैङ्गिक हिंसा निवारण तथा प्रतिकार्य सीप विकास प्रशिक्षण (परिक्षण) तालिम, ५ दिने

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूको कार्य जिम्मेवारीअनुसार लैङ्गिक हिंसा निवारण र बाल संरक्षणको विषयमा प्राविधिक सीप क्षमता विकास आवश्यकता अध्ययन कार्यका सिलसिलामा ३ पटक परीक्षण तालिम सम्पन्न गरिएको थियो । सो को नतिजा स्वरूप हाल महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण र बाल संरक्षा सम्बन्धी ७ दिने तालिम दिग्दर्शन तयारी गरि सकिएको छ । यसैमा आधारित रहेर २ समूहलाई तालिम समेत प्रदान गरिएको छ । परिक्षण तालिमका बेला व्यापक सुझाव सङ्कलन गरिएको यो प्रशिक्षण दिग्दर्शन स्थानीय तहमा महिला, बालबालिका क्षेत्रमा काम गर्ने कर्मचारीको क्षमता विकासका लागि उपयोगी हुने देखिएको छ । यस्लाई आगामी दिनमा प्रदेश तथा स्थानीय सरकारले समेत उपयोग गर्न सक्ने देखिन्छ ।

८.१.१०. युनिसेफको प्राविधिक सहयोगमा जिल्लाका कर्मचारीहरूलाई लैङ्गिक हिंसा निवारणको अनुगमन (फारम क –घ) सफ्टवयर सम्बन्धी पुनर्ताजगी तालिम, ३ दिने

लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम सघन अभियान लागू भएका ३५ जिल्लाका महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरूलाई ३ समूहमा यो तालिम सम्पन्न भएको थियो । नयाँ तथा पुराना दुवैथरि कर्मचारी सहभागी भएको यो तालिम पश्चात जिल्लाबाट महिला संस्था निगरानी समूहले लैङ्गिक हिंसा निवारणका क्षेत्रमा गरेका कामहरूको प्रगति विवरणलगायत सबै किसिमका घटनाहरूबारे तथ्याङ्क प्राप्त गर्न सहज भएको छ ।

८.१.११ युनिसेफको प्राविधिक सहयोगमा जिल्लाका लेखा कर्मचारीहरूलाई वित्तिय व्यवस्थापन सम्बन्धी तालिम, २ दिने

आ.व.२०७२।७३ मा विभिन्न जिल्लाहरूमा वित्तीय व्यवस्थापन अनुगमन भ्रमण सम्पन्न भएको थियो । सो अनुभवका आधारमा तथा मन्त्रालय, विभाग, प्राविधिक सहयोग साझेदार युनिसेफ र वेलायती सहयोग नियोगका पदाधिकारीहरूसंग प्रतिकृया समेत लिई एक तालिम कार्यक्रमको खाका तयार गरिएको थियो । सो खाकामा सम्बन्धित विषयका श्रोत व्यक्तिसमेतको सुझावमा विस्तृत तालिम कार्यक्रम तयार गरी मिति २०७३/८/२२ देखि २०७३/८/२२ सम्म ३३ जिल्लाका आर्थिक प्रशासन कर्मचारी अथार्त् लेखापाल/सह लेखापाललाई सो तालिम कार्यक्रमको परीक्षण (Piloting) सम्पन्न भयो । आव ०७४/७५ मा १ समूहमा सो प्रशिक्षण सम्पन्न गरिएको थियो । तालिममा महिला विकास कार्यक्रमसम्बन्धी जानकारी, लेखाव्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय प्रतिवेदन सम्बन्धी, नेपाल सरकारको कोष व्यवस्थापन प्रणाली साथै निकासा विधिहरू सम्बन्धी, लेखापरीक्षण तथा बेरूजू सम्बन्धी व्यवस्था सम्बन्धी, महिला तथा बालबालिका कार्यालयका प्रमुख बेरूजूहरू तथा फछ्यौंट कार्ययोजना सम्बन्धी र सार्वजनिक खरिद सम्बन्धी व्यवस्था सम्बन्धी प्रशिक्षण भएको थियो ।

सो Piloting अभ्यासका क्रममा हासिल गरिएका अनुभव, सहभागी एवं प्रशिक्षकका प्रतिकृया तथा पूर्वोत्तर प्रश्नावली लगायतका मुल्यांकन विधिबाट देखा परेका कमजोर पक्षलाई समेत दृष्टिगत गर्दै कार्यक्रम परिमार्जन गरी प्रशिक्षण निर्देशिका (Training Manual) को मस्यौदा तयार पारिएको छ ।

८.१.१२ वित्तीय व्यवस्थापन सम्बन्धी अनुगमन भ्रमण

कार्यालयको आर्थिक प्रशासन लाई सुव्यवस्थित बनाउन सहयोग पुऱ्याउने उद्देश्यले आ.व. २०७३।७४ मा विभागको आर्थिक प्रशासन शाखाका तर्फबाट विभिन्न १० जिल्ला महिला तथा बालबालिका कार्यालयहरूको वित्तीय अनुगमन कार्य गरिएको थियो । विशेषत: बेरूजु धेरै भएका महिला तथा बालबालिका कार्यालयहरूमा केन्द्रित भई गरिएका केही भ्रमणहरूमा उपसचिव-लेखा र केहीमा लेखा अधिकृतद्वारा नेतृत्वगरिएको थियो साथै आर्थिक प्रशासनका अन्यकर्मचारी सहभागी भई टोली गठन गरी अनुगमन भ्रमण गरिएका थिए । बेरूजूका अलावा केही समय अघि गरिएको प्रशिक्षणको आधारमा भएका सुधार, वित्तीय व्यवस्थापन, लेखापालन, आदि तथा परेका समस्याका बारे छलफल गरी सुझाव दिइएको थियो । यसैबीच आ.व.को अन्तिममा युनिसेफको प्राविधिक सहयोग अन्तर्गतका वित्तीय परामर्शदाताहरूको साथमा संयुक्त वित्तीय अनुगमन पनि गरियो । यस्ता भ्रमणहरूबाट जिल्लामा रहेका समस्याहरूबारे अवगत रहन र सुधारात्मक कृयाकलापहरू तय गरी कार्यान्वयन गर्न समेत मदत हुने हुँदा यस्ता कार्यलाई निरन्तरता दिई राख्न आवश्यक देखिन्छ ।

८.१.१३ लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता सम्बन्धी केन्द्रियस्तरमा अन्तरक्रिया १ पटक

लैङ्गिक हिंसा निवारणमा पुरुषतथा युवा वर्गको सहभागिता सुनिश्चितताका लागि छुट्टै रणनीति बनाउन आवश्यक महसुस गरिएकोले युनिसेफ तथा जुरी नेपालको प्राविधिक सहयोगमा प्रस्तावित रणनीतिको मस्यौदा तयार गरिएको छ । सो मस्यौदाका सम्बन्धमा सरोकारवालाहरूको राय सुझाव प्राप्त गर्ने उद्देश्यले यो क्रियाकलाप राखिएको थियो । विभागद्वारा दुईपटक आयोजित सो अन्तरक्रियामा पहिलो समूह मिति २०७३।९।२४ गते आयोजना गरिएको थियो

जसमा विभिन्न निकायका समेत गरी ३१ जना र दोस्रो समूह मिति २०७४।१।१४ गते आयोजना गरिएको थियो जसमा विभिन्न निकायका ६३ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो । छलफलमा जुरी नेपालको सहयोगमा तयार गरिएको प्रस्तावित रणनीतिको मस्यौदाको प्रस्तुति र सो मा विभिन्न निकायको सुझाव प्रतिक्रिया माग गरिएको थियो । छलफलमा उठेका विषयवस्तुहरूलाई समावेश तथा परिमार्जन गरी प्रस्तावित मस्यौदालाई अन्तिम रूप दिइ पेश गर्न जुरी नेपाललाई अनुरोध गरिएको थियो । महिला तथा बालबालिका विभागका महानिर्देशकज्यूको अध्यक्ष्यतामा सञ्चालित यस छलफल कार्यक्रममा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, स्थास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सञ्चारिका समूह, केयर नेपाल, कोशिस, साथी, पेलेडियम, सेभ द चिल्ड्रेन, डीएफ आइडी, युनिसेफ, इक्वेल एक्सेस, सर्च फर कमन ग्रुप लगायत २५ संस्थाको सहभागिता रहेको थियो । प्रतिवेदनका आधारमा महिला तथा बालिका उपर हुने हिंसा निवारणमा पुरुषसहभागीता सम्बन्धी रणनीति तयार भई मिति २०७५।४। मा माननीय मन्त्रीस्तरबाट स्वीकृत भइसकेको छ ।

८.१.१४ IPSSJ का सरोकारवालाबीच अन्तरक्रिया

डीएफआइडीको अनुदानमा सञ्चालित सुरक्षा र न्यायको सुदृढीकरणका लागि एकीकृत विकास कार्यक्रम (Integrated Programme for Strengthening Security and Justice — IP-SSJ) का बृहद आयोजना गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी, महिला, बालबालिक तथा समाजकल्याण मन्त्रालय र अन्तर्गतका निकायहरूका साथै अन्य विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसमेत आयोजना कार्यान्वयनमा संलग्न छन् । लैङ्गिक हिंसा निवारण र लैङ्गिक संवेदनशील सेवा प्रवाह व्यवस्थाका लागि नेपाल प्रहरीका कर्मचारी तथा महिला बालबालिका सेवा केन्द्रलगायतका कार्यालयहरूको क्षमता विकासका साथै समुदायका विभिन्न सरोकारवालाहरूको संलग्नता र क्षमता विकासका लागि लागि युएनओपियस, गभरनेन्स फेसिलिटी, सर्च फर कमन ग्राउण्ड, साथी संस्था नेपाल, केयर नेपाल आदि संस्थाहरू क्रियाशील छन् । आ-आफ्नो तरिकाले भन्दा केन्द्र देखि नै समन्वय गरी काम गर्दा जिल्ला तथा समुदायस्तरमा कार्यक्रमको दोहोरो पना हटाउन तथा कार्यक्रममा प्रभावकारिता ल्याउनका लागि यस मुख्य आयोजनामा संलग्न विभिन्न निकायहरूबीच केन्द्रस्तरमा मिति २०७३।८।१५ गते एक दिने अन्तरक्रिया सञ्चालन गरिएको थियो । अन्तरक्रियामा नेपाल प्रहरी लगायत विभिन्न संस्थाका ५५ जना पदाधिकारीहरूको सहभागिता रहेको थियो । यस अन्तरक्रियाबाट एक अर्का निकायका कार्य प्रक्रिया, कार्यक्षेत्र र समन्वयात्मक पहलका लागि सबैको सहयोग र सहमति प्राप्त गर्न सहज भएको थियो ।

८.१.१५ सामुदायिक सेवाकेन्द्र सञ्चालन गर्ने संस्थाका पदाधिकारीका लागि घटना व्यवस्थापन तथा अभिलेखीकरण तालिम, ५ दिने.

नेपाल सरकारले आव २०६६।६७ देखि घरेलु हिंसाबाट प्रभावित महिलाहरूका लागि महिला विकास कार्यक्रमबाट प्रवर्धित महिला सहकारी संस्थाको सहयोगमा अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्र सञ्चालन गर्दै आएको छ । महिला संस्थाहरूलाई बार्षिक रू ६० हजार देखि ८० हजार रूपयासम्म रकम विनियोजन गरेर घरेलु हिंसा पीडित तथा प्रभावितका लागि तत्काल अल्पकालिन आश्रय (बढीमा १५ दिन) राहतको व्यवस्था गर्न जिम्मेवारी दिइ आएकोमा संस्थाका सदस्यहरूले स्वयम सेवी भावनाबाट पीडितहरूलाई संरक्षण दिदै आएका छन् । सेवा केन्द्र सञ्चालन गर्ने पदाधिकारीहरूलाई घटना व्यवस्थापन र अभिलेखिकरणका बारेमा न्यूनतम ज्ञान दिनका लागि यो तालिम आयोजना गरिएको हो । सामुदायिक सेवा केन्द्र सञ्चालन गर्ने संस्थाका पदाधिकारीलाई यस प्रशिक्षणमा सहभागी गराइएको थियो । ५ पटक सञ्चालित यस तालिममा लैङ्गिक हिंसा : अर्थ, प्रकार, कारण र पीडितहरूका समस्या र असरहरू, सेवा केन्द्रहरूको न्यूनतम मापदण्ड, महिला र बालबालिकाहरूको न्यायमा पहुँच र कानुनी सहायता, पीडितहरूको संरक्षणका लागि मार्गदर्शक सिद्धान्तहरू, मनोसामाजिक समस्या र सहयोग, मनोसामाजिक विमर्श, घटना व्यवस्थापनका चरणहरू र अभिलेखीकरणका सिलसिलामा ध्यान दिनुपर्ने पक्षहरू, अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र, समुदायमा आधारित संरक्षण

प्रणाली तथा महिला विकास कार्यक्रमबाट प्रवर्धित महिला समूह, समिति, संस्था, निगरानी समूहहरूको भूमिका, सेवा केन्द्रहरूको आर्थिक कार्यप्रणाली, खर्चका मापदण्ड र भुक्तानी प्रक्रिया जस्ता विषयहरूमा सम्बन्धित विषय विज्ञहरूबाट प्रशिक्षण तथा छलफल गराइएको थियो । कार्यक्रम शुरू भएको लामो समयपछि पहिलो पटक पाएको यो तालिमबाट धेरै सम सामयिक विषयमा जानकारी प्राप्त हुनका साथै सेवा केन्द्र सञ्चालनमा सहयोग भई सेवा प्रवाहमा प्रभावकारिता आउने सहभागीहरूबाट जानकारी प्राप्त भएको थियो ।

८.१.१६ अन्तर मन्त्रालय विभाग स्तरीय वैठक,१ दिने

महिला विकास कार्यक्रममा विगत लामो समय देखि महिलाहरूको साङ्गठनिक विकाससहित महिला सशक्तीकरणका लागि विभिन्न पहल गरिदै आएको छ । लैङ्गिकताको मुद्दा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र अन्तर्गतका निकायको मात्र समस्या नभई यो Corss-cutting मुद्दा पनि हो । समुदायस्तरमा विकास कार्यक्रमहरू सञ्चालन गर्ने कृषि, पशु, सहकारी, स्वास्थ्य, शिक्षा, विभागहरूबाट सञ्चालित कार्यक्रमहरूमा महिला विकास कार्यक्रमसँग तादात्म्यता गरी अगाडी बढन आवश्यक देखिएकोले केन्द्र देखि समुदाय समुदाय सम्मको बुझाइमा एक रूपता र समन्वयकायम गर्न यो छलफल बैठक आयोजना गरिएको थियो । मिति २०७३।७। १९ मा आयोजना गरिएको यो कार्यक्रममा सरोकारवाला निकायका पदाधिकारीहरूसमेत ३१ जनाको सहभागिता रहेको थियो । विभागकातर्फबाट महिला विकास कार्यक्रमका बारेमा प्रश्तुती गरिएको थियो भने अन्य निकायहरूले आफ्नो निकायबाट महिला सशक्तीकरण तथाम लैङ्गिक हिंसा निवारणका लागि सञ्चालन भईरहेका कार्यक्रमका बारेमा जानकारी गराउँदै समन्वय गरेर अगाडी जान सके कार्यक्रममा रहेको दोहोरोपना हटी प्रभावकारी रूपमा कार्यान्वयन नतीजा हाँसिल गर्न सकिने भएकोले आफनो अन्तर्गतको निकायहरूलाई यसबारे अवगत गराइने जानकारी गराइएको थियो ।

८.१.१७ अपाङ्गता भएका महिलाहरूप्रति हुने हिंसा न्यूनीकरणमा महिला विकास कार्यक्रमको प्रभावकारिता विषयक कार्यशाला २ दिने

महिला तथा बालबालिका विभाग र अपाङ्गगता भएका महिलाहरूको क्षेत्रमा काम गर्ने संस्थाहरूसँगको समन्वयमा मिति २०७४ आषाढ ८ र ९ गते अपाङ्गता भएका महिलाहरूप्रति हुने हिंसा न्यूनीकरणमा महिला विकास कार्यक्रमको प्रभावकारिता विषयमा दुई दिने कार्यशाला सम्पन्न गरिएको थियो । कार्यशालामा प्रदेश नम्बर २, ३ र ६ गरि २८ जिल्लाका महिला तथा बालबालिका कार्यालयका प्रमुखहरू र अपाङ्गगता भएका महिलाहरूको क्षेत्रका विज्ञहरूसमेतको सहभागिता रहेको थियो ।

कार्यक्रममा अपाङ्गताको क्षेत्रमा कामगर्ने संस्थाका प्रतिनिधि तथा अन्य वक्ताहरूले अपाङ्गताको क्षेत्रको अवस्था यसै पनि जोखिमपूर्ण रहेको, त्यसमा पनि महिलाको अवस्था अझ दर्दनाक रहेको बताउँदै सामाजिक विभेदले विभिन्न खाले हिंसा भएको र यसका पछाडि विभिन्न कारण रहेको कुरातर्फ इङ्गित गर्नुभएको थियो । अपाङ्गता भएका छोरीहरूलाई अपाङ्गता परिचयपत्र नबनाइदिने, नागरिकता नदिने, अंश नदिने जस्ता कार्य परिवारबाट भएको र अपाङ्गता भएका महिला स्वयं यस विषयमा अनभिज्ञ रहेकाले स्थिति झन् नाजुक भएकोतर्फ संकेत गर्दै अपाङ्गता भएका महिलाको हिंसाका क्षेत्रमा धेरै चुनौतीरहेको अपाङ्गता सम्बन्धि नीति छिटै आउनुपर्ने, सामाजिक सुरक्षा भत्तालाई सर्वोच्च अदालतले फैसला गरेबमोजिम बनाउनुपर्ने कुरामा जोड दिँदै शरीरमाथिको अधिकारको विषय समेत उठान गरिएको थियो । अन्य क्षेत्रले पनि अपाङ्गताको मुद्दालाई लिनुपर्ने र सञ्चारको भूमिका बढाउनुपर्ने तर्फ संकेत गर्दै सडकमा रहेका मानसिक अपाङ्गता भएका महिलालाई समाजमा पुनर्स्थापना गर्नुपर्ने र कानुन परिमार्जन गर्नुपर्ने र व्यक्तिमा चेतना भर्नुपर्ने, बहिरा व्यक्तिलाई सञ्चारको महत्व विषयमा प्रकाश पार्दै यसको अभावमा बहिरा महिलाले बढी हिंसा खप्नुपरेको विषयलाई उजागर गरिएको थियो ।

युनिसेफका प्रतिनिधिले विश्व स्वास्थ्य संगठनको सन् २०१२ को तथ्यांकको चर्चा गर्दै अपाङ्गता भएका महिलामाथि यौनजन्य हिंसा मानसिक हिंसा शारीरिक हिंसाको विषयका बारेमा बताउँदै यस्ता व्यक्तिहरूमाथि हिंसा हुनुका पछाडि उनीहरू हिंसा विरूद्ध बोल्न नसक्नु बच्चाहरू झुटो बोल्छन् भन्ने मान्यता पनि हो जब कि नेपाल बालबालिका सम्बन्धि

महासन्धिको पक्ष राष्ट्र भईसकेकोले यसमा बढी सजग हुनुपर्छ भन्नुभयो । यसका लागि अपाङ्गता भएका महिला र बालबालिकाको तथ्यांकमा सुधार गर्नुपर्ने, बालबालिकालाई अनुशासित बनाउनुपर्ने जस्ता अमूल्य सुझाव प्रदान गर्दै वहाँले महिलाको निगरानी समूहमा पनि बालबालिकामाथिको हिंसाको विषयमा छलफल चलाउनुपर्ने र विद्यालयहरूमा समेत बचावटका कार्यक्रम रहेको प्रस्ट पार्नुभयो ।

त्यसैगरी डीएफआइडीका प्रमुख मार्क स्मिथले २० वर्षको अनुभवमा नेपाल सरकारबाट यस्तो कार्यक्रम भएकोमा खुशी व्यक्त गर्नुभयो । वहाँले वेलायत सरकारको सहायता नेपालमा गरिबी घटाउने रहेको र उहाँले अपाङ्गता भएका महिलाहरूलाई स्वास्थ्यमा चुनौतीशिक्षामा चुनौतीरहेको र यस्ता सुविधामा पहुँच नहुँदा उनीहरूको जीवन झनै कठीन रहेको प्रस्ट्याँदै अपाङ्गता भएका बालबालिका झनै बढी हिंसाको शिकार भएको बताउनुभयो । अपाङ्गता अधिकार सम्बन्धि महासन्धि नेपालले अनुमोदन गरिसकेको हुँदा अपाङ्गता भएका व्यक्तिको अधिकारको लागि काम गर्ने प्रतिवद्धता जनाउदै उहाँले सेवाबाट कोही पनि नछुटुन् भन्दै सेवा सबैतिर पुऱ्याउनुपर्ने र गुणस्तरीयतामा पनि ध्यान दिनुपर्ने बताउनुभयो । प्रमुख अतिथीको आशनबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका श्रीमान सचिवज्यूले आफ्नो विगतको शिक्षा मन्त्रालयअन्तर्गतको लामो अनुभव बताउँदै सिद्धान्त पढ्ने ज्ञान ग्रहण गर्ने धेरैले गरिरहेको तर त्यसअनुसार हाम्रो व्यवहार परिवर्तन नभएको प्रसंगलाई उठाउँदै अपाङ्गता भएका महिलालाई घरबाट नै व्यवहार सिकाउनुपर्ने तत् पश्चातको सिकाइ विद्यालयबाट समाजबाट र पत्रपत्रिकाबाट हुने कुरा बताउनुभयो । त्यसैगरी वर्तमान पिँढी शिक्षित भएपनि दीक्षित हुन नसकेको हुँदा विद्यालयले मात्र व्यवहार परिवर्तन गर्न नसकेको हुँदा मनमा चेतना भर्नुपर्ने कुरामा जोड दिनुभयो । वहाँले लैङ्गिक हिंसाको प्रसङ्गलाई बौद्धिक अपाङ्गता दृष्टिविहीन र बहिरा महिलाको सवालसँग लगेर जोड्नु हुँदै परिवारबाट तिरस्कार गर्ने प्रवृतिलाई रोक्न परिवारलाई समेत कानुनको कठघरामा ल्याउनुपर्ने प्रसङ्ग उठाउनु भएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा लैङ्गिक हिंसा कार्यक्रम के हो अपाङ्गता भएका महिलाको baseline के हो यस क्षेत्रमा लामो काम गरेको व्यक्तिको अनुभव कस्तो छ र विद्यमान ऐनकानुनहरू के कस्ता छन् भनेर प्रस्तुतिकरणहरू राखिएको थियो । जस अनुसार विभागका निमित्त महानिर्देशक तथा लैङ्गिक हिंसा शाखाका प्रमुख शान्ता भट्टराईले विभागबाट सञ्चालित लैङ्गिक हिंसा कार्यक्रम बताउने क्रममा महिला विकास कार्यक्रमको ऐतिहासिक पक्ष उद्देश्य रणनीति सशक्तीकरणका आयाम आदिबारे प्रस्ट बताउनुभयो । वहाँले कार्यक्रमको उपलब्धिलाई पनि बुँदागत रूपमा प्रस्तुत गर्दै सबै स्थानीय तहमा यो कार्यालयको उपस्थिति रहेको संस्थागत रूपमा ११ लाख महिलामा पुगिसकेको आर्थिक सशक्तीकरणमा टेवा पुगेको यथार्थतालाई प्रस्ट्याउँदै आज पनि महिला बोक्सी छाउपडी, देउकी, झुमा जस्ता कुरीतिका नाममा महिलाहरू पीडित रहेको र संरक्षण प्रणाली प्रभावकारी बनाउन नसकिएको भन्दै अन्य क्षेत्र वा निकायलाई अझ संवेदनशील बनाउन नसकिएको वास्तविकता उजागर गर्नु भएको थियो । राष्ट्रिय योजना आयोगले महिला विकास कार्यक्रमको प्रभावकारीता बारे अध्ययन गरिसकेको जुन नतीजाले लैङ्गिक विभेद अन्त्य गर्ने, छोराछोरीको शिक्षामा समानता ल्याउने, स्वास्थ्यमा विभेद हटाउने, सामाजिक कुरितिहरू हटाउने कुरामा महिला विकास कार्यक्रमको प्रभावकारिता देखिएकोले परिवर्तित सन्दर्भ र संघियतालाई जोड्दै स्थानीय तहमा महिला विकास कार्यक्रमको निरन्तरता कसरी हुने हो, हाल सम्मको उपलव्धी हराउने हो कि ? भन्ने प्रसङ्गलाई उठान गर्नु भएको थियो ।

खाजापछि CREHPA संस्थाका Associate director महेश पुरीले अपाङ्गता भएका महिलाको हिंसाका बारेमा त्यस संस्थाले गरेको अध्ययनको प्रस्तुतिकरण गर्नुभयो । वहाँले मानवअधिकार विरूद्धका कुरा गर्दै हाम्रो रीतिरिवाज संरचना का कारण जातका कारणले महिला भएका कारणले हुने हिंसा साह्रै धेरै छ भन्दै यो अध्ययनमा १६ वर्षभन्दा माथिका ४७५ जना महिलाको अन्तरवार्ता लिएको र जसमा दृष्टिविहीन बहिरा र शारीरिक अपाङ्गता भएका महिला रहेका बताउनुभयो । यस अध्ययनले उनीहरूको शैक्षिक अवस्था अपाङ्गताको कारण परिचयपत्रको प्राप्ति संघसंस्थामा उनीहरूको संलग्नता आदिबारे प्रस्ट्याउँदै लैङ्गिक भूमिकाबारे प्रस्ट पार्नुभयो । आधा प्रतिशतले श्रीमानले कुट्ने कुरा स्विकारेको ३६ प्रतिशतले अनिच्छित यौन सम्बन्ध राख्नुपरेको ३० प्रतिशतले सम्बन्धलाई अस्विकार गर्न नसकेको

स्विकार्नुभयो । वहाँको अध्ययनमा ५७-५८ प्रतिशतले हिंसा भोगेको देखिएकाले र वहाँले यो हिंसा शारीरिक ५५ प्रतिशत ३४ यौनजन्य हिंसा २१ प्रतिशत मानसिक जस्ता तथ्याङ्क प्रस्ट पार्नुधयो । त्यसैगरी आधा उमेरमा हिंसा बढेको विवाहितमा हिंसा बढी भएको शिक्षा र अपाङ्गताले महिलामा हुने हिंसामा फरक पारेको छैन उनीहरू मानसिक रूपमा कमजोर रहेको कारण आत्महत्या गर्न खोज्ने गरेको देखिएको कुरा बताउनुभयो ।

अपाङ्गता भएका महिलाका क्षेत्रमा अग्रणी भूमिका निभाइरहेकी श्री टीका दहालले अपाङ्गता भएका महिलाको क्षेत्रमा काम गर्दाको आफ्नो अनुभव र हिंसा न्यूनीकरणमा भोगेका चुनौतिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसक्रममा वहाँले आफू मोरङबाट काठमाडौँ कलेज पढ्न आएदेखिको अनुभव सुनाउँदै तत्कालीन समयमा महिलालाई तालिम दिने रोजगार दिने प्रलोभनमा पारी यौन दुर्व्यवहार गर्ने गरेको कुरा गर्दै समूह र संजाल बनाएर काम गर्न थाल्नुभयो । वहाँले आर्थिक रूपमा आत्मनिर्भर नहुन्जेल हिंसा हुन्छ भन्दै त्यस किसिमका तालिमहरू संचालन गर्न थालेको बताउँदै हाल हिंसा प्रभावित अपाङ्गता भएका महिलाका लागि पुनर्स्थापना गृह सञ्चालनमा ल्याएको बताउनुभयो । त्यसैगरी संजाललाई सक्रिय बनाई देशभरिबाट उजुरी ल्याउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा तालिमहरू संचालन गर्ने गरेको बताउँदै केही महत्वपूर्ण लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरू सबिस्तार प्रस्तुत गर्नुभयो । त्यसैगरी वहाँले महिला हिंसा न्यूनीकरणमा रहेका चुनौतिलाई क्रमशः कानुनी रूपमा बाधा रहेको, प्रकृया झन्झटिलो रहैको, महङ्गो र खर्चिलो रहेको साथै उनीहरू अवसरको खोजीमा शहर केन्द्रित हुनुपर्ने, घर छोड्नुपर्ने जस्ता चुनौतीरहेको कुरा बताउनुभयो ।

दोश्रो दिन विभिन्न विज्ञ हरूबाट अपाङ्गता भएका महिलाहरूले आफ्नो वर्गीय अपाङ्गताका कारण भोगेका अप्ठ्यारा समस्या स्थिति एवं गरिरहेका कार्यको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त प्रस्तुतीकरण सत्रमा विभागका तर्फबाट श्री शान्ता भट्टराई, कोशिस नेपालका अध्यक्ष श्री मातृका देवकोटा, बौद्धिक अपाङ्गता भएका महिलाहरूको सम्बन्धमा बौद्धिक अपाङ्गताका आमा समाज ललितपुरका महासचिव श्रीजना केसी, नेत्रहीन महिला संघ, नेपालका श्री सीता सुवेदी, बहिरा महासंघका सत्यदेवी वाग्ले, राष्ट्रिय शारीरिक अपाङ्ग संघका श्री शान्ति नकर्मी, राष्ट्रिय अपाङ्ग महासंघका उपाध्यक्ष श्री टीका दहाल लगायतको विभिन्न प्रस्तुति रहेको थियो । साथै विभागका सामाजिक सुरक्षा शाखाका अधिकृत श्री नीरा अधिकारी अपाङ्गता भएका व्यक्तिका लागि विद्यमान कानुन र अपाङ्गता भएका महिलाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । वहाँले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि महासन्धि, अपाङग संरक्षण तथा कल्याण ऐन, विशेष शिक्षा नीति, संविधान, विभिन्न निर्देशिका, घरेलु हिंसा कसुर सजाय ऐन, नियमावली लगायतका ऐन तथा नियमावली रहेका व्यवस्थाबारे प्रस्ट पार्दै हाल संसदमा टेबुलेसन भएको अपाङ्गता अधिकार ऐन र देवानी फौजदारी ऐनका बारेमा चर्चा गर्नुभयो ।

कार्यशालाको अन्तिम चरणमा सम्पूर्ण सहभागीहरूलाई चार समूहमा विभाजन गरी छुट्टाछुट्टै विषयमा समूह कार्य गरीएको थियो । प्रस्तुतीकरण गरे पश्चात समूह कार्य समाप्त भएको थियो कार्यक्रमको अन्तमा डीएफआईडीका सामाजिक विकास सल्लाहकार करूणा वन्तले कार्यपत्रमा परिवार, समाज एवं राज्यको भूमिका स्पष्ट आएकोमा खुशी व्यक्त गर्नुभयो । साथै विभागका निमित्त महानिर्देशक श्री शान्ता भट्टराईले अपाङ्गता जोसुकै जुनसुकै बेला हुनसक्ने कुरा बताउँदै घरमा कोही अपाङ्गता छ भने त्यसको असर महिलामाथि बढी पर्ने कटु सत्यका बारेमा आफ्नो अभिव्यक्ति दिनुभयो । वहाँले अपाङ्गता भन्ने विषय समस्या होइन यो त वातावरणले ल्याएको जोखिमता हो भन्नुहुँदै अपाङ्गता भएका महिलाहरू हिंसाको बढी जोखिममा रहेको र यसलाई कम गर्न नीति मा रहेका कमी (GAP) पत्ता लगाइ थप पैरवी गर्नुपर्ने, आत्मरक्षाका तालिमहरू संचालन गर्नुपर्ने कुरामा जोड दिदै गोष्ठीबाट प्राप्त सुझावहरूलाई आगामी दिनमा कार्यक्रम तर्जुमा गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा औल्याउँदै कार्यक्रम सम्पन्न गरिएको थियो । महिला प्रति हुने हिंसा न्यूनीकरणमा सरोकारवालाबीच समन्वय र समझदारी वृद्धि गर्न कार्यशाला सफल रहेको छ ।

८.१.१८. ज्येष्ठ नागरिकहरूको सम्मानपुर्वक जीवनयापनका लागि सरोकारवाला निकायहरू बीच समन्वयात्मक अन्तरक्रिया,१ दिने

यो कार्यक्रमको उद्देश्य देशभरका ज्येष्ठ नागरिकहरूले भोगेका कठिनाइ र समस्यालाई एकत्रित गरि राष्ट्रिय सवालमा

जोड्ने; जेष्ठ नागरिकहरूको समस्यालाई पहिचान गरी विद्यमान सन्दर्भको आवश्यकताको आधारमा संविधान बमोजिम ऐन र नियम तर्जुमा गर्नमा सरकारका सम्बन्धित निकायलाई सल्लाह सुझाव दिने र संविधानबमोजिम ज्येष्ठ नागरिक मैत्री ऐन र नियमावली बनाउनमा सम्बन्धित निकायलाई सुझावसहित ध्यानाकर्षण गराउने रहेको थियो । खासगरी ज्येष्ठ नागरिकका हक अधिकारका सम्बन्धमा समसामयिक विषयमा केन्द्रित उक्त कार्यक्रममा मन्त्रालयको तर्फबाट "ज्येष्ठ नागरिकको वर्तमान स्थिति र सरोकारवाला संस्थाको भूमिका" र ज्येष्ठ नागरिक महासंघको तर्फबाट "ज्येष्ठ नागरिकका विषयहरू संविधानमा अनूकुल ऐन, तथा नियमावली" गरी २ वटा विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरिएको थियो । ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत विभिन्न जिल्लाका संस्थाका पदाधिकारीहरूको राष्ट्रिय सम्मेलनको अवसर पारेर संयुक्त रूपमा यो क्रियाकलाप आयोजना गरिएको यस कार्यक्रममा ५५ जिल्लाका जम्मा ८० जनाको सहभागिता रहेको छ । ज्येष्ठ नागरिकहरूको जीवनलाई सम्मान पूर्ण बनाउन वहाँहरूको अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरणका उपायका साथै बृद्धावस्थामा क्रियाशीलताका उपायका बारेमा समेत छलफल भएको थियो । कार्यक्रममा महिला तथा बालबालिका विभागका महानिर्देशक श्री नरेश कुमार चापागाईं, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव श्री शंकर पाठकज्यूले समेत आफ्नो मन्तव्य राख्नु भएको थियो । यस अन्तरक्रियाबाट जेष्ठ नागरिकका लागि सम्मानपूर्वक जीवनयापनका लागि समन्वयात्मक रूपमा कार्यक्रम तर्जुमा र कार्यान्वयनलाई साझेदारी गर्न सहयोग पुगेको अपेक्षा गरिएको छ ।

९. क्षमता अभिबृद्धि कार्यक्रम मन्त्रालयस्तर

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट सम्पन्न गर्ने गरी केही क्रियाकलाप स्वीकृत गरिएका थिए । स्वीकृत परियोजना कार्यान्वयनसम्बन्धी वित्तीय व्यवस्थापन तथा सुशासन सम्बन्धमा मन्त्रालय, विभाग र कार्यालयका पदाधिकारीहरूको क्षमता विकास; नयाँ कानुनी प्रावधान, अदालतका पैसला, उजागृत मुद्दाहरू (Emerging Issues) को बारेमा सरकारी निकायका पदाधिकारीहरूलाई अभिमुखीकरण; कार्यक्रमको अनुगमन मूल्याङ्कन र सिकाइ र निर्देशन समितिको बैठक रहेका थिए । उल्लिखित क्रियाकलापलगायत निर्देशन समितिको बैठक ४ पटक सम्पन्न भएको थियो ।

यस वर्ष मन्त्रालयस्तरबाट लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानका सिलसिलामा ७ प्रदेशमा प्रदेशस्तरीय गोष्ठी सम्पन्न गर्नुका साथै विभिन्न सन्देशमूलक प्रचार सामाग्रीहरू प्रकाशन समेत गरिएको छ ।

१०. आयोजनाका लागि बजेट विनियोजन तथा खर्चको विवरण

लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रमतर्फ आव २०७१।७२ देखि २०७५।७६ को पौष १६ गतेसम्मको बजेट विनियोजन तथा खर्चको विवरण देहायबमोजिम रहेको छ ।

तालिका ६ : बजेट विनियोजन तथा खर्चको विवरण

बजेट विनियोजन		खर्चको विवरण	प्रगति प्रतिशत		कैफियत
			भौतिक	वित्तीय	
२०७१।७२	१४,००,००,०००।	११,१५,२२,४२९।००	६९.३१	६६.८०	
२०७२।७३	१७,९९,७८,०००।	१६,१६,१०,००८।००	८९.२५	८५.४६	
२०७३।७४	२६,००,००,०००।	२३,१७,२४,९३४।६०	९०.६०	८६.०४	
२०७४।७५	६,०५,६०,०००।	२,१६,३६,०००।००	३६.४३	२७.९९	
जम्मा					
२०७५।७६	८३,००,०००।				विभागस्तर
२०७५।७६	२,९६,००,०००।				मन्त्रालयस्तर

यो कार्यक्रमको आवश्यकता, औचित्य, कार्यक्रम कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धी, कार्यक्रम कार्यान्वयनका

सन्दर्भमा आइ परेका समस्या, चुनौति, समस्या समाधानका लागि अपनाइएका उपाय, साझेदार निकाय संगको समन्वय, सिकाइ र सुझावहरूका बारेमा विभिन्न ५ बुँदामा जिल्लाबाट माग गरिएको राय प्रतिक्रिया सहितको समग्र प्रगति देहायबमोजिम रहेको पाइएको छ ।

११. कार्यक्रमको व्याख्यात्मक प्रगतिको विवरण (सम्भागगत रूपमा)

११. १ साङ्गठनिक सुदृढीकरणतर्फ

११. १.१ कार्यक्रम कार्यान्वयन पश्चात मुख्य उपलब्धी के के हासिल भए ?

- महिला संस्थाअन्तर्गत समिति नभएका ठाँउमा पनि समिति तथा निगरानी समूह गठन भइ सदस्यहरूको क्रियाशीलता बढेकोले महिलाहरूको आफ्नो अधिकारको प्रत्याभूति भएको;
- महिलाले गर्ने घरायसी कार्यमा पुरूषको सहभागिता बढेको परिवारमा विभेद न्यूनीकरण हुन थालेको, बालविवाहलगायत कुरीतिजन्य हिंसा न्यूनीकरण हुन थालेको;
- महिला संस्थाहरू सक्रिय र संयोजनकारी भूमिकामा स्थापित भइ स्थानीयस्तरमा नै महिलाहरू समस्या समाधान गर्न सक्ने भएकाले महिलाहरूले समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने महसुस भएको;
- सदस्यहरूले नियमित बचत तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गरी आर्थिक सुरक्षाको प्रत्याभूति भएको;
- कतिपय स्थानमा महिला संस्था दर्ता हुनुका साथै महिला संस्थाको समितिअन्तर्गत निगरानी समूह गठन भइ सदस्यहरूको सक्रियकता बढेकोले साङ्गठनिक सुदृढीकरण भएको;
- निगरानी समूह, महिला समिति र संस्थाले लैङ्गिक हिंसाका घटनाहरूको रेकर्ड अद्यावधिक गरी सम्प्रेषण सेवा शुरू गरेको;
- किशोरी जागरण समूह, किशोरी विकास समिति र किशोरी वृत्त गठन गरी विभिन्न सामाजिक जागरणका कार्यक्रम गरिएको;
- गाउँ बाल सञ्जाल, जिल्लास्तरीय बाल सञ्जाल र बालक्लबहरूको गठन र परिचालन गरिएको;
- महिला संस्थाको सहयोगमा मनोविमर्श केन्द्र तथा अल्पकालिन सुरक्षा आवास केन्द्र सञ्चालन गरिएको;
- यो कार्यक्रम समुदायस्तरमा लैङ्गिक हिंसा निवारणका लागि प्रभावकारी उपायको रूपमा रहेको जतातै महसुस गरिएको;
- विभागबाट सञ्चालित क्षमता विकास तालिम कार्यक्रमहरूबाट महिला कर्मचारीहरूको क्षमता विकास भएको;
- सरकारी तथा गैससले महिला तथा बालबालिका कार्यालयका कर्मचारी र महिला संस्थाका पदाधिकारीहरूलाई लैङ्गिक विशेषज्ञको रूपमा हेर्न थालेको ।

११.१.२ कार्यक्रम कार्यान्वयन गर्दा केकस्ता चुनौतीतथा समस्याहरू आइ परे र कसरी समाधान गरियो ?

चुनौतीतथा समस्याहरू र समाधानको पहल

- महिलाहरूलाई घरबाट बाहिर ल्याउन नदिने समुदायमा महिलाहरूलाई समूह, समितिसम्म ल्याउन कठिनाइ, समूहमा आवद्ध हुन नमान्नु, समूहमा आवद्धता पश्चात सधैँ ऋण तथा अन्य सहयोगको अपेक्षा राख्ने गरेको;
- जातीय समावेशीता कायम गरी सदस्यता विस्तार, सदस्यता टिकाउ र दिगो गराउन चुनौतिपूर्ण रहेको, समूह, समिति तथा संस्थाहरूमा व्यापक र सर्वपक्षीय सहयोग अपुग भएको;
- अन्य प्रतिस्पर्धी कार्यक्रमले गर्दा समूहमा बसेर के पाइन्छ भन्ने आशामुखी प्रवृत्ति, भत्ताको व्यवस्था नहुँदा

शुरू शुरूमा कार्यक्रममा समावेश गराउन कठिनाइ हुने गरेको;

- महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका कार्यक्रमहरू सञ्चालन गर्दा पुरूषहरूलाई पनि सहभागी गराउनु पर्ने माग बढेको;
- भौगालिक विकटता, कार्यक्रम खर्च न्यून भएका कारण दुर्गम स्थानहरूमा कार्यक्रम सञ्चालन गर्न नसकिएको;
- कार्यालयको सवारी साधन गाडी सबै कार्यालयमा नहुँदा अनुगमनमा समस्या परेको;
- कतिपय स्थानमा भाषागत समस्या र भौगोलिक विकटताका कारण कार्यक्रम कार्यान्वयनमा समस्या भएको;
- महिला तथा बालबालिका कार्यालयको अत्यधिक कार्यबोझका कारण लैङ्गिक विशेषज्ञता हासिल गर्न नसकिएको ।
- समुदायमा गएर परिवारलाई सम्झाइएको, महिला विकास कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनुका साथै विभिन्न हिंसा विरूद्ध सहयोग, चालुकोष, साझा व्यवसाय सीप विकास तालिमहरूका माध्यमबाट व्यवसायमा अग्रसरता गराइएको;
- जिम्मेवारी धेरै हुँदा हुँदै पनि लैङ्गिक हिंसाका मुद्दालाई विशेष महत्व दिई कार्यान्वयन गर्ने गरेको, कानुन विज्ञको सहायता लिई मुद्दा व्यवस्थापन गर्ने गरेको, स्रोत र साधनको अभावका बावजूद पनि समय र परिस्थिति हेरी कार्य सम्पन्न गरेको ।
- खासगरी महिलाको सहअस्तित्वलाई पुरूषले स्वीकार गर्न निक्कै कठिन परेको त्यसमा पनि महिलाहरू स्वयम्ले पनि आफू समान हो भन्ने भावनाको विकास गर्न हिच्किचाई रहेको अवस्थामा त्यसका लागि कार्यालयले सहजीकरण गरेको;
- महिलाको अधिकारमुखी अवधारणा रहेर काम गर्दै जाँदा जिम्मेवारी र कर्तव्यका पाटाहरूलाई पनि जोड दिइएको;

११.१.३ कार्यक्रम कार्यान्वयनका सिकाइ के रहे र भावी कार्यदिशा कस्तो हुनुपर्दछ ?

- महिला संस्थामा दक्ष कर्मभारीको अभावले गर्दा सहकारी सञ्चालनमा कठिनाइ भएकोले हिसाब किताव नियमानुसार गर्न र संस्थागत विकासका लागि लेखापालन तालिम, नेतृत्व तथा संस्थागत विकास तालिम अनिवार्य रूपमा दिनुपर्ने सिकाइ भएको;
- तालिम सञ्चालन गर्दा भावी कार्यदिशा सम्बन्धमा अनिवार्य जानकारी गराउनु पर्ने र लैङ्गिक हिंसा विरूद्धको कार्यक्रमतर्फपनि सीप विकास र साझा व्यवसायको लागि अनुदान रकम हुनुपर्ने;
- आर्थिक सशक्तीकरणका लागि व्यावसायिक तालिम सञ्चालन गर्दा पकेट एरिया बनाइ कार्य गर्दा लैङ्गिक हिंसा निवारणका कार्य समेत प्रभावकारी हुने गरेको;
- कार्यक्रमलाई समयानुकूल परिमार्जन गरी महिलाहरूको रूचिकर बनाउने, पर्याप्त मात्रामा गाउँस्तरमा कार्यक्रम सञ्चालन गरी आकर्षण बढाउन आवश्यक देखिएको;
- ज्येष्ठनागरिक र अपाङ्गता परिचयपत्र वितरणजस्ता हुने स्थानीय कार्यहरू स्थानीय निकायबाट हुँदा राम्रो हुने;
- कर्मचारीलाई फाँटअनुसारको विशेषज्ञताको सेवा दिने गरी तालिमको व्यवस्था हुनु पर्ने;
- कर्मचारीलाई दिएका तालिमको कार्यान्वयन भए नभएको बारेमा अनुगमन गरी दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्ने;
- स्थानीय तहले महिला सशक्तीकरणका कार्यक्रमहरू महिला सहकारी संस्थामार्फत सञ्चालन गर्न आवश्यक देखिएको;

- महिला लक्षित कार्यक्रम गर्दा अति विपन्न, मध्यम र सबल तीन तहमा विभाजन गरेर छुट्टाछुट्टै कार्यक्रम गर्नुपर्ने ।

११.२ लक्षित समूहको क्षमता अभिबृद्धितर्फ

११.२.१ कार्यक्रम कार्यान्वयन पश्चात मुख्य उपलब्धी के के हासिल भए ?

- लक्षित समूहलाई कानुनमा भएका व्यवस्था तथा अधिकार र जिम्मेवारीका बारेमा जानकारी भएको जसले गर्दा हिंसा सहनु हुन्न यसको प्रतिकार गर्नुपर्छ भन्ने भावनाको विकास भएको;
- ग्रामीण विपन्न महिलाहरूमा आफ्नो व्यक्तित्व विकासमा सहयोग पुगेको, नेतृत्व गर्ने सीप, व्यवसायिक क्षमता, निर्णय क्षमता तथा आत्मविश्वासमा बृद्धि भएको;
- महिला सदस्यहरूमा सकारात्मक सोचमा बृद्धि हुनाका साथै आफ्नो संस्थाको समग्र प्रगति विवरण अभिलेखीकरण गरी प्रस्तुत गर्न सक्ने भएका;
- महिलाहरू कानुनी व्यवस्थाबारे जानकार हुँदै जानुका साथै महिला संस्थाले सचेतनामूलक अभियान (सडक नाटक, बालविवाह विरूद्धको अभियान, दाइजो विरूद्धको अभियान, च्याली अन्तरक्रिया) सञ्चालन गरी सरोकारवाला निकायहरूलाई जवाफदेही बनाउन थालेको;
- प्रहरी लगायत अन्य सरोकारवाला निकायसँग महिला समूह, समिति संस्था तथा निगरानी समूहको समन्वय गर्ने क्षमता बढेको;
- हरेक महिला समितिमा लैङ्गिक हिंसा निगरानी समूहहरू निर्माण भइ लैङ्गिक हिंसा विरूद्ध सामूहिक भावना र सामूहिक कार्यको थालनी गर्दै लैङ्गिक हिंसा निगरानीको अभियानमा सामेल हुने गरेका;
- समुदायमा महिलाहरू संगठित भइ बचत परिचालनका साथै व्यवसायिक समूहमा आवद्ध भइ आत्मनिर्भर बन्दै गएका;
- महिला समितिको नियमित मासिक बैठक हुनाका साथै महिला समूहको विभिन्न निकाय समक्ष पहुँच पुगेको;
- महिला संस्था समितिका सदस्यहरू स्थानीय तहको निर्वाचनमा विजयी भइ नेतृत्व लिन सफल भएका ।

११.२.२ कार्यक्रम कार्यान्वयन गर्दा केकस्ता चुनौती तथा समस्याहरू आइ परे र कसरी समाधान गरियो ?

चुनौती तथा समस्याहरू र समाधानको पहल

- केही तराइका जिल्लाका केही स्थानमा महिलाहरूलाई घरबाहिरको क्रियाकलाप तथा कार्यक्रममा सहभागी हुन परिवारले असहयोग गरेको त्यसमा पनि नयाँ बुहारीलाई घरबाट बाहिर निस्कन नदिने हुनाले समूह समितिमा व्याउनु चुनौतीपूर्ण रहेको;
- सशक्तीकरण सहकार्य तालिममा पुरूषहरूलाई सहभागी गराउन कठिन भएको;
- महिलाहरूको घरायसी कार्यबोझका कारण कार्यक्रममा सबैलाई सक्रिय रूपमा सहभागी गराउन कठिन भएको;
- कतिपय स्थानमा सदस्यहरूको पूर्ण रूपमा नेतृत्व र अनुयायित्वको अभ्यास हुन नसकेको;
- महिला संस्थाले लगानी गर्दा व्यवसायिक वस्ती बनाउन कम महत्व दिएको देखिएको;
- संकटापन्न महिलाको नेतृत्व कम भएको;
- केही महिला संस्था समितिमा राजनैतिक गन्ध आउन थालेको ।
- कानुन विज्ञको सहायता लिइ मुद्दा व्यवस्थापन गर्ने गरेको;

- कार्यालयमा जिम्मेवारी धेरै हुँदा हुँदै पनि लैङ्गिक हिंसाका मुद्दालाई विशेष महत्व दिइ कार्यान्वयन गरेको;
- स्रोत साधनको अभावका बावजुद समय र परिस्थिति हेरी कार्य सम्पन्न गरेको ।

११.२.३ कार्यक्रम कार्यान्वयनका सिकाइ के रहे र भावी कार्यदिशा कस्तो हुनुपर्दछ ?

- महिला संस्थाले अवसर पाएमा हिंसा निवारणलगायतका क्षेत्रमा धेरै काम गर्न सक्ने देखिएको;
- लक्षित वर्गको लागि छुट्याएको कार्यक्रम लक्षित वर्गमा नै गर्दा बढी उपलब्धी मूलक हुने साथै लक्षित वर्ग पहिचान गरी माग भएको स्थानमा अनिवार्य रूपमा जानुपर्ने;
- समुदायका महिलालाई दिएका कार्यक्रम र तालिमको अनुगमन गरी अनिवार्य रूपमा कार्यान्वयन गराउनु पर्ने;
- आर्थिक सशक्तीकरणतर्फ लामो अवधिका तालिम सञ्चालन गरी दीर्घकालीन आयआर्जनका क्रियाकलाप सञ्चालन गरिनु पर्ने, व्यवसाय स्थापना खर्च अनुदान र होटल बासखर्चको रकम बढाउनु पर्ने;

११.३ लैङ्गिक हिंसा रोकथाम र सचेतना अभिबृद्धितर्फ

११.३.१ कार्यक्रम कार्यान्वयन पश्चात मुख्य उपलब्धी के के हासिल भए ?

- घरेलु हिंसा, लैङ्गिक हिंसा विरूद्ध महिला निगरानी समूहहरू सचेत भइ पहरेदारको रूपमा काम गरेको;
- लैङ्गिक हिंसा विरूद्ध चेतना बढेको, भेदभाव न्यूनीकरण भएको, हिंसाका प्रकार पहिचान हुन थालेको, प्रभावितको सम्बन्धित निकाय समक्ष पहुँच बृद्धि भएको;
- लैङ्गिक हिंसा निवारणमा छिमेकी संवेदनशिलता बढेको, हिंसाका घटनाहरू बाहिर आउन थालेका, कुरिति, कुसंस्कार र अन्यायको विरूद्ध आवाज उठाउन सक्ने भएको जसले गर्दा न्यायका लागि पीडितहरू सम्बन्धित निकायमा पुग्ने गरेको;
- बालविवाह विरूद्धको अभियान सञ्चालन गरी बाल विवाह विरूद्धको जनमत तयार गर्न मद्दत पुगेको ।

११.३.२ कार्यक्रम कार्यान्वयन गर्दा केकस्ता चुनौती तथा समस्याहरू आइ परे र कसरी समाधान गरियो ?

चुनौती तथा समस्याहरू समाधानको पहल

- जघन्य अपराध नहुँदासम्म हिंसा हो भन्ने बुझाइ नै नभएको साथै घरेलु हिंसाजन्य क्रियाकलाप घर बाहिर आउँदासम्म गम्भीर अवस्थामा पुग्ने गरेको;
- निगरानी समूह सदस्यहरूलाई विभिन्न राजनीतिक तथा अन्य पक्षबाट धम्की आउने, काम गर्न कठिनाइको वातावरण सिर्जना गर्ने, घर परिवारबाट पनि कतिपय अवस्थामा सहयोग प्राप्त नहुने;
- परम्परागत सोचको घेरा तोड्न गाह्रो, महिला हिंसाका घटनालाई व्यक्तिगत रूपमा लिने प्रचलन पीडकलाई कारवाही हुन नदिन राजनैतिक हस्तक्षेप हुने गरेको;
- वैदेशिक रोजगारीका कारणले पनि हिंसाका घटना बृद्धि हुन थालेको;
- कतिपय कार्यालयमा जनशक्तिको कमीले गर्दा व्यापक सामाजिक परिचालनका लागि समस्या भएको ।
- पटक पटक गाउँघरमै छलफल, परामर्श तथा सम्बोधन गर्ने, सम्बन्धित निकायमा सिफारिस गर्ने, असहायहरूलाई मार्गदर्शन गर्ने गरेको;
- राजनैतिक हस्तक्षेपका बावजुद सम्बन्धित निकायसँग समन्वय गरी घटना व्यवस्थापन गरी पीडितलाई न्याय दिन सफल भएको;
- केन्द्रस्तर देखि समुदायस्तरसम्म विविध सचेतनामूलक कार्यक्रम र अभियान सञ्चालन गरेको ।

११.३.३ कार्यक्रम कार्यान्वयनका सिकाइ के रहे र भावी कार्यदिशा कस्तो हुनुपर्दछ ?

- हिंसा सहनुहुन्न र हिंसा गर्नेलाई कुनै हालतमा कानुनी दायरामा ल्याउनुपर्छ भन्ने मान्यता विकास गर्न सामूहिक प्रतिकार शैली उत्तम रहेको;

- हिंसा विरूद्ध सामूहिक प्रतिकारका लागि सबै गाउँपालिका तथा नगरपालिकामा कार्यक्षेत्र विस्तार गरी लैङ्गिक हिंसा निगरानी समूहहरू गठन गर्नुपर्ने;
- लैङ्गिक हिंसा निवारणका लागि महिला सशक्तीकरण हुनुपर्ने जसमा महिलाले आयमूलक व्यवसाय गरी आर्थिक रूपमा सक्षम हुनुपर्ने देखिएकोले आर्थिक सशक्तीकरणका क्रियाकलाप बढी मात्रामा सञ्चालन हुनुपर्ने;
- कार्यक्रम कार्यान्वयन गर्दा सबै लक्षित वर्गलाई समेट्नु पर्ने;
- तालिम, गोष्ठी तथा सचेतनामूलक कार्यक्रमहरू धेरै हुनुपर्ने, सकारात्मक सोच र वकालत सम्बन्धी तालिम राखिनु पर्ने;
- सबै महिला संस्था निगरानी समूहमार्फत पर्याप्त सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने;
- समुदायमा सञ्चालन गरिने जुनसुकै कार्यक्रममा राजनैतिक दललाई शुरूबाटै कार्यक्रमबारे जानकारी गराउनु पर्ने;
- समुदायका गन्यमान्य व्यक्ति तथा पुरूषहरूको कार्यक्रममा समर्थन लिनु पर्ने;
- महिला सदस्यका श्रीमानहरूलाई पनि हिंसा निवारणका कार्यक्रममा समावेश गराउनु पर्ने ।

११.४ सम्प्रेषण सेवातर्फ (हिंसाका घटनामा पुऱ्याइएको सेवा, राहत, उद्धार तथा पुनर्स्थापनातर्फ कार्यालयका साथै महिला समूह, समिति, महिला संस्था तथा निगरानी समूहबाट गरिएका कामसमेत)

११.४.१ कार्यक्रम कार्यान्वयन पश्चात् मुख्य उपलब्धी के के हासिल भए ?

- महिला हिंसा निगरानी समूहले आफ्नो क्षेत्र भित्र घटेका तथा घट्न लागेका लैङ्गिक तथा घरेलु हिंसा सम्बन्धी मुद्दाहरू साधारण प्रकृतिको भएमा समुदायमा नै मिलाउने र गम्भीर प्रकृतिको मुद्दालाई सम्बन्धित निकायमा सम्प्रेषण गर्ने गरेको;
- समुदायमा घटेका लैङ्गिक हिंसाका घटना महिला संस्थामा दर्ता हुन थालेको, प्रभावितहरूको महिला संस्थासम्म पहुँच पुगेको साथै पीडकहरू डराउन थालेको;
- लैङ्गिक हिंसा सम्बन्धी समस्या पहिचान हुन थालेको महिला र बालबालिकाको न्यायमा पहुँच बृद्धि भएको;
- स्थानीयस्तरमा नै सामान्य खालका घटना समाधान गर्ने तथा न्यायको बाटो खोज्ने प्रयास भएको;
- वेवारिसे अवस्थामा फेला परेका महिला तथा बालबालिकाको उद्दार गरी व्यवस्थापन गर्ने परिपाटी बसेको;
- हिंसा पीडित दिदी बहिनीहरू प्रहरी प्रशासन लगायत महिला तथा बालबालिका कार्यालयमा सहज रूपमा आउन सक्ने वातावरण सिर्जना भएको;
- महिला तथा बालबालिका कार्यालयमा आएका लैङ्गिक तथा घरेलु हिंसा सम्बन्धी मुद्दाका पीडितलाई आवश्यक परामर्श तथा सम्बन्धित निकायमा सिफारिस गर्ने गरिएको;
- कार्यक्रममा आवद्ध महिला सदस्यहरूमा महिला तथा बालबालिका माथि हुने हिंसाको रोकथामका वर्तमान कानुनी व्यवस्थाबारे जानकारी अभिबृद्धि भइ महिलाहरूको क्षमता विकास हुनाका साथै महिला संस्था समितिको नेतृत्वमा लैङ्गिक हिंसाको रोकथाम र सम्प्रषण सेवा प्रभावकारी भई समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गर्न मद्दत पुगेको ।

११.४.२ कार्यक्रम कार्यान्वयन गर्दा केकस्ता चुनौती तथा समस्याहरू आइ परे र कसरी समाधान गरियो ?

चुनौती तथा समस्याहरू समाधानको पहल

- हिंसाबाट पीडित महिलाहरूले पीडकसँग मिलेर बस्नुपर्ने सामाजिक अवस्थाका कारणले उजुरी दिन हिच्किचाउने हिंसा सहेर बस्न बाध्य हुनुपर्ने;

- लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने निकाय, संघ संस्था न्यून, पीडितको तत्काल संरक्षणका लागि सेवा केन्द्रको अभाव;
- समुदायमा लैङ्गिक हिंसा विरूद्ध काम गर्दा पारिवारिक असहयोग, बाधा, पीडकबाट आउने धम्की तथा चेतावनी झेल्नु परेको;
- कार्य सञ्चालनका क्रममा सामाजिक तथा राजनैतिक दवाव तथा सामाजिक हस्तक्षेपका कारण महिलाहरू स्वतन्त्र रूपले अभियानमा लाग्न नसक्नु;
- राहत तथा पुनर्स्थापनाका प्रक्रिया कतिपय पीडितले झन्झटिलो मान्ने गरेकोले उजुरी गर्न नचाहने गरेको;
- लैङ्गिक हिंसाका घटना व्यवस्थापनमा काम गर्न जाँदा निगरानी समूहले के को आधारमा काम गरेको हो प्रमाण वा परिचयपत्र खोजी गरिने गरेको;
- जोखिमपूर्ण अवस्थाका खासगरी मनोसामाजिक समस्या भएका वेवारिसे महिला तथा बालबालिकाहरूको पुनर्स्थापनामा कठिनाइ भएको;
- लैङ्गिक हिंसा सम्बन्धी कानूनी प्रक्रिया तथा सजायका बारेमा प्रत्येक व्यक्तिमा जानकारी गराउन नसकिएको ।
- हिंसाका घटना व्यवस्थापनका लागि प्रत्येक महिला समितिमा निगरानी समूह गठन गरी निर्णयमा उक्त समितिले गर्ने कामको विवरण प्रस्ट गराइएको;
- पटक पटक परामर्श, भेटघाट तथा छलफल गरी सबैलाई कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गरेको;
- विभिन्न सरोकारवाला निकायहरूको समन्वयमा सचेतनामूलक कार्यक्रम र अभियान सञ्चालन गरिएको;
- कुनै कठिनाई भएमा महिला तथा बालबालिका कार्यालयमा सम्पर्क गर्न जानकारी गराइएकाले कुनै घटना घटी हालेको खण्डमा कार्यालयको समेत पहलमा पीडितलाई संरक्षण र पीडकलाई कारवाही गर्न सकिएको;

११.४.३ कार्यक्रम कार्यान्वयनका सिकाइ के रहे र भावी कार्यदिशा कस्तो हुनुपर्दछ ?

- लैङ्गिक हिंसाका घटना व्यक्तिगत नभएर सामाजिक हिंसा हो भनेर समुदायको दृष्टिकोण बन्नु पर्ने;
- गाउँ देखि जिल्लासम्म समन्वयको वातावरण हुनुपर्ने;
- हिंसा पीडितलाई प्रभावमा पार्ने घटना दबाउन खोज्नेलाई तत्काल कारवाही गर्नुपर्ने;
- हिंसाको प्रकृति हेरी पीडकलाई सजायको दायरा बढाउनु पर्ने;
- मन्त्रालयअन्तर्गत सबै जिल्लामा अझ भनौ सबै स्थानीय तहमा न्यूनतम मापदण्ड पूरा भएका आफनै आपत्कालीन संरक्षण गृह हुनुपर्ने;
- संरक्षणको क्षेत्रमा काम गर्ने समुदायका महिला वा जुनसुकै व्यक्तिलाई सुरक्षाको प्रत्याभूति हुनु पर्ने;
- मानसिक यातना दिएर आत्महत्या गर्ने प्रवृत्ति बढेकाले आत्महत्याको सही तथ्य पत्ता लगाएर मानसिक यातना दिएर आत्महत्या गर्न बाध्य पार्ने पीडकलाई कारवाहीको कानुनी व्यवस्था हुनुपर्ने;
- महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरूको तत्काल उद्धार गर्न कोषको व्यवस्था हुनुपर्ने;
- राजनैतिक तथा सामाजिक हस्तक्षेप हटाउने किसिमका विभागीय पहलगत कार्यक्रम सञ्चालन हुनुपर्ने;
- महिला समूहका साथै पुरुषर परिवारका सदस्य लक्षित कार्यक्रमहरू हुनुपर्ने;
- सबै निगरानी समूहका सदस्यलाई यातायात तथा सञ्चार खर्च उपलव्ध गराउनु पर्ने, कानुनी परामर्श सम्बन्धी तालिम दिनु पर्ने;
- राम्रो काम गर्ने निगरानी समूहलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने ।

११.५ साझेदार निकायसँगको सहकार्य र समन्वय

११.५.१ कार्यक्रम कार्यान्वयन पश्चात मुख्य उपलब्धी के के हासिल भए ?

- विभिन्न निकायले लैङ्गिक हिसा निवाणका क्षेत्रमा कार्य गर्ने भएपनि कार्यक्रमबीच सामन्जस्यता नहुँदा उपलब्धी कम हुने देखिएकोले सामन्जस्यता वढाउन समन्वय प्रभावकारी पारिएको फलस्वरूप एकै प्रकृतिका काम गर्ने संस्थाहरूबीच कार्यक्रम दोहोरिने प्रक्रियामा कमी आएको;
- विभिन्न निकायसँग समन्वय, सुझाव, सल्लाह र सहकार्य बढेकोले प्रभावितलाई सेवा पुऱ्याउन छिटो छरितो भएको;
- साझेदार निकायले पनि प्रभावितको समस्यालाई सामाजिक समस्याको रूपमा लिई सेवा दिन थालेको;
- समन्वयमार्फत काम गर्दा लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउन सजिलो भएको ।

११.५.२ कार्यक्रम कार्यान्वयन गर्दा केकस्ता चुनौती तथा समस्याहरू आइ परे र कसरी समाधान गरियो ?

चुनौती तथा समस्याहरू समाधानको पहल

- लैङ्गिक हिंसा निवारणका लागि जिल्लास्थित विभिन्न सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी न्यायको लागि पैरबी भइरहेको;
- महिला तथा बालबालिका सेवा केन्द्र, जिल्ला कानुनी सहायता समिति र जिल्ला सेवा केन्द्रबीचको समन्वयमा हिंसा प्रभावितलाई न्यायमा पहुँच पुऱ्याउन सहज भएको;
- फरक फरक धारणा भएका मानिसहरू सबैलाई मिलाएर कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको;
- कुनै कुनै घटनाको समाधानका विषयमा सबै सेवा प्रदायकको एउटै मत नहुनु;
- साझेदार निकायका उद्देश्य र कार्यक्षेत्र सीमित हुने, कहिले काँही जस लिने प्रवृत्तिले मात्र काम गर्ने हुनाले पीडित हरूलाई प्रभावकारी सहयोग पुग्न नसक्ने;
- साझेदार निकाय धेरै ठाँउमा प्रभावितलाई बयान लिने गर्दा प्रभावितको मनोबल गिर्ने गरेको;
- भिन्न संस्थाबाट सञ्चालित एकै प्रकृतिका कार्यक्रममा दिइने सुविधामा अन्तर भएकोले काम गर्न कठिनाइ भएको ।
- प्रत्येक कार्यक्रममा समन्वय सम्बन्धी विषयमा छलफल गरी सम्बन्धित निकायहरूसँग समन्वयकारी भूमिका बढाइएको ।
- समन्वयर सहकार्य गर्नुपर्ने संघ संस्था धेरै हुने तर सम्पूर्ण संस्थासँग निरन्तर सम्पर्कमा रहिरहन गाह्रो हुने तथा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू आफै समन्वयमा अग्रसर नभइदिंदा प्रभावकारी समन्वयको पहल हर बखत कार्यालयले लिने गरेको;

११.५.३ कार्यक्रम कार्यान्वयनका सिकाइ के रहे र भावी कार्यदिशा कस्तो हुनुपर्दछ ?

- कार्यक्रमबाट प्रभावितलाई सेवा पुऱ्याउन छिटो छरितो भएको;
- सबै निकायबाट सञ्चालन हुने उस्तै कार्यक्रममा एकरूपता हुनुपर्ने;
- लैङ्गिक हिंसालाई निरूत्साहित गर्न साझेदारी निकायहरू एक ढिक्का हुनुपर्ने;
- हिंसा सम्बन्धी काम गर्ने निकायहरूबीच एकद्वार प्रतिवेदन प्रणाली कायम गर्नुपर्ने;
- एउटै प्रकृतिको काम गर्ने निकायहरू प्रत्येकको समन्वयमा जोड जिम्मेवारी हुने कानुनी प्रावधान राखिनु पर्ने;
- पर्याप्त स्रोत साधन सहित यस्ता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने देखिएको ।

१२. लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम लागू भएको कार्यक्षेत्र पहिचान नक्शाङ्कन (Mapping)

समाजमा विद्यमान पितृसत्तात्मक सोचका कारण सृजित लैङ्गिक असमानता, विभेद, हानीकारक परम्परागत अभ्यासहरू, महिला र बालबालिका माथि हुने हिंसा आदिको निवारणका लागि सामाजिक रूपान्तरण अपरिहार्य छ । लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम समुदाय केन्द्रित कार्यक्रम हो जसले महिला सदस्यहरूको सक्रियतामा सहभागितामूलक विधिबाट सामाजिक परिचालन गरी संस्थागत विकासको माध्यमबाट लैङ्गिक हिंसाको रोकथाम, प्रभावितहरूको न्यायमा पहुँच प्राप्ति तथा सामाजिक रूपान्तरणका लागि विभिन्न प्रयास गरिदैँ आएको छ । यस कार्यक्रमबाट साबिकमा पारालिगल कार्यक्रम लागू भएका १०२६ गाविसमा गठित पारालिगल समिति कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकीकरण गर्ने कुरामा मुख्य जोड दिँइदै आएको छ । परिवर्तित संघीय संरचनामा महिला विकास कार्यक्रमका साथै लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम विद्यमान स्थानीय तहको कार्यक्षेत्रमा परेको हुँदा विद्यमान अवस्थाको जानकारीका साथै आगामी क्रियाकलापहरू स्थानीयतहमा केन्द्रीत गर्न आवश्यक देखिएको छ । आयोजनाको सघन अभियान लागू भएका ३५ जिल्ला भित्रका कार्यक्रम लागूभएका र अब कार्यक्षेत्र विस्तार गर्न आवश्यक स्थानीय तहका पालिका तथा पालिका वडाको पहिचानका लागि युनिसेफले महिला तथा बालबालिका कार्यालयको सहयोगमा ३५ जिल्लाको कार्यक्रम विस्तारको अवस्थाको नक्शाङ्कन गरेको थियो । जसअनुसार ३५ जिल्लाका ४२१ स्थानीय तहमध्ये २७५ स्थानीय तहका ३७३१ वडा मध्ये १०३७ वडामा यस आयोजनाले सहयोग पुऱ्याएको पाइएको छ । यस नक्शाङ्कनले हालसम्म गरिएको कार्यक्रमको कार्यक्षेत्र स्पष्ट भई विद्यमान तथा नयाँ क्षेत्रमा क्रियाकलापहरू विभाजनमा सहयोग पुगेको छ । यो नक्शाङ्कन बारेको जानकारी डीएफआइडीमा मिति २०७४।४।२६ (१० अगष्ट, २०१७) आयोजित बैठकका साथै महिला तथा बालबालिका विभागले २०७४ श्रावणमा आयोजना गरेको कार्यक्रमको वार्षिक समीक्षामा युनिसेफकोतर्फबाट प्रस्तुती गरी छलफलसमेत गरिएको थियो । यसै नक्शाङ्कनलाई आधार मानि यस विभागबाट आ. व २०७४।७५ को कार्यक्रमको सघन अभियान लागू हुने ३५ र न्यूनतम अभियान लागू भएका ४० जिल्ला समेतमा जम्मा ३१६ स्थानीयतहका लागि क्रियाकलापहरूको विभाजन समेत तयार गरिएको छ । महिला तथा बालबालिका कार्यालयका अधिकांश कर्मचारीहरूलाई २०७४ श्रावण देखि नै स्थानीय तहमा खटाइएकोले जिल्ला महिला तथा बालबालिका कार्यालयमा जनशक्ति कम भएको तथा संघ तथा प्रदेशतहको निर्वाचन पश्चात जिल्लास्तरमा महिला तथा बालबालिका कार्यालय नरहने हुनाले रकम विनियोजन प्रक्रियामा कठिनाइ भई तत्कालै कार्यक्रम अगाडी बढाउन नसकिएको भएतापनि आगामी दिनमा गरिने योजना तर्जुमा प्रक्रियामा यो नक्शाङ्कनले ठूलो सहयोग पुऱ्याउने देखिएको छ । नक्शाङ्कन सम्बन्धी समग्र विवरण देहायबमोजिम रहेको छ ।

तालिका ७: लैङ्गिक हिंसा निवारणका लागि महिला विकास कार्यक्रम सघन अभियान लागू भएका ३५ जिल्लाको स्थानीय तहको नक्शाङ्कन विवरण

प्रदेश नं	जिल्लको नाम	स्थानीय तह संख्या	कार्यक्रम लागू भएका स्थानीय तह संख्या	कुल वडा संख्या मध्ये कार्यक्रम लागू भएका वडा संख्या
१	३	४४	२७	९८/४१४
२	८	१३६	७८	२११/११२०
३	७	७२	४५	१९९/६५६
४	३	२६	२०	१०१/२४१
५	६	६७	५२	२१२/६५८
६	१	७	५	१८/४४
७	७	६९	४८	१९८/५९८
जम्मा	३५	४२१	२७५	१०३७/३७३१
प्रतिशत			६७ प्रतिशत	२८ प्रतिशत

नक्शाङ्कन विवरण प्रतिशतमा



कार्यक्रम लागू भएका स्थानीय तह नक्शाङ्कन



राष्ट्रपति महिला उत्थान कार्यक्रम

नेपाल सरकारको आ.व. २०७३।७४ को नीति तथा कार्यक्रममा जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन नेपाली महिलाको आर्थिक उन्नति, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गर्न राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने उल्लेख भए अनुसार र आर्थिक वर्ष २०७३।७४ को बजेट वक्तव्यमा महिला उत्थान शीर्षकमा लैङ्गिक विभेदको अन्त्य, सीप तथा उद्यमशीलताको विकास प्राज्ञिक अनुसन्धान वृत्ति लगायतका महिला सशक्तीकरणका कार्यहरू अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरिए अनुसार आव २०७३/०७४ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनमा रहेको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रम संचालन कार्यविधि २०७४ अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

कार्यक्रमको उद्देश्य

क) उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक, सामाजिक रूपान्तरण गरी दिगो विकास हासिल गर्ने,

ख) लैङ्गिक हिंसाको रोकथाम तथा सोबाट पीडित तथा प्रभावितहरूका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने,

ग) गर्भवती महिलाहरूको प्रजनन स्वास्थ्य एंव सुरक्षा र संरक्षणका लागि स्वास्थ्य सुविधामा पहूँच बढाउने र उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था

कार्यक्रम कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय गर्न तथा नीतिगत मार्गदर्शन र निर्देशन प्रदान गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा केन्द्रमा निर्देशन समिति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा सहयोग पुऱ्याउन महिला तथा बालबालिका विभागका महानिर्देशकको संयोजकत्वमा कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको व्यवस्था रहेको छ । कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महिला तथा बालबालिका विभागमा कार्यक्रम कार्यान्वयन एकाइ रहने व्यवस्था छ ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य क्रियाकलापहरू :-

- मानब विकास सूचकाङ्कमा पछि परेका अनुसूची १ बमोजिमका जिल्लाहरु (रौतहट, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, सिन्धुली, धनुषा, दोलखा, सिन्धुपाल्चोक, बारा, पर्सा, कपिलवस्तु, प्यूठान, रोल्पा, रुकुम, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बाजुरा, बझाङ्ग, अछाम, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला) मध्येबाट द्वन्द्व पीडित,अति विपन्न, दलित, पिछडा वर्ग, जनजाति, खसआर्य तथा मुस्लिम वर्गका महिला लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालीम)
- अनौपचारिक श्रममा संलग्न महिला (मनोरञ्जन, निर्माण क्षेत्र, कृषि, व्यावसायिक र घरेलु काम) हरूलाई तथा करागारमा रहेका महिला, लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारमूलक, सशक्तीकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालीम) (काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, कास्की, मोरङ्ग, सुनसरी, बाँके, रुपन्देही, कन्चनपुर)
- मन्त्रालयको कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरूको राष्ट्रिय प्रदर्शनी (प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

- मन्त्रालयको कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरूको बिक्री केन्द्रहरूको स्थापना तथा बजार प्रवर्द्धन (प्रचारप्रसार, सामग्री उत्पादन तथा प्रकाशन र वितरण)
- संवैधानिक तथा कानुनी व्यवस्था अन्तर्गत महिला अधिकार, हक हित, सेवा सुविधा सम्बन्धमा सञ्चार माध्यमबाट प्रचारप्रसार र अन्तरक्रिया लगायतका कार्यक्रम (सूचना सामग्री उत्पादन, प्रकाशन, प्रशारण, वितरण आदि)
- अनुसूची २ बमोजिमका जिल्लाहरु (बारा, म्याग्दी, धनकुटा, सल्यान, कपिलवस्तु, धादिङ्ग, खोटाङ्ग, पाल्पा, रसुवा, रामेछाप, गोरखा, स्याङ्जा, लमजुङ्ग, पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखाँची, भक्तपुर, नुवाकोट, भोजपुर, अछाम, बैतडी, बाजुरा) मा गैरसरकारी संस्था/महिला सहकारी सस्थाको साझेदारीमा संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवा केन्द्र स्थापना गर्ने । (बेसहारा र अलपत्र परेकाहरूको अल्पकालीन व्यवस्थापनका लागि संर क्षण, राहत तथा पुनर्स्थापना/क्षतिपूर्ति कार्यक्रम) ।
- छाउपडी उन्मुलन, कमलरीहरुको क्षमता विकास संग सम्बन्धित कार्यक्रम गर्न सकिने
- कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि समन्वय, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी कार्यहरू ।

आव २०७३/७४ तथा २०७४/०७५ मा सम्पन्न भएका मुख्य क्रियाकलापहरू

आव २०७३/७४ मा सम्पन्न भएका मुख्य क्रियाकलापहरू

- सीप विकास तथा क्षमता अभिवृद्धि तालिम (मानव विकास सुचकांकमा पछि परेका ३० जिल्लामा) जम्मा सहभागी संख्या १०४२ (दलित २३५, जनजाति १८८, अन्य ६१९ (ग्रा.स्वा.का., प्रशोधन, बुनाई, बुटिक, मोबाइल मर्मत)

क्र.सं.	जिल्लाको नाम	दलित	जनजाति	अन्य	जम्मा	कैफियत
१	रौतहट	८	२५	२	३५	
२	सप्तरी	६	११	१०	२७	
३	सिराहा	९	६	२०	३५	
४	महोत्तरी	२	११	२२	३५	
५	सर्लाही	२	३	३७	४२	
६	सिन्धूली	२	२०	१०	३२	
७	धनूषा	८	६	२१	३५	
८	दोलखा	६	१४	१५	३५	
९	सिन्धूपालचोक	५	१४	१६	३५	
१०	बारा	२	१४	१९	३५	
११	पर्सा	८	४	२७	३९	
१२	कपिलवस्तू	१२	९	१४	३५	
१३	प्युठान	१५	१२	७	३४	
१४	रोल्पा	७	९	१९	३५	
१५	रुकूम	१०	७	१८	३५	
१६	सल्यान	६	०	२४	३०	

१७	दैलेख	९	११	१५	३५	
१८	जाजरकोट	९	२	२३	३४	
१९	डोल्पा	१६	१	१८	३५	
२०	जुम्ला	५	१	२९	३५	
२१	कालिकोट	०	१	३४	३५	
२२	मुगु	१७	०	१७	३४	
२३	हुम्ला	१२	३	२०	३५	
२४	बाजुरा	३	०	३१	३४	
२५	बझाङ	४	०	३१	३५	
२६	अछाम	९	०	२७	३६	
२७	डोटी	९	२	२४	३५	
२८	डडेल्धुरा	१२	१	२२	३५	
२९	बैतडी	१५	०	२०	३५	
३०	दार्चुला	७	१	२७	३५	
	जम्मा	२३५	१८८	६१९	१०४२	

- अनौपचारिक श्रममा संलग्न महिला हरू लाई लक्षित कार्यक्रम (१० जिल्ला) जम्मा सहभागी संख्या ४७५ जना (दलित ८२, जनजाति २१५, अन्य १७८ (सिलाई, ब्युटिपार्लर, डाईभिङ, बुटिक, कुक, हाउस पेन्टिङ)

क्र.सं.	जिल्लाको नाम	दलित	जनजाति	अन्य	जम्मा	कैफियत
१	काठामाण्डौ	१	३१	१८	५०	
२	भक्तपूर	०	२२	२८	५०	
३	ललितपूर	१	११	१२	२४	
४	चितवन	७	३०	१२	४९	
५	कास्की	१३	३०	१३	५६	
६	सूनसरी	११	२५	१४	५०	
७	मोरङ	९	२३	१८	५०	
८	बांकै	३४	५	११	५०	
९	रूपन्देही	०	१५	३१	४६	
१०	कञ्चनपूर	६	२३	२१	५०	
११	**जम्मा**	८२	२१५	१७८	४७५	

- अल्पकालीन सेवाकेन्द्र १९ जिल्ला (धनकुटा, सल्यान, कपिलवस्तु, धादिङ्ग, पाल्पा, रसुवा, रामेछाप, गोरखा, लमजुङ्ग, पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखाँची, नुवाकोट, अछाम, बैतडी, बाजुरा)

आव २०७४/०७५ मा सम्पन्न भएका मुख्य क्रियाकलापहरू

तालिम संचालित १४ जिल्ला



- ८६४ जना मानव विकास सूचकांकमा पछि परेका अति विपन्न दलित, मधेसी, पिछडावर्ग, जनजाती, खस आर्य तथा मुस्लिम वर्ग लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिबृद्धि तालिम) सञ्चालन
- ४११ जना अनौपचारिक श्रममा संलग्न महिला (मनोरञ्जन, निर्माण क्षेत्र, कृषि, व्यावसायिक र घरेलु काम) लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिबृद्धि तालिम) सञ्चालन
- लैङ्गिकहिंसा न्युनीकरणका लागि अभियान संचालन अग्निदहन चलचित्र प्रदर्शन ८ जिल्ला १४ स्थान (कैलाली, दाङ्ग, मकवानपुर, उदयपुर, सुनसरी, वागलुङ्ग, म्याग्दी, पर्वत)
- स्थानीयतहका जनप्रतिनिधिका लागि लैङ्गिकहिंसा न्युनीकरण सम्बन्धी अन्तरक्रिया १० जिल्लाको १४ स्थान (सिरहा, सप्तरी, महोत्तरी, कैलाली, डोटी, बैतडी, अछाम, रौतहट, काठमांडौ,ललितपुर)
- २१ जिल्लामा गै.स.स.को साझेदारीमा संकटापन्न रहेका महिला, बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवाकेन्द्र स्थापना तथा संचालन (धनकुटा, सल्यान, कपिलवस्तु, धादिङ्ग, खोटाङ्ग, पाल्पा, रसुवा, नुवाकोट, रामेछाप, गोरखा, स्यार्ंजा, लमजुङ्ग ,पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखांची, अछाम, बैतडी, भोजपुर) १०४६ जनालाई सेवा प्रदान
- महिला उद्यमी महासंघ नेपाल (FWEAN) को समन्वयमा व्यवसाय प्रवर्धन तथा उद्दमशीलता तालिम
- महिलाहरूबाट उत्पादित सामाग्रीहरूको राष्ट्रिय प्रदर्शनी २ पटक (महिला उद्यमी महासंघ FWEAN, FNCSI को समन्वयमा)

महिला उद्यमी महासंघ FWEAN द्वारा ललितपुरमा आयोजित प्रदर्शनीमा महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिलाहरूको सहकारी संस्थाद्वारा उत्पादित सामाग्रीहरूको स्टल सम्बन्धी विवरण निम्नानुसार:

क्र.सं.	जिल्ला	सामाग्री	व्यक्ति/संस्था वा उद्योगको नाम	ठेगाना	सम्पर्क नं.
१.	मोरङ	ढाका	निरु ढाका उद्योग, उर्लावारी ४, मोरङ	उर्लावारी ४, मोरङ	९८६२१३९८२५
		मह, बेसार	महिला जागृति समूह	उर्लावारी ७, मोरङ	९८४२२०४४०४९
२	संखुवासभा	अल्लोको कपडा	कृष्ण कुमारी कुलुङ राई, खाँदबारी न.पा. १	खाँदबारी न.पा. १	९८४२१०७८३१
		अल्लोको कपडा	खाँदबारी न.पा. ७	खाँदबारी न.पा. ७	९७४२०६१७८३
३	नवलपरासी	अचार	पन्चनगर महिला कृषि सहकारी संस्था लि,	बरघाट, नवलपरासी	९८५७०८००४६
		जुत्ता,कपडा	रितु कुमाल	कावासेत न.पा., नवलपरासी	९८४७०९४०१७
४	मकवानपुर	धुप	तिलगंगा महिला बहुउद्धेश्यिय सहकारी संस्था लि	मकवानपुरगढी ६, मकवानपुर	९८४५३८२८४६
		बेसार	हिमाल महिला बहुउद्धेश्यिय सहकारी संस्था लि	मकवानपुरगढी ६, मकवानपुर	९८४५५९८४०९
५	ललितपुर	जुत्ता	उदयविनायक महिला बहुउद्देश्यिय सहकारी संस्था लि	टिकाथली ललितपुर	९८४३०६३५७३
		पुस्टकारी	अन्नपूर्ण खाद्य उद्योग	इमाडोल, ललितपुर	९८४००५८७९९
६	सल्यान	क्रिष्टल सामग्री	कमला डाँगी	महिला जागृति बचत सहकारी संस्था	९८४१०७००२१
७	तनहु	कण्ठ माला	भानु महिला बहुउद्धेश्यिय सहकारी संस्था	भानु न.पा. तनहुँ	९८०६५९२०६५
		धुप, मस्यौरा	खैरेनिटार महिला बहुउद्धेश्यिय सहकारी संस्था	शुक्ला गण्डकी न.पा.	९८५६०२७८५९
८	चितवन	मह	सृजनशिल महिला बहुउद्धेश्यिय सहकारी संस्था लि	रत्न नगर न.पा. १४,चितवन	९८४५०६६५५७
९	रोल्पा	अल्लोको कपडा	रोल्पा सामुदायिस अल्लो धागो तथा कपडा उद्योग	रोल्पा न.पा, रोल्पा	९८४४९३९९६४
१०	मनाङ	राडी पाखी	डाँफे महिला विकास समिति	धारापानी, ओडारगाँउ	९८६६००४८७१
११	मुस्ताङ	तोरा जुस	मक्तिनाथ महिला बहुउद्धेश्यिय सहकारी संस्था लि	बारा गाँउ, मुक्तिनाथ	९८४६५८३४००
१२	अर्घाखाँची	ढाका कपडा	लाँलीगुरास सहकारी संस्था लि	किमडाँडा, अर्घखाँची	९८५७०६१०४२
१३	तेह्रथुम	ढाका कपडा	सरस्वती महिला बहुउद्धेश्यिय सहकारी संस्था,	म्याङलुङ न.पा २, तेह्रथुम	९८४२१५६३९९
१४.	कपिलवस्तु	ढाकिया	सहयोगी महिला बहुउद्धेश्यिय सहकारी संस्था लि	बाँडगंगा न.पा. गजेहाँट	९८४७१३४०६३

१४ औं अर्न्तराष्ट्रिय व्यापार मेलामा FNCSI द्वारा आयोजित प्रदर्शनी कार्यक्रममा महिला सहकारी संस्थाहरूबाट उत्पादित सामाग्रीहरूको स्टल निम्नानुसार समावेश गरिएको थियो ।

क्र.स	प्रदेश	जिल्ला	उत्पादनहरू	उत्पादक महिलाहरू सम्पर्क व्यक्ति	कै.
१	१	पाँचथर	ढाका	प्रर्मिला फागो: ९८१७०२५२००	
		संखुवासभा	अल्लोको कपडा	भिम कुमारी राई ९८४०२१०९१६ प्रिती कुमारी राइ ९८०५३८३४५८	
		तेह्रथुम	ढाका		
		झापा	मुडा	अध्यक्ष कमला राई: ९८१५९६६२५६ सचिव तारा : ९८१५०२८६७४	
२	२	सिरहा	पटिया सजावट सामाग्री	रत्ना लामा: ९८१६७६७१९६, पार्वति चौधरी: ९८४२८७९४५४	
		सप्तरी	नाङ्गलो	प्रभा पुलामी-परिचालिका/समन्वयकर्ता: ९८१६७१९९३५	
		धनुषा	मिथिला पेन्टिङ्ग	मन्जु महरा ९८०७८२५५६०,	
३	३	ललितपुर	क्रिस्टल माला र सल	इन्द्रदेवी श्रेष्ठ: ९८४१३५९०५८, रस्मी रेग्मी: ९८४१२१३८९६	
४	४	स्याङजा	कोदो, फापर, मकै आँटा, काँच तथा क्रिष्टल चुरा	सुनिता क्षेत्री:९८१३४०५०५७ धनमाया थापा : ९८४६०८४८८४	
५	५	कपिलवस्तु	वेसार, मह		
		गुल्मी	फाइवर, ढाका, अगरवत्ती, व्याग	झुपा बगाले-९८४७१०५१४६, सरस्वती पुन-९८४४७७२४७६	
		वांके	ढकिया	फुलपति थारु,९८१३०९५९५६	
		दाङ्ग	चुरा, पोते, ढकिया	गोमा बस्नेत: ९८४७८२६३८२ यसोधा पाण्डे: ९८४७८८०३०९	
		वर्दिया	वेतवास, ढकिया	कमली थारु: ९८१९५२१२०६, प्रेमपती थारु:	
६	६	सुर्खेत	ढाकासारी, चोलो, सल, स्वेटर	मिना गैरे: ९८४८००३६८३, मन्जु लामा: ९८४८२९३५८०	
७	७	दार्चुला	गलैंचा	पूजा तिनकरे: ९८४८७२९०५२	

- निर्देशन समितिको बैठक ५ पटक
- कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठक ३ पटक
- कार्यक्रम अनुगमन प्रतिवेदन र मुल्यांकन ४ पटक

उद्यमशिलता, रोजगारीमूलक सशक्तिकरण सिपविकास तथा क्षमता अभिवृद्धि तालिममा व्यवसायिक तालिम अनुसारको सहभागीहरूको जनसाख्यिक विवरण:

क्र.सं.	जिल्ला	Trade	व्यवसाय संख्या	प्रशिक्षार्थी संख्या	सहभागीको जनसाख्यिकरण		
					ब्राहम्ण /क्षेत्री अन्य	जनजाति	दलित
१	भोजपुर, सुनसरी, रौतहट, दोलखा	Assistant Beautician	७	१५०	५०	९६	४
२	सुनसरी, बारा, रौतहट, सिन्धुली, दोलखा, तनहुँ, लमजुङ्ग, दाङ्ग, रोल्पा, दैलेख, अछ्राम	Tailoring	२२	५२९	२१४	२२१	९४
३	मुगु, तनहुँ, सुनसरी, भोजपुर लमजुङ्ग,	Computer Operator	११	२९५	१४९	१०३	४३
४	बारा, तनहुँ	Hand Embroidery	२	६१	२६	२९	६
५	तनँहु	Community Livestock Assistant	३	६३	३०	२८	५
६	तनँहु	Small Tea Shop and Hotel Management	४	१०१	२४	६२	१५
७	तनँहु	Doll and cushion maker	२	७६	२४	२७	२५
		जम्मा	५१	१२७५	५१७	५६६	१९२



कार्यक्रमको उपलब्धिहरू:

- हालसम्म ४१४ जना स्वरोजगार र ९२ जना रोजगार भई आत्मनिर्भर बनेको,
- सहभागीहरूमा आफू व्यवसाय गर्न सक्छु भन्ने भावना विकास भई आत्मवल बढेको,
- सहभागीहरूको सिप परिक्षण भई उनिहरूले सिकेको तथा प्राप्त गरेको ज्ञान र दक्षताले मान्यता प्राप्त गरि व्यवसाय तथा रोजगारीका लागि अवसर प्राप्त हुने देखिएको,
- विभागिय अनुगमन टोलीहरूको प्रतिवेदनको आधारमा धेरै स्थानहरूमा सहभागीहरू तालिम अवधिमै टेलरिङ, व्यूटिपार्लर लगायतको काम गरि आम्दानी गरी रोजगार तथा स्वरोजगारमा हौसिएको पाइएको ।

स्वीकृत कार्यक्रम बाहेक आव २०७४/७५ मा जिल्लाबाट भएका मुख्य कार्य

- महिला सहकारी संस्थामार्फत सबै जिल्लाहरूमा दिवसीय कार्यक्रमहरू सप्ताहव्यापी रूपमा समुदायतहसम्म सञ्चालन गरी जनचेतना अभिवृद्धि
- सहकारी संस्था मार्फत विभिन्न निकायको सहयोगमा महिला सशक्तीकरणका कार्यक्रम संचालन ।
- महिला तथा बालबालिका, लैङ्गिक मुद्दामा आवश्यक उद्धार, संरक्षण, पुनःस्थापना तथा अधिवाचन ।
- १७ जिल्लामा जिल्ला तथा सामुदायिक सेवा केन्द्र, ८ जिल्लामा पुर्नस्थापना केन्द्र, ३६ जिल्लामा मनोसामाजिक विमर्शकेन्द्र मार्फत सेवा प्रवाह ।
- ७५ वटै जिल्लामा निगरानी समुह परिचालन ।

स्वीकृत कार्यक्रम बाहेक विभागबाट भएका मुख्य कार्य

- ज्येष्ठ नागरिक परिचयपत्र, अपाङता परिचयपत्र वितरण, सेवाकेन्द्र संचालन नमुना निर्देशिका तयार गरि संघीय मामिला तथा स्थानीय विकास मंत्रालयमा पेश गर्न मंत्रालयमा पठाएको ।
- संरक्षण विषयगत क्षेत्रको राष्ट्रिय रणनीतिक कार्ययोजना र मनोसामाजिक सहयोग केन्द्र कार्य संचालन निर्देशिका प्रकाशन ।
- महिला र बालिकाउपर हुने हिंसा निवारणमा पुरुषजनको सहभागिता रणनीति तयार गरि मंत्रालयमा पेश र GBV SOP तयारी ।
- लैङ्गिक हिंसा निवारण तथा बालसंरक्षण सीप परिक्षण तालिम ५ दिने संचालन तथा लैङ्गिक हिंसा निवारण तथा बालसंरक्षण सीप परिक्षण तालिम निर्देशिका तयारी ।
- स्थानीयतहका पदाधिकारी लाइ मनोसामाजिक सहयोग केन्द्र सम्बन्धी अभिमुखीकरण - (ओखलढुंगा, काठमांडौ, दोलखा, सिन्धुपाल्चोक)।
- स्थानीयतह का पदाधिकारी लाइ महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी अभिमुखीकरण ६ स्थान (मोरङ्ग, सर्लाही, मकवानपुर, रसुवा, कास्की, तनहु., बांके दाङ्ग, हुम्ला ९ जिल्लाका ९१ स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रप्रअ)

महिला विकास कार्यक्रमको हालसम्म भएका अध्ययन मूल्याङ्कनको निष्कर्ष

महिला विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन ५/५ वर्षको अन्तरालमा समूह सदस्यको न्यूनतम सशक्तिकरणकोस्तरको आधारमा र प्रतिफल मूल्याङ्कन सालबसाली, सांगठनिक मानचित्रका साथै अभिकार्य एवं अभिप्राप्ति सूचकाङ्कको उपयोग गरी गर्ने गरिएको छ । महिलाहरूको न्यूनतम सशक्तीकरण स्तरको आधारमा मूल्याङ्कन गरि नसकिएको भएतापनि राष्ट्रिय योजना आयोगबाट महिला विकास कार्यक्रमको तेश्रो पक्ष मूल्याङ्कन भएको छ, जसको निष्कर्ष निम्नानुसार रहेको छ ।

राष्ट्रिय योजना आयोगबाट भएको मूल्यांकन

राष्ट्रिय योजना आयोगबाट ८ जिल्ला (संखुवासभा, मोरङ्ग, रौतहट, म्यागदी, रूपन्देही, दाङ्ग, कालिकोट र अछाम) मा कार्यक्रम सञ्चालन गरिएका क्षेत्रतर्फ ११५२ घरधुरी र कार्यक्रम सञ्चालन नगरिएको क्षेत्रमा २८८ घरधुरी गरी जम्मा १४४० नमूना घरधुरी छनौट गरी अध्ययन/सर्भेक्षण गरेको मूल्याङ्कनको निष्कर्षमा देखिएको कुरा निम्न रहेको छ। ।

क्र.सं.	मूल्याङ्कनका आधार	मूल्याङ्कनका निष्कर्ष	मूल्याङ्कनको परिणाम
	सान्दर्भिकता	◆ लक्षित महिलाहरूमा पुगेको कार्यक्रमले महिलाको व्यक्तित्व विकास र समूहीकरण, समावेशीकरण र सशक्तिकरण हुन सकेको ◆ अर्न्राष्ट्रिय प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्न सहयोग गरेको ◆ अझै करीव ८० प्रतिशत लक्षित समूहमा कार्यक्रम विस्तार गरिनु पर्ने भएको ९० प्रतिशत भन्दा बढी महिलाले कार्यक्रमको औचित्य रहेका	क) अति सान्दर्भिक
	प्रभावकारित	◆ समूह गठन, समिति तथा संस्थागत रूपमा बचत र लगानी परिचालनको बृद्धि दर १३.४ प्रतिशत भएको ◆ सहकारीबाट बचत रकम मध्ये करीव ९६ प्रतिशत लगानी भएको व्यवसायिक समूहमा ऋण प्रवाह गरी आय आर्जन र गरिबी न्यूनिकरण भएको	ख) प्रभावकारी
	कार्यदक्षता	◆ बजेटको व्यवस्था कार्यक्रममूखी र प्रगतिमूखी नभई सालबसाली भएको ◆ संचालन र कार्यक्रम बजेट करीव ५० प्रतिशतको हाराहारी भएको ◆ कार्यक्रम बजेटको ९० प्रतिशत खर्च भएको	ग) सामान्य दक्षतापूण
	प्रभाव	◆ महिलाको आफनो समस्या राख्न सक्ने क्षमतामा ८५ प्रतिशतले बृद्धि भएको ◆ परिवारको निर्णय गर्ने क्षमता बृद्धि भएको शिक्षा, स्वास्थ्य आदिमा निर्णय क्षमतामा ◆ बृद्धि भएको ◆ महिलाको सामाजिक पक्षहरूमा परिवर्तन भएको ◆ महिलाको कुरीति, संस्कारमा उल्लेखनीय परिवर्तन भएको ◆ घरेलु तथा यौनजन्य हिंसा घट्दोक्रममा रहेको ◆ आम्दानी र खर्च दुवैमा बृद्धि भै बचत बढ्दै गएको	क) अति प्रभावपूर्ण
	दिगोपना	◆ महिला संस्थाहरूमा अपनत्व र नेतृत्व प्रभावकारी भएकोले संस्थाहरू दिगोहुने ◆ लगानी भएको रकम मध्ये करीव ९० प्रतिशत असूली हुने गरेको	ख) दिगोपनापूर्ण

	अधिकारवाला समुदायको सन्तुष्टी	• महिला बिकास कार्यक्रमले संचालन गरेको बचत, ऋण लगानी, उद्यम • व्यवसाय, किशोरी कार्यक्रमहरूमा महिलाहरूको सन्तुष्टीस्तर ५० प्रतिशत भन्दा बढी भएको	क) अति संतोषजनक
	समावेशीकरण	• कार्यक्रमले समूहमा सम्मिलित महिलामध्ये दलित, जनजाति र अन्यमा क्रमश १६.०२ %, ३३.८५%, ५०.१३ % समावेश गरेको	क) अति संतोषजनक
	समग्र निष्कष	• आधा भन्दा बढी जनसंख्या भएका महिलाको विकासकालागि संचालिन महिला बिकास कार्यक्रमबाट महिलाहरूको व्यक्तिगत क्षमता अभिबृद्धि भै सामाजिक परिवर्तन र आर्थिक उन्नतीमा अग्रसर रहदै गएको हुदा कार्यक्रम को औचित्य र महत्व स्पष्ट रहेको छ।	ख) संतोषजनक

समग्र मूल्यांकनका निष्कर्ष

- महिला विकास कार्यक्रम **तीन आयामहरू मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरणको** अवधारणामा आधारित भै त्यसका विभिन्न क्रियाकलापहरू संचालन गरिएका छन्। साथै नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा विभिन्न सम्झौता, सन्धि र प्रतिवद्धता गरेको र सोही अनुसार मूख्य मूख्य कार्यक्रमहरू कार्यान्वयन गरिएको देखिन्छ।
- कार्यक्रमको लक्षित संख्या करीव ५२ लाख विपन्न महिला भएता पनि लामो समयसम्मको कार्यान्वयन पश्चात पनि आ.व. २०७२/७३ सम्म १० लाख ४३ हजारमा मात्र कार्यक्रमको पहुँच पुगेको छ। कार्यक्रमको पहुँच पुगेका १० लाख ४३ हजार महिलाहरूको **आर्थिक अवस्था सुधार गर्ने** तर्फ उल्लेखनीय उपलब्धी हुन नसकेपनि समावेशीकरण तथा सशक्तिकरण गर्ने कार्य निरन्तर रूपमा चलिरहेको छ ।

  लक्षित महिलाहरूको पहिचान एवं समूहीकरण गर्दै व्यक्तित्व विकास, शिप विकास र समूहका सदस्यहरूलाई आफनो अधिकारकालागि सचेतना गराउने कार्यमा केही सकारात्मक प्रभाव देखिन आएको छ। अनुगमन तथा निरिक्षणको कमी तथा अन्य विभिन्न कारणले करीब ५ हजार महिला समूह निष्कृय रहेका छन्।
- अध्ययनका सिलसिलामा तालिमको उपयुक्तता सम्बन्धी सर्भेक्षणानुसार करीव ६६.४ प्रतिशत महिलाहरूले तालिम उपयुक्त भएको बताएको। तालिमहरूमध्ये व्यवसायिक समूहले प्राप्त गरेको तालिमको सन्तुष्टिकोस्तर ३५ प्रतिशत मात्र देखिएबाट तालिम अझै प्रभावकारी हुनु पर्ने देखिन्छ।
- महिला विकास कार्यक्रम अर्न्तगतका क्रियाकलापहरूको संख्या अधिकभएकोले मौजुदा जिल्लास्तरका जनशक्तिले समयमा अनुगमन, निरिक्षण तथा कार्यक्रम विस्तार गर्ने कार्य प्रभावकारी हुन नसकेको र समूहको बिस्तार, संस्थाको विस्तार, कार्यक्रमको बिस्तार अनुरूप अनुगमन प्रभावकारी हुन सकेको।
- बिद्यालय विमुख किशोरीहरूको बहुआयामिक विकास गर्ने अभिप्रायले महिला विकास कार्यक्रमले जीवनोपयोगी सिप विकास तालिम, किशोरी विकास तालिम, व्यवसायिक तालिम, स्वास्थ्य उपचार सहयोग, नेतृत्व एवं व्यक्तित्व विकास सम्बन्धी तालिम सामाजिक चेतना जागरण लगायतका क्रियाकलापहरू संचालन गर्दै आएको छ। यस कार्यमा सहभागिता गराउन बस्ती, वडा तथा गा.वि.स.स्तरमा किशोरी समूह संगठित गरी कार्यक्रमले समटेन खोजिए तापनि **विकट क्षेत्रका बस्तीहरूका बिद्यालय विमूख किशोरीहरूलाई समेटन सकिएको छैन**।

सुझाव र कार्य योजना

नीतिगत स्तरमा

- **कार्यक्रमको सोच तालिका पुनरावलोकन** : वर्तमान परिस्थिति र अवस्थासँग मेल हुने गरी पुनरावलोकन गर्न जरुरी देखिन्छ;
- **गुरु योजना तर्जुमाः** आगामी १० वर्षभित्र लक्षित महिलासम्म पुग्ने गरी कार्यक्रय लागु गरिनु पर्दछ;
- महिला विकास कार्यक्रमबाट **गठन भएका समूह तथा संस्थाहरूलाई** अन्य विषयगत निकाय तथा कार्यक्रमहरूले पनि उपयोग गर्ने नीति अवलम्वन गरिनु पर्दछ;
- **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताहरू एकिकृत कार्यान्वयन नीति** : महिला तथा बालबालिका **विभागलाई कार्यान्वयन गर्ने इकाई** र राष्ट्रिय महिला आयोगलाई अनुगमन तथा नीतिगत सुझाव दिने निकायको रूपमा विकास गर्नु पर्दछ र
- सरकारी, गैर सरकारी र अन्तर्राष्ट्रिय संघ संस्थाहरूको साथै विभिन्न तहका सरकारका **बिचमा नीतिगत सहकार्य तथा समन्वय गर्न** गराउन राष्ट्रिय योजना आयोगले मूख्य भूमिका निभाउनु आवश्यक छ ।

मध्यम स्तरमा

- **विषयगत विभागसँग कार्यक्रम संचालनमा समन्वय :** कृषि विभाग, पशु सेवा विभाग, घरेलु तथा साना उद्योग विभाग आदि बिच कार्यगत एकता र समन्वय गरी लक्षित समूहहरूलाई प्राविधिक सहयोग, क्षेत्रगत सहयोग उपलव्ध गराउनु पर्दछ;
- **संस्थाहरूको बचत लगानी क्षेत्र विस्तार** : राष्ट्रियस्तरका सहकारी तथा बैकिङ्ग सेवा प्रदान गर्ने बैक तथा वित्तिय संस्थाहरूसंग सहकार्य यर्न उपयुक्त देखिन्छ;
- **सीप विकास तथा उद्यम विकास तालिम संचालन** : CTEVT, MEDEP बाट निर्धारित पाठ्यक्रमका आधारमा विज्ञ तथा सेवा प्रदायक संस्थाहरूबाट तालिम संचालन गर्नु पर्दछ र
- **अनुगमन तथा मूल्याङ्कन :** कार्य योजना बनाई अनुगमन गर्ने र प्रतिवेदन गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ ।

संचालन स्तरमा

- **दोहोरो सुचना प्रणाली** :महिलालाई परेको समस्या र उनीहरूको मागलाई सम्बोधन गरिने प्रणाली विकास गरी कार्यान्वयन
- महिला समूह तथा संस्थाहरूले पहिचान गरेका कार्यक्रमहरूलाई महिला तथा बालबालिका कार्यलयले बार्षिक कार्यक्रममा समावेश गर्ने
- **निस्कृय रहेका समूह, समिति र संस्थाहरूलाई सक्रिय बनाउने** :
- **स्थानीय निकायसँग समन्वय** : स्थानीय आवश्यकतालाई प्रभावकारी रूपमा प्राथमिकीकरण गरी स्थानीय तहसँग समन्वय गरी विविध क्रियाकलाप संचालन गर्ने ।
- विभिन्न दातृ निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूद्धारा संचालित कार्यक्रम **महिला विकास कार्यालयसंगको समन्वयमा संचालन** गर्ने ।
- महिला संस्थाबाट गरिने **लगानीलाई व्यवसायीक र आयमूलक क्षेत्रमा केन्द्रित गर्ने** ।
- महिला समूह, समिति र संस्थाहरूले बार्षिक रूपमा प्राप्त गरेको प्रगतिलाई महिला तथा बालबालिका विभागले एकिकृत गरी सार्वजनिकरण गर्ने र राष्ट्रिय प्रगतिमा समावेश गर्ने व्यवस्था गर्ने ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आव २०७४/०७५ मा महिला बालबालिका कार्यलयहरूबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू तथा ज्येष्ठ नागरिकहरूको कल्याणका लागि सञ्चालन भएका कार्यक्रमहरूबाट सेवाग्राहीहरूको सन्तुष्टिसम्बन्धी अध्ययन प्रतिवेदनको निष्कर्ष तथा सुझाव देहाय बमोजिम रहेको छ :

तुलनात्मक विश्लेषण

बुँदाहरू	सेवाग्राही सर्वेक्षण	केन्द्रित समूह छलफल	मुख्य उत्तरदातासँगको अन्तर्वार्ता
१. सेवाग्राहीको सन्तुष्टि सम्बन्धी	◆ ७५.८% - सन्तुष्ट ◆ ४.३% - अति सन्तुष्ट ◆ १८% - मध्यम ◆ १.९% - असन्तुष्ट	सबै जसो सहभागीले सन्तुष्टि व्यक्त गरे तर सरकारबाट पाउने सेवा सुविधाको राम्रो जानकारी नभएको कुरा व्यक्त	सेवाग्राहीको सन्तुष्टिलाई ध्यानमा राखेर काम गरेको, आफूले गरेको कामबाट पूर्ण सन्तुष्ट नभएको, अझ धेरै काम गर्नुपर्ने आवश्यकता महसुस गरेको
२. सञ्चालित कार्यक्रम राम्रो वा नराम्रो भएको सम्बन्धमा	◆ ७९.३५ % - राम्रो वा अति राम्रो ◆ २०.८५ % - ठिकै ◆ नराम्रो भन्नेहरू नभएको	"राम्रो छ सबैकुरा सरकाले दिएर मात्र पुग्दैन तर आर्थिक उपार्जन र आत्मनिर्भर हुने कार्यक्रम भए राम्रो हुन्थ्यो"	सेवाको गुणस्तरलाई बढाउन प्रयास रहेको तर धेरै काम गर्न बाँकी भएको
३.सेवा प्रदान गर्ने कर्मचारीको व्यवहार	◆ ७९५ % - राम्रो वा अति राम्रो ◆ १९.१ % - ठिकै ◆ १.९५ % - अति नराम्रो वा नराम्रो	कर्मचारीहरूले आफनै साथी जस्तो गरेर सेवा गर्नुभएको छ, व्यवहारमा दोष लगाउने ठाउँ छैन	सकेसम्म कर्मचारीहरूको व्यवहार सेवाग्राही मैत्री बनाउन प्रयास गरेको
४.सेवा प्राप्तिका लागि थप जानकारी: पर्याप्त समय, सेवाको गुणस्तर राम्रो र नराम्रो, लाभप्रद, सदुपयोग आदि	◆ ९०% भन्दा बढी सकारात्मक ◆ २१.४% ले पर्याप्त समय नभएको	सेवाको गुणस्तर ठिकै, लाभप्रद, सदुपयोग भएको	महिला विकास कार्यालयका कर्मचारीहरूले सम्भव भएसम्म प्रशस्त समय दिएर कार्य गरेको
५.कार्यक्रमबाट सन्तुष्ट हुनका कारण	◆ आर्थिक अवस्था सुधार भएको आत्मवल बढेको, अधिकार सम्बन्धी जानकारी पाएको, अपाङ्गता भएका व्यक्तिले विभिन्न किसिमको सेवा पाएको, जनचेतना बढेको आदि । ◆ कार्यक्रम अपेक्षा गरेजति व्यावहारिक नभएको, व्यापक नभएको, तालिम प्रशिक्षण प्रशस्त नभएको आदि	कार्यक्रमहरू राम्रा र फाइदा हुँने खालका छन् यसैको कार्यक्रमबाट कतिको जीवनमा परिवर्तन पनि भएको छ तर सबैलाई कार्यक्रमका बारेमा जानकारी छैन	सबैलाई जानकारी पुर्याउने प्रयास भए पनि अपर्याप्त भएको स्वीकारोक्ती
६. जिल्लाको अफिस स्थानीयतहमा सर्दाको सन्दर्भमा	-	सेवा घरमा नै पाउने हुँदा खुसी तर निरन्तरता नहोला भन्नेमा चिन्तित	नीतिगत र प्रक्रियागत कुराहरू मिलाएर कार्यक्रमहरू निरन्तर होस् भन्ने चाहना

माथि प्रस्तुत गरिएको तुलनात्मक विश्लेषण हेर्दा तीन वटै पक्षबाट प्राप्त तथ्याङ्कहरू खासै नबाझिएको पाइएको छ ।

निष्कर्ष

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गतका जिल्लास्थित कार्यालयहरूबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ट नागरिकहरूका लागि प्रदान गरिएका कार्यक्रमहरूमा सेवाग्राहीहरूको सन्तुष्टिका बारेमा गरिएको सेवाग्राही सर्वेक्षण, केन्द्रित समूह छलफल तथा मुख्य उत्तदाताहरूसँगको अन्तर्वार्तामा आधारित यस आध्ययनबाट निम्न निष्कर्षहरू निकालिएको छ :

१. आफ्नो कार्यालयका लागि विनियोजित सीमित स्रोत र साधनका बाबजुद जिल्ला महिला बालबालिका कार्यालयबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूका लागि हालसम्म सञ्चालित विभिन्न कार्यक्रमहरूमार्फत सेवा प्रदान गर्ने कार्यमा सेवा प्राप्त गरेका सेवाग्राहीहरूका बीचमा उनीहरूलाई सन्तुष्ट गराउन महिला बालबालिका कार्यालय सफल भएको पाइन्छ ।

२. यस अध्ययनबाट महिला बालबालिका कार्यालयको कार्यक्रममा सहभागी हुनुपूर्व सेवाग्राहीहरूका प्रशस्त समस्याहरू जस्तै आर्थिक विपन्नता भएको, लैङ्गिक असमानता वा हिंसाबाट पीडित भएको, जीवन उपयोगी शिक्षाबाट वञ्चित भएको, विद्यालयविमुख भएको, तालिम र प्रशिक्षण नभएको, जागरुकताको कमी महसुस भएको, संस्थागत सहभागिता नभएको, प्रजनन स्वास्थताको कमी भएको, परिवार वा अन्यबाट सहयोग नभएको वा कमीको अनुभव गरेको, स्वास्थ उपचार नभएको वा कमी भएको, बालबालिकालाई हेरचार गर्ने नभएको, यौन दुराचार भएको आदि भएका तर यस कार्यालयका कार्यक्रमहरूमा सहभागी भएपश्चात् उक्त कुराहरूमा केही हदसम्म सुधार भएको पाइएको हुनाले सेवाग्राहीहरू उत्साही छन् । यस तथ्यबाट के स्पस्ट हुन्छ भने हालसम्म प्रदान गरिँदैआएको सेवा तथा कार्यक्रमहरूलाई निरन्तरता दिँदै अन्य लक्षित समूह वा व्यक्तिहरूसम्म कार्यक्रम प्रसारण गर्नु यस क्षेत्रको विकासका लागि अपरिहार्य देखिन्छ । यद्यपि यो आध्ययनबाट कति सेवा प्राप्त गर्न योग्य नागरिकहरू सेवाबाट वञ्चित छन् भन्ने एकिन तथ्याङ्क उपलब्ध गराउन सकिँदैन ।

३. महिला तथा बालबालिका कार्यालयका अधिकृतहरू केवल सेवा प्रदान गर्ने सरकारका प्रतिनिधिका रूपमा मात्र काम नगरी महिला, बालबालिकाहरू, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरूका अधिकार संरक्षण र अधिकार प्राप्तिका लागि बलियो अधिकारकर्मीका रूपमा प्रस्तुत भएर काम गरेका छन् ।

४. महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेजस्तै अन्य संघ संस्थाहरूले पनि कार्यक्रम सञ्चालन गरेको र त्यस्ता कार्यक्रमहरूमा सेवाग्राहीहरू सहभागी भएको भए तापनि उल्लेख्य सङ्ख्यामा महिला तथा बालबालिका कार्यालयको कार्यक्रममा मात्र सहभागी भएको तथ्यबाट यो कार्यालयको सेवा प्रदानको गुणस्तर प्रशंसनीय देखिन्छ तर यसरी सञ्चालनमा आएका कार्यक्रमहरूका बीचमा भनेजति समन्वय हुन नसकेको देखिन्छ ।

५. महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरूको व्यवहार अति राम्रो वा राम्रो भन्ने सेवाग्राहीहरू करिब ८०% रहेको तथ्यले यसमा संलग्न कर्मचारीहरूको सेवाप्रतिको प्रतिबद्धता स्पष्ट हुन्छ । भावनात्मकरूपले पनि सेवाग्राहीहरूसँग कर्मचारीहरू नजिक भएर कार्य गरको तथ्यहरूले देखाउँछ जुन कुरा यस्ता जिम्मेवार सार्वजनिक संस्थाका लागि एउटा महत्त्वपूर्ण र सकारात्मक सूचक हो जसको संरक्षण र प्रवर्द्धन गर्नु सम्बन्धित निकायको दायित्व हुनजान्छ ।

६. जिल्ला महिला तथा बालबालिका कार्यालयबाट प्रादान भएका सेवाबाट सेवाग्राहीहरू सन्तुष्ट भएको देखिए तापनि सेवा प्रदानका क्रममा केही अपर्याप्ततहरू पनि देखिएका छन् । सेवा प्रदान गर्दा सेवाग्राहीहरूलाई पर्याप्त समय नदिएको, सञ्चालित कार्यक्रमहरूको दायरा सानो भएको, तालिम प्रशिक्षण र जीवन उपयोगी आयआर्जनका कार्यक्रमहरू प्रशस्त नभएको जसका कारणले सेवाका लागि योग्य धेरै लक्षित व्यक्ति वा समूह सेवाबाट वञ्चित रहेको तथ्यहरूले सञ्चालित कार्यक्रमको दायरामा कमी भएको स्पस्ट हुन्छ । त्यस्तै गरेर हाल सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्र तथा आश्रय केन्द्रहरूको सङ्ख्यामा कमी देखिएको र भएका केन्द्रहरूको सेवाको दायरा र स्थानका बारेमा पनि पर्याप्त जानकारीको अभाव देखिन्छ । महिला तथा

बालबालिका कार्यालयबाट प्रदान गरिने सेवा वा कार्यक्रमका बारेमा राम्रोसँग प्रभावकारीरूपले जानकारी पुर्यायउन नसकेको देखिन्छ ।

७. सेवाप्रदायक कार्यालयहरूको भौतिक अवस्था अपाङ्गमैत्री नभएका कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा लिन निकै अप्ठ्यारो परेको र व्यावसायमूलक कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई तुलनात्मकरूपमा उल्लेख्य सहभागी गराउन नसकेको स्थिति छ ।

८. मन्त्रालय अन्तर्गतका कार्यक्रमहरूको सफलता अन्य क्षेत्रगत कार्यालयहरूसँग सम्बन्धित हुने हुँदा सम्बन्धित क्षेत्रगत कार्यालयहरूसँग हुनुपर्ने जति समन्वयको अभाव देखिन्छ ।

९. प्रविधिको अभावका कारणले गर्दा तोकिएको परिभाषाअनुसार अपाङ्गता वर्गीकरणमा एकरूपता कायम हुन नसकेको, ज्येष्ठ नागरिक भत्ता अझै पनि दुरूपयोग भएको र बालबालिकाहरूका र ज्येष्ठ नागरिकहरूका कार्यक्रमहरू महिलाहरूको कार्यक्रम जति प्राथमिकतामा नपरेको देखिन्छ ।

१०. मुलुक एकात्मक शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरित भएको विद्यमान अवस्थामा मन्त्रालयअन्तर्गतका निकायहरूबाट सञ्चालनमा रहेका सबैजसो कार्यक्रमहरू न्यूनतमरूपमा मात्रै पनि सुचारु गर्न केही नीतिगत केही प्रक्रियागत समस्याहरू देखिएका छन् । यसका सँगसँगै स्थानीयतहमा कार्य गर्ने निर्वाचित जनप्रतिनिधिहरूको सामाजिक विकासप्रतिको संवेदना, चासो र इच्छाशक्ति महत्त्वपूर्ण हुन्छ ।

सुझावहरू

यस अध्ययनमा गरिएको सङ्ख्यात्मक तथा गुणात्मक नतिजाहरूको विश्लेषणका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र महिलाहरूलाई उतिकै प्राथमिकतामा राखेर हालसम्म प्रवाह भएका सेवा रकार्यक्रमहरूलाई निरन्तरता दिँदै लक्षित वर्गलाई आत्मनिर्भर र सक्षम हुने खालका आर्थिक सबलीकरणका कार्यक्रमहरू र जनचेतनामूलक कार्यक्रमहरू थप गर्दै सेवा र कार्यक्रमको दायरामा सङ्ख्यात्मक र गुणात्मकरूपमा वृद्ध गरी उक्त कार्यक्रमहरूलाई अझ सरल र सहज ढङ्गबाट सुचारु गर्नुपर्ने । यसका लागि प्रदेशतह र स्थानीयतहले ज्यादा सक्रिय भएर काम गर्नुपर्ने ।

२. स्थानीयतहमा विनियोजन भएर जाने रकम केन्द्रीयस्तरबाट सशर्त जाने नीतिगत व्यवस्था गर्नुपर्ने ।

३. हाल लागु भएको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को कार्यान्वयन पक्षलाई सरलीकरण गरी आवश्यक बुँदामा ऐनको परिमार्जन गर्नुपर्ने ।

४. स्थानीयतहभित्र यस क्षेत्रलाई हेर्नका लागि छुट्टै सानो र छरितो इकाइ खडा गर्नुपर्ने, स्थानीयतहका जन निर्वाचित प्रतिनिधिहरू र यस क्षेत्रमा कार्य गर्ने कर्मचारीहरूलाई आवश्यक प्रशिक्षण, तालिमको व्यवस्था मिलाउनु पर्ने र कमचारीहरूको खटनपटन गर्दा यसको संवेदना बुझेका अनुभवी कर्मचारीहरूलाई खटाउने व्यवस्था हुनुपर्ने ।

५. सेवाप्रदायक कार्यालयहरू अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने र कार्यालयमा दोभासे सहितको सहयोग कक्षको व्यवस्था गरिनु पर्ने ।

६. हालसम्म सञ्चालनमा आएका बालगृह, पुनर्स्थापना केन्द्र आदिको सञ्चालनमा देखिएका नीतिगत तथा प्रक्रियागत समस्याहरू तत्कालै हल गरी सेवा सुचारु गर्नुपर्ने ।

७. स्थानीयतहमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिक लगायत सामाजिक विकासका विषयहरूको चुस्त दुरुस्त डाटाबेस तयार पार्नु पर्ने र यससँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू इ-पोटलमार्फत उपलब्ध हुने व्यवस्था गर्नुपर्ने ।

उपसंहार

'सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ' दिने गरी देशव्यापी रूपमा महिला विकास कार्यक्रम सञ्चालित छ । कार्यक्रमको प्रयोजनार्थ लक्षित महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणको न्यूनतम स्तर निर्धारण गरिएको छ, जसमा लैङ्गिक समता, प्रजनन स्वस्थता, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागिता पर्दछन् । न्यूनतम सशक्तीकरणका प्रत्येक पक्षलाई व्यावहारिक अर्थमा परिभाषित पनि गरिएको छ । उदाहरणका लागि वर्षैभरि खान पुग्ने आयस्रोत, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत र विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियतलाई पुगीसरी सम्पन्नता मानिएको छ ।

विपन्न महिलालाई सशक्तीकरणको प्रक्रियामा सरीक गराउने कार्यक्रमका विधिहरू रचनात्मक छन् । नवस्थापित सैद्धान्तिक मान्यताका साथै कार्यगत सिकाइका आधारमा तिनमा समयसापेक्ष परिवर्तन पनि गर्दै आइएको छ । वस्तुतः समूह सदस्यको सामाजिक भूमिका बढाएर निरस दैनिकी बदलिन्छ । आर्थिक क्रियाकलाप विस्तार गरेर अभावको घेराबाट निकास खोजिन्छ । साङ्गठनिक विकासको माध्यमबाट विभेदप्रतिपक्षीय सामाजिक शक्ति सिर्जना गरिन्छ ।

सहकारिता महिला विकास कार्यक्रमको सुन्दरता हो । प्रवर्धित समूहहरूलाई पूर्व-सहकारी संस्थाको रूपमा हेरी प्रारम्भदेखि नै सदस्यहरूमा मिलेर काम गर्ने बानी बसालिएको हुन्छ । साथीको वृत्तजस्ता समूहहरू कार्यक्रमका करले नयाँ स्वतस्फूर्त रूपमा बनेका हुन्छन् । खास गरी वडास्तरमा प्रत्येक महिना बैठक बस्ने, बैठकमा समूह सदस्यहरू सबैजना उपस्थित हुने र बचत परिचालनसँगै सामूहिक विकासका कार्यहरू तय गर्ने चलन चलाइएको हुन्छ । समूह गतिशीलताअनुसार पुगनपुग चार वर्षको समयान्तरमा गाविसस्तरमा महिला संस्था गठन हुन्छ र सहकारी ऐन, २०७४ अन्तर्गत संस्था दर्ता गर्ने प्रक्रिया अगाडि बढाइन्छ ।

महिला संस्थाको गाँउटोलसम्म पुगेको सङ्घीय प्रकारको संरचना समिति सहभागिताको सुगम मञ्च भएको छ । प्रत्येक समिति प्रतिस्पर्धात्मक एकाइ बनेको छ । सालाखाला हजार-पन्ध्रसय सदस्यको माझमा नेतृत्व (Leadership) सँगसँगै अनुयायित्व (Followership) लाई बढवा मिलेको छ । व्यावसायिक समूहको विकास गरी वडास्तरीय समितिलाई व्यावसायिक कियाकलापको केन्द्रको रूपमा स्थापना गर्दै लगिएको छ ।

त्यस्तै, स्रोत परिचालनमा सामाजिक नियन्त्रण स्थापित छ । पुगनपुग रु. ५ अर्ब ९४ करोड ३६ लाख सदस्यको बचत र झन्डै रु. १५ करोड ५८ लाख चालुकोषको रूपमा विकास वित्त प्रणालीमा छ । सितिमिति ऋणले भाखा नाघेको हुँदैन – न त बचत असुरक्षित भएको अथवा जथाभावी खर्चका कारण सञ्चालन घाटा भएको अवस्था नै आइपरेको हुन्छ ।

कार्यक्रमअन्तर्गत गाविसस्तरमा प्रवर्धित महिला संस्थालाई लैङ्गिक समताको ध्वजावाहकको रूपमा चित्रण गरिएको छ । महिला संस्था सहकारी सिद्धान्तसम्मत स्वावलम्बनको पर्यायवाची, सदस्यको अर्थोपार्जनमा सहयोगी एवं व्यावसायिक मानकहरूको प्रवर्तक बनेका छन् । महिला सुरक्षाको पहरेदार अनि सामाजिक परिवर्तनको शक्तिका रूपमा पनि महिला संस्था स्थापित भैरहेका छन् ।

सामाजिक परिचालनको प्रारम्भिक चरण पार गरेर साङ्गठनिक गतिशीलताको एक स्तर हासिल भएका स्थानमा लैङ्गिक हिंसा नगन्य मात्रामा छ, ग्रामीण ऋणग्रस्तता घटेको छ र स्थानीय सम्भावनाअनुसारका वस्तुगत व्यावसायिक महिला

समूहहरू बनिरहेका छन् । अर्काको काम गरेर खानुपर्ने बाध्यताका सामुन्नेमा आफ्नै व्यवसाय गरेर खाने विकल्प निस्किएको छ । प्रतिस्पर्धात्मक बजारका नियम विपन्न महिलाले पनि सिक्न सक्तछन् भन्ने अभिलेख गरिएको छ ।

बहुविपन्न महिलाको कार्यशीलता (Functionality) मा नै राष्ट्रिय गरिबी निवारणको प्रभावोत्पादकत्व (Leverage) पनि छ । संरक्षण-मैत्री स्वभावले गर्दा महिलाद्वारा व्यवस्थित प्राकृतिक स्रोतको झट्ट अधिक दोहन हुन पाउँदैन । महिलाको हात परेको आम्दानी बालबालिकाको शिक्षा-दीक्षालगायत मानवीय पुँजी सिर्जनामा नै बढी मात्रामा लगानी हुने भएकाले गरिबीको पुस्तान्तरण (Inter-generational transmission of poverty) मा क्रमभङ्गता ल्याउन मद्दत मिलिरहेको हुन्छ ।

महिला विकास सिक्दै प्रवर्द्धन गर्दै संस्थागतीकरण गर्दै आइएको कार्यक्रम हो । आव २०७४/७५ मा कार्यक्रमको अध्याय फेरिएको छ । विगतमा केन्द्रमा मन्त्रालय, विभाग, जिल्लामा कार्यालय र समुदायमा महिला समूह संस्थाको माग सिर्जनशिलता स्रोत उपलब्धता, सिकाई र परिवर्धनका पहलमा अगाडि बढाई गएको यो अभियान आगामी दिनमा स्थानीय तह मातहत कार्यक्षेत्रमा परेको छ । आव २०७४/७५ देखिनै बजेट समानीकरण अनुदान मार्फत स्थानीय तहमा समायोजन गर्न थालिएको यो कार्यक्रमका सुन्दर पक्ष र असल अभ्यासहरूलाई हरेक स्थानीयतहले सकारात्मक रूपमा अगाडी बढाउने अपेक्षा गरिएको छ । विपन्न महिलाहरूको सशक्तिकरणका लागि कोशेदुङ्गाको रूपमा रहेको यो कार्यक्रममा असल अभ्यासहरूको निरन्तरताका लागि प्रदेश सरकार र संघीय सरकारले समेत ध्यान पुऱ्याउन जरुरी छ । खासगरी स्थानीय सरकाले स्रोत उपलब्ध गराउन नसकेको अवस्थामा संघीय तथा प्रदेश सरकारले सशर्त कार्यक्रमहरू सञ्चालन गरी महिला विकास कार्यक्रमका असल अभ्यासहरू अनुसरण गर्ने कदम चाल्न जरुरी देखिएको छ ।

महिला विकासमा जे गरिन्छ त्यसको क्रम हुन्छ र जुन क्रममा गरिन्छ त्यो क्रमशः हुन्छ । कार्यक्रमअन्तर्गत जसरी गाउँ-गाउँमा समूहहरू बनिरहेका छन्, प्रशिक्षण क्रियाकलाप सञ्चालित छन् र स्रोत परिचालन, सङ्गठन विकास एवं सामुदायिक सम्बन्धनका प्रयास भैरहेका छन् त्यसरी नै लक्षित महिलामा अनि सामाजिक जीवन एवं जीविकोपार्जनका पक्षमा परिवर्तन देखा पररिहेका छन् । कार्यक्रम लागू भएको ३६ औँ वर्षको प्रगति प्रतिवेदनको बिट मार्न लक्षित समूहमा आएको परिवर्तनको टिपोटभन्दा राम्रो अर्थोक के होला र ! जुन आगामी दिनका लागि समेत मननीय छ ।

परिवर्तनका पक्ष

अवस्था (Condition)	अवस्थिति (Position)
▪ **लैङ्गिक समता** ◆ खानेकुरा, लुगाफाटो, शिक्षा-दीक्षामा छोराछोरीबीचको भेदभाव न्यूनीकरण ◆ 'छोरा नै चाहिन्छ' भन्ने धारणामा प्रश्न ◆ घरायसी काममा पुरुषको मद्दत ◆ सामाजिक कार्यमा महिला सहभागितामा सम्मति	▪ महिलाको सामाजिक मर्यादा स्तरोन्नति

■ **प्रजनन स्वस्थता** ◆ समस्याको रोकथाम, पहिचान, निदान ◆ मातृ-शिशु खोप ◆ मातृ-शिशु पोषणमा सुधार ◆ उपचार तत्परता, आकस्मिक कोषका व्यवस्था लगायतले मातृ-सुरक्षा	■ प्रजनन स्वास्थ्य सेवाको माग सिर्जना एवं विस्तारमा सहकार्य
• **जीवनोपयोगी शिक्षा** - आधारभूत, विषयगत, नेतृत्व विकास तालिमले गर्दा महिलामा आत्मविश्वास ◆ घरेलु हिंसाका घटनामा कटौती ◆ घटना प्रतिवेदनमा बढौती ◆ पुरुष-अधिनस्थता एवं जोखिम-सन्मुखता (Vulnerability) मा सुधार	• आफ्नो अनि आफूजस्ता अरूको जीवनमा परिवर्तन ल्याउन महिलाको अभिकार्य (Agency)
• **पुगीसरी सम्पन्नता** ◆ सीप तथा व्यावसायिकता विकास, व्यवसाय स्थापना खर्च एवं बीउपुँजी टेवाबाट जीविकोपार्जनका वैकल्पिक अवसर सिर्जना ◆ बचत परिचालनबाट आर्थिक सुरक्षाको अनुभूति	• आयगरिबीको अन्त्यका लागि महिला अग्रसरता
• **संस्थागत सहभागिता** • समूहमा सामेली, सहभागिताका मञ्चहरू (Forums for Participation) मा भूमिका, सेवा-प्रदायकहरूमा पहुँच ◆ स्वावलम्बन र पारस्परिकताको जागरण	• समूहभाव (Binding) र सम्बन्धनभाव (Bridging) दुवैथरी सामाजिक पुँजी (Social Capital) मा बढोत्तरी

महिला विकास कार्यक्रमको फैलावट

सि.नं	जिल्लाको नाम	साविकको		सि.नं.	जिल्ला	हालको				कैफियत
		गाविस	नपा			गाँउपालिका	नगरपालिका	उपमहानगरपालिका	महानगरपालिका	
पूर्वाञ्चल विकास क्षेत्र				**प्रदेश १**						
१	ताप्लेजुङ	४८	१	१	ताप्लेजुङ	८	१			
२	पाँचथर	३८	१	२	पाँचथर	७	१			
३	इलाम	४३	२	३	इलाम	६	४			
४	झापा	३३	६	४	झापा	७	८			
५	संखुवासभा	२५	३	५	सङ्खुवासभा	५	५			
६	तेह्रथुम	२१	२	६	तेह्रथुम	४	२			
७	भोजपुर	५४	२	७	भोजपुर	७	२			
८	धनकुटा	२८	२	८	धनकुटा	४	३			
९	सुनसरी	३९	५	९	सुनसरी	६	४	२		
१०	मोरङ	५०	७	१०	मोरङ	८	८		१	
११	सोलुखुम्बु	३०	१	११	सोलुखुम्बु	७	१			
१२	खोटाङ	७२	१	१२	खोटाङ	८	२			
१३	उदयपुर	४०	३	१३	उदयपुर	४	४			
१४	ओखलढुङ्गा	५०	१	१४	ओखलढुङ्गा	७	१			
१५	सप्तरी	९१	५		**जम्मा**	**८८**	**४६**	**२**	**१**	
१६	सिराहा	६३	६	**प्रदेश २**						
	जम्मा	**७२५**	**४८**	१५	सप्तरी	९	९			
मध्यमाञ्चल विकास क्षेत्र				१६	सिराहा	९	८			
१७	धनुषा	७१	६	१७	धनुषा	६	११	१		
१८	महोत्तरी	६६	३	१८	महोत्तरी	५	१०			
१९	सर्लाही	८४	१	१९	सलाही	९	११			
२०	सिन्धुली	५०	२	२०	रौतहट	२	१६			
२१	रामेछाप	४५	२	२१	बारा	९	५	२		
२२	दोलखा	४८	२	२२	पर्सा	१०	३		१	
२३	सिन्धुपाल्चोक	६८	२		**जम्मा**	**५९**	**७३**	**३**	**१**	
२४	रसुवा	१८		**प्रदेश ३**						
२५	धादिङ	४६	१	२३	सिन्धुली	७	२			
२६	नुवाकोट	६१	१	२४	रामेछाप	६	२			
२७	काठमाडौं	०	९	२५	दोलखा	७	२			
२८	ललितपुर	१९	५	२६	सिन्धुपाल्चोक	९	३			
२९	भक्तपुर	०	४	२७	रसुवा	५				
३०	काभ्रे	७५	५	२८	धादिङ	११	२			
३१	मकवानपुर	३५	२	२९	नुवाकोट	१०	२			
३२	रौतहट	८४	३	३०	काठमाडौं		१०		१	
३३	बारा	६८	६	३१	ललितपुर	३	२		१	
३४	पर्सा	६६	२	३२	भक्तपुर		४			
३५	चितवन	८	७	३३	काभ्रेपलाञ्चोक	७	६			
	जम्मा	**९१२**	**६३**	३४	मकवानपुर	८	१	१		
पश्चिमाञ्चल विकास क्षेत्र				३५	चितवन	१	५		१	
३६	नवलपरासी	५६	७		**जम्मा**	**७४**	**४१**	**१**	**३**	
३७	रूपन्देही	४८	६	**प्रदेश ४**						
३८	कपिलवस्तु	५३	६	३६	गोरखा	९	२			
३९	अर्घाखाँची	३५	१	३७	लमजुङ	४	४			
४०	पाल्पा	६०	२	३८	तनहुँ	६	४			

४१	गुल्मी	७५	१	३९	स्याङ्जा	६	५			
४२	स्याङ्जा	५३	४	४०	कास्की	४			१	
४३	तनहुँ	३७	५	४१	मनाङ	४				
४४	गोरखा	६०	२	४२	मुस्ताङ	५				
४५	मनाङ	१३		४३	म्याग्दी	५	१			
४६	लमजुङ	३५	५	४४	पर्वत	५	२			
४७	कास्की	३२	२	४५	बाग्लुङ	६	४			
४८	पर्वत	४७	१	४६	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	४	४			
४९	बाग्लुङ	५९	१		**जम्मा**	**५८**	**२६**	**०**	**१**	
५०	म्याग्दी	३५	१	**प्रदेश ५**						
५१	मुस्ताङ	१६		४७	गुल्मी	१०	२			
	जम्मा	**७१४**	**४४**	४८	पाल्पा	८	२			
मध्य पश्चिमाञ्चल विकास क्षेत्र				४९	रूपन्देही	१०	५	१		
५२	मुगु	२४		५०	कपिलवस्तु	४	६			
५३	डोल्पा	२३		५१	अर्घाखाँची	३	३			
५४	हुम्ला	२७		५२	प्युठान	७	२			
५५	जुम्ला	२६	१	५३	रोल्पा	९	१			
५६	कालिकोट	३०		५४	रुकुम	३				
५७	रुकुम	३९	२	५५	दाङ	७	१	२		
५८	रोल्पा	४९	१	५६	बाँके	६	१	१		
५९	प्युठान	४२	१	५७	बर्दिया	२	६			
६०	दाङ	३१	४	५८	नवलपरासी	४	३			
६१	सल्यान	३५	२		**जम्मा**	**७३**	**३२**	**४**	**०**	
६२	बाँके	३३	२	**प्रदेश ६**						
६३	बर्दिया	१८	५	५९	सल्यान	७	३			
६४	सुखेत	४०	३	६०	सुखेत	४	५			
६५	जाजरकोट	२६	१	६१	दैलेख	७	४			
६६	दैलेख	४९	२	६२	जाजरकोट	४	३			
	जम्मा	**४९२**	**२४**	६३	डोल्पा	६	२			
सुदूर पश्चिमाञ्चल विकास क्षेत्र				६४	जुम्ला	७	१			
६७	कैलाली	२८	६	६५	कालिकोट	६	३			
६८	डोटी	५०	१	६६	मुगु	३	१			
६९	अछाम	५६	३	६७	हुम्ला	७				
७०	बाजुरा	२४	१	६८	रुकुम	३	३			
७१	बझाङ	४१	१		**जम्मा**	**५४**	**२५**	**०**	**०**	
७२	दार्चुला	३६	१	**प्रदेश ७**						
७३	बैतडी	५६	२	६९	कैलाली	६	६	१		
७४	डडेल्धुरा	१८	२	७०	डोटी	७	२			
७५	कञ्चनपुर	४	८	७१	अछाम	६	४			
	जम्मा	**३१३**	**२५**	७२	बाजुरा	५	४			
	कुल जम्मा	३१५६	२०४	७३	बझाङ	९	२			१ कॉडा गाउँपालिका बाँकी
				७४	दार्चुला	७	२			
				७५	बैतडी	६	४			
				७६	डडेल्धुरा	५	२			
				७७	कञ्चनपुर	२	७			
					जम्मा	**५३**	**३३**	**१**	**०**	
					कुल जम्मा	**४५९**	**२७६**	**११**	**६**	

लक्षित समूह सहभागिता

सि.नं	जिल्लाको नाम	समूह संख्या	२०७४ समूहमा आवद्ध सदस्य मध्ये (संख्या)				समितिमा आवद्धतता		संस्था गठन		
			दलित	जनजाति	अन्य	जम्मा	समिति संख्या	निगरानी समूह संख्या	दर्ता भएका	तदर्थ	जम्मा
पूर्वाञ्चल विकास क्षेत्र											
१	ताप्लेजुंग	१८४३	३३९	७२५६	४६७८	१२२७३	३१२	१५४	२४	३	२६
२	पाचथर	२७१४	१०६७	१०२४५	३१५६	१४४६८	३०६	१६५	२९	४	३३
३	इलाम	२५५४	९१५	७७७८	५१३१	१३८२४	३४४	१०८	२५		२५
४	झापा	३२४९	८२१	५०४६	१११०१	१६९६८	४३८	१३८	२६	१	२७
५	संखुवासभा	१४७१	५३५	५५०१	२१४६	८१८२	१९१	२५	१६	४	२०
६	तेह्रथुम	१३१३	७३९	३३८८	२३००	६४२७	१७९	१६२	१४	१	१५
७	धनकुटा	१२९९	६४५	५४३३	२३५३	८४३१	१८६	३७	१९		१९
८	मोरङ	३२८९	२९८६	१०४४८	८१७१	२१६०५	३९९	१०८	३४	३	३७
९	सुनसरी	२८२८	३५२६	६४५०	६१९४	१६१७०	३७९	२०४	४०		४०
१०	भोजपुर	२१४४	१००६	७५७१	३३९२	१११६९	३७३	१०६	२८	२	३०
११	सोलूखूम्बु	१४४१	७७१	५७७६	२६४९	९१९६	२१९	४६	२०	१	२१
१२	खोटाङ	१६१६	२१४३	५२६५	४९९०	१२३९८	१५३	३९	११	५	१६
१३	उदयपुर	२७८४	१८३७	७९९५	४६७८	१४५१०	४०६	६२	३२	०	३२
१४	सिराहा	२९८२	३१८५	४५२५	८२८१	१५९९१	४७६	२३०	३२	०	३२
१५	सप्तरी	४०५८	५८६९	८९४९	६२२३	२१०४१	५१९	१६७	३७	३	४०
१६	ओखलढुङ्गा	२२४७	१४९६	५८२२	६५९७	१३९१५	३१८	२०६	२०	२	२२
जम्मा		**३७८३२**	**२७८८०**	**१०७४४८**	**८२०४०**	**२१७३६८**	**५१९८**	**१९५७**	**४०७**	**२९**	४३६
मध्यमाञ्चल विकास क्षेत्र											०
१७	रामेछाप	३१८०	१११५	१०१४२	६५६५	१७८२२	३३७	१५३	२५	३	२८
१८	सिन्धुली	३१८७	२४४४	११३९७	६२२३	२००६४	३०४	९५	३८	०	३८
१९	धनुषा	२९०७	३४८८	५०८६	६०५१	१४६२५	३१७	२९६	४२	२	४४
२०	महोत्तरी	२७२३	४१०२	३८१२	५७१८	१३६३२	३२८	३२८	३७	३	४०
२१	सर्लाही	४४३१	३९४५	४११४	१५२७६	२३३३५	५२४	४०७	३०		३०
२२	दोलखा	२३७२	१५४६	६२८५	५९६८	१३७९९	२५४	१३१	२९	४	३३
२३	चितवन	४५२२	१५१८	७९३१	१७३७६	२६८२५	३४५	२०७	२६	६	३२
२४	वारा	३०७९	७४३	३१८४	१२८२६	१६७५३	३७४	१८३	२७	७	३४
२५	पर्सा	३०१२	१८५१	४८८२	९००१	१५७३४	४५७	१८०	२३		२३
२६	रौतहट	३६६८	४०२५	७२०३	५५०७	१६७३५	५३१	८७	४३	०	४३
२७	मकवानपुर	२८६४	१५९६	१५४७८	८०२१	२५०९५	२५५	१२६	४३	३	४६
२८	काठमाडौ	२९४९	११७४	७३९७	९९६२	१८५३३	४८५	४८५	२६	५	३१
२९	ललितपुर	४६२६	६७८	७४६३	७११७	१५२५८	३१२	९६	३३	०	३३
३०	भक्तपुर	१३४५	२०९	२२१०	४३०६	६७२५	११९	११९	१४	०	१४
३१	सिन्धुपाल्चोक	२५५३	२७८४	६९०२	५७८४	१५४७०	३५६	१६०	२७	२	२९
३२	नुवाकोट	२०९२	९७०	६४५३	५१२४	१२५४७	२७५	४५	१८	०	१८
३३	धादिङ	३३६९	२१००	७३२०	६९०४	१६३२४	३३१	१२४	२३		२३
३४	काभ्रे	६९०७	२६६०	१९२००	२०१११	४१९७१	५७०	४६२	७२	१	७३
३५	रसुवा	९८२	२००	३७९०	१४६३	५४५३	८८	६३	७		७
जम्मा		**५९९८५**	**३७१४८**	**१४०२४९**	**१५९३०३**	**३३६७००**	**६५६२**	**३६६७**	**५८३**	**३६**	६१९
पश्चिमाञ्चल विकास क्षेत्र											०
३६	अर्घाखांची	२५६२	२६४५	२८५०	१०१२७	१५६२२	३१८	५५	२३	०	२३

३७	कपिलवस्तु	४४७६	४६९०	६१७९	१२१३६	२३००५	५९३	२७३	४२	१४	५६
३८	रुपन्देही	५२७९	३७६६	९६७४	१३६०४	२७०४४	६०७	२५६	२६	०	२६
३९	नवलपरासी	६२८८	३६४१	१५७२६	१४१३३	३३५००	५३०	१७१	४०	५	४५
४०	पाल्पा	२७३६	२६७६	९५३७	५६६३	१७८७६	४७५	१२३	३७	२	३९
४१	गुल्मी	२५८२	२७०३	४३७१	६१७०	१३२४४	४५२	१६२	३३	१०	४३
४२	कास्की	३६२५	२७७५	३१५७	१४६७२	२०६०४	४३७	३२७	३४	२	३६
४३	गोर्खा	२४५२	४५४८	१५०३०	११४७४	३१०५२	३४४	३४४	४९	३	५२
४४	लमजुगं	२५६६	२४९८	६०१५	५५८९	१४१०२	३८१	६३	२१	२	२३
४५	मनाङ	१८२	३६	९५७	८	१००१	२४	१२	६	०	६
४६	स्यांजा	३६९१	२८७३	६४२५	१२३४३	२१६४१	४४७	२१८	३३	७	४०
४७	तनहु	५१६०	४४३४	११४१९	१२२८५	२८१३८	५१९	१६१	३५	३	३८
४८	मुस्तागं	३७०	२१६	१४६३	३३७	२०१६	७९	४३	८		८
४९	म्यागदी	२०८९	२९६५	५७४४	३४९२	१२२०१	२६५	६२	१७	०	१७
५०	बाग्लुंग	३२२५	३६४१	४७९५	१०७२९	१९१६५	३९४	९०	२७		२७
५१	पर्वत	२४०४	२६८७	१७०५	८८६९	१३२६१	३१०	७४	१९	१	२०
जम्मा		**४९४७५**	**४६७९४**	**१०५०४७**	**१४१६३१**	**२९३४७२**	**६१७५**	**२४३४**	**४५०**	**४९**	४९९
मध्य पश्चिमाञ्चल विकास क्षेत्र											०
५२	दाङ	४१२९	२३२२	८३६०	१०८११	२१४९३	५९२	२२१	४३	०	४३
५३	सल्यान	२३८७	८२९	४२९६	८११८	१३२४३	२६९	५६	२१		२१
५४	प्युठान	२५५१	२६३९	३६२७	७२३६	१३५०२	३८१	१४४	२२	०	२२
५५	रुकुम	२१९१	३२८८	२८२२	८२९७	१४४०७	२७८	१०३	१६		१६
५६	रोल्पा	१९०९	१८०२	४६७०	३५३०	१०००२	२८५	१३४	१४	३	१७
५७	सुर्खेत	३५७७	४८११	४६११	९९२७	१९३४९	३६४	१३५	३७	१५	५२
५८	बर्दिया	२८१६	१६१६	८०७८	६९१२	१६६०६	३३०	२२४	२७	०	२७
५९	जाजरकोट	१५५८	२७८९	३४००	७८६१	१४०५०	१९९	३५	१४	२	१६
६०	बांके	३५४०	३३२६	५००१	१२६६७	२०९९४	५००	२५९	२९	०	२९
६१	दैलेख	२५१८	३०३५	१८००	९४५८	१४२९३	३५२	२५०	२५	१	२६
६२	हुम्ला	१०८२	४६०	१०२६	४२०१	५६८७	१७४	१०९	८	२	१०
६३	कालिकोट	२२५१	३५९०	९	९५५४	१३१५३	३३७	३७	२८	२	३०
६४	मुगु	१८५२	१८५०	६५२८	२९६६	११३४४	२०५	५४	९	१	१०
६५	डोल्पा	९६५	६७१	९२१	३८५१	५४४३	१३९	४९	७	३	१०
६६	जुम्ला	२१३५	२२८८	१७१	९७५०	१२२०९	२५६	१४६	२०	२	२२
जम्मा		**३५५३९**	**३५३१६**	**५५३२०**	**११५१३९**	**२०५७७५**	**४६६१**	**१९५६**	**३२०**	**३१**	३५१
सुदूर पश्चिमाञ्चल विकास क्षेत्र											०
६७	कैलाली	३१७६	१८३८	७०३९	७७८०	१६६५७	३१६	१२०	१६	१	१७
६८	बझाङ	३२८९	१७३५		१२४७२	१४२०७	५०३	१०६	१४	४	१८
६९	बाजुरा	१८१७	३६४८		९७१४	१३३६२	२२२	१०५	१६	१	१७
७०	डोटी	२४४९	४३३३	५२१	१११७७	१६०३१	३६५	१६५	२५	१	२६
७१	अछाम	३९०८	७३९०	४३८	१९३२८	२७१५६	५१६	४१०	३२	७	३९
७२	दार्चुला	२२०७	१९५०	३८३	९८९८	१२२३१	३६५	१३१	१७		१७
७३	बैतडी	२९७०	२१७१		१२५९७	१४७६८	३२०	३२०	१८	२	२०
७४	डडेल्धुरा	१२५२	२०५५	१३५	६४८३	८६७३	२२६	२२३	१३		१३
७५	कञ्चनपुर	२४७७	२३४७	३१५९	७१०९	१२६१५	३५८	२३०	१३		१३
जम्मा		**२३५१६**	**२७४६७**	**११६७५**	**९६५५८**	**१३५७००**	**३१९१**	**१८१०**	**१६४**	**१६**	**१८०**
कूल जम्मा		**२०६३४७**	**१७४६०५**	**४१९७३९**	**५९४६७१**	**११८९०१५**	**२५७८७**	**११८२४**	**१९२४**	**१६१**	**२०८५**

महिला विकास कार्यक्रमबाट प्रर्वधित संस्थाहरूको विवरण

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
१	ताप्लेजुंग	२४	१	पाथिभरा महिला कृषि स.स.लि.	फूडलिङ नपा
			२	सँगम महिला कृषि स.स.लि.	सिदिङवा गापा
			३	नमुना महिला कृषि स.स.लि.	फुङलिङ नपा
			४	हिमाली महिला कृषि स.स.लि.	फुङलिङ नपा
			५	सहनशिल महिला कृषि स.स.लि.	सिरीजगां गापा
			६	सेनौलो महिला कृषि स.स.लि.	याङवरक गापा
			७	हरियाली महिला कृषि स.स.लि.	सिरीजगां गापा
			८	काभेली महिला कृषि स.स.लि.	सिरीजगां गापा
			९	तमोर महिला कृषि स.स.लि.	फूङलिङ नपा
			१०	कालिका महिला कृषि स.स.लि.	याङवरक गापा
			११	नारी बचत तथा ऋण.स.स.लि	मेरिङदेन गापा
			१२	जालपा महिला कृषि स.सं.लि.	मेरिङदेन गापा
			१३	फावाखोला म.कृ.स.सं	फूङलिङ नपा
			१४	सरस्वती म.कृ.स.सं.	अठराई त्रिवेणी गापा
			१५	माछापोखरी म.कृ.स.सं.	अठराई त्रिवेणी गापा
			१६	सगरमाथा म.कृ.स.सं.	अठराई त्रिवेणी गापा
			१७	प्रगतिशील म.कृ.स.सं.	सिदिङवा गापा
			१८	दिपज्योति म.कृ.स.सं.	पाथिभरा याङवरक गापा
			१९	बरबोटे म.कृ.स.सं	मेरिङदेन गापा
			२०	हिमशिखर म.कृ.स.सं.	मिक्वाखोला गापा
			२१	सक्षम बचत तथा ऋण स.सं.लि	सिदिङवा गापा
			२२	तिरिङ्गे म.कृ.स.सं.लि	पाथिभरा याङवरक गापा
			२३	लगनशील म.कृ.स.सं.	फक्ताङ्लुङ्ग गापा
			२४	लसुने म.कृ.स.सं.	सिदिङवा गापा
२	पाचथर	२९	१	फेदैन महिला बचत तथा ऋण सहकारी सं.लि.	फिदिम न.पा.
			२	लब्रेकुटी बचत तथा ऋण सहकारी सं.लि.	फिदिम न.पा.चोकमागु
			३	सिवा महिला बहेउद्धेश्यीय स.सलि.	फिदिम न.पा.
			४	चादनी महिला बहुउद्धेश्यीय स.संसलि.	हिलीहागं गा.पा.७ भारपा
			५	रानीटार महिला बहुउद्धेश्यीय स.सं.लि.	फिदिम न.पा.रानीटार
			६	सगरमाथा कृषि सहकारी संर्सलि.	फिदिम न.पा.लुगंरुप्पा
			७	निबुखोला कृषि बहुउद्धेश्यीय सहकारी सं.लि.	फाल्गुनन्द गा.पा.पौवा
			८	चिलिगांदिन कृषि बहुउद्धेश्यीय सहकारी सं.लि.	फाल्गुनन्द गा.पा.चिलिगांदिन
			९	उद्यमी महिला बहुउद्धेश्यीय स.संसलि.	फाल्गुनन्द गा.पा.फाक्तेप
			१०	रविकिरण कृषि सहकारी संस्था लि.	मिक्लाजुगं गा.पा.रवि
			११	फुङ्गसिङ्ग महिला कृषि बहुउद्धेश्यीय सहकारी सं.लि.	मिक्लाजुगं गा.पा.सरागंडाडा
			१२	इन्द्रावति कृषि सहकारी सं सं. लि.	तुम्वेवा गा.पा.मौवा
			१३	श्रृजनशिल कृषि सहकारी सं सं. लि.	तुम्वेवा गा.पा.आङ्गना
			१४	त्रिसाली कृषि सहकारी सं सं. लि.	कुम्मायक गा.पा.यासोक
			१५	नवज्योति कृषि सहकारी सं सं. लि.	कुम्मायक गा.पा.रानीगाउ
			१६	पारीजात कृषि सहकारी सं सं. लि.	फाल्गुनन्द गा.पा.आङ्गसराङ्ग
			१७	पाथिभरा कृषि सहकारी सं सं. लि.	फालेलुङ्ग गा.पा.मेमेङ्ग
			१८	फालेलुङ्ग कृषि सहकारी सं सं. लि.	फालेलुङ्ग गा.पा.प्राङ्गबुङ्ग
			१९	इनद्रेणी कृषि सहकारी सं सं. लि.	फालेलुङ्ग गा.पा.सिदिन
			२०	दिपशिखा कृषि सहकारी सं सं. लि.	याङ्गबरक गा.पा.च्याङ्गथापु
			२१	अजम्वरी कृषि सहकारी सं सं. लि.	याङ्गबरक गा.पा.फलैचा
			२२	मेदिबुगं कृषि सहकारी सं सं. लि.	याङ्गबरक गा.पा.थर्पु
			२३	महिला जागरण बहुउ. कृषि सहकारी सं सं. लि.	फिदिम न.पा.लुम्फाबुङ्ग

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
			२४	जनकल्याण कृषि सहकारी सं सं. लि.	कुम्मायक गा.पा.माङ्गजाबुङ्ग
			२५	साहासि महिला बहुउद्धेश्यीय सहकारी सं.लि.	फाल्गुनन्द गा.पा.नवमीडाडा
			२६	खुङ्खोला महिला कृषि सहकारी सं.लि.	फिदिम न.पा.यागंनाम
३	इलाम	२५	१	महिला सिर्जना ब.स.सं.लि.	
			२	मनकामनाबहुउद्देश्यीयस.सं.लि.	
			३	श्री सुधार महिला कृषि स.सं.लि.	चूलाचूली गापा
			४	श्री जगदम्बा कृषि सहकारी संस्था लि.	इलाम नपा
			५	सूर्योदय बहुउद्देश्यीय स.सं.लि.	
			६	लालीगुराँस बहुउद्देश्यीयस.सं.लि.	रोङ गापा
			७	पशुपति कृषि सहकारी स.सं.लि.	सुर्योदय नपा
			८	पारीजात बहुउद्देश्यीय स.सं.लि.	फाकफोकथुम गापा
			९	पासङ्गलमु बहुउद्देश्यीय स.सं.लि.	फाकफोकथुम गापा
			१०	गजुरमुखी बहुउद्देश्यीय स.सं.लि.	माडसेबुङ गापा
			११	माछापुच्छे बहुउद्देश्यीय स.सं.लि.	फाकफोकथुम गापा
			१२	सुनाखरी बहुउद्देश्यीय स.सं.लि.	सन्दकपूर गापा
			१३	सिंहदेवी बहुउद्देश्यीयस.सं.लि.	इलाम नपा
			१४	सन्दकपुर बहुउद्देश्यीयस.सं.लि.	माइजोगमाई गापा
			१५	जोगमाई बहुउद्देश्यीयस.सं.लि.	सुर्योदय नपा
			१६	प्रशान्ति बहुउद्देश्यीयस.सं.लि.	सन्दकपूर गापा
			१७	नवप्रतिभा बहुउद्देश्यीय स.सं.लि.	रोङ गापा
			१८	दन्तकाली बहुउद्देश्यीय स.सं.लि.	माइजोगमाई गापा
			१९	सूर्यविनायक बहुउद्देश्यीय स.सं.लि.	रोङ गापा
			२०	जिर्मले कृषि बहुउद्देश्यीय स.सं.लि.	रोङ गापा
			२१	भुत्रेखोला महिला कृषि तथा बहुउद्देश्यीय स.सं.लि.	देउमाई नपा
			२२	एन्जिलिया महिला ब.स.सं.लि.	सुर्योदय नपा
४	झापा	२६	१	श्री चेतना म.ब.स.स.लि.	अर्जुनधारा नपा
			२	श्री प्रगति म.कृ.स.स.लि.	मेचीनगर नपा
			३	स्वावलम्बी म.ब.स.स.लि.	शिवशताक्षी नपा
			४	श्री शुभमंगल म.कृ.स.स.लि.	शिवशताक्षी नपा
			५	श्री लालिगुरास म.कृ.स.स.लि.	अर्जुनधारा नपा
			६	श्री दिपशिखा म.कृ.स.स.लि.	कन्काई नपा
			७	श्री प्रतिभा म.कृ.स.स.लि.	अर्जुनधारा नपा
			८	श्री सरस्वति म.कृ.स.स.लि.	बुद्धशान्ति गापा
			९	श्री राधाकृष्ण म.कृ.स.स.लि.	
			१०	श्री बाहुनडागी म.कृ.स.स.लि	मेचीनगर नपा
			११	श्री श्रुतिकृति म.कृ.स.स.लि.	कमल गापा
			१२	श्री शौभाग्यवति म.कृ.स.स.लि.	हल्दीबारी गापा
			१३	श्री सृजना म.ब.स.स.सलि.	कन्काई नपा
			१४	श्री सत्यदेवी म.कृ.स.स.लि.	कचनकवल गापा
			१५	श्री वालुवाटीम.म.कृ.स.स.लि.	कचनकवल गापा
			१६	श्री ज्यामिरगढी म.कृ.स.सं.लि.	मेचीनगर नपा
			१७	श्री सृष्टी म.ब.स.स.लि.	बिर्तामोड नपा
			१८	श्री विवेकशील म.कृ.स.स.लि.	बिर्तामोड नपा
			१९	श्री आरति म.कृ.स.स.लि.	गौरादह नपा
			२०	श्री जुनतारा म.कृ.स.स.लि.	बाह्रदशी गापा
			२१	श्री मकालु म.कृ.स.स.लि.	गौरीगंज गापा
			२२	श्री सशक्त म.ब.स.स.लि.	बाह्रदशी गापा
			२३	श्री नवगौरी म.कृ.स.स.लि.	गौरीगंज गापा
			२४	श्री सगरमाथा म.ब.स.स.लि.	शिवशताक्षी नपा

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
			२५	श्री जनजागरण म.ब.स.स.लि.	बिर्तामोड नपा
५	संखुवासभा	१६	१	जलेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि.	खांदबारी नपा
			२	अरुणथान महिला बचत तथा ऋण सहकारी संस्था लि.	खांदबारी नपा
			३	चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था लि.	सभापोखरी गापा
			४	शिवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि.	पाचपखन नपा
			५	सिद्धिविनयाक महिला बचत तथा ऋण सहकारी संस्था लि.	मादि मुलखर्क
			६	शिवालय महिला बचत तथा ऋण सहकारी संस्था लि.	मादि राम्बेनी
			७	दिपज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि.	धर्मदेवी नपा
			८	सयपत्री महिला बचत तथा ऋण सहकारी संस्था लि	पाचपखन नपा
			९	फुलबारी महिला बचत तथा ऋण सहकारी संस्था लि.	चिचिला गापा
			१०	पशुपति महिला बचत तथा ऋण सहकारी संस्था लि.	चिचिला गापा
			११	सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि.	पाचपखन नपा
			१२	माइतेवा महिला बचत तथा ऋण सहकारी संस्था लि.	सिलिचोङ्ग गापा
			१३	कञ्चनंश महिला बचत तथा ऋण सहकारी संस्था लि.	खांदबारी नपा
			१४	सरस्वती महिला बचत तथा ऋण सहकारी संस्था लि.	चैनपूर नपा
			१५	गोर्खा प्राविधिज्ञ महिला बचत तथा ऋण सहकारी संस्था लि.	सभापोखरी गापा
			१६	मानेभञ्ज्याङ्ग म.ब.स.सं.लि.	खांदबारी नपा
६	तेह्रथुम	१४	१	श्री गौखुरी .म.ब.स.स.लि.	मेन्छयायेम गापा
			२	श्री सरस्वती म.ब.स.स.लि.	म्याङलूङ नपा
			३	श्री गोदावरी म.ब.स.स.लि.	छथर गापा
			४	श्री मखमलि म.ब.स.स.लि.	छथर गापा
			५	श्री देउराली म.ब.स.स.लि.	
			६	श्री सिदार्थ म.ब.स.स.लि.	
			७	श्री मेहेले म.ब.स.स.लि.	फेदाप गापा
			८	श्री नवजागरण म.ब.स.स.लि.	फेदाप गापा
			९	श्री ह्यात्रुङम.ब.स.स.लि.	फेदाप गापा
			१०	श्री साब्ला म.ब.स.स.लि.	
			११	श्री साब्ला महिला म.ब.स.स.लि.	फेदाप गापा
			१२	श्री बुद्ध महिला म.ब.स.स.लि.	फेदाप गापा
७	धनकुटा	१९	१	महिला वि.बहुउद्देश्यीयस.सं.लि.	
			२	जनजागरण म.ब.तथा ऋण स.सं.लि.	
			३	मिलिजुली म.ब.तथा ऋण स.सं.लि.	सागूरीगढी गापा
			४	पाथिभरा म.ब.तथा ऋण स.सं.लि.	महालक्ष्मी नपा
			५	मनकामना म.ब.तथा ऋण स.सं.लि.	
			६	जालपादेवी म.ब.तथा ऋण स.सं.लि.	पाखिबास नपा
			७	नागेश्वर म.ब.तथा ऋण स.सं.लि.	महालक्ष्मी नपा
			८	धर्मशाला म.ब.तथा ऋण स.सं.लि.	पाखिबास नपा
			९	रामनवमी म.ब.तथा ऋण स.सं.लि.	सागूरीगढी गापा
			१०	शुभलक्ष्मी म.ब.तथा ऋण स.सं.लि.	सागूरीगढी गापा
			११	जलजला महिला बचत तथा ऋण सहकारी संस्था लि	चौबिसे गापा
			१२	जनचेतना महिला बचत तथा ऋण सहकारी संस्था	सागूरीगढी गापा
			१३	मुगा महिला बचत तथा ऋण सहकारी संस्था	
			१४	धकन महिला बचत तथा ऋण सहकारी संस्था	सागूरीगढी गापा
			१५	गडीथुम्का महिला बचत तथा ऋण सहकारी संस्था	चौबिसे गापा
			१६	नमस्ते झरना बचत तथा ऋण सहकारी संस्था लि	सागूरीगढी गापा
			१७	छिन्ताडदेवी महिला बचत तथा ऋण सहकारी संस्था लि	खाल्सा छिन्ताङ सहीदभुमी गापा
			१८	नमूना महिला बहुउद्देश्यीयस.सं.लि	चौबिसे गापा
			१९	प्रगतिशिल महिला बहुउद्देश्यीय स.सं.लि	चौबिसे गापा
			१	पारिजात महिला बचत तथा ऋण सहकारी संस्था	सुन्रहरैचा नपा

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
८	मोरङ	३४	२	बुढासुब्बा याङशीला महिला बचत तथा ऋण सहकारी संस्था	केरावारी गापा
			३	बयरबन महिला बचत तथा ऋण सहकारी संस्था	कानेपोखरी गापा
			४	अजम्बरी महिला बचत तथा ऋण सहकारी संस्था	कानेपोखरी गापा
			५	तपस्या महिला बचत तथा ऋण सहकारी संस्था	रंगेली नपा
			६	परिवर्तन महिला बचत तथा ऋण सहकारी संस्था	पथरी शनिश्चरे नपा
			७	मालती महिला बचत तथा ऋण सहकारी संस्था	जहदा गापा
			८	राधा कृष्ण महिला बचत तथा ऋण सहकारी संस्था	रंगेली नपा
			९	देउराली महिला बचत तथा ऋण सहकारी संस्था	लेटाङ नपा
			१०	ज्योती महिला बचत तथा ऋण सहकारी संस्था	कटहरी गापा
			११	सर्वदा महिला बचत तथा ऋण सहकारी संस्था	धनपालथान गापा
			१२	प्रसिद्द महिला बचत तथा ऋण सहकारी संस्था	बिराटनगर म.नपा
			१३	माँ भवानी महिला बचत तथा ऋण सहकारी संस्था	जहदा गापा
			१४	अमरदह महिला बचत तथा ऋण सहकारी संस्था	सुनबर्सी नपा
			१५	फुलवारी महिला बचत तथा ऋण सहकारी संस्था	धनपालथान गापा
			१६	समुन्नत महिला बचत तथा ऋण सहकारी संस्था	पथरी शनिश्चरे नपा
			१७	चुलाचुली महिला बचत तथा ऋण सहकारी संस्था	मिक्लाजुङ गापा
			१८	पार्टीगाँउ महिला बचत तथा ऋण सहकारी संस्था	केरावारी गापा
			१९	भोगटेनी महिला बचत तथा ऋण सहकारी संस्था	लेटाङ नपा
			२०	ईपिल महिला बचत तथा ऋण सहकारी संस्था	धनपालथान गापा
			२१	उन्नती महिला बचत तथा ऋण सहकारी संस्था	रतूवामाई नपा
			२२	उजेली महिला बचत तथा ऋण सहकारी संस्था	रतूवामाई नपा
			२३	अधावधिक महिला बचत तथा ऋण सहकारी संस्था	बेलबारी नपा
			२४	सरस्वती महिला बहुउद्देश्यीय स.सं.लि.	कटहरी गापा
			२५	भौडाहा महिला बचत तथा ऋण स.सं.लि.	कटहरी गापा
			२६	कोशलिया महिला बचत तथा ऋण स.सं.लि.	ग्रामथान गापा
			२७	उत्कृष्ट महिला बचत तथा ऋण स.सं.लि.	सून्दरहरैचा नपा
			२८	जुनेली महिला बचत तथा ऋण स.सं.लि.	ग्रामथान गापा
			२९	हिमाली महिला बचत तथा ऋण स.सं.लि.	पथरी शनिश्चरे नपा
			३०	सतगुरु महिला बचत तथा ऋण स.सं.लि.	सुनबर्सी नपा
			३१	सिरुवा महिला बचत तथा ऋण स.सं.लि.	बूढीगंगा गापा
			३२	भातिगछ महिला बचता तथा ऋण स.सं.लि.	जहदा गापा
			३३	सम्पूर्ण सम्वृद्धि बहुउद्देश्यीय स.सं.लि.	ग्रामथान गापा
			३४	महादेवा महिला बचता चता ऋण स.सं.लि.	रतूवामाई नपा
			१	श्री स्वाबलम्वी महिला विकास बहुउद्धेश्यि सहकारी संस्था लि	
			२	श्री अन्नपुण महिला विकास बहुउद्धेश्यि सहकारी संस्था लि	रामधूनी नपा
			३	श्री त्रिवेणी महिला विकास बहुउद्धेश्यि सहकारी संस्था लि	
			४	श्री पशुपति महिला विकास बहुउद्धेश्यि सहकारी संस्था लि	बराह नपा
			५	श्री दिपज्योती महिला विकास बहुउद्धेश्यि सहकारी संस्था लि	इनरुवा नपा
			६	श्री ऐश्वर्य महिला विकास वचत तथा ऋण सहकारी संस्था.लि	
			७	श्री नवजागरण महिला वचत तथा ऋण सहकारी संस्था. लि.	रामधूनी नपा
			८	श्री जगदम्वा महिला वचत तथा ऋण सहकारी संस्था लि.	भोक्राहा गापा
			९	श्री उपयोगी महिला कृषि सहकारी संस्था लिमिटेड	दूहवी नपा
			१०	श्री सफल महिला कृषि सहकारी संस्था लिमिटेड	गढी गापा
			११	श्री त्रिशुली महिला बचत तथा ऋण सहकारी संस्था लि.	
			१२	श्री अनन्त महिला बचत तथा ऋण सहकारी संस्था लि.	दूहवी नपा
			१३	श्री सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि.	इनरुवा नपा
			१४	श्री सरस्वती महिला बचत तथा ऋण सहकारी संस्था लि.	बराह नपा
			१५	श्री आरती महिला बचत तथा ऋण सहकारी संस्था लि.	गढी गापा
			१६	श्री समाज सुधार महिला बचत तथा ऋण सहकारी सं.लि.	हांसपोसा

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
९	सुनसरी	४०	१७	श्री जल्पापुर कृषि सहकारी संस्था लिमिटेड	इनरुवा नपा
			१८	श्री कोपिला महिला कृषि सहकारी संस्था लिमिटेड	देवानगजं गापा
			१९	श्री बोलबम कृषि सहकारी संस्था लिमिटेड	हरिनगरा गापा
			२०	श्री चाँदनी महिला कृषि सहकारी संस्था लिमिटेड	बर्जू गापा
			२१	श्री गायत्री महिला कृषि सहकारी संस्था लिमिटेड	हरिनगरा गापा
			२२	श्री पुँजा महिला कृषि सहकारी संस्था लिमिटेड	हरिनगरा गापा
			२३	श्री कालिका महिला कृषि सहकारी संस्था लिमिटेढ	गढी गापा
			२४	श्री दिनाभद्री महिला बचत तथा सहकारी संस्था लि.	दूहवी नपा
			२५	श्री जिज्ञासा महिला कृषि सहकारी संस्था लि.	हरिनगरा गापा
			२६	श्री कप्तानगञ्ज महिला कृषि सहकारी स.स्था लि.	देवानगजं गापा
			२७	श्री मखमली महिला कृषि सहकारी संस्था लि	दूहवी नपा
			२८	श्री प्रशिद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि.	दूहवी नपा
			२९	श्री सर्वेश्वर महिला कृषि सहकारी संस्था लि.	बराह नपा
			३०	सत्यवती महिला कृषि स.सं.लि.	
			३१	जागरुक म.कृ.स.सं.	देवानगजं गापा
			३२	श्री भागिरथी महिला बचत तथा कृषि सहकारी लि.	कोशी गापा
			३३	श्री पुण्यभुमि पशुपालन महिला सहकारी संस्था लि.	कोशी गापा
			३४	श्री सहलेश्वर महिला कृषि सहकारी लि.	बराह नपा
			३५	श्री सिनवारी महिला कृषि सहकारी लि.	देवानगजं गापा
			३६	हिमाली महिला बचत तथा ऋण स.सं.लि.	
			३७	शम्भुनाथ महिला कृषि स.सं.लि.	
			३८	नवकिरण महिला बचत तथा ऋण स.सं.लि.	
१०	भोजपुर	२८	१	जागृति महिला बहुउद्देश्यीय सहकारी संस्था	भोजपूर नपा
			२	गुम्वेश्वरी महिला बहुउद्देश्यीय सहकारी संस्था	पौवादूडमा गापा
			३	हिमचुली महिला बचत तथा ऋण सहकारी संस्था	
			४	चमेली महिला बचत तथा ऋण सहकारी संस्था	अरुण गापा
			५	सिद्धकाली महिला बचत तथा ऋण सहकारी संस्था	भोजपूर नपा
			६	अरुणगंगा महिला बचत तथा ऋण सहकारी संस्था	अरुण गापा
			७	खैटोल महिला बहुउद्देश्यीय सहकारी संस्था	पौवादूडमा गापा
			८	टक्सार महिला बहुउद्देश्यीय सहकारी संस्था	
			९	प्रगतिशील महिला बहुद्देश्यीय सहकारी संस्था	पौवादूडमा गापा
			१०	कंचनजंघा महिला बहुउद्देश्यीय सहकारी संस्था	
			११	रचना महिला बचत तथा ऋण सहकारी संस्था	अरुण गापा
			१२	बिसौनी महिला बचत तथा ऋण सहकारी संस्था	पौवादूडमा गापा
			१३	चन्द्रमुखी महिला बचत तथा ऋण सहकारी संस्था	हतूवागढी गापा
			१४	नवजागरण महिला बचत तथा ऋण सहकारी संस्था	हतूवागढी गापा
			१५	हिमालयन महिला बचत तथा ऋण सहकारी संस्था	हतूवागढी गापा
			१६	छेत्कुसाय महिला बचत तथा ऋण सहकारी संस्था	रामप्रसाद राई गापा
			१७	हिमचुली महिला बचत तथा ऋण सहकारी संस्था	आमचोक गापा
			१८	दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था	आमचोक गापा
			१९	सुनावती महिला बचत तथा ऋण सहकारी संस्था	आमचोक गापा
			२०	मेलमिलाप महिला बचत तथा ऋण सहकारी संस्था	ट्याम्केमयुम गापा
			२१	सरस्वती महिला बहुउद्देश्यीय सहकारी संस्था	ट्याम्केमयुम गापा
			२२	दावुङ्ग महिला बहुउद्देश्यीय सहकारी	ट्याम्केमयुम गापा
			२३	मिरमिरे महिला बचत तथा ऋण सहकारी	अरुण गापा
			१	सिंहकाली कृषि उत्थान महिला स. सं. लि.	नेचासल्यान गापा
			२	लालीगुंरास म. ब. तथा ऋण स. सं. लि.	सोताङ गापा
			३	भेडीखोर महिला बचत तथा ऋण स.सं.लि.	नेचासल्यान गापा
			४	हिमालचुली सिर्जनशील म.ब.तथा ऋण स.सं.लि.	सोलूदुधकूण्ड नपा

सि.नं	जिल्लाको नाम	संस्था संख्या		संस्थाको नाम	हालको ठेगाना
११	सोलूखूम्बु	२०	५	पांचपोखरी म.ब.तथा ऋण स.सं.लि.	माहाकूलूङ गापा
			६	सुनाखरी म.ब.तथा ऋण स.सं.लि.	लोखिम
			७	जाल्पादेवी म.ब.तथा ऋण स.सं.लि.	नेचासल्यान गापा
			८	सगरमाथा साना किसान महिला स.सं.लि.	दुधकौशिका गापा
			९	अजम्बरी हिमाल साना किसान म.स.सं.लि.	नेचासल्यान गापा
			१०	जयलक्ष्मी साना किसान म.स.सं.लि.	दुधकोशी गापा
			११	मिलिजुली म.ब.तथा ऋण स.सं.लि.	सोताङ गापा
			१२	कालिका देवी म.ब.तथा ऋण स.सं.लि.	दुधकौशिका गापा
			१३	कांकु साना किसान म.स.सं.लि.	दुधकोशी गापा
			१४	मिन्ताम सिलुछो म.कृषि स.सं.लि.	माहाकूलूङ गापा
			१५	दुधकोशी साना किसान म.कृषि स.सं.लि.	दुधकोशी गापा
			१६	पिके अग्रसर साना किसान म.स.सं.लि.	लिखु पिके गापा
			१७	मंगलदीप म.ब.तथा ऋण स.सं.लि.	लिखु पिके गापा
			१८	भकाञ्जे म.ब.तथा ऋण स.सं.लि.	लिखु पिके गापा
			१९	सगरमाथा मिलिजुली साना किसान महिला स.सं.लि.	टाक्सिन्दू
			२०	दुधकुण्ड साना किसान महिला स.सं.लि.	केरुङ
१२	खोटाङ	११	१	हिमगंगा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	दिक्तेल
			२	देवीडाँडा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	नूनथला
			३	कालिका महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	खाल्ले
			४	नवज्योति महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	डिकूवा
			५	पारेपकार महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	देवीस्थान
			६	मुना महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	पौवासेरा
			७	दुधकोशी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	सल्ले
			८	हिमालय महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	बोपूङ्ग
			९	सप्तरङ्गी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	काहूले
			१०	अजम्बरी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	डम्बर्खूशिवालय
			११	श्रृजनशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	बडहरे
१३	उदयपुर	३२	१	श्री उषाकिरण महिला बहुउश्यीय सहकारी संस्था लि.,	त्रियुगा न.पा
			२	श्री नमुना महिला बचत तथा ऋण स.सं.	त्रियूगा न.पा
			३	श्री भेटघाट महिला ब.तथा ऋण स.सं.	बेलका नपा
			४	श्री नारीकल्याण म.ब.तथा ऋण स.सं.	कटारी नपा
			५	श्री जाल्पादेवी महिला बहुउद्देश्यीय स.सं.	कटारी नपा
			६	श्री हर्देनी महिला बहुउद्देश्यीय स.सं.	कटारी नपा
			७	श्री महिला जागरण बहुउद्देश्यीय स.सं.	चौदण्डीगढी नपा
			८	श्री चन्द्रावती महिला बहुउद्देश्यीय स.सं.	कटारी नपा
			९	श्री छिन्द्रीडदेवी बचत तथा ऋण स.सं.	उदयपूरगढी गापा
			१०	श्री सूर्यज्योति महिला बहुउद्देश्यीयस.सं.	चौदण्डीगढी नपा
			११	श्री ज्योति महिला बहुउद्देश्यीयस.सं.	त्रियूगा न.पा
			१२	श्री न्यू त्रिवेणी महिला बहुउद्देश्यीयस.सं.	
			१३	श्री मुनाल महिला बचत तथा ऋण स.सं.लि.	कटारी नपा
			१४	श्री ककनी महिला बहुउद्देश्यीयस.सं.	त्रियूगा न.पा
